प्रारम्भिक
संस्कृत व्याकरण र रचना

- मतिप्रसाद ढकाल

नेपाली भाषाको माध्यमबाट संस्कृत भाषा र व्याकरणको प्रारम्भिक ज्ञान गराउने पुस्तक

प्रारम्भिक
संस्कृत व्याकरण र रचना

ई-पुस्तकालय प्रयोजनका लागि
2068/9/12

लेखक तथा प्रकाशक-

मतिप्रसाद ढकाल

सहायक प्राध्यापक

महेन्द्र संस्कृत विश्वविद्यालय

भानु संस्कृत विद्यापीठ (क्याम्पस)

चुंदीरम्घा, तनहूं ।

- कृति : प्रारम्भिक संस्कृत व्याकरण र रचना
- लेखक : मतिप्रसाद ढकाल
- प्रकाशक : लेखक स्वयम्
- © सर्वाधिकार : लेखकमा सुरक्षित
- प्रकाशित प्रति : १००० (एक हजार)
- संस्करण : प्रथम, २०५६ जेठ
- मूल्य : रू. ६०।- (साठी मात्र)

प्रमुख वितरक	सम्पर्क
लक्ष्मण आचार्य विद्या पुस्तक सदन अद्वैतमार्ग, बागबजार काठमाडौं । फोन नं. ०१-२४६२२४	मतिप्रसाद ढकाल भानु संस्कृत विद्यापीठ (क्याम्पस) चुंदीरम्घा, तनहूँ । फोन नं. ०६५-२९३३४ (तनहूँ) ०५६-२१९१५ (चितवन)

- आवरण : प्रकाश थापा
- कम्प्युटर सेटिङ्ग : सन्तोष अधिकारी
- कम्प्युटर/मुद्रक : गणेश छापाखाना (अफसेट प्रेस)
नारायणगढ, चितवन ।
फोन नं. २०५४८

- PRARAMBHIK SANSKRIT VYAKARANA RA RACHANA
by - *Mati Prasad Dhakal*

शुभकामना

समयानुकूल संस्कृत शिक्षाको पठन-पाठन पद्धतिमा परिवर्तन ल्याई स्तरीय शिक्षा प्रदान गर्ने सन्दर्भमा जतिसक्यो थप पाठ्यसामग्रीहरू निर्माण गर्दै जाने काम संस्कृतका विद्वान्हरूबाट हुनु नितान्त आवश्यक भएको छ । संस्कृत भाषा शिक्षणको सन्दर्भमा स्रोतभाषाको माध्यमबाट लक्ष्यभाषा सिकाउने काममा उपयोगी हुने केही कृतिहरू नेपाली, अंग्रेजी तथा हिन्दी भाषामा पनि प्रकाशित भएका छन् । नेपाली भाषाको माध्यमबाट संस्कृत व्याकरण र संस्कृत भाषाको प्रारम्भिक ज्ञान गराउने उद्देश्यले रचिएको यो **"प्रारम्भिक संस्कृत व्याकरण र रचना"** नामक कृति ***संस्कृत सिक्न चाहने व्यक्ति***हरूका लागि प्राथमिक ज्ञान प्राप्त गर्न निकै उपयोगी हुने मलाई लागेको छ । **संस्कृत भाषा प्रशिक्षण र उत्तरमध्यमा तहमा अध्ययनरत विद्यार्थीहरूका निमित्त** संस्कृत व्याकरणका नियमहरू नेपाली भाषाको माध्यमबाट बुझ्न र सामान्य संस्कृत रचनाका सम्बन्धमा जानकारी हासिल गर्न यस पुस्तकले **निकै सघाउ पुऱ्याउने** छ भन्ने मैले ठानेको छु । यस्ता पाठ्यसामग्रीहरूको निर्माण गर्ने परिपाटीले शैक्षिक स्तर सम्वर्द्धन गर्न निकै सहयोग पुग्नजाने कुरामा म विश्वस्त छु ।

अन्त्यमा निकै परिश्रम गरी उक्त **कृति तयार गर्ने** भानु संस्कृत विद्यापीठ, चुँदीरम्घा, तनहूँका ***सहायक प्राध्यापक श्री* मतिप्रसाद ढकाललाई हार्दिक धन्यवाद दिदै उहाँको लेखनप्रवृत्ति क्रमशः विकसित हुँदै जाओस् भन्ने शुभकामना** व्यक्त गर्दछु ।

(माधवराज गौतम)
उपकुलपति
महेन्द्र संस्कृत विश्वविद्यालय
काठमाडौं कार्यालय, बसन्तपुर ।

दिनाङ्क - २०५६/२/१०

महापुरुषहरूका शिक्षा र संस्कृत भाषासम्बन्धी केही अभिव्यक्तिहरू

शिक्षा, शिक्षालय र शिक्षक

- हामीले भविष्यका लागि मानिसलाई आज शिक्षा दिनुपर्छ । - ***केनेडी***
- शिक्षाको मूल उद्देश्य नै चरित्र निर्माण हो । - ***साई बाबा***
- हाम्रा युवालाई शिक्षा र तालिम दिनुभन्दा उत्तम अरू के नै उपहार दिनसक्छौं र ? - ***सिसेरो***
- विद्याका साथ जीवनको आदर्श केही उच्च हुँदैन भने पहनु व्यर्थ छ ।- ***महात्मा गान्धी***
- अशिक्षित रहनुभन्दा नजन्मनु नै वेश हुन्छ । - ***प्लेटो***
- एक लोग्ने मानिसलाई शिक्षा दिनु एक जनालाई शिक्षा दिनु हो, तर एक स्वास्नी मानिसलाई शिक्षा दिनु सपरिवारलाई शिक्षा दिनु हो । - ***महात्मा गान्धी***
- शिक्षा प्राप्तिका तीन आधारस्तम्भ छन्- धेरै निरीक्षण गर्नु, धेरै अनुभव गर्नु र धेरै अध्ययन गर्नु । - ***केथराल***
- अतीतमा जति कुराहरू लेखिए ती सबै शिक्षाका निम्ति लेखिएका हुन् । - ***रोमान्स***
- खराब व्यक्ति, खराब शिक्षाको परिणाम हो । - ***रजनीश***
- नोकरी गर्ने अभिप्रायले सिकिने विद्याले मानिस उँभो लाग्दैन । - ***पारसमणि प्रधान***
- यौटा राष्ट्रको निर्माण त्यस देशका शैक्षिक संस्थाहरूका आधारमा हुन्छ । - ***अज्ञात***
- गम्भीर परिस्थिति नै महापुरुषहरूको विद्यालय हो । - ***महात्मा गान्धी***
- त्यो मान्छे पढाउनका लागि योग्य साबित हुन्छ, जुन मानिस प्रत्येक दिन धेरै समय सिक्छ । - ***मैथ्यु आर्नोल्ड***

पुस्तक

- मलाई लाग्छ, जङ्गली अवस्थाका देशहरू बाहेक अन्य ठाउँमा किताबले नै साम्राज्य चलाइरहेछ । - ***भोल्तेयर***
- अमूर्त कुराहरूको प्रतिनिधित्व पुस्तकले गर्दछ । - ***रुप्स स्वट***
- पुस्तक विहीन घर, झ्याल-ढोका नभएको कोठा समान हो । - ***होरेस मैन***
- पुरानो कोट लगाऊ, नयाँ पुस्तक किन । - ***थोरो***
- पुस्तक संग्रह नै आजको युगमा सबैभन्दा उत्तम विश्वविद्यालय हो । - ***कार्लाइल***

❑ मेरो पुस्तकालयमा आएर रुचिका साथ विषय छानेर पढ र आफ्नो दु:खलाई भूल । - शेक्सपियर

❑ यदि सत्सङ्ग प्राप्त हुदैन भने उत्तम पुस्तकहरूको अध्ययन गर्ने गर ।

- खप्तड स्वामी

❑ खराब पुस्तक पढ्नु विषपान गर्नु जस्तै हो । - लियो टाल्स्टाय

अध्ययन

❑ मानिस प्रकृतिले भन्दा अध्ययनले महान् बन्छ । - सिसेरो

❑ अध्ययनले आनन्द, आभूषण र योग्यता तीनै कुरा दिनसक्छ । - बेकन

❑ जीवनमा अध्ययनभन्दा ठूलो केही छैन । - रोमन उखान

❑ आज सबैले पढ्न जानिसके तर के पढ्नुपर्छ भन्ने कुरा कसैलाई थाहा छैन । - जर्ज बनार्ड शा

❑ ठक्कर लागोस् र दु:खोस्, अनि मात्र म सिक्न पाउँछु । - महात्मा गान्धी

❑ भरिएको पेटले इच्छापूर्वक अध्ययन गर्दैन । - इमर्सन

❑ अध्ययन गर्दा म कहिल्यै मर्दिन भन्ने भावना राख । - महात्मा गान्धी

❑ ती मानिस जो अध्ययन गर्दैनन्, मानिसले लगाउने लुगा लगाएका पशु हुन् । - चिनिया उखान

❑ जसले केही सिक्दैन, उसले के पो बिर्सन्छ र ? - चेम्पालियर

ज्ञान

❑ जिज्ञासा नै सम्पूर्ण ज्ञानको जननी हुन् । - प्लेटो

❑ ज्ञान र गङ्गाको अन्त्य हुदैन । - बालकृष्ण सम

❑ संसारमा ज्ञान नै परम शक्ति हो, मनुष्यको साम्राज्य ज्ञानमा छिपिरहेको छ । - अज्ञात

❑ धनभन्दा ज्ञान उत्तम छ, किनकि धनको रक्षा तिमीले गर्नुपर्छ तर ज्ञानले तिम्रो रक्षा गर्छ । - अली

❑ ज्ञान मर्दछ हाँसेर, रोई विज्ञान मर्दछ । - बालकृष्ण सम

❑ ज्ञानको अन्तिम लक्ष्य चरित्र निर्माणका लागि हुनुपर्छ । - महात्मा गान्धी

❑ भूल गर्नु पनि ज्ञान प्राप्त गर्नु हो । - शहीद शुक्रराज शास्त्री

संस्कृत भाषा

❑ दर्शन र संस्कृत विद्या विश्वशान्तिको मूलमन्त्र हो । - शेक्सपियर

❑ त्यो व्यक्ति मूर्ख हो, जसले दर्शन र संस्कृतलाई कठोर र गहन छ भन्छ ।

- मिल्टन

- संस्कृत भाषामा कस्तो मधुरता छ ?, त्यो हामी जान्दैनौं, तथापि हामीजस्ता विदेशीहरू पनि त्यसको अध्ययन गर्दा एक रक्सीबाज जस्तै लठ्ठिएका छौं ।

- म्याक्समूलर

- साहित्यले आफ्नो व्यापक अर्थमा जे जति सूचित गर्नसक्छ, ती सबै कुरा संस्कृतमा विद्यमान छन् । **- विन्टर निट्ज**
- संस्कृत भाषाले ग्रीक र ल्याटिन भाषाहरूलाई जन्मायो । **- विलियम जोन्स**
- भाषाहरूमा संस्कृत, संस्कृत साहित्यमा कालिदास, कालिदासको पनि शाकुन्तल धन्य छन् । **- महाकवि गेटे**
- संस्कृत भाषाबाट वञ्चित मानिस भारतीय संस्कृतिबाट पनि वञ्चित रहन्छ । **- महात्मा गान्धी**
- संस्कृत विना हाम्रो संस्कृति रहन सक्तैन, त्यो विना हाम्रो देश रहन सक्तैन । **- पं. जवाहरलाल नेहरु**
- संस्कारका लागि विश्वभाषाहरूमध्ये संस्कृतलाई नै प्रतिष्ठापित गर्न सकिन्छ, जसमा उच्चता र सदासयता सुलभ छ । **- रवीन्द्रनाथ टैगोर**
- जबसम्म हाम्रा विद्वान्हरू, विचारकहरू, जननायकहरू तथा शिक्षा-शास्त्रीहरू संस्कृत शिक्षाबाट वञ्चित रहन्छन्, तबसम्म हामीले आफूलाई चिन्नसक्ने छैनौं । **- डा. राजेन्द्रप्रसाद**
- "... हाम्रो प्राचीन र उपयुक्त ग्रन्थहरूको अध्ययन पश्चिमी विद्वान्हरूले गर्न थाले, सार निकाले, आलोचना गरे र फाइदा पनि उठाए । पश्चिमी शिक्षा र चालचलनमा बिस्तारै रङ्गिएका हामीहरूले पनि उतैतिर आँखा लगाउन लाग्यौं । उनीहरूले प्रतिपादन गरेका विषयहरूमा क्षणिक सुखभोगको लालसाले आँखा चिम्लेर बढ्दा आस्था देखाउन लाग्यौं र हाम्रो महत्ता चिनाउने आज उनीहरू भए भन्न कुनै अत्युक्ति हुँदैन र यतातिर संस्कृतज्ञहरू सेलाउँदै गए ।" **- स्व. श्री ५ महेन्द्र**
- "हामी खालि हाम्रो शास्त्रमा यस्तो छ भन्ने कुरामा मात्र गर्व लिन लाग्यौं र व्यावहारिक हुनसकेनौं । रटन्ते विद्यामा मात्र ज्यादा जोड दिन लाग्यौं । समयलाई चिन्ने कोशिश गरेनौं, आवश्यक अनुसन्धानपट्टि दृष्टि नै दिएनौं । यो ज्यादै दुःखको कुरा छ, यसको फलस्वरूप आज हामीहरूमा क्रमशः आत्महीनता आयो, मानसिक दुर्बलता हुनलाग्यो, आचरण र सच्चाइबाट हामी पछि पर्न थाल्यौं ... ।" **- स्व. श्री ५ महेन्द्र**

❑❑❑

प्राक्कथन

प्राक्कथन अर्थात् प्रारम्भिक भनाइ भन्ने शीर्षक अन्तर्गत रहेर यहाँ संस्कृत भाषा, नेपालमा संस्कृत शिक्षा, संस्कृत व्याकरण र यही पुस्तकका सम्बन्धमा केही संक्षिप्त जानकारीहरू प्रस्तुत गर्न खोजिएको छ ।

१. संस्कृत भाषा

संसारका सबै भाषाहरूमध्ये राम्रोसँग परिमार्जन गरिएको सर्वश्रेष्ठ साहित्य भण्डार समेत भएको भाषाका रूपमा संस्कृतलाई चिनिन्छ । आजम्म ***सर्वप्राचीन*** मानिएको ***'ऋग्वेद'*** को रचना पनि यही भाषामा भएको छ । वर्तमान समयमा राष्ट्र एवं राष्ट्रिय भाषाका रूपमा प्रयोग भइरहेका ***नेपाली, हिन्दी, मैथिली आदि*** आर्य भाषाहरू पनि ***संस्कृत भाषाबाटै विकसित*** भएका हुन् ।

नेपालमा संस्कृत वाङ्मयको संरक्षण र सम्वर्द्धन गर्न लिच्छविकाल, मल्लकाल हुँदै शाहकालसम्मको महत्त्वपूर्ण योगदान रहि आएको कुरा नेपालको इतिहासका पानाहरूले सुरक्षित राखेका छन् । भारतमा झैं मुगल र अंग्रेजको जस्तो आक्रमण नेपालको इतिहासले पनि व्यहोर्नुपरेको भए नेपाल आज संस्कृत विहीन हुन्थ्यो र हामी पनि पूर्णत: अनेपाली नै भइसक्ने थियौं होला । तर आजको वैज्ञानिक युगमा पनि संस्कृतको प्राचीन वैभव र गौरवगाथा मात्र गाउन नथाकेर हामीहरू अझै लछिदै गयौं र ***संस्कृतले वर्तमानलाई के दिनसक्छ ?*** भन्ने बारेमा व्यावहारिक नयाँ सोचाइ राखेर मन, वचन र कर्मले आजैदेखि संस्कृतको विकास र विस्तारका निम्ति अग्रसर हुनसकेनौं भने कुनै प्रत्यक्ष आक्रमण नै नभैकन भविष्यमा गएर संस्कृत भाषा, नेपालका लागि विरानो देशको कहानी मात्र बन्न नपुग्ला भन्न सकिन्न । त्यस्तै आज आएर संस्कृतका विषयमा उठ्ने गरेका प्रश्नहरूमध्ये ***संस्कृत किन चाहियो ? संस्कृत कसरी नाश गर्ने ?*** भन्ने दुई प्रश्नहरूको बेवास्ता गरियो भने पनि ***संस्कृतलाई कसरी बचाउने ?*** भन्ने प्रमुख प्रश्नको जवाफ खोज्ने शक्तिको आवाज अरण्यरोदन मात्र हुनेछ । त्यसैले सर्वप्रथम प्रारम्भिक तहदेखि उच्च तहसम्मको ***संस्कृत शिक्षण र पाठ्यक्रम प्रणालीमा सरलता*** ल्याई ***आयुर्वेद र ज्योतिष*** जस्ता संस्कृतका व्यावसायिक ***विषय***हरूको अध्ययनलाई व्यापक ***विस्तार*** गरिनुपर्दछ । त्यसपछि नेपाली ***समाजमा*** परम्परागत रूपमा ***रहि आएको***, संस्कृत शिक्षा भनेको पूजा-आजा गर्ने र बाहुनहरूको मात्र शिक्षा हो भन्ने ***भ्रमात्मक धारणा हटाउन*** संस्कृत शिक्षा सबैको हो र संस्कृत अध्ययन गर्न कठिन छैन, ***संस्कृत जसले पनि*** अभ्यास गरेको खण्डमा सजिलो तरिकाले ***पढ्नसक्छ भन्ने*** उदाहरण नेवार, मगर,

राई, दमै, कामी, सार्की, मुस्लिम आदि जातका छात्र एवं छात्राहरूले पनि संस्कृत पढेर देखाइसकेका छन् र देखाउदै पनि छन् भन्ने ***यथार्थलाई क्रमशः*** नेपाल अधिराज्यभर ***विकसित गर्दै लैजानु*** संस्कृतप्रेमी विद्वान्, शिक्षक, अभिभावक र विद्यार्थी ***सबैको साझा कर्तव्य हो।***

२. नेपालमा संस्कृत शिक्षा

नेपालमा संस्कृत शिक्षाको अध्ययन-अध्यापन कार्यले प्राचीन समयदेखि नै निरन्तरता पाउदै आएको भए पनि वि.सं. १९३१/१९३२ सालतिर काठमाडौंको ***रानीपोखरी***मा र भोजपुरको ***दिङ्लामा संस्कृत पाठशालाहरू खुलेपछि*** मात्र नेपालमा संस्कृत शिक्षाले औपचारिक रुपमा ***विकास र विस्तार*** हुँदै आउने अवसर प्राप्त गरेको हो। २००७ सालपछिका केही ***शिक्षा-नीतिहरूले*** संस्कृतलाई प्राथमिक एवं माध्यमिक तहमा अनिवार्य विषयको रूपमा समावेश गराइराखन कञ्जुस्याई गरी निम्नमाध्यमिक तहमा मात्र समावेश गराए पनि र २०१० सालसम्म संस्कृत पाठशालाहरूको संख्या २१० पुगेकोमा हाल आएर संस्कृत मा.वि. मा परिणत भएका तिनै पाठशालाहरूको संख्या घटेर करीब ४०/४५ मा मात्र सीमित रहे पनि त्रि.वि. अन्तर्गत वि.सं. २०३० मा ***संस्कृत अध्ययन संस्थान***को स्थापना र त्यही संस्थान वि.सं. २०४३ मा ***संस्कृत विश्वविद्यालय***मा परिणत गरिनु चाहिं संस्कृत उच्च शिक्षाका लागि ***प्रशंसनीय कार्य*** मानिन्छ।

नेपाल अधिराज्यमा संस्कृत शिक्षालाई उच्चतम तहसम्म सुव्यवस्थित गरी नेपाल अधिराज्यलाई संस्कृत विद्याको ज्ञान र प्रेरणा प्राप्त गर्ने केन्द्रका रूपमा विकसित गर्दै जाने उद्देश्यले ***दाङ जिल्लाको बेलझुण्डीमा स्थापना भएको महेन्द्र संस्कृत विश्वविद्यालय अन्तर्गत*** सुरुमा ५ वटा क्याम्पसहरू सञ्चालित रहेकोमा क्रमशः विस्तार हुँदै ***हाल*** आएर १२ वटा सरकारी र एउटा प्राइवेट (स्याङ्जा जिल्लास्थित) गरी निम्नलिखित जम्मा ***१३ वटा विद्यापीठ (क्याम्पस) हरू संञ्चालन*** हुँदै आएका छन्।

नेपालमा सञ्चालित संस्कृत क्याम्पसहरू

क्र.सं.	*क्याम्पसको नाम र स्थान*	*पढाइ हुने तहहरू*
१.	वाल्मीकि विद्यापीठ, प्रदर्शनीमार्ग, काठमाडौं	उ.म., शास्त्री, आचार्य र विद्यावारिधि (I.A), (B.A.), (M.A.) & (P.H.D.)
२.	विश्वविद्यालय विद्यापीठ, बेलझुण्डी, दाङ	आचार्य र विद्यावारिधि तह
३.	पिण्डेश्वर विद्यापीठ, धरान-१४, सुनसरी	उत्तरमध्यमा, शास्त्री र आचार्य तह
४.	जनता विद्यापीठ, विजौरी, दाङ	उत्तरमध्यमा र शास्त्री तह
५.	या.ब.ल.ना. विद्यापीठ, मटिहानी, महोत्तरी	उत्तरमध्यमा र शास्त्री तह

(म.सं.वि. स्थापना भएपछि विस्तार भएका क्याम्पसहरू)

६.	रुरु संस्कृत विद्यापीठ, रिडी, गुल्मी	उत्तरमध्यमा र शास्त्री तह
७.	हजारी जनक विद्यापीठ, ज्ञानकूप, धनुषा	उत्तरमध्यमा र शास्त्री तह
८.	शारदा विद्यापीठ, महेन्द्रनगर, कञ्चनपुर	उत्तरमध्यमा र शास्त्री तह
९.	विन्दुवासिनी संस्कृत विद्यापीठ, पोखरा, कास्की	उत्तरमध्यमा र शास्त्री तह
१०.	भानु संस्कृत विद्यापीठ, चुंदीरम्घा, तनहूं	उत्तरमध्यमा तह मात्र
११.	हरिहर संस्कृत विद्यापीठ, खिदीम, अर्घाखांची	उत्तरमध्यमा तह मात्र
१२.	वि.पि. कोइराला सं. विद्यापीठ, सल्यान, सोलुखुम्बु	उत्तरमध्यमा तह मात्र
१३.	राधादामोदर सं. विद्यापीठ, केलादीघाट, स्याङ्जा	उत्तरमध्यमा तह मात्र

उपर्युक्त विद्यापीठहरूमा ऐच्छिक कवर्ग अर्थात् ***प्राचीन विषय अन्तर्गत*** वेद, व्याकरण, न्याय, ज्योतिष, साहित्य, धर्मशास्त्र, प्राच्यराजशास्त्र, नीतिशास्त्र आदि विषयहरूको पढाइ हुन्छ भने ऐच्छिक खवर्ग अर्थात् ***आधुनिक विषय अन्तर्गत अंग्रेजी, गणित, अर्थशास्त्र, राजनीतिशास्त्र, नेपाली आदि विषयहरूको अध्यापन हुँदै आएको छ।*** त्यस्तै ***अनिवार्य विषय अन्तर्गत*** अंग्रेजी, नेपाली, नेपाल परिचय, संस्कृत व्याकरण र संस्कृत रचनाहरूको पढाइ हुने गर्दछ।

संस्कृत माध्यमिक विद्यालयबाट S.L.C. परीक्षा उत्तीर्ण गरेका वा भारतस्थित संस्कृत विश्वविद्यालयहरूबाट पूर्वमध्यमा (S.L.C.) परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरूले संस्कृत क्याम्पसहरूमा उत्तरमध्यमा (I.A.) तहको प्रथम वर्षमा सोझै भर्ना हुन पाउँछन् भने नेपालकै संस्कृत मा.वि. बाहेक अन्य साधारण मा.वि. हरूबाट ***S.L.C. परीक्षा उत्तीर्ण गरेका*** वा S.L.C. परीक्षामा सामेल मात्र भएका ***संस्कृत पढ्न इच्छुक विद्यार्थीहरूको निमित्त*** प्रत्येक वर्षमा दुई पटक वैशाख र कार्तिक महिनादेखि प्रत्येक विद्यापीठमा ***सञ्चालन गरिने ५ महिने संस्कृत भाषा प्रशिक्षण (तालिम)*** कार्यक्रमको अन्तमा लिइने लिखित परीक्षा उत्तीर्ण गरी S.L.C. ***समेत पास गरिसकेका विद्यार्थीहरूले संस्कृत क्याम्पसहरूमा I.A. प्रथमवर्षमा भर्ना भै निःशुल्क संस्कृत उच्च शिक्षा हासिल गर्न सक्ने व्यवस्था*** रहि आएको छ।

उत्तरमध्यमा तहको प्रथम खण्डमा प्रवेश हुने विद्यार्थीले आफ्नो इच्छा अनुसार उपर्युक्त ऐ. कवर्ग अन्तर्गत एक विषय र ऐ. खवर्ग अन्तर्गत एक विषय छनौट गरी अनिवार्य विषय अन्तर्गत अंग्रेजी, नेपाली, संस्कृत व्याकरण र संस्कृत रचना समेत जम्मा ***६ वटा विषयहरू अध्ययन गर्न पाउँछन्।*** उत्तरमध्यमा वा शास्त्री तहमा भर्ना भै ***नियमित अध्ययन गर्ने प्रत्येक विद्यार्थीका लागि नियमानुसार मासिक रू. ४५०।-*** र आचार्य तहमा रू. ५००।- ***छात्रवृत्तिको व्यवस्था*** छ भने ***दलित जातका कामी, दमै, सार्की आदिलाई*** उक्त छात्रवृत्तिमा ***थप १००।- रूपैया समेत प्रदान गरिन्छ।*** साथै संस्कृत उच्च शिक्षामा संलग्न विद्यार्थीहरूलाई ***छात्रावास, पुस्तकालय*** आदिको समेत ***सुविधा उपलब्ध*** गराउँदै आइएको छ।

३. संस्कृत व्याकरण

संस्कृत वाङ्मयमा ***शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द*** र ***ज्योतिष*** लाई ***वेदका छ अङ्ग*** स्वीकारिएको छ । यी छ अङ्गमा ***प्रमुख अङ्ग*** (मुख) ***व्याकरण*** विषय नै हो र मुख्य विषयमा गरिएको प्रयास नै फलदायी पनि हुने भएकोले ***संस्कृत भाषामा सर्वप्रथम व्याकरणको अध्ययन गर्ने प्रचलन रहँदै आएको हो ।***

कहाँ कहाँ वर्णहरूको लोप वा थप-घट भएको छ ? भन्ने तथ्य पत्ता लगाई वेदहरूको रक्षा गर्न, वेद मन्त्रहरूलाई आवश्यकता अनुसार लिङ्ग एवं विभक्तिमा परिणत गरी यज्ञ यागादि सम्पन्न गर्न, संक्षेपमा वा सुगम तरिकाले संस्कृत शब्दको यो वा त्यो कुन अर्थ हो ? भन्ने शंका निवारण गरी वास्तविक अर्थग्रहण गर्न पनि व्याकरणको अध्ययन गरिनुपर्दछ भनी ***व्याकरण अध्ययनका प्रमुख प्रयोजनहरू संस्कृत व्याकरणको महाभाष्यमा बताइएका छन्, तापनि वर्तमान समयमा आएर वेदको मात्र नभएर समस्त संस्कृत वाङ्मय र संस्कृत भाषाबाट विकसित भएका नेपाली, हिन्दी आदि भाषाहरूको संरक्षण एवं सम्वर्द्धन गर्न समेत संस्कृत व्याकरणको अध्ययन अनिवार्य रूपमा गर्नुपर्ने आवश्यकता महत्त्वपूर्ण प्रयोजनका रूपमा देखा पर्न थालिसकेको छ ।*** तर परम्परागत अध्ययन अध्यापनको ढाँचालाई समयानुसार नयाँ सोचाइ प्रदान गर्न नसकिएमा ***सुगा रटाइ किसिमको संस्कृत व्याकरणको अध्ययनबाट केही पनि हात लाग्न नसक्ने वास्तविकतालाई समेत समयमै सोचिहाल्नुपर्ने अवस्था आइसकेको छ ।***

भगवान् ब्रह्मा, शिव र देवगुरु बृहस्पति हुँदै देवराज इन्द्रद्वारा आरम्भ भएको संस्कृत व्याकरणको परम्परामा ***पाणिनि*** का पूर्ववर्ती वा समवर्ती ८०/९० जना वैयाकरणीहरू रहेको इतिहासकारहरूको भनाइ रहे पनि गार्ग्य, गालव शाकटायन, स्फोटायन आदि १० जना वैयाकरणीहरूको चर्चा चाहिं पाणिनि स्वयंले आफ्नो व्याकरण ***(अष्टाध्यायी)*** मा गरेका छन् । पाणिनिभन्दा अघि वा पछिका वैयाकरणीहरूद्वारा जे जति व्याकरणहरू लेखिए पनि पाणिनीय व्याकरण नै ***विश्वका सम्पूर्ण व्याकरणहरूमा आजसम्म परिमार्जित, सर्वाङ्गपूर्ण, वैज्ञानिक एवं सर्वश्रेष्ठ*** रहँदै आएको कुरालाई विभिन्न ***पाश्चात्य विचारकहरूका*** निम्नलिखित ***केही अभिव्यक्तिले पुष्टि*** गर्दछन् ।

१. पाणिनीय व्याकरण मानवीय मस्तिष्कको सबैभन्दा ठूला रचनाहरूमध्येमा एक हो । ***- लेनिन ग्राड प्रो.टी. शेरबात्सकी***

२. संसारका व्याकरणहरूमा पाणिनिको व्याकरण उच्च कोटिको छ ।- ***सर W.W. हण्टर***

३. पाणिनीय व्याकरण त्यस मानव मस्तिष्कका प्रतिभाको आश्चर्यतम नमूना हो, जसलाई कुनै अर्को देशले आजसम्म सामुन्ने राखेको छैन ।

- प्रो. मोनियर विलियम्स

४. पाणिनीय व्याकरणका नियमहरू अत्यन्त सतर्कतापूर्वक बनाइएको थियो र उनको शैली अत्यन्त प्रतिभापूर्ण थियो । ***- कोलब्रूक***

५. पाणिनिको अष्टाध्यायी मनुष्यको प्रतिभाको सबभन्दा महान् स्मारक हो, अरू भाषाको वर्णन आजसम्म त्यति पूर्णरूपले गरिएको छैन। - ब्लूमफिल्ड

पाणिनीय व्याकरणको मूल पुस्तक **"अष्टाध्यायी"** हो र यसमा रहेका **आठ अध्यायमध्ये प्रत्येक अध्यायमा ४ पाउ** र प्रत्येक पाउमा ३८ देखि २२० सम्म सूत्रहरू छन् भने सम्पूर्ण अध्यायहरूमा **लगभग चार हजार सूत्रहरू** समेटिएका छन्। सबै सूत्रहरूपछि उल्लेख गरिएका सुरुका अंकहरूले अध्याय, बीचका अंकले पाउ र अन्तिमका अंकहरूले त्यस अध्याय र पाउमा रहेका सूत्र-संख्यालाई संकेत गर्दछन्। जस्तैः- **आद् गुणः ६।१।८७** मा रहेका अंकहरूले छ अध्यायको एक पाउको सत्तासी औं सूत्रलाई संकेत गरेका छन्। लौकिक संस्कृत भाषालाई क्रमबद्ध तथा परिमार्जित रूप दिन पाणिनिद्वारा रचिएको यही अष्टाध्यायीमा पढिएका **पाणिनीय सूत्रहरूमा रहेका न्यूनताहरूको पूर्ति कात्यायनले** तीन सय वर्षपछि **वार्तिक ग्रन्थको निर्माणद्वारा गरे** भने यसको तीन सय वर्षपछि **पतञ्जलिले वार्तिकको गम्भीर समालोचना गर्दै पाणिनीय सूत्रहरूको विस्तृत विवेचना र समर्थन गरी शब्दहरूको चिन्तनपूर्ण वैज्ञानिक विश्लेषणका साथ "महाभाष्य"** नामक व्याख्यात्मक ग्रन्थको **रचना गरे**। यसरी सूत्र, वार्तिक र महाभाष्यको ऐक्यबद्धतामा **पाणिनीय व्याकरणले पूर्ण संरचना प्राप्त गर्न सफल** भयो। फलस्वरूप **पाणिनि, कात्यायन र पतञ्जलि** यी तीनवटै मुनिले संस्कृत व्याकरणमा **त्रिमुनि**को प्रतिष्ठा र ख्याति पनि प्राप्त गरे।

प्रारम्भमा पाणिनीय व्याकरणको अध्ययन क्रमशः अष्टाध्यायी, वृत्तिग्रन्थ र महाभाष्यद्वारा पूरा गरिन्थ्यो भने ईशाको १५ औं शताब्दीमा **प्रक्रियाकौमुदी** देखापरेपछि केही समयसम्म त्यसबाटै संस्कृत व्याकरणको अध्ययन गर्ने परम्परा कायम रह्यो। पाणिनिका सबै सूत्रहरूको प्रतिनिधित्व "प्रक्रियाकौमुदी" बाट पनि हुन नसकी सोको अभाव खट्किरहेको अवस्थामा १६ औं शताब्दीको मध्यतिर **भट्टोजिदीक्षितले "वैयाकरण-सिद्धान्तकौमुदी" को रचना गरेपछि मात्र पाणिनीय व्याकरणको साङ्गोपाङ्ग अध्ययन गर्ने समसामयिक बलियो आधार खडा भयो**। सिद्धान्तकौमुदी निर्माण भएको २०/२५ वर्षपछि संस्कृत भाषाको प्रारम्भिक अध्ययन गर्न खोज्नेहरूलाई केही सजिलो होस् भन्ने उद्देश्यले भट्टोजिदीक्षितका शिष्य **वरदराजले १२७२ सूत्रहरू संकलित "लघुसिद्धान्तकौमुदी" को रचना** गरे भने लघुसिद्धान्तकौमुदीद्वारा संस्कृत व्याकरणको सामान्य ज्ञान हासिल गरिसकेका पाठकहरूको ज्ञानवृद्धिका लागि **वरदराजबाटै** केही वर्षपछि **२३१५ वटा सूत्रहरू समावेश भएको "मध्यसिद्धान्तकौमुदी" नामक ग्रन्थको निर्माण** हुन गएको देखिन्छ। अन्य केही मुलुकमा र हाम्रो नेपालमा पनि सञ्चालित सबै **संस्कृत शिक्षण निकायहरूमा** प्रारम्भिक तहदेखि उच्च तहसम्म **संस्कृत व्याकरणको अध्ययन-अध्यापन कार्यलाई यिनै लघु, मध्य र सिद्धान्त** तीनवटा कौमुदी एवं यिनका व्याख्यात्मक ग्रन्थहरूले **प्रतिनिधित्व** गरी आजसम्म निरन्तरता दिदै आएका छन्।

४. "प्रारम्भिक संस्कृत व्याकरण र रचना" का सम्बन्धमा

यस पुस्तकलाई व्याकरण खण्ड र रचनाखण्ड गरी २ भागमा मुख्य विभाजन गरिएको छ । ***२१६ पाणिनीय सूत्रहरू उपयोग गरी व्याकरण खण्ड अन्तर्गत परिचयात्मक अध्ययन प्रस्तुत गरिएका १० वटा प्रकरणहरूमध्ये प्रत्याहार परिचय***मा प्रत्याहार बनाउने सामान्य तरिका बताइएको हुँदा ४२ वटै प्रत्याहारमा पर्ने वर्णहरू के के हुन् ? भन्ने कुरा उल्लेख गरिएको छैन । ***सन्धि परिचय***मा सन्धिसूत्रहरूपछि लगत्तै कोष्ठमा सूत्रले गर्ने काम के हो ? कस्तो अवस्थामा त्यो सन्धिसूत्र लाग्छ ? भन्ने बारेमा संकेत गरिएको र सरलसन्धिहरूको ज्ञान गराएर क्रमशः केही जटिल ठानिने सन्धिहरूको अध्ययनतर्फ पाठकलाई अग्रसर गराउन खोजिएकोले पनि ***"केचिद् भग्नाः सुद्ध्युपास्यप्रयोगे"*** अर्थात् केही (विद्यार्थीहरू) सुद्ध्युपास्य प्रयोग सिद्ध गर्न अप्ठ्यारो मानेर भाग्छन् भन्ने परम्परागत प्रचलित धारणाले संस्कृतका प्रारम्भिक सन्धिहरूको अध्ययन गर्न भर्खरै प्रवेश गर्ने विद्यार्थीलाई न तर्साउला भन्ने विश्वास राखिएको छ ।

सुबन्त एवं तिङन्त प्रकरणमा पाठकलाई संस्कृत व्याकरणको अध्ययन गर्न केही सजिलो होस् भन्ने अभिप्रायले ***पूर्व जानकारी***का रूपमा प्रारम्भिक केही कुराहरू उल्लेख गरिएका छन् । त्यस्तै ***सुबन्त परिचयमा हलन्त ३ र अजन्त ७ गरी जम्मा १० प्रकारका शब्दहरूको मात्र*** विशेष सूत्रसहित ***रूपसिद्धिप्रक्रिया***को नमूना ***उल्लेख गरी*** त्यस्तै किसिमका ***अन्य केही शब्दहरूको विवरण समेत प्रस्तुत*** गरिएको छ भने ***तिङन्त परिचय अन्तर्गत*** पनि भ्वादि गणबाट परस्मैपदी धातु १ र आत्मनेपदी धातु १ तथा अन्य ९ वटा गणबाट १/१ धातु गरी जम्मा ***११ वटा धातुहरूको छनौट गरी*** विशेष सूत्रसहित प्रमुख ***रूपहरूको सिद्धिप्रक्रिया देखाइएको*** छ । अन्य धातुहरूका रूपहरू सिद्ध गर्न सजिलो होस् भन्ने अभिप्रायले तिङन्त संक्षिप्तरूप प्रस्तुत गरिएको हुँदा "व्यावहारिक संस्कृत धातुकोश" मा उल्लेख गरिएका धातुका रूपहरू के कस्ता हुन्छन् भन्ने बारेमा अभ्यास गर्न केही सजिलो हुने अपेक्षा राखिएको छ ।

कारक परिचयमा प्रमुख १४ वटा सूत्रहरूको सोदाहरण अर्थ उल्लेख गरी कहाँ कहाँ कुन कुन विभक्ति हुन्छ ? भन्ने बारेमा अन्य सूत्रहरूको समेत आशय ग्रहण गरिएकोले ***"सर्वे भग्नाः कारकान्तप्रयोगे"*** अर्थात् कारकका प्रयोगहरू सिद्ध गर्ने प्रक्रिया अप्ठ्यारो मानेर सबै (विद्यार्थीहरू) भाग्छन् भन्ने स्थिति प्रारम्भिक अवस्थामै ननिम्तिएला ।

कृत्प्रत्यय अन्तर्गत ण्वुल्, तृच्, क्तिन्, ल्युट्, तव्यत्, अनीयर्, क्त र शानच् प्रत्ययान्त शब्दलाई नेपालीमा पनि प्रयोग गर्न सजिलो होस् भन्ने उद्देश्यले पदान्त नबनाई (तृच् प्रत्ययान्त चाहिं पदान्तमा) राखिएको छ । त्यस्तै ***तद्धित प्रत्यय अन्तर्गत*** परिचय प्रस्तुत गरिएका अण्, इनि, छ, ठक्, त्व, तल् र मतुप् ७ वटै प्रत्ययान्त शब्दलाई पनि नेपालीमा समेत जस्ताको त्यस्तै प्रयोग गर्न सकियोस् भन्ने अभिप्रायले

पदान्त नबनाइकन (मतुप् प्रत्ययान्त चाहिं पदान्तमा) उदाहरणहरू दिइएको छ । यसै गरी नञ् तत्पुरुष समासमा पदान्त नबनाइएका शब्दहरू र ***स्त्रीप्रत्यय अन्तर्गत*** आकारान्त स्त्रीलिङ्गी शब्दलाई पनि नेपालीमा सोझै प्रयोग गर्न सकिने किसिमले राखिएको छ ।

समास परिचयमा संक्षिप्त रूपमा आवश्यक पूर्वजानकारी प्रस्तुत गरी एउटा मात्र समस्त शब्द (यथाशक्ति) को विशेष सूत्र सहित समास प्रक्रियाको नमूना दिइएको छ । साथै ६ वटा समासको संक्षिप्त परिचय दिँदै केही समस्तशब्दहरूको विवरण समेत उल्लेख गरिएको छ ।

रचना खण्ड अन्तर्गत संस्कृतमा वाक्यरचना वा अनुवाद गर्दा ख्याल गर्नुपर्ने केही कुराहरू संक्षेपमा उल्लेख गरिएका छन् । संस्कृतमा ***विशेषण, अव्यय र उपसर्ग***हरूको परिचय दिँदै तिनलाई वाक्यमा प्रयोग गरिएका उदाहरणहरू पनि संक्षेपमा दिइएका छन् । साथै ***वाच्यको परिचय र वाच्य परिवर्तन*** गर्ने प्रक्रियाहरू बताई संस्कृत रचना वा अनुवादका लागि उपयोगी ***१२ वटा सुबन्त सर्वनाम शब्दका रूपहरू, ३७० वटा व्यावहारिक संस्कृत सुबन्त शब्दहरू र ३७० वटा व्यावहारिक संस्कृत धातुहरू***को संक्षिप्त कोश समेत ***प्रस्तुत*** गरिएको छ ।

प्रस्तुत पुस्तकको ***प्रारम्भमा*** विशिष्ट महानुभावहरूले ***शिक्षा र संस्कृत भाषाप्रति व्यक्त*** गर्नु भएका ***विचारहरू***लाई प्रेरणा र मार्गदर्शनका निम्ति स्थान दिइएको छ । त्यस्तै भूमिका-खण्डमै यिनै पंक्तिहरू कोरिरहेको प्राक्कथन शीर्षक अन्तर्गत ***संस्कृत भाषा र नेपालमा संस्कृत उच्च शिक्षा एवं संस्कृत व्याकरणका बारेमा संक्षिप्त जानकारीहरू प्रस्तुत*** गरी पुस्तकको आफ्नै विषयमा समेत केही कुराहरू अवगत गराउने प्रयास भएको छ ।

परिशिष्ट भाग अन्तर्गत संस्कृत व्याकरणद्वारा सिद्ध गरिएका सुबन्त वा तिङन्त पदहरूको ***रुपसिद्धिप्रक्रियालाई संस्कृतमा के कसरी लेखिन्छ ?*** भन्ने रुपरेखा प्रस्तुत गरिएको छ भने पुस्तकको अन्तमा उल्लेख गरिएका ***संस्कृतका मननीय केही श्लोकहरू***को नेपालीमा अर्थ ग्रहणका लागि अभ्यास गर्न यस पुस्तकका अध्येताहरू आफै सक्षम भइसक्नेछन् भन्ने अपेक्षा राखिएको छ ।

यस पुस्तक अन्तर्गत एक ठाउँमा पढिसकेका कुराहरू यही पुस्तककै अर्को ठाउँमा दोहोरिदा पाठकलाई अध्ययन गर्ने क्रममा विस्मृत भै बीच-बीचमा ठेस् नलागोस् भन्ने मनसायले ***कोष्ठभित्र द्रष्टव्य भनेर सूत्र नं. वा प्रकरणहरूको संकेत*** गरिएको छ । प्रारम्भिक तहका पाठकले अप्ठ्यारो महसूस गर्नु नपरोस् भन्ने अभिप्रायले यस पुस्तकमा दिइएका कतिपय उदाहरणहरूमा ***संस्कृतका सन्धि-नियमहरूको पूर्णत: पालना नगरिएको हुँदा वरिष्ठ अग्रजहरू समक्ष कनिष्ठ यो पंक्तिकारले क्षमा चाहेको छ ।***

५. प्रस्तुत पुस्तकको प्रकाशनका सन्दर्भमा

संस्कृत भाषाको महत्त्वबोध गरी संस्कृतको अध्ययन गर्न इच्छुक भएका पाठकहरूलाई एक्कासी संस्कृतमा प्रवेश गर्दा अप्ठ्यारो महसूस नभैदियोस् भन्ने मनसायले नेपाली भाषाको माध्यमबाट संस्कृत भाषा र व्याकरणको प्रारम्भिक ज्ञान गराउने किसिमको ग्रन्थको अभाव खट्किरहेको वर्तमान ***सन्दर्भमा यो पुस्तक***को रूपरेखा ***प्रस्तुत*** भएको हो ।

विशेष गरी महेन्द्र संस्कृत विश्वविद्यालयद्वारा सञ्चालन गरिने ५ महिने ***संस्कृत भाषा प्रशिक्षण*** कार्यक्रममा पढाइ हुने अनिवार्य संस्कृत व्याकरणको ***पाठ्यांशका*** लागि उपयोगी हुने किसिमले यस पुस्तकको संयोजन गरिएको भए पनि ***उत्तरमध्यमा*** तहको अनिवार्य व्याकरण एवं संस्कृत रचनाको पाठ्यक्रमलाई समेत आंशिक रूपमा ***सन्दर्भ*** बनाउन खोजिएको छ । साथै निम्नमाध्यमिक विद्यालयहरूमा अनिवार्य संस्कृत विषय पढाउने ***संस्कृतेतर शिक्षक***का लागि ***र संस्कृत व्याकरण एवं संस्कृत भाषाका बारेमा जिज्ञासा राख्ने सम्बद्ध सबैलाई*** यसबाट प्रारम्भिक ज्ञान हासिल गर्न केही ***सहयोग*** पुगेमा आफ्नो प्रयास सार्थक रहेको सम्झनेछु ।

'एउटा भाञ्जालाई संस्कृत पढाउँछु' भन्ने दृढसङ्कल्प लिई सानै उमेरदेखि वर्तमान (यो प्रकाशन) समयसम्म मलाई मार्गदर्शन गरिरहनुहुने मामा ***चन्द्रमणि शास्त्रीप्रति***, यस पुस्तकको औचित्यमाथि प्रकाश पार्दै लेखकको लेखनप्रवृत्ति क्रमशः विकसित हुँदै जाओस् भन्ने शुभकामना मन्तव्य दिई प्रेरणात्मक हौसला प्रदान गर्नुहुने महेन्द्र संस्कृत विश्वविद्यालयका ***उपकुलपति प्रा. माधवराज गौतमज्यूप्रति***, पुस्तकको पाण्डुलिपि हेरिदिएर अमूल्य सुझावहरू दिनुहुने वीरेन्द्र बहुमुखी क्याम्पस, चितवनका उपप्राध्यापक दाजु ***लक्ष्मणप्रसाद गौतम*** र भानु संस्कृत विद्यापीठ (क्याम्पस), तनहूँका सहायक प्राध्यापक मित्र ***माधवप्रसाद लामिछानेप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन*** गर्दछु । साथै पुस्तकको पाण्डुलिपि तयारी गर्ने क्रममा सहयोग पुऱ्याउने मेरी सहधर्मिणी ***रमिला आचार्य (ढकाल)*** लाई, धैर्यपूर्वक पुस्तकको पाण्डुलिपि कम्प्युटर टाइप गरिदिने भाइ ***सन्तोष अधिकारी***लाई, मिहिनेतपूर्वक पुस्तकको आवरण तयार गरिदिने कलाकार ***प्रकाश थापा***लाई र मुद्रण-कार्यमा संलग्न ***गणेश छापाखाना*** नारायणगढ, चितवन***का कर्मचारीहरूलाई पनि हार्दिक धन्यवाद*** दिन चाहन्छु ।

अन्तमा प्रायोगिक रूपमा पाठकहरू समक्ष प्रस्तुत भएको यो पुस्तक, मेरो ***पहिलो प्रयास*** भएको हुँदा यसमा रहेका कमी-कमजोरीहरूलाई केलाएर आ-आफ्ना ***सुझाव र आलोचनाहरू*** पठाइदिई आगामी संस्करणहरूमा परिष्कार एवं परिमार्जन गर्दै लैजाने अवसर ***प्रदान गरिदिनुहुन आदरणीय विद्वत्वर्ग तथा समस्त पाठकहरूमा विशेष अनुरोध गर्दछु ।*** जयतु संस्कृतम् !

- २०५६ जेठ १५
भानु संस्कृत विद्यापीठ (क्याम्पस)
चुँदीरम्घा, तनहूँ ।

आलोचनापेक्षी-
- मतिप्रसाद ढकाल
लेखक तथा प्रकाशक

विषय सूची

प्रारम्भिक संस्कृत व्याकरण र रचना

भूमिका

शुभकामना/ग/, महापुरुषहरूका शिक्षा र संस्कृत भाषासम्बन्धी केही अभिव्यक्तिहरू/घ/, प्राक्कथन : संस्कृत भाषा/छ/, नेपालमा संस्कृत शिक्षा/ज/, संस्कृत व्याकरण/ञ/, प्रारम्भिक संस्कृत व्याकरण र रचनाका सम्बन्धमा/ठ/, प्रस्तुत पुस्तकको प्रकाशनका सन्दर्भमा/ड/ ।

प्रारम्भिक संस्कृत व्याकरण

१. **प्रत्याहार परिचय** १-२

२. **संज्ञा परिचय** २-५

इत्, लोप, प्रत्याहार-२/, सवर्ण, संयोग, पद, गुण-३/, वृद्धि, धातु, प्रातिपदिक, उपसर्ग, टि-४/, उपधा, सम्प्रसारण, सार्वधातुक र आर्धधातुक संज्ञा-५/ ।

३. **सन्धि परिचय** ५-११

पूर्वरुप, अनुस्वार-६/, सत्व, रुत्व, विसर्जनीय, उत्व-७/, सवर्ण, श्चुत्व, ष्टुत्व-८/, जश्त्व, चर्त्व, गुण-९/, वृद्धि, अयादि र यण् सन्धि-१०/ ।

४. **सुबन्त परिचय** ११-३२

(अ) पूर्व जानकारी

सुप् प्रत्ययबोधक तालिका-१३/, केही अजन्त शब्दका सुप् प्रत्ययान्त छोटकरी चिन्हहरू-१४/, हलन्त शब्दमा ध्यान दिनुपर्ने कुराहरू-१५/, नपुंसकलिङ्गमा ध्यान दिनुपर्ने कुराहरू-१५/, कुन कुन सुप् प्रत्ययहरूको कुन कुन अवस्थामा अनुबन्धलोप हुनसक्छ ?-१६/, सुबन्त शब्दमा विसर्ग कहाँ कहाँ रहन्छ ?-१७/, सुबन्त शब्दका रूपहरूमा न राख्ने कि ण ?-१७/, सुबन्त शब्दका रूपमा स राख्ने कि ष ?-१७/, सुबन्त शब्दका उस्तै उस्तै रूप कहाँ कहाँ रहन्छन् ?-१८/ ।

(आ) सुबन्तपदसिद्धि प्रक्रिया

अत् अन्तमा हुने हलन्त शब्द-१८/, इन् अन्तमा हुने हलन्त शब्द-१९/, अन् अन्तमा हुने हलन्त शब्द-२०/, अकारान्त पुलिङ्गी शब्द-२१/, इकारान्त एवं उकारान्त पुलिङ्गी शब्दहरू-२६/, ऋकारान्त पुलिङ्गी शब्द-२८/, आकारान्त स्त्रीलिङ्गी शब्द-२९/, ईकारान्त स्त्रीलिङ्गी शब्द-३०/, अकारान्त नपुंसकलिङ्गी शब्द-३१/ ।

५. **स्त्रीप्रत्यय परिचय** ३३-३४

आकारान्त एवं ईकारान्त स्त्रीलिङ्गी शब्द बनाउने सूत्रहरू ।

६. **कारक परिचय** ३४-३८

कर्ता, कर्म-३५/, करण-३६/, सम्प्रदान, अपादान-३७/ र अधिकरण, (सम्बन्ध)-३८ ।

७. कृत्प्रत्यय परिचय ३९-४४

तृच्, ण्वुल् ४० , क्तिन्, ल्युट्, तव्यत् ४१ , अनीयर्, क्त, क्तवतु ४२ , क्त्वा, शतृ ४३ , शानच् र तुमुन् प्रत्यय ४४ ।

८. तद्धित प्रत्यय परिचय ४४-४६

अण्, इनि, छ, ठक् ४५ , त्व, तल् र मतुप् प्रत्यय ४६ ।

९. समास परिचय ४६-५२

अव्ययीभाव समास-४७ , तत्पुरुष समास (व्यधिकरण र नञ्)-४८ , कर्मधारय समास-५० , द्विगु समास-५० , द्वन्द्व समास-५० , बहुव्रीहि समास-५१ ।

१०. तिङन्त परिचय ५२-७६

(अ) पूर्व जानकारी

तिङ् प्रत्ययबोधक तालिका-५२ , धातुका प्रकार-५३ , लकारको परिचय-५५ , तिङन्तमा वचन र पुरुष-५८ , तिङन्त पदमा विसर्ग कहाँ कहाँ रहन्छ-५८ , सार्वधातुकसञ्ज्ञक र आर्धधातुकसंज्ञक लकारहरूमा ख्याल गर्नुपर्ने केही कुराहरू-५९ , परस्मैपदी धातुका रुपहरूमा ख्याल गर्नुपर्ने केही कुराहरू-५९ , आत्मनेपदी धातुका रुपहरूमा ध्यान दिनुपर्ने केही कुराहरू-६० ।

(आ) तिङन्तपदसिद्धि प्रक्रिया

सार्वधातुकसञ्ज्ञक लकारका रुपहरूको सिद्धिप्रक्रिया :- लट् लकार-६१ , लोट् लकार-६७ , लङ् लकार-६९ , विधिलिङ् लकार-७० ।

आर्धधातुकसञ्ज्ञक लकारका रुपहरूको सिद्धिप्रक्रिया :- लृट् लकार-७१ , आशिर्लिङ् लकार-७२ , लुट् लकार-७२ , लुङ् लकार-७३ , लिट् लकार-७५ , लृङ् लकार-७७ ।

(इ) धातुका रुपहरू चलाउँदा ध्यान दिनुपर्ने केही कुराहरू-७७

प्रारम्भिक संस्कृत रचना

१. संस्कृतमा विशेषणको परिचय र प्रयोग-७९
२. अव्ययको परिचय र प्रयोग-८०
३. संस्कृत उपसर्गको परिचय र प्रयोग-८१
४. वाच्यको परिचय र परिवर्तन-८२
५. केही सुबन्त सर्वनाम शब्दका रुप-८५
६. व्यावहारिक संस्कृत शब्दकोश-८६
७. व्यावहारिक संस्कृत धातुकोश-९०

सन्दर्भ कृति-सूची : ९५ ।

परिशिष्ट

अ. संस्कृतमा रुपलेखनको नमूना-९६ आ. संस्कृतका मननीय केही श्लोकहरू-९७

इ. शुद्धिपत्र - ९९

□□□

❂ तस्मै पाणिनये नमः ❂

प्रारम्भिक संस्कृत व्याकरण

(१) प्रत्याहार परिचय

(१) अइउण् (२) ऋलृक् (३) एओङ् (४) ऐऔच्
(५) हयवरट् (६) लण् (७) ञमङणनम् (८) झभञ्
(९) घढधष् (१०) जबगडदश् (११) खफछठथचटतव्
(१२) कपय् (१३) शषसर् (१४) हल्

पाणिनि ऋषिको तपस्याबाट प्रसन्न भै प्रकट भएका शिवजीले १४ पटक मरू बजाएको आवाजकै आधारमा प्रसाद स्वरूप यी सूत्रहरूको रचना गर्ने प्रेरणा पाणिनिलाई प्राप्त भएकोले यिनलाई ***माहेश्वर सूत्र*** भनिन्छ। उपर्युक्त १४ सूत्रहरूबाट अक्, अच्, अट्, अण्, अण्, अम्, अल्, अश्, इक्, इच्, इण्, उक्, एङ्, एच्, ऐच्, खय्, खर्, ङम्, चय्, चर्, छव्, जश्, झय्, झर्, झल्, झश्, झष्, वश्, भष्, मय्, यञ्, यण्, यम्, यय्, यर्, रल्, वल्, वश्, शर्, शल्, हल् र हश् गरी **४२ वटा *प्रत्याहार*** सिद्ध गर्न सकिने भएकाले यिनलाई ***प्रत्याहार सूत्र*** पनि भनिन्छ।

यी सूत्रहरूको अन्त्यमा रहेका खुट्टो काटिएका (हल्) वर्णहरू र लण् सूत्रको बीचमा रहेको अको इत्संज्ञा भै लोप हुन्छ। हयवरट् आदि सूत्रहरूमा रहेको व्यञ्जन वर्णमा लागेको अ चाहिं उच्चारण गर्न सजिलो होस् भन्नका लागि हो। त्यसैले व्यञ्जनवर्णहरू सधैं हल् नै हुन्छन्।

विशेष गरेर पाणिनिका सूत्रहरू अच्, झल् आदि ४२ प्रत्याहारमै निर्भर रहेका छन् र यी ४२ प्रत्याहारहरू पनि १४ सूत्रमै आश्रित रहेकाले पाणिनीय व्याकरणको मूलप्रवाह वा संस्कृत भाषाको वर्णमाला भन्नु नै यिनै १४ सूत्रहरू हुन्। संस्कृतमा ***स्वर*** *(Vowel)* ***वर्ण*** भन्नाले अच् प्रत्याहारमा पर्ने अ, इ, उ आदि **९ वटा**लाई लिइन्छ भने ***व्यञ्जन*** *(Consonant)* ***वर्ण*** भन्नाले हल्प्रत्याहारमा पर्ने ह, य, व, र, ल, आदि **३३ वटा**लाई बुझिन्छ। क्+ष्=क्ष, त्+र्=त्र, ज्+ञ्=ज्ञ संयुक्त अक्षर भएकाले १४ सूत्रमा यिन (क्ष, त्र, ज्ञ)- को छुट्टै उल्लेख गरिएको छैन। त्यस्तै ह् दुई पटक पढ्नुको उद्देश्य अर्हेण, अधुक्षत् जस्ता रूपहरू सिद्ध गर्नका लागि हो।

प्रत्याहार भनेको के हो र कसरी बनाउने ?

सामान्यतया प्रत्याहार भन्नाले धेरैलाई छोटकरीमा वा संक्षेपमा भन्नु हो। प्रत्याहारकै आधारमा सूत्रहरू संक्षेपमा निर्माण गरिएका हुन्छन्। जस्तैः- १९० वटा वर्णहरू भन्नुपर्ने ठाउँमा ***'इको यणचि'*** यत्ति सूत्रले सबै वर्णलाई समेटेको छ।

जुनसुकै प्रत्याहार बनाउँदा प्रत्याहार बनाउन दिइएको सुरु र अन्तिमका दुवै अक्षरहरू हामीले पढिसकेका १४ सूत्रमा कहाँ कहाँ रहेकाछन् ? खोज्ने र यसरी पत्ता लगाइसकेपछि प्रत्याहारमा गणना नगरिने खुट्टो काटिएका अन्तिमका (हल्) वर्णलाई छाडेर सुरुदेखि छाडिएको वर्णमध्ये अन्तिम वर्णको बीचमा पर्ने सबै अक्षरहरूलाई लिनाले प्रत्याहार बन्दछ । जस्तै:- अच् प्रत्याहार बनाउनु छ भने अइउण्, ऋलृक्, एओङ्, ऐओच् यी चार वटा सूत्रमा पढिएका ण्, क्, ङ्, च् ४ वटा हल्वर्णलाई छाडियो भने बाँकी रहेका अ, इ, उ, ऋ, ऌ, ए, ओ, ऐ, औ जम्मा ९ वटा वर्णहरू अच् प्रत्याहारभित्र समावेश भए । यस्तै गरी इक्, यण्, जश् आदि प्रत्याहारहरू पनि बनाउँदै जान सकिन्छ ।

❑

(२) संज्ञा परिचय

संज्ञा भन्नाले नाम वा संकेतलाई जनाउँछ । पाणिनीय व्याकरणका कार्यहरू पनि प्राय: नाम वा संकेतमूलक भएकाले यहाँ त्यस्तै केही पाणिनीय संज्ञा-सूत्रहरूको सामान्य परिचय प्रस्तुत गरिएको छ ।

(१) उपदेशेऽजनुनासिक इत्

यसले अच् प्रत्याहारमा पर्ने अ, इ, उ आदि ***स्वरवर्णको इत्संज्ञा*** गर्छ । जस्तै:- सु, रु आदिमा रहेका उ वर्णको इत्संज्ञा हुन्छ । इत्संज्ञा गर्नुको उद्देश्य प्रत्याहार वा शब्द र धातुका रूपहरू सिद्ध गर्दा अनावश्यक ठानिएका वर्णहरूको इत्संज्ञा भएपछि ***"तस्य लोप:"*** भन्ने सूत्रद्वारा लोप गर्नु हो । इत्संज्ञा हुनु र इत्संज्ञक वर्णको लोप हुनुलाई संक्षेपमा ***"अनुबन्धलोप"*** भनिन्छ ।

(२) हलन्त्यम्

वर्णसमूहको ***अन्तिम***मा रहेका खुट्टो काटिका क्, ख्, ग्, आदि व्यञ्जन वा ***हल्वर्णको*** यो सूत्रले **इत्संज्ञा** गर्छ । जस्तै:- औट्, सुप् आदिमा रहेका ट्, प् को इत्संज्ञा हुन्छ ।

(३) अदर्शनं लोप:

यो सूत्रले ***लोपसंज्ञा*** गर्छ । पहिला देखिराखेको वस्तु पछाडि नदेखिनु वा हराउनुलाई लोप भनिन्छ । जस्तै:- अइउण् आदि सूत्रहरूमा देखिइराखेका अन्तिमका ण्, क्, ङ् आदि वर्णहरूको ***"हलन्त्यम्"*** भन्ने सूत्रले इत्संज्ञा भै ***"तस्य लोप:"*** भन्ने सूत्रले लोप भएकोले नदेखिएका त्यस्ता वर्णहरूको प्रत्याहारभित्र गणना हुँदैन ।

(४) आदिरन्त्येन सहेता

यसको काम ***प्रत्याहार संज्ञा*** गर्नु हो । वर्णहरूलाई संक्षेपमा भन्नु नै

प्रत्याहारको मुख्य काम हो । जस्तै:- अण् प्रत्याहार संज्ञा हुँदा इत्संज्ञा भएको ण् ले सहित अण्ले, बीचमा पर्ने इ, उ र अ आफ्नो पनि बोध गराउँछ ।

(५) तुल्यास्यप्रयत्नं सवर्णम्

यो ***सवर्णसंज्ञा*** गर्ने सूत्र हो । सवर्ण भन्नाले उस्तै वा एउटै प्रकारको वर्णलाई जनाउँछ । जुन वर्णको उच्चारण जुन ठाउँबाट गरिन्छ, त्यसलाई ***स्थान*** भनिन्छ । जिब्रोको टुप्पाले दाँतलाई छोएर उच्चारण हुने भएकाले त, थ, द, ध, न दन्त स्थानभित्र परे भने दुवै ओठ नजोडी प, फ, ब, भ, म उच्चारण नहुने भएकाले यिनलाई ओष्ठ स्थान भनिन्छ । वर्णको उच्चारण गर्दा लाग्ने प्रयासलाई ***प्रयत्न*** भनिन्छ । बाह्य (बाहिरी) र आभ्यन्तर (भित्री) दुई प्रयत्नमध्ये आभ्यन्तर प्रयत्न र स्थानका बीचमा एकता हुनु वा बराबर रहनु नै सवर्ण हो । जस्तै:- प, भ दुवै वर्णहरूको स्थान र प्रयत्न बराबर भएकाले आपसमा यी दुईको सवर्णसंज्ञा भएको हो ।

(६) हलोऽनन्तराः संयोगः

स्वरवर्णहरूले नछेकिएका **व्यञ्जनवर्णहरूलाई** यसले ***संयोगसंज्ञा*** गर्छ । जस्तै:- युन्ज् मा न्ज् दुबैको यो सूत्रले संयोग संज्ञा हुन्छ । यसको उद्देश्य संयोगसंज्ञा भएका वर्णहरूमध्ये अन्तिम वर्णको ***"संयोगान्तस्य लोपः"*** भन्ने सूत्रले लोप गर्नु हो ।

(७) सुप्तिङन्तं पदम्

यो ***पदसंज्ञा*** गर्ने सूत्र हो । संस्कृतमा सुबन्त (शब्दरूप) र तिङन्त (धातुरूप) गरी दुई मात्र पद रहने व्यवस्था छ । सुप् र तिङ् अन्तमा नहुनेलाई पद भन्न सकिन्न । सु, औ, जस् आदि २१ सुप् प्रत्यय (द्र. सुबन्त परिचय) अन्तमा हुने रामः, रामौ, रामाः आदि सुबन्त पद हुन् भने तिप्, तस्, झि आदि परस्मैपदी ९ वटा प्रत्यय (द्र. तिङन्त परिचय) अन्तमा हुने भवति, भवतः, भवन्ति आदि र त, आताम्, झ आदि आत्मनेपदी ९ वटा प्रत्यय अन्तमा हुने एधते, एधेते, एधन्ते आदि तिङन्त पद हुन् । त्यसैले ***गोपालः पठति*** यो एउटा प्रयोग गर्न सकिने वाक्य हो भने सुबन्त र तिङन्त बिनाको ***गोपाल पठ्*** को प्रयोग गर्न नसकिने भएकाले अशुद्ध रचना हो ।

(८) अदेङ् गुणः

अत्+एङ् (प्र.)= ***अ, ए, ओ*** = गुण । अर्थात् अ, ए, ओ वर्णलाई यो सूत्रले ***गुणसंज्ञा*** गर्छ । ऋको अर् हुनु पनि गुण हो । जस्तै:- महा+ईशः- (ए)= ***महेशः***, देव+ऋषिः - (अर्) = ***देवर्षिः*** ।

(९) वृद्धिरादैच्

आत्+ऐच् (प्र.) = ***आ, ऐ, औ*** = वृद्धि । अर्थात् आ, ऐ, औ वर्णलाई यो सूत्रले ***वृद्धिसंज्ञा*** हुन्छ । ऋको आर् हुनुलाई पनि वृद्धि भनिन्छ । जस्तैः- सदा+एव (ऐ) = ***सदैव*** ।

(१०) भुवादयो धातवः

संस्कृतमा क्रियालाई बताउने भू, पठ्, लिख्, हस् आदिलाई यो सूत्रले ***धातुसंज्ञा*** हुन्छ । साथै सन्, क्यच्, काम्यच्, क्यङ्, क्यष्, क्विप्, णिच्, यङ्, यक्, आय, ईयङ्, णिङ् यी १२ वटालाई सनादि भनिन्छ । यी १२ वटा प्रत्ययहरू जसको अन्तमा हुन्छन् त्यस्तालाई पनि ***"सनाद्यन्ता धातवः"*** भन्ने सूत्रले धातुसंज्ञा हुन्छ । धातुसंज्ञा भएपछि तिङ् वा कृत् प्रत्ययहरू लगाई धातुका रूप वा शब्द निर्माण गरिन्छ ।

(११) अर्थवदधातुरप्रत्ययः प्रातिपदिकम्

संस्कृतका धातु, प्रत्यय र प्रत्यय अन्तमा हुने शब्दलाई छाडेर सार्थक ***अव्युत्पन्न शब्दलाई*** यसले ***प्रातिपदिक संज्ञा*** गर्दछ । प्रातिपदिकसंज्ञा गर्नुको उद्देश्य सु, औ, जस् आदि सुप् प्रत्यय लगाई पदान्त शब्द निर्माण गर्नु हो ।

(१२) कृत्तद्धितसमासाश्च

यो सूत्रले संस्कृत ***व्युत्पन्न शब्दलाई प्रातिपदिक संज्ञा*** गर्छ । व्युत्पन्न भन्नाले धातुबाट कृत् प्रत्यय लागी बनेका कृदन्त (कर्ता, नायकः आदि), शब्दबाट तद्धित प्रत्यय लागी बन्ने तद्धितान्त (मौखिकः, राष्ट्रियः आदि) र समास गरिएका (राजपुरुषः, पीताम्बरः आदि) शब्दहरूलाई जनाउँछ ।

(१३) उपसर्गाः क्रियायोगे

क्रियासँग अगाडि जोडिन आउने प्र, परा, अप, सम्, अनु, अव, निस्, निर्, दुस्, दुर्, वि, आङ्, नि, अधि, अपि, अति, सु, उद्, अभि, प्रति, परि र उप गरी जम्मा २२ वटालाई यो सूत्रले ***उपसर्ग संज्ञा*** गर्छ । अन्तर् शब्द पनि कुनै ठाउँमा उपसर्गका रूपमा आउँछ । क्रियाको अगाडि लाग्ने भएकाले यिनलाई नेपालीमा पूर्वसर्ग पनि भन्ने गरिन्छ । उपसर्ग छुट्टै प्रयोग हुन सक्तैनन् । यिनीहरूको धातुका साथ वाक्यमा प्रयोग गर्नाले विशेष चमत्कार आउँछ र भाषा परिष्कृत पनि हुन्छ । क्रियाको अर्थमा विशिष्टता थप्नु वा अर्थ बदल्नु नै उपसर्गको मुख्य विशेषता हो । जस्तैः- कृ (गर्नु) धातुमा उपसर्ग लगाएर बनेका अधिकार, उपकार अपकार, प्रकार आदि शब्दले विभिन्न अर्थलाई प्रस्तुत गर्दछन् ।

(१४) अचोऽन्त्यादि टि

कुनै शब्दको अन्तमा अच् वर्ण छ भने त्यसलाई वा अन्तमा हल्वर्ण छ

भने त्यस्ता अन्तिम हल्वर्ण सहित त्यसभन्दा अघिल्लो अच् वर्णलाई पनि यो सूत्रले ***टिसंज्ञा*** हुन्छ । यसको प्रयोजन टिसंज्ञा भएका वर्णहरूको लोप हुनु वा त्यसका ठाउँमा ए आदेश हुनु हो । ***आदेश*** भन्नाले कुनै वर्णहरूलाई हटाएर हटाइएका वर्णका ठाउँमा केही थपिनु हो । जस्तै:- मनस्+ईषा=***मनीषा*** । राष्ट्र+इय=***राष्ट्रिय:*** । एधत् (अ)=***एधते*** आदि ।

(१५) अलोऽन्त्यात्पूर्व उपधा

अन्तिम स्वर वा व्यञ्जन वर्णभन्दा ठीक अघिल्लो वर्णलाई ***उपधा संज्ञा*** हुन्छ । जस्तै:- जगम्+अ मा म् भन्दा अघिल्लो वर्ण अलाई उपधा संज्ञा भएकाले त्यसको आ (वृद्धि) भएर ***जगाम*** (गएको थियो) रूप सिद्ध हुन्छ ।

(१६) इग्यण: सम्प्रसारणम्

यण् प्रत्याहारमा पर्ने वर्णहरूका स्थानमा क्रमश: इ, उ, ऋ, लृ अर्थात् इक् प्रत्याहारमा पर्ने वर्णहरू हुनुलाई ***संप्रसारण संज्ञा*** भनिन्छ । जस्तै:- यज्>इयाज (लिट् १/१) ।

(१७) तिङ्शित्सार्वधातुकम्

तिप्, तस्, झि आदि १८ वटा तिङ् प्रत्ययलाई र श् को इत्संज्ञा हुने शतृ, शानच् आदि प्रत्ययलाई यो सूत्रले ***सार्वधातुक संज्ञा*** हुन्छ । शप्, श्यन् आदि प्रत्ययहरू गर्नु र नियमानुसार धातुको ***गुण*** हुनु नै यो संज्ञा गरिनुको मुख्य प्रयोजन हो । जस्तै:- भू+शप्+ति=***भवति*** ।

(१८) आर्धधातुकं शेष:

तिङ् प्रत्यय (तिप्, तस्, झि आदि) वा श् को इत्संज्ञा हुने प्रत्यय (शतृ, शानच् आदि) लाई छाडेर धातुदेखि प्रयोग गरिने अरू सबै प्रत्ययलाई सो सूत्रले ***आर्धधातुक संज्ञा*** हुन्छ, अर्थात् सार्वधातुक संज्ञा नहुने धातुदेखि विधान गरिएका प्रत्ययलाई यसले आर्धधातुक संज्ञा गर्छ । यसको प्रयोजन नियमानुसार धातुको गुण वा इट् आगम हुनु नै हो । ***आगम*** भन्नाले कुनै वर्णलाई नबियोलिकन अर्थात् नहटाइकन वर्णहरूमै मिलेर बस्ने प्रक्रियालाई जनाउँछ । जस्तै:- भू+स्य+ति=***भविष्यति***, यहाँ इट् (इ) आगम हुँदा कुनै वर्णलाई नहटाइकन मिलेर बसेको छ ।

❑

(३) सन्धि परिचय

जुनसुकै दुई वर्ग वा समुदायको एक आपसमा सम्बन्ध, सम्झौता वा मेल हुनुलाई सन्धि भनिन्छ । सन्धि शब्दले यहाँ छुट्टाछुट्टै तर नजीक रहेका सार्थक दुई वटा पद वा प्रकृति र प्रत्ययलाई सन्धिसूत्रको नियमानुसार जोडेर एउटै बनाउनु

भन्ने जनाउँछ। वाक्यमा ऐच्छिक रहनसक्ने भए पनि एउटै पदमा (नै+अकः=नायकः), धातु र उपसर्गका बीचमा (प्र+आप्तः=प्राप्तः), र समास भएका शब्दहरूको बीचमा (सुधीभिः उपास्यः=सुद्युपास्यः) ***सन्धि अनिवार्य*** रूपमा गरिनुपर्दछ। संस्कृत भाषाबाट विकसित भएको नेपाली भाषाका तत्सम वर्गका शब्दहरूको रचना प्रक्रिया बुझ्न पनि संस्कृतका सन्धिनियमहरूको अध्ययन अपेक्षित हुन्छ। संस्कृत व्याकरणमा अच्सन्धि, प्रकृतिभावसन्धि, हल्सन्धि, स्वादिसन्धि र विसर्गसन्धि गरी ५ वटा प्रमुख सन्धिहरू रहेका छन्, जसलाई ***पञ्चसन्धि*** भन्ने गरिन्छ। यहाँ तिनै पञ्चसन्धि अन्तर्गत पढिएका केही सन्धिसूत्रहरूको सोदाहरण सामान्य परिचय प्रस्तुत गर्ने प्रयास गरिएको छ।

दुई पद वा प्रकृति-प्रत्यय बीच कसरी सन्धि भयो भन्ने छुट्याउन दुवैका बीचमा + चिन्ह राख्ने गरिन्छ, जसलाई जोड वा सन्धि चिन्ह भनिन्छ। यो चिन्ह भन्दा अघिल्लो शब्दको अन्तमा कुन वर्ण छ ? र यस चिन्ह भन्दा पछिल्लो शब्दको सुरुमा कुन अक्षर छ ? भन्ने अवस्था वा स्थिति सर्वप्रथम पत्ता लगाउनुपर्छ। सन्धि गर्न थालिएका शब्द बीचको अवस्था पत्ता लगाइसकेपछि आफूले अध्ययन गरेका सन्धिसूत्रहरूमध्ये कुनै एउटा सूत्रको नियम त्यहाँ घट्छ वा लागु हुन्छ/हुँदैन भन्ने कुरा विचार पुऱ्याउनुपर्दछ। यदि घट्छ वा लागु हुन्छ भने कुन कुन वर्णलाई हटाएर त्यहाँ के राखियो वा थपियो भन्ने पत्ता लगाउनु नै ***सन्धि गर्नु*** हो भने जसलाई हटाएर जे थपियो वा राखियो त्यो वर्ण हटाइदिँदा ***सन्धिविच्छेद*** अर्थात् सन्धि गर्नुभन्दा पहिलाको अवस्था थाहा हुन्छ। यिनै कुरालाई सामान्यतया विचार पुऱ्याई संस्कृतका सन्धिहरूको अध्ययन गर्न अग्रसर हुन सकिएमा सन्धि सूत्रहरूको नियम र उदाहरणलाई बुझ्न त्यति गाह्रो पर्दैन।

(१) पूर्वरुप सन्धि

(१९) एङः पदान्तादति (अ=ऽ) (ए/ ओ+अ)

अगाडि ए वा ओ भएमा + भन्दा पछाडि रहेको अ अघिल्लो ए वा ओ वर्णमैं मिसिई अको ठाउँमा ऽ मात्र रहन्छ। जस्तैः- हलोऽनन्तराः।

ए→ हरे+अव=हरेऽव। सर्वेऽपि, अक्षरेऽपि, वनेऽत्र, केऽपि, वृक्षेऽस्मिन्।

ओ→ विष्णो+अव=विष्णोऽव। कोऽपि, साधोऽत्र, गुरोऽव, मोऽनुस्वारः, एचोऽयवायावः, रामोऽयम्, शिवोऽहम्।

(२) अनुस्वार सन्धि

(२०) मोऽनुस्वारः (म् = ं) (म् + हल्)

+ भन्दा पछाडि हल् प्रत्याहारमा पर्ने वर्ण छ भने + भन्दा अघिल्लो म् अन्तमा हुने पदको अनुस्वार (ं) सन्धि हुन्छ। यो सन्धि संस्कृतका वाक्य लेखन वा

रचनामा अत्यधिक रूपमा लागु हुने गर्दछ । यदि अच् प्रत्याहारमा पर्ने वर्ण पछि छ भने चाहिं म् जस्ताको त्यस्तै वा अच्वर्णसँग जोडिन्छ । जस्तै:- हरिम्+वन्दे=हरिं वन्दे । अहम् आगच्छामि मा जस्ताको त्यस्तै वा अहमागच्छामि हुन्छ । सत्यं वद, धर्मं चर, त्वं किं करोसि, अहं व्याकरणं पठामि आदि यस सन्धिका उदाहरण हुन् ।

(३) सत्व सन्धि

(२१) विसर्जनीयस्य सः (:=स्) (: + खर्)

अर्थात् खर् प्रत्याहारमा पर्ने वर्णहरूमध्ये कुने एउटा वर्ण पछाडि छ भने +भन्दा अगाडि रहेको विसर्ग (:) का ठाउँमा दन्त्य स् हुन्छ । यसरी विसर्गका ठाउँमा स् हुनुलाई सत्व सन्धि भनिन्छ । जस्तै:- विष्णु:+त्राता विष्णुस्त्राता, छात्रस्तिष्ठति, कस्त्वम्, भानुस्तपति आदि यसका उदाहरण हुन् ।

(४) रुत्व सन्धि

(२२) ससजुषो रुः (स्=रु) (पदान्तमा)

अर्थात् पदको अन्तिममा रहेको स् वा सजुष् शब्दका ष् को रु हुन्छ । रु गर्नुको मुख्य प्रयोजन रुका ठाउँमा उ गर्नु वा रुका उको इत्संज्ञा लोप भै बाँकी रहेका र्को विसर्ग गर्नु हो । जस्तै:- रामस्>रामरु>रामर्=राम: । यसरी सको रु हुनु र रुसम्बन्धी रेफको विसर्ग हुनुलाई संक्षेपमा ***रुत्वविसर्ग*** भनिन्छ ।

(५) विसर्जनीय सन्धि

(२३) खरवसानयोर्विसर्जनीयः (र्= :) (र्+खर्)

अर्थात् खर् प्रत्याहारमा पर्ने वर्णहरू + भन्दा पछाडि रहेमा र् को विसर्ग (:) हुन्छ । जसदेखि कुनै पनि वर्ण रहँदैनन् त्यसलाई अवसान (अन्त) भनिन्छ । अवसान वा शब्दको अन्तमा र् छ भने त्यसको ठाउँमा पनि विसर्ग हुन्छ । जस्तै:-

अवसानमा→रामर्=राम:, कृष्णर्=कृष्ण:, श्यामः, हरि:, भानु: आदि ।

खर् पछि रहेमा→पुनर्+पृच्छति=पुन:पृच्छति आदि ।

(६) उत्वसन्धि

(२४) अतोरोरप्लुतादप्लुते (रु=उ) (अ+अ)

अर्थात् + भन्दा पछाडि अ भएमा अ अन्तमा हुने अघिल्लो शब्ददेखि पर रहेको रुका ठाउँमा उ हुन्छ । यस सूत्रको कामले मात्र कुनै रूप पूर्ण रूपमा सिद्ध हुन नसक्ने भएकोले यो सहयोगी सूत्र हो । यसले उत्व गर्ने शब्दमा २२, ३२ र १९ नं. का सन्धिसूत्रहरूका नियम प्रयोग भएर पूर्ण रूप सिद्ध हुने गर्दछन् । जस्तै:- शिवस्+अर्च्यः, यहाँ क्रमश: शिव+रु, शिव + उ, शिवो+अर्च्यः, ***शिवोऽर्च्यः*** हुन्छ । कोऽपि, रामोऽपि आदि पनि यही सन्धिका उदाहरण हुन् ।

(२५) हशि च (रु=उ) (अ+हश्)

अर्थात् + भन्दा पछि हश् प्रत्याहारमा पर्ने वर्णमध्ये कुनै एक छ भने अ अन्तमा हुने अघिको शब्ददेखि पर रहेको रुका ठाउँमा उ हुन्छ । यहाँ पनि २२ र ३२ नं. का सन्धिसूत्रहरूको नियम लागु हुन्छ । जस्तै- शिवस्+वन्द्यः यहाँ क्रमशः शिवरु, शिव उ, शिवो रूपहरू परिवर्तन हुँदै ***शिवो वन्द्यः*** रूप सिद्ध हुन आउँछ । देवो वन्द्यः, को हसति, नरो वदति आदि यसैका उदाहरण हुन् ।

(७) सवर्णदीर्घ सन्धि

(२६) अकः सवर्णे दीर्घः (दीर्घ) (अक्+अघि जस्तै वर्ण)

अ/आ+अ/आ=आ	इ/ई+इ/ई=ई	उ/ऊ+उ/ऊ=ऊ	ऋ/ॠ+ऋ/ॠ=ॠ

अर्थात् अक् प्रत्याहारमा पर्ने ह्रस्व वा दीर्घ वर्ण अघि रहेमा र+भन्दा पछि पनि अक् प्रत्याहारमा पर्ने अघिल्लै जस्तो वर्ण भएमा दुवैलाई जोडेर आ, ई, ऊ, ॠ, ऌ मध्ये कुनै एउटा वर्ण हुन्छ । जस्तैः- विद्या+आलयः, विद्य(आ+आ=आ) विद्यालयः । ***आ हुने*** → हिमालयः, शिवालयः, महाशयः, दैत्यारिः, पुस्तकालयः, छात्रावासः । ***ई हुने*** → गिरीन्द्रः, कवीन्द्रः, श्रीशः, रवीन्द्रः । ***ऊ हुने*** → विष्णूदयः, भानूदयः ।

(८) श्चुत्व सन्धि

(२७) स्तोः श्चुना श्चुः (स्=श्/तवर्ग=चवर्ग) (श/चवर्ग+श/चवर्ग)

+ भन्दा अगाडि वा पछाडि श् वा चवर्गमध्ये कुनै एक अक्षर भएमा + भन्दा अगाडि वा पछाडि रहेको स् का ठाउँमा श् हुन्छ, भने तवर्गका ठाउँमा क्रमशः चवर्गमा पर्ने अक्षरहरू आदेश हुन्छन् । यस्तो हुनुलाई श्चुत्व सन्धि भनिन्छ । संस्कृत व्याकरणमा कवर्ग, चवर्ग, टवर्ग, तवर्ग र पवर्ग गरी ***५ वटा वर्ग*** छन् । प्रत्येक वर्गको सुरुको अक्षरदेखि क्रमशः पाँच वटा वर्ण लिंदा वर्गको निर्माण हुन्छ । जस्तैः- कवर्ग भन्नाले क, ख, ग, घ, ङ लाई जनाउँछ । श्चुत्व सन्धिको उदाहरणका रूपमा रामस्+चिनोति=रामश्चिनोति लाई लिन सकिन्छ । यहाँ पछाडि चवर्गमा पर्ने च भएकाले अघि रहेको दन्त्य सका ठाउँमा तालव्य श भयो । रामश्शेते, हरिश्शेते, सच्चित्, शार्ङ्गिञ्जयः, उच्चारणम्, सच्चरित्रम् आदिलाई श्चुत्व सन्धिको उदाहरणको रूपमा देखाउन सकिन्छ ।

(९) ष्टुत्व सन्धि

(२८) ष्टुना ष्टुः (स्=ष्/तवर्ग=टवर्ग) (ष्/टवर्ग+ष/टवर्ग)

अर्थात् + भन्दा अगाडि वा पछाडि ष् वा टवर्गमा पर्ने कुनै वर्ण भएमा स्का ठाउँमा ष् हुन्छ भने तवर्गका ठाउँमा क्रमशः टवर्गमा पर्ने अक्षरहरू राखिन्छ, यस्तो हुनुलाई ष्टुत्व सन्धि भनिन्छ । जस्तैः- तत्+टीका=तट्टीका, रामष्ठः

रामष्टीकते, पेष्टा, चक्रिण्ढौकसे, उड्डयनम्, अधिष्ठाता आदि यही सन्धिभित्र पर्दछन् ।

(१०) जश्त्व सन्धि

(२९) झलां जशोऽन्ते (झल्=जश्) (पदान्तमा)

अर्थात् पदको अन्तमा रहेका झल् प्रत्याहारमा पर्ने वर्णहरू भए ती हटी तिनका ठाउँमा जश् प्रत्याहारमा पर्ने वर्णहरू थपिन्छन् । यसरी थप्दा जुन वर्गको अक्षर हटाइन्छ त्यही वर्गमा पर्ने जश् प्रत्याहारको अक्षर राख्नुपर्दछ । जस्तैः- वाक्+ईशः=वागीशः यहाँ कका ठाउँमा कवर्गमै पर्ने जश् प्रत्याहारको ग् राखिएको हो । + भन्दा पछि कुनै शब्द नभए पनि नियमानुसार जश्त्व गर्न बाधा पर्दैन । यो सूत्रले गर्ने जश्त्वलाई *पदान्तजश्त्व* भनिन्छ । दिग्गजः, अजन्तः, जगदीशः, उद्देश्यः, सुबन्तः, रामाद्, कृष्णाद् आदि यसैका उदाहरण हुन् ।

(३०) झलां जश् झशि (झल्=जश्) (झल्+झश्)

शब्द वा पदको बीचमा झल् प्रत्याहारमा पर्ने वर्णहरूका ठाउँमा जश् प्रत्याहारमा पर्ने वर्णहरू हुन्छन् + भन्दा पछाडि झश् प्रत्याहारमा पर्ने वर्ण छ भने । अघिल्लो सूत्रले गर्ने जश्त्वलाई पदान्तजश्त्व भनिन्थ्यो भने यो सूत्रले गर्ने जश्त्वलाई *अपदान्तजश्त्व* भनिन्छ । जस्तैः- बुध्+धिः=बुद्धिः, उपलब्धः, सिद्धिः, वृद्धिः, आरब्धम्, क्षुब्धः आदि ।

(११) चर्त्व सन्धि

(३१) खरि च (झल्=चर्) (झल् + खर्)

पछाडि खर् प्रत्याहारमा पर्ने वर्णहरूमध्ये कुनै एउटा छ भने + भन्दा अगाडि रहेका झल् प्रत्याहारमा पर्ने वर्णहरू हटी तिनका ठाउँमा चर् प्रत्याहारमा पर्ने वर्णहरू थपिन्छन् । यसरी थपिंदा यहाँ पनि जुन वर्गको वर्ण हटाइन्छ, त्यही वर्गको वर्ण राख्नुपर्दछ । जस्तैः- सद्+कारः=सत्कारः, उत्साहः, उत्पन्नः, दिक्पालः, सत्कर्मः आदि । तर कुनै वर्ण पछाडि छैनन् भने चाहिं *"वाऽवसाने"* भन्ने सूत्रले विकल्पले चर्त्व गर्छ । *विकल्प* भन्नाले एक पक्षमा हुनु र अर्को पक्षमा त्यही काम नहुनु भन्ने बुझिन्छ । जस्तैः- रामात्, रामाद् ।

(१२) गुण सन्धि

(३२) आद्गुणः (ए, ओ, अर्, अल्) (अ/आ+इक्)

अर्थात् + भन्दा अगाडि अ वा आ छ भने + भन्दा पछि रहेका ह्रस्व वा दीर्घ इ, उ, ऋ, ऌ का ठाउँमा अघि र पछिका दुवै अक्षर मिलेर क्रमशः ए, ओ, अर्, अल् थपिनुलाई गुण सन्धि भनिन्छ । जस्तैः- रमा+ईशः=रमेशः, यहाँ अघिको

आ र पछिको ई दुवै मिलेर ए गुण भएको हो ।

ए गुण हुने→ महेशः, उपेन्द्रः, सुरेशः, महेन्द्रः, वीरेन्द्रः, देवेन्द्रः, गणेशः, तथेति, ममेच्छा, उमेशः, राजेशः, सुरेन्द्रः, गजेन्द्रः, महेश्वरः ।

ओ गुण हुने→ सूर्योदयः, विद्योन्नतिः, चन्द्रोदयः, यथोक्तम्, भाग्योदयः, महोत्सवः महोदयः, परीक्षोत्तीर्णः, गंगोदकम्, पुरुषोत्तमः, मानवोचितम् ।

अर् गुण हुने→ देवर्षिः, महर्षिः, ब्रह्मर्षिः, कृष्णर्द्धिः, वर्षर्तुः, ग्रीष्मर्तुः, सप्तर्षिः ।

अल् गुण हुने→ तवल्कारः, ममल्कारः ।

(१३) वृद्धि सन्धि

(३३) वृद्धिरेचि (ऐ, औ) (अ/आ + एच्)

अ/आ+ए/ऐ=ऐ	अ/आ+ओ/औ=औ

अर्थात् अ वा आ अगाडि र ए वा ऐ पछाडि भएमा अघि र पछिका दुवै वर्ण मिलेर ऐ हुन्छ । त्यसै गरी अ वा आ अघि र ओ वा औ पछि भएमा अघि र पछिका दुवै वर्ण मिलेर औ हुन्छ । जस्तैः- रमाया+ए, रमाय् (आ+ए)+ऐ=**रमायै** ।

ऐ वृद्धि हुने→ तवैव, तथैव, सदैव, ममैव, वसुधैव, रामैः, देवैश्वर्यम्, तवैश्वर्यम्, ममैश्वर्यम्, सदैक्यम्, अद्यैव, पञ्चैव, मतैक्यम् ।

औ वृद्धि हुने→ महौषधिः, परमौषधिः, गंगौघः, तस्यौषधिः, तण्डुलौदनम् ।

(१४) अयादि सन्धि

(३४) एचोऽयवायावः (एच् + अच्)

ए = अय्	ओ = अव्	ऐ = आय्	औ = आव्

अर्थात् अच् प्रत्याहारमा पर्ने वर्णहरू+भन्दा पछाडि छन् र+भन्दा अगाडि चाहिं एच् प्रत्याहारमा पर्ने वर्णहरू छन् भने एच् प्रत्याहारमा पर्ने ए, ओ, ऐ, औ वर्णहरू हटी तिनका ठाउँमा क्रमशः अय्, अव्, आय्, आव् थपिन्छन् । जस्तैः-

अय् थपिने→ हरि+ए, हर्+ए=अय्+ए=**हरये**, शयनम्, नयति, कवये, नयनम् आदि ।

अव् थपिने→ भो+अति,भ्+ओ=अव्+अति=**भवति**, भवनम्, विष्णवे, गुरवे, भानवे ।

आय् थपिने→ नै+अकः, न्+ऐ=आय्+अकः=**नायकः**, गायकः, विनायकः आदि ।

आव् थपिने→ पौ+अकः, प्+औ=आव्+अकः=**पावकः**, भावकः, भावुकः आदि ।

(१५) यण् सन्धि

(३५) इको यणचि (इक् + अच्)

इ=य् उ=व् ऋ=र् ऌ=ल्

अर्थात् पछिल्लो शब्दको सुरुको अक्षर अच् प्रत्याहारमा पर्ने अ, इ, उ, ऋ, ऌ, ए, ओ, ऐ, औ मध्ये कुनै एउटा ह्रस्व वा दीर्घ वर्ण छ र यदि अघिल्लो

शब्दका अन्तमा इ, उ, ऋ, ऌ मध्ये कुनै एउटा ह्रस्व वा दीर्घ वर्ण भए ती अघिल्लालाई हटाएर क्रमशः य्, व्, र्, ल् राखिन्छ । यसरी यण् प्रत्याहारमा पर्ने ४ वटा अक्षरलाई राख्ने प्रक्रियालाई यण् सन्धि भनिन्छ । य् व् यण् भएका उदाहरणहरू प्रशस्त पाइन्छन् भने र् ल् का उदाहरणहरू निकै कम मात्रमा पाइन्छन् । ह्रस्व वा दीर्घ इ, उ, ऋ, ऌ वर्णदेखि समान वर्ण पछाडि भएमा सवर्णदीर्घ सन्धि हुन्थ्यो (द्र. सूत्र २६) भने असमान वर्ण पछाडि भएमा यण् सन्धि हुन्छ । जस्तैः-

य् थपिने→ अति+ अधिकः, अत्+इ=य्+***अत्यधिकः***, प्रत्येकम्, यद्यपि, इत्यादिः, प्रत्ययः, इत्यत्र, उपर्युक्तः, अभ्युदयः, सुद्युपास्यः, प्रत्याहारः, गौर्यस्ति, इत्याह, प्रत्युत्तरम् ।

व् थपिने→ सु+आगतम्, स्+उ=व्+आगतम्=***स्वागतम्***, अन्वयः, अन्वेषणम्, देव्युवाच, स्वल्पम्, मध्वरिः, वध्वपि ।

र् थपिने→ भ्रात्+आ, भ्रात्+ऋ=र्+आ=***भ्रात्रा***, पित्रे, पित्रनुमतिः, धात्रंशः, मात्रादेशः ।

ल् थपिने→ ऌ+आकृतिः, ऌ=ल्+आकृतिः=***लाकृतिः*** ।

❑

(४) सुबन्त परिचय

पदसंज्ञा गर्ने सूत्र (७)- का सन्दर्भमा संस्कृत व्याकरणमा सुबन्त र तिङन्त गरी जम्मा २ मात्र पद रहने व्यवस्था छ भन्ने कुराको चर्चा गरिएको थियो । सुप्+अन्त अर्थात् सु, औ, जस् आदि २१ वटा प्रत्यय अन्तमा हुने शब्दलाई **सुबन्त** भनिन्छ ।

संस्कृतमा सामान्यतया क्रिया तिङन्त पद हो भने नाम, सर्वनाम, विशेषण र अव्यय सुबन्तपद भित्र पर्दछन् । संस्कृतका करीब ७०% शब्दहरू सुबन्त अन्तर्गत नै पर्ने भएकाले तिङन्तभन्दा सुबन्त शब्दहरू धेरै निर्माण हुनु र वाक्यहरूमा बहुप्रचलित रहँदै आउनु स्वाभाविक हो । त्यसैले सर्वप्रथम सुबन्त शब्दको ज्ञान विना संस्कृतको अध्ययन गर्न थाल्दा आइपर्ने कठिनाइहरूलाई हटाउन सुबन्त शब्दहरूको रूपसिद्धि प्रक्रिया बुझ्न जरूरी देखिन्छ । किनभने अन्य भाषाहरूमा सर्वप्रथम भाषाको अध्ययन गरेपछि व्याकरणको खोजी गरिन्छ भने संस्कृत भाषाको अध्ययन गर्न सर्वप्रथम व्याकरणको ज्ञान हुनुपर्ने परम्परित प्रावधान छ । व्याकरणको अध्ययन गर्न पनि प्रथमतः सुबन्त शब्दहरूको अध्ययन गरेपछि मात्र तिङन्त, सन्धि आदिको विशेष अध्ययन सहज रूपमा गर्न सकिन्छ । जस्तैः- ***"झलां जश् झशि"*** भन्ने सूत्र कौमुदीको अच् सन्धिमा पढिएको छ, त्यसको वृत्ति (अर्थात् संस्कृतमा सूत्रको व्याख्या) सूत्रबाटै स्पष्ट छ भनेर व्याकरणमा दिइएको छैन । तर अच् सन्धिमा भर्खर प्रवेश गर्ने विद्यार्थीले सुबन्त नपढीकन ***'झलां'*** रूप झल्

शब्दको षष्ठीको बहुवचनमा हुन्छ, जश् रूप प्रथमाकै हो र ***झशि*** चाहिं रूप झश् शब्दको सप्तमीको एकवचनमा हुन्छ भनेर थाहै नपाई 'पछाडि झश् प्रत्याहारमा पर्ने वर्ण भएमा, अघि रहेको झल् प्रत्याहारमा पर्ने वर्णका ठाउँमा जश् प्रत्याहारमा पर्ने वर्ण आदेश हुन्छन्' भनेर कसरी अर्थ लगाउने ? निश्चय नै गाह्रो पर्छ । त्यस्तै सुबन्तलाई राम्ररी नबुझी तिङन्ततर्फ अग्रसर हुँदा पनि उदाहरणको रूपमा ***"सार्वधातुकार्धधातुक्योः"*** भन्ने सूत्रमा रहेको ***"अनयोः परयोः इगन्ताङ्गस्य गुणः"*** भन्ने वृत्तिबाट सार्वधातुक संज्ञा र आर्धधातुकसंज्ञा भएको प्रत्यय पछाडि भएमा इक् प्रत्याहार अन्तमा हुने धातुका स्वर वर्णको गुण हुन्छ भनेर अर्थ निकाल्न गाह्रै पर्छ ।

कुनै पनि संस्कृत वाक्य रचनाका लागि सामान्यतया सुबन्तपद र अर्को तिङन्त पद आवश्यक हुने भएकाले सस्कृत सुबन्त शब्दहरूको नेपालीमा अर्थ ग्रहण कसरी गर्ने भन्ने बारेमा सुबन्त शब्दको रूपसिद्धि प्रक्रिया नबुझी केही भन्न गाह्रै पर्छ । अझ विभक्त्यर्थ वा कारकका नियमहरू नबुझीकन अर्थग्रहण गर्न निकै कठिनाइहरू पनि उत्पन्न हुनसक्छन् । जस्तैः- ***'विद्यालयं गच्छति'*** वाक्यमा रहेको द्वितीयान्त शब्दको अर्थ सामान्यतया विद्यालयलाई हुन्छ, तर उक्त वाक्यको नेपाली अर्थ विद्यालयलाई जान्छ भनेर लगाउँदा अनर्थ हुन्छ । किनभने कारकीय नियमले (द्र. कारक परिचय) सप्तमीको अर्थमा द्वितीया विभक्ति भएको हुँदा उक्त वाक्यको अर्थ 'विद्यालयमा जान्छ' हुन्छ भन्ने कुरा कारक नपढी बुझ्न कठिनाइ उत्पन्न हुन्छ । यद्यपि नेपाली भाषामा सामान्यतया विभक्ति चिन्हहरू लाग्न छाडिसकेकाले त्यति समस्या नपर्ला तथापि कारकीय नियमको अध्ययन बिना संस्कृत वाक्यको आशय बुझ्न चाहिं व्यवधान आइपर्छ नै । अतः यिनै कठिनाइहरूलाई दृष्टिगत गरी संस्कृत व्याकरणमा सर्वप्रथम सुबन्त शब्दहरूको ज्ञानको आश्यकता महत्त्वपूर्ण रूपमा स्वीकृत भएको देखिन्छ ।

रूप चल्ने र रूप नचल्ने शब्दका आधारमा संस्कृतका शब्दहरूलाई पनि विकारी र अविकारी २ प्रकारमा विभाजन गर्न सकिन्छ । ***अविकारी*** भन्नाले रूप नचल्ने वा सबै लिंग, विभक्ति र वचनहरूमा एउटै रूप रहने हुन्छः (हिजो), श्वः (भोलि), अपि (पनि), परन्तु (तर) जस्ता अव्यय शब्दलाई जनाउँछ । त्यस्तै ***विकारी*** भन्नाले रूप चलाउन सकिने वा नाम, सर्वनाम, विशेषणलाई (धातुका रूपहरूलाई समेत) जनाउँछ । विकारी सुबन्त शब्द अर्थात् नाम, सर्वनाम, विशेषण शब्दलाई पनि शब्दको अन्तिम अक्षरका आधारमा अजन्त र हलन्त गरी २ भागमा विभाजन गरिएको छ । ***अजन्त शब्द*** भन्नाले अच् प्रत्याहारमा पर्ने वर्णहरू अन्तमा हुने राम, हरि, पितृ आदि शब्दलाई बुझिन्छ भने ***हलन्त शब्द*** भन्नाले हल् प्रत्याहारमा पर्ने वर्णहरू अन्त्यमा हुने किम्, राजन्, भवत् आदि शब्दलाई

जनाउँछ । या अजन्त र हलन्त दुवै शब्दलाई पुलिंग, स्त्रीलिंग र नपुंसकलिंगमा राखी अध्ययन गरिएको संस्कृत व्याकरणको प्रकरणलाई ***"षड्लिंग"*** भनिन्छ । यहाँ तिनै षड्लिंग अन्तर्गत पढिएका वा त्यस्तै अन्य केही शब्दहरूको रूपसिद्धि प्रक्रियाको सामान्य परिचयात्मक अध्ययन प्रस्तुत गरिएको छ ।

सुप् प्रत्ययबोधक तालिका

		विभक्तिको अर्थ बताउने चिन्ह			
कारक	विभक्ति	एकवचन	द्वि.व.	बहु.व.	सामान्य उदाहरण
कर्ता (गर्ने)	प्रथमा	सु (ले)	औ	जस्	- रामः पठति
कर्म (गरिने)	द्वितीया	अम् (लाई)	औट्	शस्	- विद्यालयं गच्छति
करण (साधन)	तृतीया	टा (ले, द्वारा)	भ्याम्	भिस्	- लेखन्या लिखति
संप्रदान (उद्देश्य)	चतुर्थी	ङे (लागि, निम्ति)	भ्याम्	भ्यस्	- बालकाय मोदकं ददाति
अपादन (अवधि)	पञ्चमी	ङसि (देखि, बाट)	भ्याम्	भ्यस्	- हस्तात् पुस्तकं पतति
- (सम्बन्ध)	षष्ठी	ङस् (को,का,की)	ओस्	आम्	- मातुः स्मरति
अधिकरण (आधार)	सप्तमी	ङि (मा)	ओस्	सुप्	- मञ्चे तिष्ठति
- (संबोधन)	प्रथमा	सु (हे, अरे)	औ	जस्	- हे राम ! आगच्छ

उपर्युक्त तालिकाको एकवचन महलको कोष्ठमा विभक्तिको अर्थ बताउने नेपाली चिन्हहरू राखिएका छन् । बहुवचनमा सबै चिन्हको सुरुमा ***'हरू'*** लगाएर विभक्तिको अर्थ प्रष्ट गर्न सकिन्छ । नेपाली व्याकरणमा द्विवचनको व्यवस्था नभएको हुँदा द्विवचन संस्कृत शब्दका विभक्तिको नेपालीमा अर्थ निकाल्दा पनि सबै चिन्हको सुरुमा **'हरू'** नै जोडिन्छ । जस्तैः- ***रामौ गच्छतः*** वा ***रामाः गच्छन्ति***लाई नेपालीमा भन्नुपर्दा रामहरू जान्छन् हुन्छ । त्यस्तै ***हस्तेभ्यः पुस्तकानि पतन्ति*** यसमा रहेको तिङन्त ***पतन्ति*** पदको अर्थ खस्छन् भन्ने ज्ञान तिङन्त प्रकरण पढेपछि हुनेछ भने ***हस्तेभ्यः*** र ***पुस्तकानि*** यी दुई सुबन्त पदको अर्थ नेपालीमा कसरी ग्रहण गर्ने भन्ने सन्दर्भमा जुनसकै अर्थ ग्रहण गर्न खोज्ने पदको मूलशब्द के हो ? त्यसको अन्तमा कुन सुप् प्रत्यय लागेको छ ? कुन विभक्ति र बचनमा छ ? त्यसको नेपाली चिन्ह के हुन्छ ? भन्ने कुरा पत्ता लागेपछि जुनसकै सुबन्त शब्दको नेपालीमा सामान्य अर्थ ग्रहण गर्न सकिन्छ । जस्तैः- उक्त वाक्यमा रहेका दुई पदहरूकै जिज्ञासा पूरा गर्नुपर्दा माथि भनिए अनुसारको आधार लिएर दुवैको मूलशब्द ***हस्त*** र ***पुस्तक*** हुन्, हस्तको अन्तमा पञ्चमी विभक्तिको बहुवचन ***भ्यस्*** प्रत्यय लागेको छ र यसको नेपाली चिन्ह ***हरूबाट*** भन्ने हुन्छ भने पुस्तक शब्दबाट द्वितीयाको बहुवचन ***शस्*** प्रत्यय प्रथमा विभक्तिको अर्थमा लागेको छ र यसको नेपाली चिन्ह ***'हरू'*** हो । त्यसैले अब माथिको ***हस्तेभ्यः पुस्तकानि पतन्ति*** भन्ने वाक्यको नेपालीमा 'हातहरूबाट पुस्तकहरू खस्छन् वा हातबाट पुस्तक खस्छन्' भन्ने अर्थ ग्रहण गर्न त्यति गाह्रो नपर्ला ।

सुबन्त रूपसिद्धिप्रक्रियाका सन्दर्भमा आवश्यक पूर्व जानकारी

सुबन्त प्रकरणका सन्दर्भमा आवश्यक पूर्व जानकारीका रूपमा निम्नलिखित नियमहरूलाई स्वीकार गर्न सकिएमा सुबन्त शब्दहरूको रूपसिद्धि प्रक्रिया बुझ्न केही सजिलो हुने देखिन्छ ।

(क) केही अजन्त शब्दका सुप् प्रत्ययान्त छोटकरी चिन्हहरू

संस्कृत भाषाको विशेष अध्ययनका लागि व्याकरणको आधारभूत ज्ञान अपेक्षित रहे पनि पर्याप्त समय दिएर व्याकरणका सम्पूर्ण नियमहरूको गहन अध्ययनमा संलग्न हुने पाठकहरूको संख्या वर्तमान समयमा क्रमशः घट्दो अवस्थामा रहेको सन्दर्भमा सुप् प्रत्ययका छोटकरी चिन्हहरू प्रयोग गरेर सुबन्त शब्दका रूपहरू निर्माण गर्नका लागि केही सहयोग पुग्ने अपेक्षा राखिएको छ । यहाँ पुलिङ्गमा अकारान्त, इकारान्त, उकारान्त र ऋकारान्त शब्द तथा स्त्रीलिङ्गमा आकारान्त र ईकारान्त शब्दका सुप् प्रत्ययान्त छोटकरी चिन्हहरू प्रयोग गरी रूपहरू चलाउन नमूनाका रूपमा प्रस्तुत गरिएको छ । जो यसप्रकार छन्-

विभक्ति	(१) अकारान्त पुलिङ्ग			(२) इकारान्त पुलिङ्ग			(३) उकारान्त पुलिङ्ग		
प्रथमा	अः	औ	आः	इः	ई	अयः	उः	ऊ	अवः
द्वितीया	अम्	आभ्याम्	आन्	इम्	ई	ईन्	उम्	ऊ	ऊन्
तृतीया	एन	आभ्याम्	ऐः	इना	इभ्याम्	इभिः	उना	उभ्याम्	उभिः
चतुर्थी	आय	आभ्याम्	एभ्यः	अये	इभ्याम्	इभ्यः	अवे	उभ्याम्	उभ्यः
पञ्चमी	आत्	आभ्याम्	एभ्यः	एः	इभ्याम्	इभ्यः	ओः	उभ्याम्	उभ्यः
षष्ठी	अस्य	अयोः	आनाम्	एः	योः	ईनाम्	ओः	वोः	ऊनाम्
सप्तमी	ए	अयोः	एषु	औ	योः	इषु	औ	वोः	उषु
सम्बोधन	अ	औ	आः	ए	ई	अयः	ओ	ऊ	अवः

विभक्ति	(४) ऋकारान्त पुलिङ्ग			(५) आकारान्तस्त्रीलिङ्ग			(६) ईकारान्तस्त्रीलिङ्ग		
प्रथमा	आ	अरौ	अरः	आ	ए	आः	ई	यौ	यः
द्वितीया	अरम्	अरौ	ॠन्	आम्	ए	आः	ईम्	यो	ईः
तृतीया	रा	ॠभ्याम्	ॠभिः	अया	आभ्याम्	आभिः	या:	ईभ्याम्	ईभिः
चतुर्थी	रे	ॠभ्याम्	ॠभ्यः	आयै	आभ्याम्	आभ्यः	यै	ईभ्याम्	ईभ्यः
पंचमी	उः	ॠभ्याम्	ॠभ्यः	आयाः	आभ्याम्	आभ्यः	या:	ईभ्याम्	ईभ्यः
षष्ठी	उः	रोः	ॠणाम्	आयाः	अयोः	आनाम्	या:	योः	ईनाम्
सप्तमी	अरि	रोः	ॠषु	आयाम्	अयोः	आसु	याम्	योः	ईषु
सम्बोधन	अः	अरौ	अरः	ए	ए	आः	इ	यौ	यः

उपर्युक्त तालिकामा दिइएका ६ वटा अच् वर्ण अन्तमा हुने पुलिंग एवं स्त्रीलिंगी शब्दका रूपहरूमध्ये सर्वप्रथम आफूलाई इच्छा लागेको शब्द रोज्ने र रोजिएका शब्दका अन्तमा रहेको अच् वर्णलाई हटाई सोही वर्ण अन्तमा रहने सुप् प्रत्ययका छोटकरी चिन्हहरू प्रयोग गरी रूपहरू चलाउँदै जानुपर्दछ । जस्तैः- सामान्यता हामीले इकारान्त पुलिंग कवि शब्दका रूप चलाउन चाह्यौं, त्यसको अन्तमा रहेको अच् वर्ण इ लाई हटाउँदा कव् मात्र बच्यो अब यस कव् मा इकारान्तपुलिङ्गी सुप् प्रत्ययान्त छोटकरी रूपहरू **इः ई अयः** आदि क्रमशः जोड्दै गयौं भने कवि शब्दका **कविः, कवी, कवयः, कविम्, कवी, कवीन्** आदि सबै रूपहरू निर्माण गर्न त्यति गाह्रो पर्दैन । उपर्युक्त ६ वटा बाहेक अन्य छोटकरी रूपहरू पनि पत्ता लगाई अरू शब्दका पनि रूपहरू चलाउँदै जाँदा सुबन्त शब्द निर्माण प्रक्रिया सुगम बन्नसक्ने देखिन्छ ।

(ख) हलन्त शब्दमा ध्यान दिनुपर्ने कुराहरू

सामान्यतया हलन्त मूलशब्दमा सुप् प्रत्ययका अवशेष निम्नलिखित चिन्हहरूलाई जोडिदिएमा विशेषतः हलन्त पुलिङ्ग शब्दका रूपहरू निर्माण हुनसक्छन् ।

हलन्त शब्दका छोटकरी रूपहरू

विभक्ति	ए.व.	द्वि.व.	ब.व.
प्रथमा	?	औ	अः
द्वितीया	अम्	औ	अः
तृतीया	आ	भ्याम्	भिः
चतुर्थी	ए	भ्याम्	भ्यः
पञ्चमी	अः	भ्याम्	भ्यः
षष्ठी	अः	ओः	आम्
सप्तमी	इ	ओः	सु
सम्बोधन	?	औ	अः

हलन्त शब्दका छोटकरी रूपहरू दिइएको यस तालिकामा प्रश्नचिन्ह राखिएका ठाउँ अर्थात् प्रथमाको एकवचन र सम्बोधनको एकवचनमा के के रूपहरू हुन्छन् भनी ख्याल राख्नुपर्ने हलन्त शब्दका प्रमुख ठाउँ हुन् भने अन्यत्र मूल शब्द र सुप् प्रत्ययका बीचमा पर्ने वर्णहरूको नियमानुसार जश्त्व (जगद्भ्याम्) चर्त्व, नलोप (राजभ्याम्), तलोप (महान्) आदि कामहरू भएर केही परिवर्तन हुने गर्दछ । प्रायः सबै हलन्त शब्ददेखि सु प्रत्ययको लोप हुन्छ । अन् अन्तमा हुने शब्द (राजन् आदि) भएमा सुरुका पांच रूपमा अन्का अको आ हुन्छ (राजनौ, राजानः आदि) भने छैठौं रूपदेखि अर्थात् शस् प्रत्यायान्त शब्दरूपदेखि अजादि सुप् प्रत्ययहरू पछाडि भए अको लोप हुन्छ (राजन्+अस्= राज्ञः आदि) ।

(ग) नपुंसकलिङ्गमा ख्याल गर्नुपर्ने केही कुराहरू

(अ) **अकार अन्तमा हुने नपुंसकलिङ्गी शब्दको प्रथमा र द्वितीयाको एकवचनमा सुप् प्रत्ययको चिन्ह स्वरूप म् मात्र जोडिन्छ । जस्तैः- पत्रम्, पुष्पम्, पुस्तकम् । अकारान्त बाहेक प्रायः सबै वर्णान्त नपुंसकलिङ्गी शब्ददेखि सु र**

अम् प्रत्ययको लोप हुने भएकाले प्रथमा र द्वितीयाको एकवचनमा जुन शब्द हो त्यही रहन्छ, मूल शब्दको रूपमा प्राय: कुनै परिवर्तन हुँदैन । जस्तै:- वारि , मधु, दधि । तर हलन्त शब्दको भने जश्त्व, चर्त्व आदि भएर अन्तिम अक्षर मा परिवर्तन भै प्रथमा र द्वितीयाको एक-एकवचनमा २/२ वटा रूपहरू हुन्छन् । जस्तै:- जगत्, जगद् ।

(आ) अकारान्त नपुंसकलिङ्गी शब्दको प्रथमा र द्वितीयाको द्विवचनमा अको ठाउँमा ए थपिन्छ । जस्तै:- ज्ञाने, पुष्पे, पुस्तके, पत्रे । अकारान्त बाहेक प्राय: सबै अजन्त शब्दमा सुप् प्रत्ययको चिन्ह स्वरूप नी रहन्छ भने हलन्त शब्दमा ई मात्र हुन्छ । जस्तै:- दधिनी, वारिणी, मधुनी, मनसी, पयसी ।

(इ) अजन्त नपुंसकलिङ्गी शब्दको प्रथमा र द्वितीयाको बहुवचनमा सुप् प्रत्ययको चिन्ह स्वरूप अन्तमा नि रहन्छ भने त्यसभन्दा अघिल्लो अच्वर्ण ह्रस्व भए दीर्घ हुन्छ । जस्तै:- ज्ञानानि, वारीणि, मधूनि, धातूणि । हलन्त नपुंसकलिङ्गी शब्दको प्रथमा र द्वितीयाको बहुवचनमा नुम् आगम नभए पनि सुप् प्रत्ययको चिन्ह स्वरूप इ रहने र अघिल्लो अच्वर्ण दीर्घ हुने हुँदा न् अन्तमा हुने शब्दको अन्तमा नि चाहिं देखिन्छ । जस्तै:- नामानि, शर्माणि ।

(ई) नपुंसकलिङ्गी शब्दको सम्बोधनको एकवचनमा ऋकारान्त शब्द बाहेक अरू सबैमा शब्दको मूलरूपमा कुनै परिवर्तन आउँदैन । जस्तै:- हे ज्ञान, हे वारि, हे नामन्, हे जगत् । तर हे धात: आदि ऋकारान्त शब्दमा परिवर्तन हुनसक्छ । सम्बोधनको द्विवचन र बहुवचनमा भने प्रथमाको द्विवचन र बहुवचनमा भए सरह नै रूपहरू हुन्छन् ।

(उ) तृतीयादेखि सप्तमी विभक्तिसम्मका नपुंसकलिङ्गी रूपहरू पुलिङ्ग शब्दकं जुन वर्णान्त छ, त्यही वर्णान्त शब्दका रूपझैं चलाउन सकिन्छ । जस्तै:- अकारान्त पुलिङ्ग राम शब्दझैं नपुंसकलिङ्गी ज्ञानशब्दका तृतीयादेखि ज्ञानेन, ज्ञानाभ्याम्, ज्ञानै: आदि रूपहरू चलाइन्छ ।

(घ) कुन कुन सुप् प्रत्ययहरूको कुन कुन अवस्थामा अनुबन्धलोप हुनसक्छ ?

औट्का टको र सुप्का पको जुनसकै अवस्थामा पनि, अकारान्त नपुंसकलिङ्गी शब्द (सु=अम्) मा बाहेक अन्यत्र सुका उको, अकारान्त सर्वनाम शब्द (जस्=शी) मा र सबै नपुंसकलिङ्गी शब्द (जस्/शस्=शि) मा बाहेक अन्यत्र जस्का जको र शस्का शको अनुबन्धलोप हुन्छ । जुनसुकै अकारान्त शब्द (टा=इन) बाहेक अन्यत्र टाका टको अनुबन्धलोप भै आ मात्र बाँकी रहन्छ । अकारान्त शब्द (ङे=य, ङसि=आत्, ङस्=स्य) मा बाहेक अन्यत्र सबै शब्दहरूमा पर रहने ङे, ङसि र ङस्को अनुबन्धलोप भै क्रमश: ए, अस् र अस् मात्र बाँकी रहन्छ । अकारान्त सर्वनाम

शब्द (ङि=स्मिन्) मा आकारान्त, ईकारान्त एवं ऊकारान्त स्त्रीलिङ्गी शब्द (ङि=आम्) मा बाहेक अन्यत्र ङिका ङको अनुबन्धलोप भै इ रहन्छ । यसरी केही अपवादलाई छाडेर सु, जस्, औट्, शस्, टा, ङे, ङसि, ङस्, ङि र सुप् गरी जम्मा १० वटा सुप् प्रत्ययको अनुबन्धलोप हुनसक्नेरहेछ भने बाँकी ११ वटा प्रत्ययको कुनै पनि अवस्थामा अनुबन्धलोप नभै सोझै शब्दको अन्तमा गाँसिन पुग्दारहेछन् भन्ने कुराको जानकारी सुबन्त शब्दको रूपसिद्ध गर्नु पूर्व नै लिनुपर्दछ ।

(ङ) सुबन्त शब्दमा बिसर्ग कहाँ कहाँ राख्ने ?

कहाँ ?	कुन-कुन शब्दको ?	जस्तै
भिस्, भ्यस्, ओस्	प्रायः सबै शब्दहरूको	- पितृभिः, लताभ्यः,
ङसि, ङस्	प्रायः सबै हलन्त एवं अजन्त स्त्रीलिङ्गी शब्द, र इ, उ ऋ वर्णान्त पुलिङ्गी एवं नपुंसकलिङ्गी शब्दहरूको ।	- श्रीमतः, रमायाः, - हरेः, गुरोः, पितुः, - वारिणः, मधोः ।
जस्, शस्	नपुंसकलिङ्ग र अजन्तपुलिङ्गको शस् प्रत्ययमा बाहेक प्रायः सबै शब्दहरूको ।	- ज्ञानानि, रामान्, - लताः, राज्ञः ।
सु (प्रथमा)	अ, इ, उ अन्तमा हुने पुलिङ्ग शब्द, ह्रस्व इकारान्त स्त्रीलिङ्गी शब्द र र् वा ष् अन्तमा हुने हलन्त शब्दहरूको ।	- रामः, हरिः, गुरुः, - मतिः, बुद्धिः, - गीः ।
सु (सम्बोधन)	ऋ अन्तमा हुने प्रायः सबै शब्दहरूको ।	- हे पितः, हे मातः

(च) सुबन्त शब्दका रूपहरूमा न राख्ने कि ण ?

सामान्यतया अजन्त सुबन्त शब्दका तृतीयाको एकवचन र षष्ठीको बहुवचनका रूपहरूमा रहेका न लाई ण लेख्ने कि न नै राख्ने भन्ने बारेमा द्विविधा पर्ने स्थिति आउँछ । यस्तो अवस्थामा शब्दमा र, ष मध्ये कुनै एउटा वर्ण छ भने त्यसलाई आधार मानेर पछाडि रहेको न का ठाउँमा ण हुन्छ । साथ ऋदेखि पछाडि रहेको न को पनि ण हुन्छ (पितॄणाम्) । शब्दमा रहेका र वा षदेखि सुप् प्रत्ययको बीचमा अट् प्रत्याहार, कवर्ग, पवर्ग, आ, न आदि वर्णहरू रहेछन् भने पनि नको ण बनाउन कुनै विरोध आउँदैन, तर यीभन्दा अरू वर्ण रहेका छन् भने र, ष यी दुई आधारवर्णदेखि पर रहेको न लाई ण बनाउन सकिन्न । जस्तैः- ***रामेण*** मा रदेखि आ, पवर्गमा पर्ने म र अट्मा पर्ने ए बीचमा रहे पनि पछाडि रहेको न को ण भयो, तर ***कृष्णेन*** मा चाहिं ण बीचमा रहेकाले न को ण हुन सकेन ।

(छ) सुबन्त शब्दका रूपहरूमा स राख्ने कि ष ?

अजन्त सुबन्त शब्दको सप्तमी बहुवचनमा आउने सुप् प्रत्ययको बाँकी रहेको सुलाई यस्तै राख्ने कि षु बनाउने भन्ने बारेमा निस्कनसक्ने सन्देहलाई निराकरण गर्न शब्दको अन्तमा इण् प्रत्याहारमा पर्ने वर्णहरू अर्थात् इ, उ, ऋ, ए

आदि मध्ये कुनै एउटा छ भने सुको ठाउंमा षु अर्थात् सु=षु हुनसक्छ, यदि यी वर्णहरू छैनन् भने चाहिं सु जस्ताको त्यस्तै रहन्छ । जस्तै :- **रामेषु** मा ए भएकोले सु=षु भयो तर **रमासु**मा इ, उ, ऋ, ए आदि कुनै पनि वर्ण नभएकाले सु=षु हुन सकेन ।

(ज) सुबन्त शब्दका उस्तै उस्तै रूप कहाँ कहाँ रहन्छन् ?

- नपुंसकलिङ्गको प्रथमा र द्वितीया विभक्तिमा, - प्रथमा र द्वितीयाको द्विवचनमा, - तृतीया, चतुर्थी र पंचमीको द्विवचनमा, - षष्ठी र सप्तमीको द्विवचनमा,	- प्रथमा र सम्बोधनको द्विवचनमा, - प्रथमा र सम्बोधनको बहुवचनमा, - अजन्त स्त्रीलिङ्गी शब्दको प्रथमा र द्वितीयाको बहुवचनमा,
- अकारान्त पुलिङ्ग शब्द बाहेक पंचमी र षष्ठी विभक्तिको एकवचनमा ।	

सुबन्त शब्दहरूको रूपसिद्धि प्रक्रिया

सामान्यतया संस्कृतमा कृदन्त, तद्धितान्त र समासबाट व्युत्पन्न सुबन्त शब्दहरूको निर्माण हुन्छ । यसरी निर्माण गरिएका प्रत्येक शब्दको मूलशब्द चाहिं एउटै हुन्छ भने प्रातिपदिक संज्ञा (द्र. सूत्र १२) गरेर सु, औ, जस् आदि २१ वटा प्रत्यय ल्याएपछि एउटै शब्दका सम्बोधनमा समेत गरेर २४ वटा रूपहरू निर्माण हुन्छन् । यसरी एउटै शब्दको बेग्ला बेग्लै अर्थ परिवर्तन गर्न महत्त्वपूर्ण भूमिका खेल्ने २१ वटा सुप् प्रत्ययहरू कुन कुन विभक्तिको कुन कुन वचनमा के कसरी लाग्छन् भन्ने कुरा सर्वप्रथम थाहा पाउनुपर्दछ । प्रातिपदिक संज्ञापछि ल्याइने सुप् प्रत्यय र मूलशब्दमा के कति थप-घट भयो भनेर क्रमशः पत्ता लगाउँदै शब्दका रूपहरू प्रमाणित गर्नु नै सुबन्त शब्दको रूपसिद्ध गर्ने प्रक्रिया हो । यहाँ पहिला हलन्त र त्यसपछि अजन्त केही शब्दहरूको सामान्य परिचयात्मक अध्ययन गर्न खोजिएको छ ।

(क) हलन्त शब्दहरू

हलन्त सुबन्त शब्दका रूपहरू कसरी सिद्ध गरिन्छन् भन्ने जिज्ञासा राख्नुपूर्व हलन्त शब्दमा ध्यान दिनुपर्ने कुराहरू के के रहेछन्, हलन्त शब्दका सुप् प्रत्ययान्त छोटकरी चिन्हहरू के के थिए ? र कुन-कुन सुप् प्रत्ययहरूको कुन-कुन अवस्थामा अनुबन्धलोप हुँदोरहेछ भन्ने कुरालाई मनन गरेर सामान्य धारणा बनाइसकेको हुनुपर्छ । त्यसपछि हलन्त शब्दका रूपसिद्ध गर्दै जाने सूत्रहरू कसरी प्रयोग गरिंदोरहेछ भनेर बुझ्न त्यति गाह्रो पर्दैन । यहाँ अत्, इन्, अन् अन्तमा हुने ३ वटा हलन्तपुलिङ्गी शब्दहरूको अध्ययनका लागि छनौट गरिएको छ ।

अत् अन्तमा हुने हलन्त शब्दको रूपसिद्ध गर्दा लाग्ने विशेष सूत्रहरू

(३७) उगिदचां सर्वनामस्थाने धातोः

सामान्यतया उ र ऋ अच्वर्णको लोप हुने मतुप्, वतुप्, शत्, क्वसु

आदि प्रत्ययान्त शब्द अर्थात् अत् अन्तमा हुने शब्दको अन्तिम त् भन्दा अघि ***(नुम्) न् वर्ण*** थपिन्छ, यदि सर्वनामस्थानसंज्ञक सुप् प्रत्यय पछाडि छ भने। सर्वनामस्थानसंज्ञक सुप् प्रत्यय भन्नाले २१ सुप् प्रत्ययमध्ये सुरूका पांच अर्थात् सु, औ, जस्, अम्, र औट् प्रत्ययलाई जनाउँछ। जस्तै:- श्री + (मतुप्) मत् मा श्रीमन् त् हुनु।

(३७) सर्वनामस्थाने चासम्बुद्धौ

सम्बोधनको एकवचनमा बाहेक सर्वनामस्थानसंज्ञक सुप् प्रत्यय पछाडि भएमा न् अन्तिममा हुने शब्दका उपधा (द्र. सूत्र १५) मा रहेको अच् वर्णको यो सूत्रले ***दीर्घ*** (आ) हुन्छ। जस्तै:- श्रीमन् त् सु मा श्रीमान् त् सु हुनु।

(३८) हल्ङ्याब्भ्यो दीर्घात्सुतिस्यपृक्तं हल्

यो सूत्रले सामान्यतया आकारान्त एवं ईकारान्त स्त्रीप्रत्ययान्त (द्र. स्त्रीप्रत्यय परिचय) शब्ददेखि र हलन्तशब्ददेखि पछाडि हुने उ को अनुबन्धलोप भै बाँकी रहेको सु प्रत्ययका ***सको लोप*** गर्छ। जस्तै:- श्रीमान् त् स् मा सको लोप भएर श्रीमान् त् हुनु।

(३९) संयोगान्तस्य लोप:

संयोग संज्ञा (द्र. सूत्र ६) भएका वर्णको अन्तमा रहने पदका ***अन्तिम वर्णको*** यो सूत्रले ***लोप*** गर्छ। अन्तिममा अच् वर्ण भए चाहिं लोप हुँदैन। जस्तै:- श्रीमान् त् मा त् को लोप भै ***श्रीमान्*** हुन्छ, तर ***श्रीमन्तौ*** मा चाहिं अच्वर्ण औ अन्तिममा भएकाले त् को लोप भएन।

अत् अन्तमा हुने शब्दको नमूना र रूपसिद्धि प्रक्रिया

अत् अन्तमा हुने श्रीमत् शब्दका रूपहरू			प्रमुख रूपको सिद्धिप्रक्रिया
श्रीमान्	श्रीमन्तौ	श्रीमन्त:	- श्रीमत् + सु (३६) नुम् आगम
श्रीमन्तम्	श्रीमन्तौ	श्रीमत:	श्रीमन् त् + स् (३७) दीर्घ
श्रीमता	श्रीमद्भ्याम्	श्रीमद्भि:	श्रीमान् त् (३८) सलोप
श्रीमते	श्रीमद्भ्याम्	श्रीमद्भ्य:	श्रीमान् (३९) तलोप=***श्रीमान्***।
श्रीमत:	श्रीमद्भ्याम्	श्रीमद्भ्य:	- श्रीमत्+भ्याम् (२९) जश्त्व
श्रीमत:	श्रीमतो:	श्रीमताम्	***श्रीमद्भ्याम्*** ।
श्रीमति	श्रीमतो:	श्रीमत्सु	- हे श्रीमत्+ सु (३६, ३८, ३९)
हे श्रीमन्	हे श्रीमन्तौ	हे श्रीमन्त:	***हे श्रीमन्***।

अत् अन्तमा हुने अन्य शब्दहरू- मतिमत् (मतिमान्), भवत् (भवान्), शक्तिमत् (शक्तिमान्), बुद्धिमत्, हतुमत्, विद्यावत्, धनवत्, बलवत् आदि।

इन् अन्तमा हुने हलन्त शब्दको रूपसिद्ध गर्दा लाग्ने विशेष सूत्रहरू

(४०) सौ च

सम्बोधनमा बाहेक प्रथमा विभक्तिको सु प्रत्यय मात्र पछाडि भएमा शब्दको अन्तमा रहने इन् को इलाई यो सूत्रले ***दीर्घ*** गरेर ईन् बनाउँछ । जस्तै:- विद्यार्थिन्+सु मा दीर्घ भएर विद्यार्थीन्+सु हुनु ।

(४१) नलोप: प्रातिपदिकान्तस्य

प्रातिपदिक संज्ञा भएका पदको अन्तिममा रहेको ***न् को*** यो सूत्रले ***लोप*** गर्छ । जस्तै:- विद्यार्थीन् मा न् को लोप भै ***विद्यार्थी*** रूप सिद्ध हुनु । त्यस्तै शस्देखि सुप् प्रत्ययान्त १५ वटा सुप् प्रत्ययमध्ये हलादि कुनै एउटा प्रत्यय पछाडि भएमा मूलशब्दलाई मात्र पनि पदसंज्ञा हुने भएकाले मूलशब्द र हलादि सुप् प्रत्ययका बीचमा रहेको न् को पनि यसले लोप गर्दछ । जस्तै:- विद्यार्थिन् + भ्याम् मा बीचमा वा मूलशब्दमा रहेको न् को लोप हुनु । तर अजादि सुप् प्रत्यय पछाडि भएमा चाहिं न् को लोप हुँदैन । जस्तै:- विद्यार्थिन्+(टा) आ=***विद्यार्थिना*** ।

इन् अन्तमा हुने शब्दको नमूना र रूपसिद्धि प्रक्रिया

इन् अन्त विद्यार्थिन् शब्दका रूपहरू			प्रमुख रूपको सिद्धिप्रक्रिया
विद्यार्थी	विद्यार्थिनौ	विद्यार्थिन:	- विद्यार्थिन् + सु (४०) दीर्घ
विद्यार्थिनम्	विद्यार्थिनौ	विद्यार्थिन:	विद्यार्थीन् + स् (३८) सलोप
विद्यार्थिना	विद्यार्थिभ्याम्	विद्यार्थिभि:	विद्यार्थीन् (४१) नलोप=***विद्यार्थी*** ।
विद्यार्थिने	विद्यार्थिभ्याम्	विद्यार्थिभ्य:	- विद्यार्थिन्+भ्याम् (४१) नलोप
विद्यार्थिन:	विद्यार्थिभ्याम्	विद्यार्थिभ्य:	***विद्यार्थिभ्याम्*** ।
विद्यार्थिन:	विद्यार्थिनो:	विद्यार्थिनाम्	- हे विद्यार्थिन्+सु (४१) नलोप प्राप्त
विद्यार्थिनि	विद्यार्थिनो:	विद्यार्थिषु	हे विद्यार्थिन्+स् (४४) निषेध
हे विद्यार्थिन्	हे विद्यार्थिनौ	हे विद्यार्थिन:	हे विद्यार्थिन् (३८) सलोप=***हे विद्यार्थिन्***

इन् अन्तमा हुने अन्य शब्दहरू- गुणिन् (गुणी), शशिन् (शशी), दण्डिन् (दण्डी), स्वामिन् (स्वामी), मन्त्रिन् (मन्त्री), वनवासिन् (वनवासी), करिन् (करी), कुशलिन् (कुशली), धनिन् (धनी), आदि ।

अन् अन्तमा हुने हलन्त शब्दको रूपसिद्ध गर्दा लाग्ने विशेष सूत्रहरू

(४२) अल्लोपोऽन:

सर्वनामस्थानसंज्ञक सुप् प्रत्ययलाई छाडेर अच् आदिमा हुने सुप् प्रत्यय पछाडि भएमा अन् अन्तिममा हुने हलन्त शब्दका अन्तिम ***अ*** को ***लोप*** हुन्छ । जस्तै:- राजन्+(शस्) अस् मा अलोप भएर राज्न्+अस् हुनु ।

(४३) विभाषा ङिश्यो:

यो सूत्रले पनि अन् अन्तिममा हुने हलन्त शब्दका ***अ*** को ***लोप*** गर्दछ । यसको आवश्यकता चाहिं सप्तमीको एकवचनमा मात्र ***विकल्पले*** अ को लोप एक

पक्षमा गर्न र अर्को पक्षमा नगरी २ वटा रूप सिद्ध गर्न भएको हो । जस्तै:- राजन्+ङि मा राज्न्+ङि=राज्ञि/राजनि हुनु ।

(४४) न ङिसम्बुद्धयो:

सप्तमीको एकवचनमा र सम्बोधनको एकवचनमा **"नलोप: प्रातिपदिकान्तस्य"** भन्ने सूत्रले गर्न आँटिको **नको *लोप*** यो सूत्रले ***निषेध*** गर्छ, अर्थात् उक्त दुवै ठाउँमा न् अन्तमा हुने शब्दको न् को लोप हुँदैन । जस्तै:- ***राजनि । हे राजन् ।***

अन् अन्तमा हुने शब्दको नमूना र रूपसिद्धिप्रक्रिया

अन् अन्त राजन् शब्दका रूपहरू			प्रमुख रूपको सिद्धिप्रक्रिया
राजा	राजानौ	राजान:	- राजन् + सु (३७, ३८, ४१)=***राजा*** ।
राजानम्	राजानौ	राज्ञ:	- राजन् + (शस्) अस् (४२) अलोप
राज्ञा	राजभ्याम्	राजभि:	राज्न् + अस् (२७) श्चुत्व, ज्+न्=ज्ञ,
राज्ञे	राजभ्याम्	राजभ्य:	राज्ञस् (रुत्वविसर्ग) = ***राज्ञ:*** ।
राज्ञ:	राजभ्याम्	राजभ्य:	राजन् + ङि (४३) अलोप
राज्ञ:	राज्ञो:	राज्ञाम्	राज्न् + इ (२७) श्चुत्व
राज्ञि/राजनि	राज्ञो:	राजसु	= ***राज्ञि*** / (४१, ४४) नलोपप्राप्त निषेध
हे राजन्	हे राजानौ	हे राजान:	= ***राजनि*** ।

अन् अन्तमा हुने अन्य शब्दहरू:- महिमन् , गरिमन् , लघिमन् आदि ।

(ख) अजन्त शब्दहरू

अजन्त शब्दहरूको रूपसिद्धि प्रक्रियाको थालनी पूर्व नै आफूले अध्ययन गरिसकेका कुन-कुन सुप् प्रत्ययहरूको कुन कुन अवस्थामा अनुबन्धलोप हुँदोरहेछ ?, सुप् प्रत्ययान्त छोटकरी चिन्हहरू के के थिए ?, नपुंसकलिङ्गमा ख्याल गर्नुपर्ने कुरा के कति थिए ?, सुबन्त शब्दरूपहरूमा आउने न लाई कहाँ कहाँ ण बनाउने र सलाई कुन कुन अवस्थामा ष मा परिणत गर्ने भन्ने कुरालाई बुझिसकेपछि मात्र अजन्त शब्दका रूपहरू सिद्ध गर्दै जान केही सजिलो हुनेछ ।

संस्कृत व्याकरणको अजन्त प्रकरणमा प्राय: सबै अजन्त शब्दहरूको रूपसिद्धि प्रक्रिया बताइएको भए पनि यहाँ चाहिं पुलिङ्गमा अकारान्त, इकारान्त, उकारान्त र ऋकारान्त शब्द, स्त्रीलिङ्गमा आकारान्त र ईकारान्त शब्द तथा नपुंसकलिङ्गमा अकारान्त गरी जम्मा ***७ प्रकारका शब्दहरूको मात्र चयन*** गरी विशेषसूत्र सहित रूपसिद्धि प्रक्रियाको रूपरेखा प्रस्तुत गरिएको छ ।

अकारान्त पुलिङ्गी शब्दको रूपसिद्ध गर्दा लाग्ने विशेष सूत्रहरू

(४५) प्रथमयो: पूर्वसवर्ण:

अ, इ, उ, ऋ अन्तमा हुने शब्ददेखि प्रथमा र द्वितीया विभक्तिमा आउने

सुप् प्रत्यय सम्बन्धी अच् वर्ण पछाडि भएमा पछिल्लो अच् वर्ण, शब्दको अन्तमा रहेको अच्वर्णमैं मिसिई ***पूर्वसवर्ण दीर्घ*** हुन्छ । तर अ, वा आदेखि इच् वर्ण पछाडि भएमा चाहिं ***"नादिचि"*** भन्ने सूत्रले दीर्घ गर्न रोक्छ । जस्तैः- राम+(जस्) अस् मा पछिल्लो अस्को अ अघिल्लो रामको अमैं मिसिई २६ औं सूत्रले दीर्घ भएर रामास् (रूत्वविसर्ग=***रामाः***) हुन्छ, तर राम + औ मा इच् प्रत्याहारमा पर्ने औ पछाडि भएकाले दीर्घ हुन रोकिएको हुँदा वृद्धि (सूत्र ३३) भएर ***रामौ*** हुन्छ ।

(४६) अमि पूर्वः

मूलशब्दको अन्तमा अ, इ, उ वर्ण छन् र त्यस पछाडि अम् प्रत्यय छ भने यो सूत्रले ***पूर्वरूप*** गर्छ । पूर्वरूप भन्नाले यहाँ अम्को अ गएर अघिल्ला अ, इ, उ वर्णमैं मिसिनु भन्ने बुझिन्छ । जस्तैः- राम+अम् मा अम् को अ रामको अमैं मिसिई ***रामम्*** रूपसिद्ध हुनु ।

(४७) तस्माच्छसो नः पुंसि

पूर्वसवर्णदीर्घ (सूत्र ४५) गरिसकेका आ, ई, ऊ, ॠ वर्णदेखि पछाडि शस् प्रत्यय सम्बन्धी ***स्*** छ भने पुलिङ्ग शब्दमा मात्र त्यस सका ठाउँमा ***न्*** हुन्छ तर स्त्रीलिङ्ग र नपुंसकलिङ्गमा यो नियम लागु हुँदैन । जस्तैः- रामास् मा सको ठाउँमा न् भएर ***रामान्*** रूपसिद्ध हुनु । स्त्रीलिङ्ग रमास् (२:३) मा चाहिं स्=न् नभएर रूत्वविसर्ग भै ***रमाः*** हुनु ।

(४८) टाङसिङसामिनात्स्याः

अकारान्त पुलिङ्ग एवं नपुंसकलिङ्गका शब्ददेखि पछाडि टा, ङसि, ङस् प्रत्यय छन् भने यो सूत्रले तिनका ठाउँमा क्रमशः इन, आत् र स्य हुन्छ, अर्थात् यो सूत्रले ***टा=इन, ङसि=आत् र ङस्=स्य आदेश*** गर्छ । जस्तैः- राम+ङस् मा ङस्का ठाउँमा स्य आदेश भएर ***रामस्य*** रूप सिद्ध हुनु ।

(४९) अट्कुप्वाङ्नुम्व्यवायेऽपि

शब्दमा र वा ष मध्ये कुनै एउटा वर्ण भए यी दुवै वर्णदेखि पछाडि रहेको शब्दमा थपिने ***न का ठाउँमा ण*** हुन्छ । यसरी ण हुँदा र वा षदेखि बीचमा अट् प्रत्याहार, कवर्ग, पवर्ग, आ र नुम् (न्) वर्णहरू रहे पनि केही फरक पर्दैन । तर यी वर्णभन्दा अन्य वर्णहरू बीचमा रहेछन् भने चाहिं न को ण हुँदैन, न नै रहन्छ । जस्तैः- रामेन मा आ, म, ए बीचमा भए पनि रदेखि पछाडि रहेको नको ण भएर ***रामेण*** रूप सिद्ध भयो । तर ***कृष्णेन*** मा षदेखि बीचमा ण वर्णले छेकेको हुँदा पछिल्लो नलाई ण हुन सकेन । त्यस्तै पदको अन्तमा न रहेछ भने पनि ***"पदान्तस्य"*** भन्ने सूत्रद्वारा ण हुन रोकिने भएकाले रामान्, हरीन् आदिमा अन्तिम नको ण हुनसक्दैन ।

(५०) सुपि च

अकारान्त शब्दको यो सूत्रले ***दीर्घ*** (आ) गर्दछ, यदि यत्र् प्रत्याहारमा पर्ने वर्ण अगाडि रहने सुप् प्रत्यय पछाडि छ भने । जस्तै:- राम+भ्याम् मा यत्र् प्रत्याहारमा पर्ने भ् वर्ण अघि रहने भ्याम् प्रत्यय पछाडि भएकोले अकारान्त राम शब्दका अको दीर्घ भएर ***रामाभ्याम्*** रूपसिद्ध हुन्छ ।

(५१) अतो भिस् ऐस्

अकारान्त शब्ददेखि पछाडि रहेको भिस् प्रत्ययका ठाउँमा ऐस् अर्थात् ***भिस्= ऐस आदेश*** हुन्छ । जस्तै:- राम + भिस् मा भिस्का ठाउँमा ऐस् आदेश भएर राम + ऐस् (सूत्र ३३ ले वृद्धि, रुत्वविसर्ग=***रामैः***) हुन्छ ।

(५२) ङेर्य:

अकारान्त शब्ददेखि पछाडि ङे प्रत्यय छ भने ङेका ठाउँमा य अर्थात् ***ङे=य आदेश*** हुन्छ । जस्तै:- राम + ङे मा ङेका ठाउँमा य आदेश भएर राम + य (सूत्र ५० ले दीर्घ=***रामाय***) हुन्छ ।

(५३) बहुवचने झल्येत्

झल् प्रत्याहारमा पर्ने वर्ण अघि रहने बहुवचन सुप् प्रत्यय पछाडि भएमा अकारान्त शब्दका अका ठाउँमा ए अर्थात् ***अ=ए आदेश*** हुन्छ । जस्तै:- राम+भ्याम् मा झल् प्रत्याहार अन्तर्गत पर्ने भ् अघि रहने बहुवचन भ्याम् प्रत्यय पछि भएकाले अका ठाउँमा ए आदेश भएर रामेभ्यस् (सको रुत्वविसर्ग=***रामेभ्यः***) हुन्छ ।

(५४) वाऽवसाने

अवसान अर्थात् पदको अन्तिममा झल् प्रत्याहारमा पर्ने अक्षर छ भने त्यसका ठाउँमा चर् प्रत्याहारमा पर्ने वर्ण ***विकल्पले*** आदेश गरिन्छ । यसरी आदेश गरिँदा जुन वर्णको झल् वर्ण हटाइन्छ, त्यही वर्णाको चर् वर्ण थप्नुपर्छ । यसरी चर् वर्ण थप्ने प्रक्रियालाई ***चर्त्व*** हुन् भनिन्छ । जस्तै:- (राम+इसि, सूत्र ४८ राम+आत्, सूत्र २६ रामात्, सूत्र २९=। रामाद् मा अवसानमा रहेको झल् प्रत्याहारमा पर्ने तवर्गको दवर्णका ठाउँमा चर् प्रत्याहारमा पर्ने तवर्गकै एक मात्र अक्षर त आदेश विकल्पले भएर ***रामात्*** हुन् । रामात् बनिसकेपछि पनि जश्त्व गरी यो सूत्रले चर्त्व गरेर फेरि रामात् नै बनाउनुको प्रयोजन अकारान्त शब्दको पंचमी विभक्तिको एकवचनमा दुई वटा रूपहरू (जस्तै:- रामात्, रामाद्) प्रयोग हुनसक्छन् भन्ने प्रमाणित गर्नका लागि हो ।

(५५) ओसि च

ओस् प्रत्यय पछाडि भएमा अकारान्त शब्दका अन्तिम अको ए अर्थात्

अ=ए आदेश हुन्छ । जस्तै:- राम+ओस् मा ओस् पछि भएकाले राम शब्दको अन्तिम अका ठाउँमा ए आदेश भएर रामे+ओस् (सूत्र ३४ अयादेश, रुत्वविसर्ग= ***रामयोः***) हुन् ।

(५६) ह्रस्वनद्यापो नुट्

ह्रस्व अच्वर्ण अन्तमा हुने पुलिङ्गी एवं नपुंसकलिङ्गी शब्द र दीर्घ आ, ई, ऊ वर्ण अन्तमा हुने स्त्रीलिङ्गी शब्ददेखि पछाडि आम् प्रत्यय भएमा शब्द र प्रत्ययका बीचमा ***नुट् (न्) आगम*** हुन्छ, अर्थात् नवर्ण थपिन्छ । जस्तै:- राम+आम् मा ह्रस्व अच्वर्ण अ अन्तमा हुने रामशब्द र आम् प्रत्ययका बीचमा न् थपेर राम+नाम् (सूत्र ५७ दीर्घ, सूत्र ४९ णत्व=***रामाणाम्***) हुन् ।

(५७) नामि

नाम् पछाडि छ भने अच्वर्ण अन्तिममा हुने शब्दलाई यो सूत्रले ***दीर्घ*** गर्छ । जस्तै:- राम+नाम् मा नाम् पछाडि भएकोले अच् वर्णान्त रामशब्दको अलाई दीर्घ (आ) भएर रामानाम् (सूत्र ४९ णत्व=***रामाणाम्***) हुन् ।

(५८) आदेशप्रत्यययोः

इण् प्रत्याहार र कवर्गमा पर्ने वर्णदेखि पछाडि कुनै प्रत्यय सम्बन्धी दन्त्य स छ भने त्यसको ठाउँमा मूर्धन्य ष आदेश हुन्छ, अर्थात् यो सूत्रले ***स=ष आदेश*** गर्छ । जस्तै:- रामेसु मा इण् प्रत्याहारमा पर्ने एदेखि पछाडि रहेको सुप् प्रत्यय सम्बन्धी सको ठाउँमा ष भएर ***रामेषु*** रूपसिद्ध हुन् ।

(५९) एङ्ह्रस्वात्सम्बुद्धेः

ह्रस्व स्वरवर्ण अन्तमा हुने शब्द वा ए र ओ अन्तमा हुने शब्ददेखि पर रहेका सम्बुद्धिसंज्ञक ***हल्वर्ण (स्) को लोप*** हुन्छ । सम्बोधनमा प्रथमाको एकवचन सुलाई सम्बुद्धिसंज्ञा गरिन्छ । जस्तै:- हे राम+(सु) स् मा सम्बुद्धिसंज्ञक हल्वर्ण सको लोप भएर ***हे राम*** रूपसिद्ध हुन् ।

अकारान्त पुलिङ्ग रामशब्दका रूपहरू			अन्य अकारान्त पुलिङ्गी शब्दहरू
रामः	रामौ	रामाः	कृष्ण, बाल, बालक, पुत्र, जनक, प्राज्ञ
रामम्	रामौ	रामान्	सज्जन, दुर्जन, छात्र, शिष्य, अनुज, अग्रज
रामेण	रामाभ्याम्	रामैः	मानव, भृत्य, अश्व, हंस, वृक्ष, नर, मनुष्य
रामाय	रामाभ्याम्	रामेभ्यः	कपोत, पितृव्य, दिनेश, उमेश, रमेश,
रामात्-द्	रामाभ्याम्	रामेभ्यः	महेश, राजेश, सूर्य, चन्द्र, कर, पिक,
रामस्य	रामयोः	रामाणाम्	वंश, वानर, गज, धर्म, अनल, पावक,
रामे	रामयोः	रामेषु	अनिल, उपहार, सेवक, नायक, नायक,
हे राम !	हे रामौ	हे रामाः	पाठक, सञ्चार, विचार, सुलभ, दुर्लभ ।

रामशब्दका प्रमुख रूपहरूको सिद्धिप्रक्रिया

-राम् + (जस्) अस् (४५)	-राम+भ्याम् (५०)	-राम+ङसि (४८)	-राम+आम् (५६)
रामास् (रुत्वविसर्ग)	रामाभ्याम् ।	राम+आत् (२६)	राम+न्+आम् (५७)
रामाः ।	-राम+भिस् (५१)	रामात् (२९)	रामानाम् (४९)
-राम+अम् (४६)	राम+ऐस् (३३)	रामाद् (५४)	रामाणाम् ।
रामम् ।	रामैस् = रामैः ।	रामात्, रामाद् ।	-हे राम+सु
-राम+(शस्) अस् (४५)	-राम+ङे (५२)	-राम+ओस् (५५)	हे रामस् (५९)
रामास् (४७)	राम+य (५१)	रामे+ओस् (३४)	हे राम ।
रामान् ।	रामाय ।	रामयोस्=रामयोः ।	
-राम+टा (४८)	-राम+भ्यस् (५३)	-राम+सुप् (५३)	
राम+इन (३२)	रामेभ्यम् (रुत्वविसर्ग)	रामेसु (५८)	
रामेन (४९)=रामेण ।	रामेभ्यः ।	रामेषु ।	

अकारान्त पुलिङ्गी सर्वनामसंज्ञक शब्दहरूका रूपसिद्ध गर्दा लाग्ने विशेष सूत्रहरू

"सर्वादीनि सर्वनामानि" भन्ने सूत्रले सर्वनामसंज्ञा हुने सर्व, विश्व, उभय आदि संस्कृतका अकारान्त पुलिङ्गी सर्वनाम शब्दका रूपहरू सिद्ध गर्दा निम्नलिखित ***४ वटा सूत्रले*** चतुर्थी, पंचमी र सप्तमीको एकवचन तथा प्रथमा र षष्ठीको बहुवचनका ***५ वटा रूपहरूमा मात्र परिवर्तन*** ल्याउँछन् भने बाँकी ठाउँमा अकारान्त पुलिङ्गी राम, कृष्ण, दिनेश आदि शब्दका रूपहरू जस्तै चल्दछन् । तर सम्बोधनमा भने सर्वनाम शब्दका रूपहरू नै रहन्नन्, किनभने सर्वनामसंज्ञक शब्दमा सम्बोधनको व्यवस्था नै छैन ।

(६०) जसः शी

अकारान्त सर्वनामसंज्ञक शब्ददेखि पछाडि रहेको जस् प्रत्ययको ठाउँमा शी अर्थात् यो सूत्रले ***जस्=शी (ई) आदेश*** गर्छ । जस्तैः- सर्व+जस् मा जस्को ठाउँमा शी आदेश भएर सर्व+शी (ई) (सूत्र ३२ गुण=***सर्वे*** हुनु ।

(६१) सर्वनाम्नः स्मै

अकारान्त सर्वनामसंज्ञक शब्ददेखि पछाडि रहने ङे प्रत्ययको ठाउँमा स्मै अर्थात् ***ङे=स्मै आदेश*** हुन्छ । जस्तैः- सर्व+ङे मा ङे का ठाउँमा स्मै आदेश भएर ***सर्वस्मै*** रूपसिद्ध हुनु ।

(६२) ङसिङ्योः स्मात्स्मिनौ

अकारान्त सर्वनामसंज्ञक शब्ददेखि पछाडि रहने ङसिको ठाउँमा स्मात् र ङिको ठाउँमा स्मिन् अर्थात् ***ङसि=स्मात्, ङि=स्मिन् आदेश*** हुन्छ । जस्तैः- सर्व+ङसि मा ङसिको ठाउँमा स्मात् आदेश भएर ***सर्वस्मात्*** रूपसिद्ध हुनु । त्यस्तै-***सर्वस्मिन्*** ।

(६३) आमि सर्वनाम्नः सुट्

अकारान्त वा आकारान्त सर्वनामसंज्ञक शब्दहरूमा पछाडि आम् प्रत्यय छ भने शब्दभन्दा पछाडिका आम्को आसँग ***सुट् आमम*** अर्थात् स् वर्ण थपिन्छ । जस्तै:- सर्व+आम् मा आम्को आसँग स् मिलेर सर्व+साम् (सूत्र ५३ एत्व, ५८ षत्व=***सर्वेषाम्***) हुन् ।

अकारान्त सर्वनामसंज्ञक पुलिङ्गी सर्व शब्दका प्रमुख रूपहरू

सर्वे १/३, सर्वस्मै ४/१, सर्वस्मात् ५/१, सर्वेषाम् ६/३ र सर्वस्मिन् ७/१ गरी ५ वटा रूपहरू । यहाँ अघिल्लो अंकले विभक्तिलाई बुझाउँछ भने पछिल्लो अंकले वचनलाई संकेत गर्दछ । जस्तै:- सर्वे १/३ मा १ भन्नाले प्रथमा विभक्ति र ३ भन्नाले बहुवचन भन्ने जनाएको छ । यी बाहेक अन्य रूपहरू अकारान्त पुलिङ्गी राम, कृष्ण आदि शब्दझैं चलाइन्छन् ।

सर्वशब्दका प्रमुख रूपको सिद्धिप्रक्रिया

सर्व+जस् (६०, ३२) = ***सर्वे*** ।
सर्व+ङे (६१) = ***सर्वस्मै*** ।
सर्व+ङसि (६२) = ***सर्वस्मात्*** ।
सर्व+आम् (६३, ५३, ५८) = ***सर्वेषाम्*** ।
सर्व+ङि (६२) = ***सर्वस्मिन्*** ।

अकारान्त सर्वनामसंज्ञक अन्य शब्दहरू

अन्य, अपर, इतर, सम, सिम, एक, स्व तथा हलन्त तद्, यद् आदि शब्दको ***"त्यदादीनामः"*** भन्ने सूत्रले अत्व र ***"अतो गुणे"*** भन्ने सूत्रले पररूप भएर अकारान्त हुने त, य (किम्=क) आदि शब्दहरू ।

इकारान्त एवं उकारान्त पुलिङ्गी शब्दका रूपहरू सिद्ध गर्दा लाग्ने विशेष सूत्रहरू

(६४) जसि च

यो सूत्रले जस् प्रत्यय पछाडि भएमा शब्दको अन्तमा हुने ह्रस्व इ, उ वर्णको ***गुण*** अर्थात् इ=ए, उ=ओ हुन्छ । जस्तै:- हरि+जस् मा जस् पछाडि भएकाले हरि शब्दको अन्तमा रहेको इ=ए गुण गरेर हरे+जस् (हरे+अस्, सूत्र ३४ अयादेश, रुत्वविसर्ग=***हरयः***) हुन् । त्यस्तै:- गुरु+जस् मा उ=ओ गुण भएर गुरो+जस् (गुरो=अस्, सूत्र ३४ अवादेश, रुत्वविसर्ग=***गुरवः***) हुन् ।

(६५) आडो नाऽस्त्रियाम्

घिसंज्ञा भएका वर्ण अन्तमा हुने अर्थात् ह्रस्व इकारान्त, उकारान्त शब्दहरूमा पछाडि रहेको टा प्रत्यय सम्बन्धी ***आको ठाउँमा ना आदेश*** हुन्छ । घिसंज्ञा भन्नाले ***"शेषो घ्यसखि"*** भन्ने सूत्रले सखि शब्दलाई छाडेर ह्रस्व इकारान्त, उकारान्त शब्दलाई गर्ने संज्ञालाई बुझाउँछ । जस्तै:- हरि+(टा) आ मा इकारान्त हरिशब्दहरूमा पछाडि रहेको आ=ना आदेश भएर हरिना (सूत्र ४९ णत्व=***हरिणा***) हुन् । त्यस्तै:-

भानु+(टा) आ मा उकारान्त भानुशब्ददेखि पछि रहेको आ=ना भएर ***भानुना*** रूपसिद्ध हुनु ।

(६६) घेर्डिति

ङको इत्संज्ञा हुने सुप् प्रत्यय अर्थात् ङे, ङसि र ङस् यी ३ वटा मात्र सुप् प्रत्ययमध्ये कुनै एउटा पछाडि भएमा यो सूत्रले घिसंज्ञक इकारान्त, उकारान्त शब्दका अन्तिम इ, उ वर्णको क्रमशः ***गुण*** भएर ए, ओ हुन्छ । जस्तैः- कवि+(ङे) ए मा इकारान्त कवि शब्दका इको गुण ए भएर कवे+ए (सूत्र ३४ अवादेश=***कवये***) हुनु । त्यस्तै तरु+(ङे) ए मा उकारान्त तरु शब्दका उको ओ गुण भएर तरो+ए (सूत्र ३४ अवादेश=***तरवे***) हुनु ।

(६७) ङसिङसोश्च

ए र ओदेखि ङसि र ङस् प्रत्यय सम्बन्धी अकार पछाडि भएमा पछि रहेको अकार अघिल्लो ए वा ओ वर्णमैं मिसिन्छ, यसरी मिसिनुलाई ***पूर्वरूप*** भनिन्छ । जस्तैः- शशे+(ङसि) अस् मा पछिल्लो अ गएर अघिल्लो शशेको एमा मिसिई शशेस् (रुत्वविसर्ग=***शशेः***) हुनु । त्यस्तैः- शम्भो+(ङस्) अस् मा अघिल्लो शम्भोको ओमा पछिल्लो अस्को अ गएर मिसिई शम्भोस् (रुत्वविसर्ग=***शम्भोः***) हुनु ।

(६८) अच्च घेः

इकारान्त र उकारान्त शब्ददेखि पछाडि रहेको ङिका ठाउँमा ***औत् (औ) आदेश*** हुन्छ भने घिसंज्ञक शब्दका अन्तमा रहेका ***इ वा उ वर्णका ठाउँमा पनि अ आदेश*** हुन्छ । अर्थात् यो सूत्रले ङि=औ र इ/उ=अ आदेश गर्छ । जस्तैः- हरि+ङि मा ङि=औ र इकारान्त हरि शब्दको इ=अ आदेश भएर हर+औ (३३ वृद्धि=***हरौ***) हुनु । त्यस्तै विधु+ङि मा ङि=औ र उकारान्त विधु शब्दको उ=अ आदेश भएर विध+औ (सूत्र ३३ वृद्धि=***विधौ***) हुनु ।

(६९) ह्रस्वस्य गुणः

सम्बुद्धिसंज्ञक प्रत्यय अर्थात् सम्बोधनको एकवचनमा हुने सु प्रत्यय पछाडि भएमा ह्रस्व अच् वर्ण अर्थात् इकारान्त शब्दका इको ठाउँमा गुण भएर ए हुन्छ भने उकारान्त शब्दका उको ठाउँमा ***गुण*** भएर ओ गुण हुन्छ । जस्तैः- हे अग्नि+(सु) स् मा इकारान्त अग्नि शब्दका इको ए भएर हे अग्ने+स् (सूत्र ५९ सलोप=***हे अग्ने***) हुनु । त्यस्तैः- हे शिशु+(सु) स् मा उकारान्त अग्नि शब्दका उको ओ भएर हे शिशो+स् (सूत्र ५९ सलोप=***हे शिशो***) हुनु ।

इकारान्त एवं उकारान्त पुलिङ्गी शब्दका रूपहरूको नमूना

इकारान्त पुलिङ्ग हरिशब्दका रूपहरू			उकारान्त पुलिङ्ग गुरु शब्दका रूपहरू		
हरिः	हरी	हरयः	गुरुः	गुरू	गुरवः

हरिम्	हरी	हरीन्	गुरुम्	गुरू	गुरून्
हरिणा	हरिभ्याम्	हरिभिः	गुरुणा	गुरुभ्याम्	गुरुभिः
हरये	हरिभ्याम्	हरिभ्यः	गुरवे	गुरुभ्याम्	गुरुभ्यः
हरेः	हरिभ्याम्	हरिभ्यः	गुरोः	गुरुभ्याम्	गुरुभ्यः
हरेः	हर्योः	हरीणाम्	गुरोः	गुर्वोः	गुरूणाम्
हरौ	हर्योः	हरिषु	गुरौ	गुर्वोः	गुरुषु
हे हरे !	हे हरी	हे हरयः	हे गुरो	हे गुरू	हे गुरवः

इकारान्त एवं उकारान्त पुलिङ्गी शब्दका प्रमुख रूपहरूको सिद्धिप्रक्रिया

इकारान्त हरिशब्द	उकारान्त गुरुशब्द	अन्य शब्दहरू
-हरि+जस् (अस्) (६४) गुण	-गुरु+(जस्) (अस्) (६४)	**(क) इकारान्त**
हरे+अस् (३४) अयादेश	गुरो+अस् (३४) अवादेश	कवि, अग्नि, मुनि
हरयस् (रुत्वविसर्ग)=***हरयः*** ।	गुरवस् (रुत्वविसर्ग) ***गुरवः*** ।	विधि, निधि, गिरि,
-हरि+(टा) आ (६५) ना आदेश	-गुरु+(टा) आ (६५)	पाणि, वलि, ऋषि,
हरिना (४९) णत्व=***हरिणा*** ।	गुरुना (४९)=***गुरुणा*** ।	भूपति, कपि, अरि,
-हरि+ङे (ए) ६६ गुण	-गुरु+ङे (ए) ६६ गुण	नृपति, असि, अतिथि,
हरि+ए (३४) अयादेश	गुरो+ए (३४) अवादेश	रवि, प्रजापति, रश्मि ।
हरये ।	***गुरवे*** ।	**(ख) उकारान्त**
-हरि+(ङसि) अस् (६६) गुण	-गुरु+(ङसि) अस् (६६) गुण	विधु, भानु, कुशानु,
हरे+अस् (६७) पूर्वरूप	गुरो+अस् (६७) पूर्वरूप	शम्भु, शिशु, तरु,
हरेस् (रुत्वविसर्ग)=***हरेः*** ।	गुरोस् (रुत्वविसर्ग)=***गुरोः*** ।	शत्रु, वाहु, विष्णु,
-हरि+ङि (६८) औत्, अत्व	-गुरु+ङि (६८) औत्, अत्व	मृत्यु, मृदु, साधु,
हर+औ (३३) वृद्धि=***हरौ*** ।	गुर+औ (३३) वृद्धि=***गुरौ*** ।	पशु, इषु, प्रभु, विन्दु
-हे हरि+सु (६८) गुण	-हे गुरु+सु (६८) गुण	इन्दु, परशु, वेणु, धातु,
हे हरेस् (५९) सलोप=***हे हरे*** ।	हे गुरोस् (५९) सलोप=***हे गुरो*** ।	जन्तु आदि ।

ऋकारान्त पुलिङ्गी शब्दका रूपहरू सिद्ध गर्दा लाग्ने विशेष सूत्रहरू

(७०) ऋदुशनस्पुरुदंशोऽनेहसां च

सम्बोधनको एकवचनलाई छाडेर प्रथमाको एकवचन सु पछाडि भएमा ऋकारान्त शब्द वा उशनस्, पुरुदंश् एवं अनेहस् शब्दका अन्तिम वर्णको ठाउँमा ***अनङ् (अन्) आदेश*** हुन्छ । अर्थात् यस सूत्रले ऋ (वा स्)=अन् आदेश गर्छ । जस्तैः- पितृ + सु मा पितृका ऋका ठाउँमा अनङ् (अन्) आदेश भएर पितन्+सु (सूत्र ३७ दीर्घ, ३८ सलोप, ४१ नलोप=***पिता***) हुनु ।

(७१) ऋतो ङिसर्वनामस्थानयोः

सर्वनामस्थानसंज्ञक सुप् प्रत्यय (द्र. सूत्र ३६) वा ङि प्रत्यय पछाडि भएमा ऋकारान्त शब्दका ***ऋको अर् गुण*** हुन्छ । जस्तैः- पितृ+औ मा ऋ=अर् गुण भएर

पितर् ओ=*पितरौ* रूप सिद्ध हुनु ।

(७२) ऋत उत्

ङसि र ङस् प्रत्यय सम्बन्धी अकार पछाडि भएमा ऋकारान्त शब्दको ऋ र पछिल्लो अ दुवैका ठाउँमा उर् आदेश हुन्छ, अर्थात् यो सूत्रले ***ऋ+अ=उर् आदेश*** गर्छ । जस्तै:- पितृ+(ङसि) अस् मा अघिल्लो ऋ र पछिल्लो अ दुवैका ठाउँमा उर् भएर पितुर्+स् (सूत्र ७३ सलोप, सूत्र २३ विसर्ग=*पितुः*) हुनु ।

(७३) रात्सस्य

रेफ अर्थात् हलन्त रदेखि पछाडि रहेको सयोगान्त (द्र. सूत्र ६) ***सको लोप*** हुन्छ । जस्तै:- पितुर् स् मा रदेखि पछि रहेको सको लोप भएर पितुर् (सूत्र २३ विसर्ग=*पितुः*) हुनु ।

ऋकारान्त पुलिङ्ग पितृ शब्द			**प्रमुख रूपहरूको सिद्धिप्रक्रिया**
पिता	*पितरौ*	पितर:	- पितृ+सु (७०) अनङादेश
पितरम्	पितरौ	पितॄन्	पितन्+स (३७, ३८, ४५)=*पिता* ।
पित्रा	पितृभ्याम्	पितृभि:	- पितृ+औ (७१) अर गुण=*पितरौ* ।
पित्रे	पितृभ्याम्	पितृभ्य:	एव पितृ+ङि=*पितरि* ।
पितु:	पितृभ्याम्	पितृभ्य:	- पितृ+(ङसि) अस् (७२) उतादेश रपरत्व,
पितु:	पित्रो:	पितॄणाम्	पितुरस् (७३) स् लोप, (२३) विसर्ग=*पितुः* ।
पितरि	पित्रो:	पितृषु	- हे पितृ+सु (७१) अर् गुण
हे पित:	हे पितरौ	हे पितर:	हे पितर् (४१) सलोप, विसर्ग=***हे पितः*** ।

ऋकारान्त पुलिङ्गी अन्य शब्दहरू

भ्रातृ, देवृ, जामातृ, नृ र तृच् प्रत्ययान्त (द्र. सूत्र १०४) सबै शब्दहरू । तृच् प्रत्ययान्त शब्दको प्रथमाको द्विवचनदेखि द्वितीयाको द्विवचनसम्मका ४ वटा रूपहरूमा तको ता हुन्छ । जस्तै:- कर्तारौ, कर्तार:, कर्तारम्, कर्तारौ । अन्यत्र पितृ शब्दजस्तै तरिकाले तृच् प्रत्ययान्त शब्दका रूपहरू चल्दछन् । साथै द्वितीयाको बहुवचनमा (मातृ:) बाहेक अन्यत्र स्त्रीलिङ्गी ऋकारान्त मातृ, स्वसृ, यातृ, ननान्दृ आदि शब्दको पनि ऋकारान्त पुलिङ्गमा झैं रूपहरू चलाइन्छ ।

आकारान्त स्त्रीलिङ्गी शब्दका रूपहरू सिद्ध गर्दा लाग्ने विशेष सूत्रहरू

(७४) औङ आप:

आकारान्त शब्ददेखि पछाडि रहेका औ प्रत्ययका ठाउँमा यो सूत्रले शी (ई) आदेश गर्छ, अर्थात् ***औ=शी*** (ई) हुन्छ । जस्तै:- रमा+औ मा औ=शी (ई) भएर रमा+ई (सूत्र ३२ गुण=**रमे**) हुनु ।

(७५) आङि चाप:

आ (तृतीयाको एकवचन) र ओस् प्रत्यय पछाडि भएमा आकारान्त

शब्दका अन्तिम आको ठाउँमा ए हुन्छ, अर्थात् यो सूत्रले ***आ=ए आदेश*** गर्छ जस्तै:- रमा+(टा) आ मा रमा शब्दको आ=ए आदेश भएर रमे+आ (सूत्र ३ अयादेश=***रमया***) हुनु ।

(७६) याडापः

इको इत्सञ्ज्ञा हुने डे, डसि, डस् र डि प्रत्ययमध्ये कुनै एउटा प्रत्य पछाडि भएमा आकारान्त शब्दपछि ***याट् (या) आगम*** हुन्छ, अर्थात् आपछि य थपिन्छ । जस्तै:- रमा+(डे) ए मा रमा शब्दपछि या थपिएर रमाया+ए (सूत्र ३ वृद्धि=***रमायै***) हुनु ।

(७७) ङेराम्नद्याम्नीभ्यः

आकारान्त, ईकारान्त, ऊकारान्त स्त्रीलिङ्गी शब्द र नी शब्ददेखि पनि प रहेको ङि प्रत्ययको ठाउँमा आम् आदेश हुन्छ, अर्थात् यो सूत्रले ***ङि=आम्*** गर्छ जस्तै:- रमा+ङि मा आकारान्त रमाशब्ददेखि पछाडि रहेको ङि=आम् आदेश भए रमा+आम् (सूत्र ७६ याडागम, २६ दीर्घ=***रमायाम्***) हुनु ।

(७८) सम्बुद्धौ च

सम्बोधनको एकवचन सु प्रत्यय पछाडि भएमा आकारान्त शब्दक आको ठाउँमा ए हुन्छ, अर्थात् यस सूत्रले ***आ=ए*** गर्छ । जस्तै:- हे रमा+सु म आकारान्त रमा शब्दका आको ए भएर हे रमे+स् (सूत्र ३८ सलोप=***हे रमे***) हुनु

आकारान्त स्त्रीलिङ्गी रमाशब्दका रूपहरू			**प्रमुख रूपहरूको सिद्धिप्रक्रिया**	
रमा	रमे	रमाः	- रमा+औ (७४)	- रमा+ङि (७७
रमाम्	रमे	रमाः	रमा+(शी) ई (३२)	रमा+आम् (७
रमया	रमाभ्याम्	रमाभिः	***रमे*** ।	रमाया+आम् (२
रमायै	रमाभ्याम्	रमाभ्यः	- रमा+(टा) आ (७५)	***रमायाम्*** ।
रमायाः	रमाभ्याम्	रमाभ्यः	रमे+आ (३४)	- हे रमा+सु (७८
रमायाः	रमयोः	रमाणाम्	***रमया*** ।	हे रमेस् (३८)
रमायाम्	रमयोः	रमासु	- रमा+(ङे) ए (७६)	***हे रमे*** ।
हे रमे	हे रमे	हे रमाः	रमाया+ए (३३)=***रमायै*** ।	

आकारान्त स्त्रीलिङ्गी अन्य शब्दहरू-सीता, लता, कथा, सुधा, व्यथा, प्रभ वसुधा, सुधा, कन्या, अमृता, विद्या, पूजा, दुर्गा, पाठशाला, अम्बिका, कृपा, दय माया, वार्ता, माला, पताका, शाखा, इच्छा, तालिका, कविता, योजना, परीक्ष छात्रा, प्रथमा, द्वितीया, गायिका, नायिका, शिक्षिका, प्रवेशिका, प्रकाशिका आदि

ईकारान्त स्त्रीलिङ्गी शब्दका रूपहरू सिद्ध गर्दा लाग्ने विशेष सूत्रहरू

(७६) आण्नद्याः

ईकारान्त र ऊकारान्त स्त्रीलिङ्गी शब्ददेखि डको इत्सञ्ज्ञा हुने डे, डसि

ङस् र ङि प्रत्ययमध्ये कुनै एउटा पछाडि भएमा ***आट् (आ) आगम*** हुन्छ, अर्थात् मूलशब्द र सुप् प्रत्ययका बीचमा आ थपिन्छ । जस्तै:- नदी+(ङे) ए मा नदी शब्द र ङे सुप् प्रत्ययका बीचमा आ थपिई नदी+आ+ए (सूत्र ८० वृद्धि, ३५ यण्=***नद्यै***) हुन् ।

(८०) आटश्च

आट् आगम अर्थात् आदेशि अच् वर्ण पछाडि भएमा अगाडि र पछाडि रहेका दुवै वर्णका ठाउँमा आ, ऐ औ मध्ये एउटा ***वृद्धि*** वर्ण आदेश हुन्छ । जस्तै:- नदी+आ+ए मा आट्को आ र ए दुवै वर्णका ठाउँमा ऐ भएर नदी+ऐ (सूत्र ३५ यण्=***नद्यै***) हुन् ।

(८१) अम्बार्थनद्योर्ह्रस्वः

मातृवाचक अम्बा, अक्का, अल्ला आदि आकारान्त शब्द वा ईकारान्त एव ऊकारान्त स्त्रीलिङ्ग शब्दको सम्बोधनको एकवचन सु पछाडि भएमा ***ह्रस्व*** हुन्छ । जस्तै:- हे नदी+(सु) स् मा ईकारान्त नदी शब्दको ह्रस्व भएर हे नदि+स् (सूत्र ३८ सलोप=***हे नदि***) हुन् ।

ईकारान्त स्त्रीलिङ्ग नदी शब्दका रूपहरू प्रमुख रूपको सिद्धि प्रक्रिया

नदी	नद्यौ	नद्यः	- नदी+(ङे) ए (७९) आट् आगम
नदीम्	नद्यौ	नदीः	नदी+आ+ए (८०) वृद्धि
नद्या	नदीभ्याम्	नदीभिः	नदी+ए (३५) यण्
नद्यै	नदीभ्याम्	नदीभ्यः	***नद्यै*** ।
नद्याः	नदीभ्याम्	नदीभ्यः	- हे नदी+(सु) स् (८१) ह्रस्व
नद्याः	नद्योः	नदीनाम्	हे नदिस् (५९) सलोप
नद्याम्	नद्योः	नदीषु	***हे नदि*** ।
हे नदि	हे नद्यौ	हे नद्यः	

ईकारान्त स्त्रीलिङ्गी अन्य शब्दहरू- गौरी, सरस्वती, महाकाली, कुमारी, देवी, नारी, सखी, पुत्री, महिषी, कौमुदी, नगरी, श्रीमती, दासी, पार्वती, ईश्वरी, देवकी, कुन्ती, सती, युवती, जानकी, जननी, लेखनी, भवानी, धनवती, गुणवती, विद्यावती, बुद्धिमती, गरीयसी, मालिनी, गच्छन्ती, पठन्ती आदि ।

अकारान्त नपुंसकलिङ्गी शब्दका रूपहरू सिद्ध गर्दा लाग्ने विशेष सूत्रहरू

(८२) अतोऽम्

अकारान्त नपुसकलिङ्गी शब्ददेखि पछाडि रहेको प्रथमा र द्वितीया एकवचनका सु वा अम्का ठाउँमा यो सूत्रले अम् आदेश गर्छ, अर्थात् ***सु/अम्=अम्*** हुन्छ । ***"स्वमोर्नपुंसकात्"*** भन्ने सूत्रले अम् प्रत्ययको लोप नहोस् भन्नाका लागि

अम्का ठाउँमा पनि अम् गरिएको हो। जस्तै:- फल+सु यहाँ अकारान्त नपुसकलिङ्गी फलशब्ददेखि पछाडि रहेको सुको ठाउँमा अम् आदेश गरेर फल+अम् (सूत्र ४६ पूर्वरूप=**फलम्**) हुनु।

(८३) नपुंसकाच्च

नपुंसकलिङ्गी जुनसुकै शब्ददेखि पछाडि रहेको औ वा औट् प्रत्ययका ठाउँमा शी (ई) आदेश हुन्छ, अर्थात् यो सूत्रले ***औ/औट्=शी (ई)*** गर्छ। जस्तै:- फल+औ यहाँ नपुंसकलिङ्गी फलशब्ददेखि पछाडि रहेको औका ठाउँमा शी (ई) भएर फल+ई (सूत्र ३२ गुण=**फले**) हुनु।

(८४) जश्शसो: शि

यो सूत्रले नपुंसकलिङ्गी जुनसुकै शब्ददेखि पछाडि रहेको जस् वा शस्का ठाउँमा शि (इ) आदेश गर्छ, अर्थात् ***जस्/शस्=शि (इ)*** हुन्छ। जस्तै:- फल+जस् यहाँ नपुंसकलिङ्गी फलशब्ददेखि पछाडि रहेको जस्को ठाउँमा शि (इ) भएर फल+इ (सूत्र ८५ नुमागम, ३७ दीर्घ=**फलानि**) हुनु।

(८५) नपुंसकस्य झलच:

सर्वनामस्थानसंज्ञक प्रत्यय (शि) पछाडि भएमा अच् वर्ण अन्तमा हुने नपुंसकलिङ्गी शब्दको अन्तमा ***नुम् (न्) आगम*** हुन्छ। यहाँ ***"शि सर्वनामस्थानम्"*** भन्ने सूत्रले शिलाई सर्वनामस्थानसंज्ञा हुन्छ। जस्तै:- फल+(शि) इ यहाँ सर्वनामस्थानसंज्ञा भएको शि पछाडि भएकाले अकारान्त फल शब्दको अन्तमा नुम् (न्) आगम भएर फल+नि (सूत्र ३७ दीर्घ=**फलानि**) हुनु।

अकारान्त फलशब्दका रूप			प्रमुख रूपहरूको सिद्धिप्रक्रिया	
फलम्	***फले***	***फलानि***	***फलम्-***	फल+सु (८३) अमादेश
फलम्	फले	फलानि		फल+अम् (४६) पूर्वरूप।
(तृतीयादेखि सप्तमीसम्म रामशब्दझैं)			***फले-***	फल+औ (८३) शी आदेश
फलेन	फलाभ्याम्	फलै:		फल+इ (३२) गुण।
फलाय	फलाभ्याम्	फलेभ्य:	***फलानि-***	फल+जस् (८४) शि आदेश
फलात्	फलाभ्याम्	फलेभ्य:		फल+इ (८५) नुमागम
फलस्य	फलयो:	फलानाम्		फलन्+इ (३७) दीर्घ।
फले	फलयो:	फलेषु	***हे फल-***	फल+सु (८२) अमादेश
हे फल	हे फले	हे फलानि		हे फल+अम् (४६, ५९)।

अकारान्त नपुंसकलिङ्गी अन्य शब्दहरू - ज्ञान, धन, वन, गृह, बल, मौन, पत्र, पुष्प, वचन, कुसुम, उद्यान, पुस्तक, मन्दिर, छत्र, मानचित्र, निवेदनपत्र, रत्न, विष, सुवर्ण, मांस, नख, जलज, नेत्र, नयन, दु:ख, सुख, पाप, आकाश, भोजन आदि।

❀ ❀ ❀

(५) स्त्रीप्रत्यय परिचय

पुलिङ्ग वा पुरुषवाचक शब्दलाई स्त्रीलिङ्ग वा स्त्रीवाचक शब्द बनाउनका लागि मूलशब्दभन्दा पछाडि लाग्ने प्रत्ययहरूलाई ***स्त्रीप्रत्यय*** भनिन्छ । संस्कृत व्याकरणमा स्त्रीप्रत्यय अन्तर्गत ***ङीप्, ङीष्, ङीन्, टाप्, चाप्, आप्, ऊङ्*** आदिको अध्ययन गरिएको भए पनि यहाँ ती***मध्ये टाप् र ङीप्*** स्त्रीप्रत्यय***को मात्र*** सामान्य परिचय प्रस्तुत गर्न खोजिएको छ ।

टाप् प्रत्ययमा ट् र प् को अनुबन्धलोप भै ***आ*** मात्र बाँकी रहन्छ भने ङीप्मा ***ई*** मात्र ***शेष*** रहन्छ । हलन्त पुलिङ्गी शब्द भए वर्णसम्मेलन मात्र हुन्छ, विशेष काम केही हुँदैन भने अजन्त शब्द भएमा स्त्रीप्रत्यय जोडिंदा सन्धिसूत्रहरू पनि लाग्न सक्छन् । जस्तै:- ***अचला, श्रीमती*** आदि । प्राय: यसरी स्त्रीप्रत्यय लागी बनेका आकारान्त र ईकारान्त स्त्रीलिङ्गी शब्दको प्रथमा विभक्तिको एकवचनमा विसर्ग हुँदैन । आकारान्त स्त्रीलिङ्ग र ईकारान्तस्त्रीलिङ्ग सुप् प्रत्ययका छोटकरी चिन्हहरू (द्र. सुबन्त परिचय) प्रयोग गरी यस्ता शब्दहरूको रूप चलाउन सकिन्छ ।

आकारान्त स्त्रीलिङ्गी शब्द बनाउने सूत्रहरू

(८६) अजाद्यतष्टाप्

अ अन्तमा हुने पुलिङ्ग शब्दको स्त्रीलिङ्ग शब्द बनाउनु छ भने सामान्यतया ***टाप् (आ) प्रत्यय*** हुन्छ । जस्तै:- ***अज*** (बाख्रो)- बाट ***अजा*** (बाख्री), ***कृष्ण*** (कालो) बाट ***कृष्णा*** (काली), ***ज्येष्ठ*** (जेठो) बाट ***ज्येष्ठा*** (जेठी) आदि । यही सूत्रको नियमानुसार बनेका ***अन्य शब्दहरू*** हुन्- प्रथमा, द्वितीया, तृतीया, पूर्वा, अनुकूला, अचला, अश्वा, चटका, बाला, वत्सा, वैश्या, शूद्रा, मन्दा, क्षत्रिया, कृपणा, कोकिला आदि ।

(८७) प्रत्ययस्थात्कात्पूर्वस्यात इदाप्यसुप:

टाप् (आ) प्रत्यय जोडिने अकारान्त शब्दको अगाडि कुनै प्रत्यय सम्बन्धी क छ र त्यो कमन्दा पनि अगाडि अ छ भने त्यो ***अ हटी*** त्यसका ठाउँमा ***ह्रस्व इ*** ***आपिन्छ*** । अर्थात् शब्दको अन्तमा ***अक*** भए त्यसका ठाउँमा ***इका*** हुन्छ । विशेष गरी ण्वुल् (द्र. सूत्र १०४) प्रत्ययान्त पुलिङ्ग शब्दहरूको स्त्रीलिङ्गी शब्द बनाउँदा यो प्रत्यय लाग्दछ । जस्तै:- ***नायक*** शब्दबाट ***नायिका*** हुन्छ । उपर्युक्त दुवै सूत्रको संयुक्त नियमानुसार सिद्ध गरिएका ***अन्य शब्दहरू*** यसप्रकार छन् -

बालिका	गायिका	साधिका	अध्यापिका	विधायिका	वाचिका	शिक्षिका
लेखिका	निवेदिका	प्रकाशिका	धाविका	सेविका	गणिका	प्रस्ताविका
परीक्षिका	स्मारिका	संयोजिका	संचालिका	प्रचारिका	प्रवेशिका	दीपिका

(८८) उगितश्च

उक् प्रत्याहारमा पर्ने उ र ऋ को अनुबन्धलोप हुने अर्थात् ***मतुप्, क्वसु, शतृ, ईयसुन्*** आदि ***प्रत्ययान्त*** पुलिङ्ग शब्दलाई स्त्रीलिङ्ग बनाउनु परेमा ***मूलशब्ददेखि ङीप् (ई) प्रत्यय*** हुन्छ । जस्तै:- मतुप् प्रत्ययान्त ***श्रीमत्*** शब्दबाट ***श्रीमती***, क्वसु प्रत्ययान्त ***गतवत्*** शब्ददेखि ***गतवती***, शतृ प्रत्ययान्त ***गच्छत्*** शब्दबाट ***गच्छन्ती*** हुन्छ । यो सूत्रको नियम लागी बन्ने ***अन्य केही स्त्रीलिङ्गी शब्दहरू*** यसप्रकार छन् - श्रेयसी, गरीयसी, प्रेयसी, भूयसी, (ईयसुन् प्रत्ययान्त), गच्छन्ती, वदन्ती, दीव्यन्ती, नृत्यन्ती, चिन्तयन्ती, भक्ष्यन्ती, दर्शयन्ती, कारयन्ती, इच्छन्ती वा इच्छती (शतृ प्रत्ययान्त), धनवती, गुणवती, ज्ञानवती, विद्यावती, बुद्धिमती, धीमती (मतुप् प्रत्ययान्त) आदि ।

(८९) ऋन्नेभ्यो ङीप्

स्वसृ, मातृ, दुहितृ, ननान्दृ शब्दलाई छाडेर ऋकारान्त एवं नकारान्त शब्दलाई स्त्रीलिङ्गी शब्द बनाउँदा ***शब्दका अन्तमा ऋ*** वा ***न्*** छ भने ***ङीप् (ई) प्रत्ययको प्रयोग*** गरिन्छ । सामान्यतया ***तृच् र इनि*** प्रत्ययान्त शब्दको स्त्रीलिङ्गी शब्दनिर्माणमा यो सूत्र लाग्दछ । जस्तै:- ***कर्तृ***बाट ***कर्त्री***, ***तपस्विन्***बाट ***तपस्विनी*** । यही सूत्रको नियमद्वारा निर्माण हुने ***अन्य शब्दहरू*** हुन्- विधात्री, हर्त्री, दात्री, आदि (तृच् प्रत्ययान्त), मनोहारिणी, कामिनी, मानिनी, दण्डिनी, गुणिनी, मालिनी आदि (इनि प्रत्ययान्त) । ❑

(६) कारक परिचय

क्रियाको सफलताका लागि क्रियासंग सीधा सम्बन्ध राख्ने जुन शब्दहरूको प्रयोग गरिन्छ, ती शब्दहरूलाई ***कारक*** भनिन्छ । गर्नेवाला ***(कर्ता)*** लाई मात्र कारक नभनेर जे गरिन्छ ***(कर्म)***, जसद्वारा हुन्छ ***(करण)***, जसका लागि हुन्छ ***(सम्प्रदान)***, जसबाट टाढा हुन्छ ***(अपादान)*** र जुन ठाउँमा हुन्छ ***(अधिकरण)*** लाई पनि कारक शब्दले समेट्छ । यिनै कारकमा लाग्ने चिन्ह (७x३=२१) लाई विभक्ति भनिन्छ । ***इदं रामस्य गृहम् अस्ति*** भन्ने वाक्यमा ***रामको*** सम्बन्ध घरसित भएको र ***अस्ति क्रियासंग सीधा सम्बन्ध नभएकोले*** संस्कृत व्याकरणले ***सम्बन्ध (षष्ठी) लाई कारक नस्वीकारी*** अन्य कर्ता (प्रथमा), कर्म (द्वितीया) आदि ***६ वटालाई मात्र कारक*** स्वीकारिएको हो ।

विभक्तिको अर्थ स्पष्ट गर्नु कारकको महत्त्वपूर्ण काम हो । कारकको सामान्य ज्ञान हासिल नगरीकन संस्कृत वाक्यमा रहने सुबन्त शब्दका विभक्तिहरूको अर्थ मात्र लगाउन थालियो भने वास्तविक अर्थ ननिस्किएर अर्कै अर्थ पनि लाग्न सक्छ । जस्तै:- **हरिं भजति** मा कारक नपढ्नेले **हरिलाई भजन गर्छ** भन्ने गलत अर्थ

लगाउनु र हरिको भजन गर्छु भन्ने वास्तविक अर्थ लगाउन नसक्नु स्वाभाविक हुनजान्छ । त्यस्तै:- **गणेशाय नमः** मा पनि गणेशलाई नमस्कार छ भन्ने नभै ***गणेशका लागि नमस्कार छ*** भन्ने अर्थ लगाइन सकिन्छ । यस्तै सम्भावित गल्तीहरू हटाई वास्तविक अर्थ ग्रहण गर्न कारकको अध्ययन आवश्यक भएको हुँदा यहाँ कारकीय केही नियमहरूको संक्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ ।

(१) कर्ता (प्रथमा)

(९०) प्रातिपदिकार्थलिङ्गपरिमाणवचनमात्रे प्रथमा

कुनै शब्दको केही निश्चित अर्थ निकालिन्छ भने त्यो प्रातिपदिकार्थ हो र रामः कृष्णः आदि ***प्रातिपदिकार्थमा*** प्रथमा विभक्ति हुन्छ । त्यस्तै ***लिङ्ग*** बुझाउने तटः तटी, तटम् आदि शब्दमा, केवल ***नापतौल*** बुझाउने प्रस्थः, द्रोणः आदि शब्दमा एवं ***संख्या बुझाउने*** एकः द्वौ, बहवः आदि ***शब्दमा*** पनि ***प्रथमा विभक्ति*** हुन्छ ।

(९१) सम्बोधने च

सम्बोधन बुझाउने हे राम, हे कृष्णौ, हे विद्यार्थिनः आदि शब्द***मा पनि प्रथमा विभक्ति***को नै प्रयोग गरिन्छ ।

जुन व्यक्ति वा वस्तुका विषयमा केही भनिन्छ वा जसले गर्छ त्यो कर्ता हो, कर्तृवाच्यको ***कर्तामा*** र कर्मवाच्यको ***कर्ममा*** समेत ***प्रथमा विभक्ति*** हुन्छ । क्रियाको पुरुष र वचन कर्ता अनुसार नै हुन्छ । ***तर कर्मवाच्य र भाववाच्यको कर्तामा*** चाहिं प्रथमा नभएर ***तृतीया विभक्ति*** हुन्छ । जस्तै:- ***रामः पठति । मया पठ्यते*** आदि ।

(२) कर्म (द्वितीया)

(९२) कर्तुरीप्सिततमं कर्मः

कर्ता कुनै पनि क्रियाद्वारा सबैभन्दा धेरै जुन पदार्थलाई चाहन्छ, त्यो कर्म हो अर्थात् त्यस्ता शब्दलाई यो सूत्रले ***कर्मसंज्ञा*** गर्दछ । जस्तै:- ***नरः ईश्वरं भजति***। यहाँ नर कर्ताले भजन क्रियाद्वारा अत्यन्त चाहेको पदार्थ ईश्वर भएको हुँदा ***ईश्वर शब्दलाई कर्मसंज्ञा*** हुन्छ । कर्मसंज्ञा गर्नुको फल त्यस्ता शब्दहरूमा १.४ औं सूत्रले द्वितीया विभक्ति गर्नु हो ।

(९३) अकथितं च

अपादान, सम्प्रदान र अधिकारण वा अन्य कुनैद्वारा पनि विवक्षा (वक्ताको भन्न खोज्ने इच्छा) नगरिएको तर कर्मद्वारा विवक्षा गरिएका कारकलाई ***कर्मसंज्ञा*** हुन्छ । तर यो कर्म प्रधान नभएर ***गौण कर्म***का रूपमा व्यवहारमा आउँछ । दुह्, दण्ड्, चित्र्, जि, मथ्, मुष् (अपादानद्वारा अविवक्षित), रुध् (अधिकरणद्वारा अविवक्षित) बू, शासु (सम्प्रदानद्वारा अविवक्षित) याच्, पच्, प्रच्छ्, नी, हृ, वह्, कृष् (कुनैद्वारा पनि

अविवक्षित) यी १६ वटा धातु र यिनको समान अर्थमा प्रयुक्त हुने अन्य धातुहरूको समेत जुन वाक्यमा प्रयोग गरिएको छ, त्यस्तो वाक्यमा दुई वटा कर्म हुने भएकाले यी धातुलाई ***द्विकर्मक धातु*** भनिन्छ । जस्तै:- ***गां दोग्धि पय:*** यहाँ रहेका दुई वटा कर्ममध्ये पय: प्रधान (मुख्य) कर्म हो र यसलाई सूत्र ९२ ले कर्मसंज्ञा भएको हो भने ***गां गौण कर्म हो*** र दुह् धातुको प्रयोगमा ***यही (९३) सूत्रले कर्मसंज्ञा*** गरेको हो ।

(९४) कर्मणि द्वितीया

कर्मसंज्ञा भएका शब्द अर्थात् कर्मकारकदेखि यो सूत्रले ***द्वितीया विभक्ति*** गर्दछ । जस्तै:- ***राम: ईश्वरं भजति*** मा सूत्र ९२ ले कर्मसंज्ञा भएका ईश्वर शब्ददेखि यो सूत्रले द्वितीया विभक्ति गरी एकवचनमा अम् प्रत्यय ल्याएर पूर्वरूप (सूत्र ४६) गरी ***ईश्वरं*** रूपको विभक्ति प्रमाणित गरिएको हो । त्यस्तै:- ***गां दोग्धि पय:*** मा कर्मसंज्ञा भएको ***गो र पयस्*** दुवै ***शब्ददेखि*** यही सूत्रले ***द्वितीया विभक्ति*** गरी अम् प्रत्यय ल्याएर रूप सिद्ध गरी ***गां, पय:*** दुवै शब्दमा विभक्ति प्रमाणित गर्न सकिएको हो ।

निम्नलिखित अवस्थामा पनि द्वितीया विभक्ति हुन्छ

अन्तरा, अन्तरेण, अभित:, परित:, समया, निकषा, हा, प्रति, उभयत:, सर्वत:, धिक् आदि शब्दको योगमा, वस् धातुपूर्व उप, अनु, अधि र आ मध्ये कुनै एक उपसर्ग लागेमा वा अधि उपसर्ग लागेका शीङ्, स्था, अस् धातुको योगमा आधार शब्दलाई, अत्यन्त संयोग भएमा समय र मार्गवाची शब्दलाई पनि ***द्वितीया विभक्ति*** हुन्छ ।

(३) करण (तृतीया)

(९५) साधकतमं करणम्

क्रियाको सफलतामा जो अत्यन्त सहायक हुन्छ त्यसलाई ***करण (साधन)*** भनिन्छ । अर्थात् कर्ताले काम सिद्ध गर्न प्रयोग नगरी नहुने साधन नै करण हो । जस्तै:- ***जलेन प्रक्षालयति*** (पानीले धुन्छ) मा धुनमा पानी अत्यन्त सहयोगी भएको हुँदा ***जल शब्दलाई करण संज्ञा*** (सूत्र ९६ ले करणसंज्ञक जलशब्ददेखि तृतीया विभक्ति भै ***जलेन***) हुन् ।

(९६) कर्तृकरणयोस्तृतीया

करणसंज्ञक शब्दमा ***तृतीया विभक्ति*** हुन्छ । साथै कर्मवाच्य र भाववाच्यको कर्तामा पनि यही सूत्रले तृतीया विभक्ति हुन्छ । जस्तै:- ***रामेण बाणेन हत: वाली*** मा वाली मारिनका लागि बाण अत्यन्त सहायक भएकोले बाण शब्दलाई सूत्र ९५ ले करणसंज्ञा भयो भने ***करणसंज्ञक बाण शब्ददेखि र कर्मवाच्यको कर्ता राम शब्ददेखि*** यही सूत्रले ***तृतीया विभक्ति*** भएर ***रामेण बाणेन हत: वाली*** मा तृतीया विभक्तिको अर्थ स्पष्ट गर्न सकिएको हो ।

तृतीया विभक्ति निम्नलिखित अवस्थामा समेत हुनसक्छ

सह, साकम्, सार्धम्, समम्को योग भए अप्रधानमा, सदृश, हेतु र प्रयोजन अर्थमा, अपाङ्गमा, फलप्राप्तिमा, कुनै विशेष चिन्हद्वारा कुनै व्यक्ति वा वस्तुको बोध भए त्यस्ता शब्दमा पनि ***तृतीया विभक्ति*** हुन्छ ।

(४) सम्प्रदान (चतुर्थी)

(९७) कर्मणा यमभिप्रैति सः सम्प्रदानम्

कर्ताले दान आदि क्रियाद्वारा अर्थात् जे दिएर जसलाई सन्तुष्ट गराउँछ, त्यो सन्तुष्ट हुने व्यक्तिलाई ***सम्प्रदान संज्ञा*** हुन्छ अर्थात् सम्प्रदान भनिन्छ । जस्तैः- ***विप्राय गां ददाति*** यहाँ गाई दिएर ब्रह्मणलाई सन्तुष्ट दिलाउन खोजिएको हुँदा ***विप्र शब्दलाई सम्प्रदान संज्ञा*** (सूत्र ९८ ले सम्प्रदानसंज्ञक विप्र शब्ददेखि चतुर्थी विभक्ति भै ***विप्राय गां ददाति***) हुन्छ । तर दिएर आफूसँग फर्किहाल्ने अवस्थामा चाहिं सम्प्रदान हुँदैन । जस्तैः- ***रजकाय वस्त्रं ददाति*** नहुनु ।

(९८) चतुर्थी सम्प्रदाने

सम्प्रदान संज्ञा भएका शब्ददेखि अर्थात् सम्प्रदान कारकमा ***चतुर्थी विभक्ति*** हुन्छ । जस्तैः- ***ब्राह्मणाय गां ददाति*** मा सम्प्रदानसंज्ञक ब्राह्मणशब्ददेखि यो सूत्रले चतुर्थी विभक्ति भएर ***ब्राह्मणाय*** हुनु ।

निम्नलिखित अवस्थामा समेत चतुर्थी विभक्ति हुन्छ

नमः, स्वस्ति, स्वाहा, स्वधा, अलम्, वषट्, हित, सुख, शब्दको योगमा, तुमुन् प्रत्यय र निमित्त अर्थमा, स्पृह् र कल्प् धातुको योगमा, क्रुद्ध, द्रुह, असूय, रूच् अर्थ भएका धातुको योगमा पनि ***चतुर्थी विभक्ति*** हुन्छ ।

(५) अपादान (पञ्चमी)

(९९) ध्रुवमपायेऽपादानम्

जसबाट कुनै वस्तु अलग हुन्छ, त्यो अलग्गिने ठाउँलाई ***अपादान*** भनिन्छ । जस्तैः- ***ग्रामात् आयाति*** यहाँ गाउँबाट अलग्गिइएको हुँदा अलग हुने ठाउँ ***ग्रामशब्दलाई अपादान संज्ञा*** (सूत्र १०० ले अपादानसंज्ञक ग्रामशब्ददेखि पञ्चमी विभक्ति) हुन्छ ।

(१००) अपादाने पञ्चमी

अपादानसंज्ञक शब्दमा ***पञ्चमी विभक्ति*** हुन्छ । जस्तैः- ***वृक्षात् पत्राणि पतन्ति*** मा पातहरू रूखबाट अलग भैराखेको हुँदा अलग हुने ठाउँ ***वृक्ष शब्द*** अपादानसंज्ञक भएकाले त्यस***मा*** यो सूत्रले ***पञ्चमी विभक्ति*** भएर ***वृक्षात्*** मा पञ्चमी विभक्तिको अर्थ स्पष्ट हुन सकेको हो ।

निम्नलिखित अवस्थामा समेत पञ्चमी विभक्ति हुन्छ

अन्य, आरात्, इतर, विना, ऋते, उद्भवति, प्रभवति, जुगुप्सा, विराम,

प्रमाद आदि शब्दको योगमा, भय र रक्षार्थक धातुको योग भए भयको कारणमा, जसबाट विद्या आदि पढिन्छ र जसबाट कसैलाई हटाइन्छ त्यसमा पनि ***पञ्चमी विभक्ति***को प्रयोग गरिन्छ ।

(६) अधिकरण (सप्तमी)

(१०१) आधारोऽधिकरणम्

जुन ठाउँमा कुनै काम हुन्छ, त्यसलाई अधिकरण भनिन्छ अर्थात् यो सूत्रले क्रियाको ***आधारलाई अधिकरण संज्ञा*** गर्दछ । औपश्लेषिक, वैषयिक र अभिव्यापक गरी ***आधार तीन वटा*** छन् । जस्तै:- ***गुरुः आसने शोभते*** मा शोभित हुनु क्रियाको ***औपश्लेषिक आधार*** आसन भएको हुँदा ***आसन शब्दलाई अधिकरणसंज्ञा*** हुन्छ ।

(१०२) सप्तम्यधिकरणे च

अधिकरणसंज्ञक शब्दमा **सप्तमी विभक्ति** हुन्छ । साथै दूर र अन्तिक अर्थवाची शब्दमा पनि सप्तमी नै हुन्छ । जस्तै ***मोक्षे इच्छास्ति*** मा इच्छा हुनु क्रियाको ***वैषयिक आधार***को अधिकरणसंज्ञा भएकोले ***मोक्षशब्दमा*** यो सूत्रले ***सप्तमी विभक्ति*** भएको हो ।

सप्तमी विभक्ति हुने ठाउँहरू

संलग्नार्थक युक्तः, तत्परः, लग्नः आदि शब्दमा, कुशलः, निपुणः, दक्षः, पटुः आदि चतुरार्थक शब्दमा, जसबाट कसैलाई छानिन्छ, जुन फल पाउनका लागि कुनै क्रिया गरिन्छ तथा साधु र असाधु शब्दको प्रयोग गरेमा पनि ***सप्तमी विभक्ति***को प्रयोग हुन्छ ।

सम्बन्ध (षष्ठी)

(१०३) षष्ठी शेषे

मालिक र नोकर, जन्य र जनक, कार्य र कारण आदि सम्बन्ध देखाउनका लागि ***षष्ठी विभक्ति***को प्रयोग गरिन्छ । यसको ***क्रियासँग साक्षात् अन्वय हुँदैन*** त्यसैले यसलाई कारक भन्न नसकिएको हो । जस्तै:- ***गंगायाः जलम्, मम पुस्तकम्, देवदत्तस्य धनम्*** इत्यादिमा स्व-स्वामिभावादि सम्बन्ध मात्र रहको पाइन्छ ।

षष्ठी विभक्ति हुने अवस्थाहरू- कृते, समक्षम्, मध्ये, अन्तरम्, अन्तः, हेतु र तुल्यार्थ शब्दको योगमा, स्मरणार्थक धातुका साथमा, अनादरमा, कृदन्त कर्ता र कर्ममा पनि षष्ठी विभक्ति हुन्छ ।

☆ ☆ ☆

(७) कृत् प्रत्ययको परिचय

जुनसुकै संस्कृत धातुमा जोडिने तिङ्भिन्न प्रत्ययलाई संस्कृत व्याकरणमा ***कृत् प्रत्यय*** भनिन्छ । यिनै कृत्प्रत्ययको प्रयोग गरी निर्माण हुने नाम, विशेषण र अव्यय शब्दलाई ***कृदन्त शब्द*** भनिन्छ । यस्ता ***कृत्प्रत्ययको संख्या संस्कृतमा धेरै भए पनि यहाँ*** क्त (त), क्तवतु (तवत्), क्त्वा (त्वा), शतृ (अत्), शानच् (आन) तुमुन् (तुम्), तव्यत् (तव्य), ण्वुल् (वु=अक), तृच् (तृ), क्तिन् (ति), ल्युट् (यु=अन) र अनीयर् (अनीय) गरी जम्मा **१२ वटा *प्रत्ययहरूको मात्र*** सामान्य चर्चा गर्ने प्रयास गरिएको छ ।

कृत् प्रत्ययहरूको चर्चा थाल्नुभन्दा पूर्व ***कृदन्तशब्द निर्माणका सन्दर्भमा*** धातु र प्रत्ययमा रहेका अच् एवं हल् वर्णहरू कहाँ कहाँ परिवर्तित हुनसक्लान्, कुन कुन वाच्यमा यस्ता शब्दहरू प्रयोग गर्न सकिन्छ र यी शब्दका रूपहरू कुन कुन लिङ्गमा चलाउन सकिएला भन्ने सम्भावना प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ । कवर्गको इत्संज्ञा हुने क्त, क्तवतु, क्तिन्, क्त्वा प्रत्यय पछाडि भएमा धातुमा रहेका अच् वर्णको गुण र वृद्धिद्वारा हुने परिवर्तन रोकिए पनि धातुमा यदि य, व, र, ल, मध्ये कुनै एक हल्वर्ण छ भने ***सम्प्रसारण*** भएर ती वर्णका ठाउँमा क्रमशः इ, उ, ऋ, ऌ स्वरवर्ण थपिन्छ र केही धातुमा रहेका न, म को समेत लोप हुन्छ । जस्तैः- वच्+क्तिन्=उक्तिः, नम्+क्त्वा=नत्वा । त्यस्तै ण्वुल्, तृच्, ल्युट्, शतृ, शानच्, तुमुन्, तव्यत्, अनीयर्, यत् प्रत्यय पछाडि भएमा धातुको उपधामा वा अन्तमा इ, उ, ऋ वर्ण छन् भने ***गुण*** (द्र. सूत्र १५०, १५१) भएर क्रमशः ए, ओ, अर् हुन्छ । जस्तैः- नी+तृच्=नेता, भुज्+ल्युट्=भोजनम्, कृ+तव्य=कर्तव्यः । तर ण्वुल् प्रत्यय पछाडि छ र धातुको अन्तमा इ, उ, ऋ छ भने गुण नभएर ***वृद्धि*** भै क्रमशः ऐ, औ, आर् हुन्छ । जस्तैः- नी+ण्वुल्=नै+अक (=नायकः), भू+ण्वुल्=भौ+अक (=भावकः), कृ+ण्वुल्=कारकः । यसरी ***सम्प्रसारण, गुण र वृद्धि हुँदा धातुको अच् वर्णमा परिवर्तन*** आएको देखिन्छ ।

यसैगरी धातु र प्रत्यय बीचमा रहेका ***हल् वर्णलाई*** विशेषतः श्चुत्व, ष्टुत्व, अपदान्त जश्त्व र चर्त्व ***सन्धिहरूले परिवर्तन*** ल्याइदिन सक्छन् । जस्तैः- तुष्+क्तिन्=तुष्टिः, लभ्+क्त=लब्धः । धातुको अन्तमा र प्रत्ययको सुरुमा यदि अच् वर्ण भएमा अयादि सन्धि हुनसक्छ । जस्तैः- नी+ण्वुल्=नी+अक=नै+अकः=नायकः यस्तै सेट् अर्थात् ***इट् आगम*** हुने धातु भएमा नियमानुसार धातु र प्रत्ययका बीचमा (इट्) इ (द्र. सूत्र १८३) थपिन्छ भने अनिट् अर्थात् इट् आगम नहुने धातु भएमा केही पनि थपिन्न । जस्तैः- भू+तृच्=भविता, श्रु+तृच्=श्रोता ।

ण्वुल्, तृच्, शतृ, शानच् र क्तवतु प्रत्ययान्त शब्दहरू ***कर्तृवाच्यमा प्रयुक्त*** हुन्छन् भने तव्यत्, अनीयर्, ल्युट्, क्त प्रत्ययान्त शब्दहरूको प्रयोग ***कर्मवाच्य र भाववाच्यका वाक्यमा*** हुन्छ । जस्तैः- ***सः हसन् अवदत् । मया गन्तव्यः मार्गः विद्यते ।***

क्त्वा (ल्यप्) र तुमुन् प्रत्ययान्त शब्दहरू अव्यय हुने भएकाले यी शब्दका रूपहरू सबै लिङ्ग, वचन र विभक्तिमा एउटै हुन्छन् भने ***क्तिन् प्रत्ययान्त शब्द***का रूपहरू ***स्त्रीलिङ्ग***मा मात्र र ***ल्युट् प्रत्ययान्त शब्द***का रूपहरू केवल ***नपुंसकलिङ्ग***मा अकारान्त शब्दझैं चलाउन सकिन्छ । त्यस्तै ण्वुल् र तृच् प्रत्ययान्त शब्दका रूपहरू पुलिङ्गमा अकारान्त र ऋकारान्त शब्दझैं तथा स्त्रीलिङ्गमा आकारान्त र ऋकारान्त शब्दझैं चलाइन्छन् । ***बाँकी*** क्त, क्तवतु, शतृ, शानच्, तव्यत् अनीयर् प्रत्ययान्त शब्दका रूपहरू आवश्यकता अनुसार ***तीनवटै लिङ्गमा*** चलाउन सकिन्छ ।

(१) तृच् प्रत्यय

(१०४) ण्वुल्तृचौ

धातुदेखि ***कर्ता अर्थमा*** यो सूत्रले ण्वुल् र तृच् प्रत्यय गर्दछ । यी दुवै प्रत्ययको अर्थ ***वाला*** भन्ने हुन्छ । तृच् प्रत्ययान्त मूल शब्दको अन्तमा ***तृ*** रहन्छ भने सु विभक्ति लागेपछि पुलिङ्गमा शब्दको अन्तमा सामान्यतया ***ता*** रहन्छ । जस्तैः- दा+तृच्=***दातृ*** (मूलशब्द), ***दाता*** (संस्कृत पदान्तशब्द)= दिनेवाला । तृच् प्रत्ययान्त ***अन्य शब्दहरू*** हुन् -

नी-नेता	भू-भविता	विद्-वेत्ता	श्रु-श्रोता	कृ-कर्ता	हृ-हर्ता
दृश्-द्रष्टा	भुज्-भोक्ता	युध्-योद्धा	पठ्-पठिता	भृ-भर्ता	लिख्-लेखिता

(२) ण्वुल् प्रत्यय

तृच् प्रत्ययकै अर्थ अर्थात् ***वाला भन्ने जनाउन*** धातुदेखि ण्वुल् प्रत्यय लाग्छ । ण्, ल् दुवैको अनुबन्धलोप भै बाँकी रहेको ***वु***का ठाउँमा ***अक*** आदेश गरिन्छ । ***आ***कारान्त धातु***देखि*** बीचमा ***य् समेत थपिन्छ*** (विधा+य्+अकः=विधायकः) । ण्वुल् प्रत्ययान्त मूलशब्दको अन्तमा ***अक*** रहन्छ र सु प्रत्यय लाग्दा ***पुलिङ्गमा विसर्ग मात्र*** थपिन्छ । जस्तैः- पठ्+ण्वुल्=***पाठक*** (मूलशब्द), ***पाठकः*** (संस्कृत पदान्तशब्द)= पढ्नेवाला । ण्वुल् प्रत्ययान्त ***अन्य शब्दहरू*** हुन् -

कृ-कारक	पठ्-पाठक	पच्-पाचक	शुष्-शोषक	दीपक, जनक,
ग्रह्-ग्राहक	लिख्-लेखक	परि+ईक्ष्-परीक्षक	पुष्-पोषक	धावक, गणक,
वद्-वादक	नश्-नाशक	नि+विद्-निवेदक	चल्-चालक	शिक्षक, भक्षक,
भू-भावक	युज्-योजक	प्र+काश्-प्रकाशक	रुध्-रोधक	सेवक, रक्षक
दृश्-दर्शक	नी-नायक	प्र+चर्-प्रचारक	दा-दायक	शासक, पालक

(३) क्तिन् प्रत्यय

(१०५) स्त्रियां क्तिन्

स्त्रीलिङ्ग भाववाचक शब्द निर्माणका लागि धातुमा क्तिन् प्रत्यय लाग्दछ । क्तिन् मा ***ति*** मात्र ***बाँकी*** रहन्छ । ***सन्धिसूत्रहरू*** लागेमा शब्दको अन्तमा त्यही ति अधिकांश रूपमा ***टि, ष्टि मा परिणत*** भएको पाइन्छ । सु विभक्ति लाग्दा ***विसर्ग मात्र*** थपिन्छ । जस्तैः- दृश्+क्तिन्=***दृष्टि*** (मूलशब्द), ***दृष्टिः*** (संस्कृत पदान्तशब्द)= हेराइ । क्तिन् प्रत्ययान्त ***अन्य शब्दहरू*** हुन् -

स्था-स्थिति	कम्-क्रान्ति	सृज्-सृष्टि	प्र+आप्-प्राप्ति	कृति, नीति
मा-मिति	शम्-शान्ति	भज्-भक्ति	आ+हु-आहुति	तृप्ति, ज्ञाति
गै-गीति	भ्रम्-भ्रान्ति	दृश्-दृष्टि	वि+भू-विभूति	पुष्टि, तुष्टि
मन्- मति	यम्- यति	कम्-कान्ति	बुध्-बुद्धि	वृत्ति, स्मृति

(४) ल्युट् प्रत्यय

(१०६) ल्युट् च

संस्कृत धातुमा नपुंसक ***भाववाचक शब्द निर्माणका लागि*** ल्युट् प्रत्यय लगाइन्छ । ल, ट को अनुबन्धलोप भै बाँकी रहने ***यु*** का ठाउँमा ***अन*** आदेश गरिन्छ । सामान्यतया मूलशब्दको अन्तमा ***अन*** रहन्छ भने सु विभक्ति लगाउँदा ***अनम्*** र नेपाली तत्सम शब्दको अन्तमा पनि अन नै रहन्छ । जस्तैः- दृश्+ल्युट्, दृश्+यु, दर्श्+अन=***दर्शन*** (मूलशब्द), ***दर्शनम्*** (पदान्तशब्द)=हेराइ ।

ल्युट् प्रत्ययान्त अन्य शब्दहरू हुन्-

भू-भवन	मृ-मरण	आ+चर्-आचरण	ग्रहण	पठन	जीवन	दान
कथ्-कथन	कृ-करण	नि+विद्-निवेदन	पालन	आसन	भजन	वर्णन
कल्प्-कल्पन	ध्यै-ध्यान	उद्+डी-उड्डयन	भ्रमण	बन्धन	गमन	चिन्तन
गै-गान	भुज्-भोजन	वि+ज्ञाप्-विज्ञापन	वचन	स्थान	मोहन	वदन
पुष्-पोषण	हृ-हरण	प्र+काश्-प्रकाशन	रमण	हवन	साधन	शोषण

(५) तव्यत् प्रत्यय

(१०७) तव्यत्तव्यानीयरः

नेपालीमा खानु, बस्नु, पढ्नु आदि क्रियापछि ***पर्ने वा पर्छ*** जोडिंदा जुन अर्थ प्रकट हुन्छ त्यही ***अर्थ बुझाउन*** यो तव्यत् प्रत्यय लाग्दछ । तव्यत् प्रत्ययका त् को अनुबन्धलोप भै ***तव्य*** मात्र ***बाँकी*** रहन्छ । सु विभक्ति लाग्दा पुलिङमा ***विसर्ग मात्र*** थपिन्छ । जस्तैः- कृ+तव्यत्- ***कर्तव्य*** (मूलशब्द), ***कर्तव्यः*** (संस्कृत पदान्तशब्द)= गर्नुपर्ने वा गर्नुपर्छ ।

तव्यत् प्रत्ययान्त अन्य शब्दहरू हुन्-

दृश्-द्रष्टव्य गम्-गन्तव्य श्रु-श्रोतव्य मन्-मन्तव्य दातव्य जेतव्य

ज्ञा-ज्ञातव्य स्मृ-स्मर्तव्य भू-भवितव्य क्री-क्रेतव्य हन्तव्य पातव्य
पठ्-पठितव्य क्षम्-क्षन्तव्य वच्-वक्तव्य त्यज्-व्यक्तव्य स्थातव्य सेवितव्य

(६) अनीयर् प्रत्यय

योग्य वा लायक भन्ने ***अर्थ*** बुझाउन यो प्रत्ययको प्रयोग गरिन्छ । रको अनुबन्धलोप भै ***अनीय*** मात्र ***शेष*** रहन्छ । सु विभक्ति लाग्दा पुलिङ्गमा ***विसर्ग मात्र*** थपिन्छ । जस्तैः- पूज्+अनीयर्=***पूजनीय*** (मूलशब्द), ***पूजनीयः*** (संस्कृत पदान्तशब्द)= पूजा गर्न योग्य वा लायक ।

अनीयर् प्रत्ययान्त अन्य शब्दहरू हुन्-

स्मृ-स्मरणीय लिख्- लेखनीय गमनीय कथनीय हसनीय दानीय
वन्द्-वन्दनीय कृ-करणीय पानीय पठनीय मननीय रमणीय
दृश्-दर्शनीय आ+दृ-आदरणीय माननीय विचारणीय सम्माननीय

(७) क्त प्रत्यय

(१०८) क्तक्तवतु निष्ठा, (१०९) निष्ठा

निष्ठा भन्नाले ***समाप्ति*** भन्ने बुझिन्छ । संस्कृतमा निष्ठा भन्ने सूत्रले नेपाली भूतकालको क्रियामा लाग्ने ***एको*** प्रत्ययको ***अर्थ प्रकट गर्ने*** निष्ठासज्ञक क्त (क्तवतु समेत) प्रत्यय गर्दछ । क्त प्रत्ययको ***त*** मात्र ***शेष*** रहन्छ । सु विभक्ति लाग्दा ***पुलिङ्गमा विसर्ग*** र ***नपुंसकलिङ्गमा म्*** मात्र थपिन्छ भने ***स्त्रीलिङ्गमा आ*** थपिन्छ । ***सन्धिसूत्रहरू*** लाग्दा क्त प्रत्ययको त ***ध, न, ण, ट*** मा समेत ***परिणत*** हुनसक्छ । क्त प्रत्ययान्त शब्दको ***प्रयोग कर्मवाच्य र भाववाच्यमा*** गरिन्छ । जस्तैः- भू+क्त=***भूत*** (मूलशब्द), ***भूतः*** (संस्कृत पदान्तशब्द)=भएको वा भइयो ।

क्त प्रत्ययान्त अन्य शब्दहरू हुन्-

गम्-गत	मन्-मत	शम्-शान्त	कथ्-कथित	पत्-पतित	बुद्ध
हा-हीन	पृ-पूर्ण	सिच्-सिक्त	शिक्ष्-शिक्षित	गै-गीत	स्नात
भिद्-भिन्न	छिद्-छिन्न	दृश्-दृष्ट	वच्-उक्त	पुष्-पुष्ट	ज्ञात
नश्-नष्ट	पा-पीत	पठ्-पठित	उप+लभ्-उपलब्ध	आदि ।	

(८) क्तवतु प्रत्यय

क्त प्रत्यय जुन अर्थमा हुन्छ त्यही ***अर्थमा क्तवतु प्रत्यय*** पनि हुन्छ । क्तवतुमा ***तवत्*** मात्र ***बाँकी*** रहन्छ । ***पुलिङ्गी*** मूलशब्दको अन्तमा ***तवत्*** रहन्छ भने सु विभक्ति लाग्दा ***तवान्*** अन्तमा रहन्छ । ***स्त्रीलिङ्गी*** मूलशब्द र सुविभक्ति लाग्दा अन्तमा ***तवती*** नै रहन्छ । सन्धिसूत्रहरूले क्त प्रत्ययमा झै क्तवतु प्रत्ययान्त शब्दमा पनि परिवर्तन ल्याउनसक्छन् । जस्तैः-गम्+क्तवतु=***गतवत्*** (पुलिङ्गी मूलशब्द) ***गतवान्*** (पुलिङ्गी पदान्तशब्द)= गयो । ***गतवती*** (स्त्रीलिङ्गी मूलशब्द) ***गतवती*** (स्त्रीलिङ्गी पदान्तशब्द)=गई । क्तवतु प्रत्ययान्त शब्दको प्रयोग कर्तृवाच्यमा मात्र गरिन्छ ।

क्तवतु प्रत्ययान्त अन्य शब्दहरू हुन्-

शम्-शान्तवान् नम्-नतवान् लभ्-लब्धवान् दृश्-दृष्टवान्

(९) क्त्वा (ल्यप्) प्रत्यय

(११०) समानकर्तृकयोः पूर्वकाले (१११) समासेऽनञ्पूर्वे क्त्वो ल्यप्

नेपाली भाषामा पढेर, खाएर, पिएर, लेखेर आदि ***एर अर्थ*** दिने पूर्वकालिक कृदन्तको अनुवाद संस्कृतमा क्त्वा प्रत्ययान्त शब्दद्वारा गरिन्छ । क्त्वामा ***त्वा*** मात्र बाँकी रहन्छ । यदि ***धातुको अगाडि उपसर्ग*** लागेको छ र नञ् समास (द्र. सूत्र १२३) पनि भएको ***छैन भने*** क्त्वाका ठाउँमा ल्यप् (य) प्रत्यय हुन्छ । ल्यप् हुने धातुको ***अन्तमा ह्रस्व*** स्वरवर्ण ***भए*** धातु र प्रत्ययको ***बीचमा त् थपिन्छ*** (विजित्य) । क्त्वा र ल्यप् दुवै प्रत्ययान्त ***शब्दहरू अव्यय*** हुन्छन् र दुवैको अर्थ एउटै हुन्छ । जस्तैः- गम्+क्त्वा=***गत्वा*** (गएर) । आ+गम्+क्त्वा-ल्यप्=***आगत्य*** (आएर) ।

क्त्वा प्रत्ययान्त अन्य शब्दहरू हुन्-

गै-गीत्वा	नम्-नत्वा	पा-पीत्वा	भुज्-भुक्त्वा	कृत्वा, जित्वा
दा-दत्वा	ग्रह्-गृहीत्वा	लभ्-लब्धवा	पठ्-पठित्वा	स्तुत्वा, श्रुत्वा

ल्यप् प्रत्ययान्त अन्य शब्दहरू हुन्-

सम्+ईक्ष्-समीक्ष्य	सम्+पूज्-सम्पूज्य	आदाय	प्रयाय	आरभ्य
प्र+आप्-प्राप्य	वि+भज्-विभज्य	सम्प्रदाय	विजित्य	विहाय
उपदिश्य	आनीय	विज्ञाय	विधाय	प्रयुज्य

(१०) शतृ प्रत्यय

(११२) लटः शतृशानचावप्रथमासमानाधिकरणे

नेपालीमा ***तै, दै*** प्रत्ययान्त शब्द पढ्दै, लेख्दै हाँस्ते आदि आवाच्छिन्न (लगातार) वर्तमानकालको अर्थ प्रकट गर्नका लागि संस्कृतमा धातुदेखि शतृप्रत्ययको प्रयोग गरिन्छ । यो प्रत्यय ***परस्मैपदी वा उपयपदी धातुबाट मात्र*** वर्तमानकालमा हुन्छ । आत्मनेपदी धातुबाट चाहिं हुँदैन । शतृ प्रत्ययको ***अत्*** मात्र ***बाँकी*** रहन्छ । धातु र शतृ वा शानच् प्रत्ययको बीचमा जुन गणको धातु हो त्यही गणको ***विकरण*** (शप्, श्यन् आदि) ***समेत थपिन्छ***। पुलिङ्गी मूलशब्दको अन्तमा ***अत्*** र सु विभक्ति लागेपछि ***अन्*** अन्तमा रहन्छ । जस्तैः- भू+शतृ-***भवत्*** (मूलशब्द) ***भवन्***-(संस्कृत पदान्तशब्द)= हुँदै ।

शतृप्रत्ययान्त अन्य शब्दहरू हुन्-

कृ-कुर्वन् नृ-नृत्यन् पठ्-पठन् गै-गायन् कथ्-कथयन् दृश्-पश्यन्
स्था-तिष्ठन् रच्-रचयन् इष्-इच्छन् पूज्-पूजयन् क्रीड्-क्रीडन् आदि ।

(११) शानच् प्रत्यय

शतृ प्रत्यय ***झैं उही अर्थमा*** उही सूत्रले शानच् प्रत्यय पनि हुन्छ । यो प्रत्यय ***आत्मनेपदी वा उभयपदी धातुबाट मात्र*** वर्तमानकालमै हुन्छ भने परस्मैपदी धातुबाट चाहिं हुँदैन । शानच्को ***आन*** मात्र ***शेष*** रहन्छ र ***केही*** धातुपछि आनका ***आसँग म् समेत थपिन्छ*** । सुविभक्ति लाग्दा ***पुलिङ्मा विसर्ग मात्र*** थपिन्छ । जस्तैः- वृत्+शानच्= ***वर्तमान*** (मूलशब्द), ***वर्तमानः*** (संस्कृत पदान्तशब्द)= रहँदै ।

शानच् प्रत्ययान्त अन्य शब्दहरू हुन्

कम्प्-कम्पमान	यज्-यजमान	पच्-पचमा	नी-नयमान
शिक्ष्-शिक्षमाण	शी-शयान	अस्-आसीन	मृ-म्रियमाण आदि

(१२) तुमुन् प्रत्यय

(११३) तुमुन्ण्वुलौ क्रियायां क्रियार्थायाम्

जुन क्रियाका लागि कुनै सहायक क्रिया राखिन्छ, त्यस्ता धातुमा ***भविष्यत् निमित्त अर्थ*** (अर्थात् कालागि) प्रकट गर्न तुमुन् प्रत्यय लाग्दछ । तुमुन्को ***तुम्*** मात्र ***बाँकी*** रहन्छ । सु आदि विभक्ति लागेमा वा नलागे पनि तुमुन् प्रत्ययान्त ***शब्द अव्यय*** हुने भएकाले यस्ता शब्दको अन्तमा ***तुम् मात्र रहेको*** हुन्छ । जस्तैः- गम्+तुमुन्= ***गन्तुम्*** (मूलशब्द), ***गन्तुम्*** (पदान्तशब्द)= जान वा जानका लागि ।

तुमुन् प्रत्ययान्त अन्य शब्दहरू हुन्-

नम्-नन्तुम्	चि-चेतुम्	लिह्-लेढुम्	ग्रह-ग्रहीतुम्	ज्ञातुम्
जि-जेतुम्	भुज्-भोक्तुम्	क्री-क्रेतुम्	च्छिद्-छेत्तुम्	हन्तुम्
स्तु-स्तोतुम्	शम्-शमितुम्	श्रु-श्रोतुम्	दातुम्	स्वप्तुम्
रम्-रन्तुम्	त्यज्-त्यक्तुम्	रुद्-रोदितुम्	धातुम्	आदि ।

(८) तद्धितप्रत्यय परिचय

नाम, सर्वनाम, विशेषण र अव्यय शब्दमा जोडिने अण्, त्व, तल् आदि प्रत्ययलाई संस्कृत व्याकरणमा ***तद्धित प्रत्यय*** भनिन्छ । यसरी तद्धित प्रत्यय लागी बन्ने दोस्रा नाम, सर्वनाम, विशेषण र अव्यय शब्दलाई तद्धितान्त शब्द भनिन्छ । संस्कृतमा तद्धित प्रत्ययहरूको संख्या ***धेरै रहे पनि यहाँ*** अण् (अ), इनि (इन्), छ (=ईय), ठक् (ठ=इक), त्व, तल् (ता), र मतुप् (मत्) गरी ***७ वटा प्रत्ययहरूको*** मात्र सामान्य परिचय प्रस्तुत गर्न खोजिएको छ ।

ण् र क् को अनुबन्धलोप हुने अण्, ठक् प्रत्ययान्त शब्दका पहिलो अच् वर्णको अ=आ, उ=औ, ऋ=आर् वृद्धि हुन्छ । ***तल्*** प्रत्ययान्त शब्दका रूपहरू आकारान्त ***स्त्रीलिङ्मा*** मात्र र ***त्व*** प्रत्ययान्त शब्दका रूप अकारान्त ***नपुंसकलिङ्मा*** मात्र चल्दछन् भने ***बाँकी ५ वटा*** प्रत्ययान्त शब्दका रूपहरू ***तीन वटै लिङ्मा***

चल्दछन्। प्रत्यय सम्बन्धी अ, इन्, ईय र इक पछाडि भएमा ***मूल शब्दको अन्तमा रहेको अच्वर्णको*** चाहिं ***लोप*** हुन्छ।

(१) अण् प्रत्यय

सामान्यतया यो प्रत्यय ***सन्तति भन्ने अर्थमा बढी प्रयोग*** भएको पाइन्छ। जस्तैः- वसुदेव+अण्-***वासुदेवः*** यहां वासुदेव भन्नाले वसुदेवका छोरा कृष्णलाई जनाउँदछ। पुलिङ्ग तथा नपुंसकलिङ्गमा अकारान्त शब्दभैं र स्त्रीलिङ्गमा आकारान्त शब्दभैं रूपहरू चल्दछन्। अण् प्रत्ययान्त ***अन्य शब्दहरू*** हुन्- काश्यप, पाण्डव, कौरव, राघव, मानव, दानव, यादव, माधव, पौत्र, आदि।

(२) इनि प्रत्यय

(११४) अत इनिठनौ

अकार अन्तमा हुने शब्ददेखि ***वाला, युक्त वा भएको भन्ने अर्थमा*** शब्ददेखि यो सूत्रले इनि (इन्) र ठन् (इक) प्रत्यय गर्दछ। दुवै प्रत्ययको अर्थ चाहिं एउटै हो। पुलिङ्गमा इन् अन्त शब्दभैं र स्त्रीलिङ्गमा ईकारान्त शब्दभैं इनि प्रत्ययान्त शब्दका रूपहरू चलाइन्छ। जस्तैः- धन+इनि=***धनी*** (पुलिङ्ग-धन भएको), ***धनिनी*** (स्त्रीलिङ्ग-धन भएकी)। त्यस्तै- धन शब्ददेखि ठन् प्रत्यय हुंदा ***धनिकः*** रूप बन्दछ। इनि प्रत्ययान्त ***अन्य शब्दहरू*** हुन्- ज्ञानी, गुणी, रोगी, दोषी, दण्डी, दन्ती आदि।

(३) छ (ईय) प्रत्यय

विशेषतः षष्ठी विभक्तिको अर्थ अर्थात् ***सम्बन्ध जनाउने अर्थमा*** यो प्रत्यय लाग्छ। जस्तैः- भवत्+छ- ***भवदीयः*** (हजूरको)। छ प्रत्ययान्त शब्दका रूपहरू अकारान्त पुलिङ्ग र नपुंसकलिङ्गमा तथा आकारान्त स्त्रीलिङ्गमा चलाउन सकिन्छ। छ प्रत्ययान्त ***अन्य शब्दहरू*** यसप्रकार छन्-

राजकीय	भारतीय	केन्द्रीय	स्वकीय	क्षेत्रीय	पर्वतीय
नारदीय	तदीय	परकीय	जातीय	संसदीय	आत्मीय आदि।

(४) ठक् (इक) प्रत्यय

सामान्यतया यो प्रत्यय ***मा हुने वा सम्बन्धी भन्ने अर्थ*** जनाउन बढी प्रयोग गरिएको देखिन्छ। जस्तैः- मास+ठक्=***मासिकः*** (महिनामा हुने वा महिना सम्बन्धी) छ प्रत्ययान्त शब्दका भैं ठक् प्रत्ययान्त शब्दका रूपहरू पनि चलाउन सकिन्छ। ठक् प्रत्ययान्त ***अन्य शब्दहरू*** हुन्-

धार्मिक	राजनीतिक	काल्पनिक	बौद्धिक	नैतिक	मौखिक
वार्षिक	सामयिक	पौराणिक	लौकिक	शैक्षिक	आर्थिक
तात्कालिक	ऐतिहासिक	सामाजिक	दैनिक	साप्ताहिक	पाक्षिक

(५) त्व/तल् प्रत्यय

(११५) तस्यभावस्त्वतलौ

कुनै पनि वस्तुमा रहेको धर्म वा पनलाई नै भाव भनिन्छ । ***भाववाचक शब्द निर्माण गर्न*** शब्दमा त्व अथवा तल् (ता) प्रत्यय लाग्छ । यी दुवै प्रत्ययको अर्थ एउटै हो । जस्तै:-महत्+त्व=***महत्त्वम्*** (ठूलो पन), महत्+तल्=***महत्ता*** (ठूलो पन) । ***अन्य शब्दहरू*** यस प्रकार छन्-

त्व प्रत्ययान्त शब्द	तल् प्रत्ययान्त शब्द
गुरुत्व, लघुत्व, मूर्खत्व, सतीत्व, विद्वत्व	गुरुता, लघुता, मूर्खता, विशेषता, विद्वता
हीनत्व, प्रभुत्व, मित्रत्व, पुरुषत्व, देवत्व	हीनता, प्रभुता, मित्रता, देवता आदि ।

(६) मतुप् प्रत्यय

(११६) तदस्यास्त्यस्मिन्निति मतुप्

वाला, युक्त वा भएको भन्ने अर्थमा शब्ददेखि यो प्रत्ययको प्रयोग गरिन्छ । इनि र मतुप् दुवै प्रत्ययान्त शब्दको अर्थ एउटै हुन्छ । पुलिङ्गमा अत् अन्तमा हुने शब्दभै र स्त्रीलिङ्गमा ईकारान्त शब्दभै मतुप् प्रत्ययान्त शब्दका रूपहरू चलाउन सकिन्छ । जस्तै:- बुद्धि+मतुप्=***बुद्धिमत् - बुद्धिमान्*** (पुलिङ्ग- बुद्धिभएको), ***बुद्धिमती*** (स्त्रीलिङ्ग- बुद्धिभएकी) । तर मतुप् प्रत्यय लगाइएका शब्दको अन्तिम अक्षर ***अ, आ, स*** मध्ये एउटा छ वा शब्दको ***उपधा*** (द्र. सूत्र १५) मा ***म छ भने*** मत्का ***मको*** प्राय: ***व*** हुन्छ । जस्तै:- धन्+मतुप्=***धनवत् = धनवान्*** (पुलिङ्ग-धनभएको) ***धनवती*** (स्त्रीलिङ्ग- धनभएकी) । मतुप् प्रत्ययान्त ***अन्य शब्दहरू*** हुन्-

गोमान्	रुपवान्	कान्तिमान्	प्रतिभावान्	विद्यावान्
धीमान्	मतिमान्	ज्ञानवान्	चरित्रवान्	गुणवान्
श्रीमान्	आयुष्मान्	यशस्वान्	बलवान्	दयावान् आदि ।

(९) समास परिचय

आकारमा केही कमी हुने र अर्थ पनि पूरै उही निक्लने किसिमले दुई वा दुईभन्दा धेरै सार्थक पदान्त शब्दहरूलाई संक्षेपमा वा घटाएर एकसाथ राख्नु नै ***समास*** हो । जस्तै:- ***नराणां पति:= नरपति:*** यहाँ षष्ठी विभक्तिको बहुवचन आणा को लोप हुँदा आकारमा कमी आउनुका साथै अर्थ पनि पूरै उही निक्लिएको छ ।

संस्कृत व्याकरणमा पूर्वपदार्थप्रधान हुने अव्ययीभाव समास, उत्तरपदार्थप्रधान हुने तत्पुरुष (कर्मधारय र द्विगु समेत) समास, उभयपदार्थप्रधान हुने द्वन्द्व समास र अन्यपदार्थप्रधान हुने बहुव्रीहि समास गरी ***प्रमुख ४ वटा समास***हरू रहेका छन् । संस्कृत व्याकरणमा कर्मधारय समासलाई तत्पुरुष समासको भेद र द्विगु समासलाई कर्मधारय समासको भेद मानेर तत्पुरुष समासभित्रै चर्चा गरिएको भए पनि ***यहाँ***

अव्ययीभाव, तत्पुरुष, कर्मधारय, द्विगु, द्वन्द्व र बहुव्रीहि गरी ६ **वटा समासको छुट्टाछुट्टै *सामान्य चर्चा*** गर्ने प्रयास गरिएको छ ।

समासको संक्षिप्त अध्ययन थाल्नुपूर्व ***समासका सन्दर्भमा आवश्यक पूर्व जानकारी*** के के होलान् भन्ने बारेमा संकेत गर्नु सान्दर्भिक हुनेछ । समास गरिएका जुनसुकै शब्दको विग्रह हुन्छ । ***विग्रह*** भन्नाले शब्दको अर्थ बुझाउने वाक्य वा पदावलीलाई जनाउँछ । लोक वा व्यवहारमा प्रयोग गर्नयोग्य र अयोग्य गरी विग्रहलाई ***लौकिक*** र ***अलौकिक*** दुई प्रकारमा विभाजन गरिएको छ । जस्तै:- ***भूतपूर्वः*** यस समस्तशब्दको ***पूर्व भूतः*** लौकिक विग्रह हो भने ***पूर्व अम् भूत सु*** अलौकिक विग्रह हो । यस लौकिक विग्रहका शब्दको अन्तमा रहने सु औ जस् आदि विभक्तिलाई छुट्याइदिंदा अलौकिक विग्रह हुँदोरहेछ भन्ने स्पष्ट हुन्छ । यहाँ देखाइए जस्तै अलौकिक विग्रहका शब्दहरू पदान्त नहुने भएकाले तिनको व्यवहारमा प्रयोग हुन सक्तैन, त्यसैले ती शब्दहरू लोक वा व्यवहारभन्दा टाढै रहन्छन् ।

जुनसुकै समस्त शब्दमा ***विग्रह के हो ? समास गर्ने सूत्र कुन होला ? पूर्वनिपातन, टच् आदि विशेष कामहरू हुन्छन् वा हुँदैनन्*** ? भन्ने कुरा क्रमशः पत्ता लगाइसकेपछि ***प्रातिपदिकसंज्ञा गरेर*** समास गरिनुपूर्वका शब्दमा रहेका सु, औ, जस् आदि ***विभक्तिहरूको लोप गर्नु*** र एउटा अंगमा विकार उत्पन्न भए पनि त्यो अर्कै हुन सक्तैन भन्ने नियमानुसार फेरि ***समस्तशब्दलाई प्रातिपदिकसंज्ञा गरेर*** सु, औ, जस् आदि ***विभक्ति ल्याई समस्तशब्दलाई पदान्त बनाउनु*** नै संस्कृत व्याकरणमा सामान्यतया ***समास गर्दा अपनाउनुपर्ने क्रमिक चरणहरू हुन्***। जस्तै:-अव्ययीभाव समासमा सिद्ध गरिएको ***'यथाशक्ति'*** समस्तशब्दलाई उदाहरणको रूपमा लिन सकिन्छ ।

(१) अव्ययीभाव समास

अव्ययीभाव समासमा सामान्यतया ***पहिलो*** शब्द अव्ययसंज्ञक ***उपसर्ग वा निपात*** रहन्छ भने ***दोस्रो संज्ञाशब्द*** रहन्छ, दुवै मिलेर अव्ययसमस्तशब्द बन्दछ । त्यसैले अव्ययीभाव समास भएका शब्दका रूपहरू चल्दैनन् । केही अकारान्त समस्तशब्दको अन्तमा म् रहेको हुन्छ ***(उपराजम्)*** । ***पदार्थप्रधानका आधारमा*** यस अव्ययीभाव समासलाई ***"प्रायेण पूर्वपदार्थप्रधानोऽव्ययीभावः"*** अर्थात् प्रायः गरेर पहिलो पदको अर्थ मुख्य हुने समास भनिन्छ । जस्तै:- ***अध्यात्मम्*** (आत्मनि अधि) यहाँ आत्मामा भन्ने अर्थ स्पष्ट गर्न पहिलो अधि शब्दको प्रधानता रहेको छ ।

(११७) अव्ययं विभक्ति-समीप-समृद्धि-व्यृद्धयर्थाभावात्ययासंप्रति-शब्दप्रादुर्भाव-पश्चाद्यथानुपूर्व्य-यौगपद्य-सादृश्य-सम्पत्ति-साकल्यान्तवचनेषु

संज्ञा शब्दसँग अव्यय शब्दको विभक्ति, समीप, समृद्धि आदि १६ वटा अर्थका साथमा यो सूत्रले समास गर्छ । जस्तै:- शक्तिम् यथा ।

(११८) प्रथमानिर्दिष्टं समास उपसर्जनम्

जुनसुकै समास गर्ने सूत्रमा पनि प्रथमा विभक्तिमा रहेको पदलाई यो सूत्रले ***उपसर्जनसंज्ञा*** गर्दछ । जस्तै:- सूत्र ११७ मा अव्ययम् (यथा, उप, अधि...)।

(११९) उपसर्जनं पूर्वम्

उपसर्जनसंज्ञा गरिएका ***शब्दलाई*** यसले ***अधि*** लैजान्छ । जस्तै:- शक्ति अम् यथा मा यथालाई अधि लैजानु ।

(१२०) सुपो धातुप्रातिपदिकयो:

धातु र प्रातिपदिक शब्दका अवयव ***सुप् प्रत्ययको लोप*** गर्छ । यथा शक्ति अम् मा अम्को लोप हुनु ।

(१२१) अव्ययीभावश्च

यसले अव्ययीभाव समास भएका शब्दलाई ***अव्यय संज्ञा*** गर्छ ।-यथाशक्ति ।

(१२२) अव्ययादाप्सुप:

यसले अव्यय शब्ददेखि पररहेका सु, औ, जस् आदि २१ वटै ***विभक्तिको लोप*** गर्छ । यथाशक्ति + सु मा सुको लोप भएर यथाशक्ति हुनु ।

समास प्रक्रिया	अव्ययीभावसमस्त अन्य शब्दहरू
शक्तिम् अनतिक्रम्य (लौकिक)	-अधिहरि, उपकृष्णम्, सुमद्रम्, दुर्यवनम्, उपशरदम्,
शक्ति अम् यथा (अलौकिक)	निर्मक्षिकम्, अतिहिमम्, अतिनिद्रम्, उपसरितम्,
यथा शक्ति अम् (११७, ११८, ११९)	इतिहरि, अनुविष्णु, अनुरूपम्, अनुज्येष्ठम्, उपगिरम्,
यथाशक्ति (१२०, १२१)	सचक्रम्, सहरि, सक्षत्रम्, सतृणम्, साग्नि, उपराजम्,
यथाशक्ति+सु (१२२)	उपगङ्गम्, उपयमुनम्, निर्विघ्नम्, निर्जनम्, प्रत्यर्थम्,
= ***यथाशक्ति*** ।	अनुरथम्, प्रतिग्रामम्, प्रतिदिनम् आदि ।

(२) तत्पुरुष समास

सामान्यतया तत्पुरुष समासमा ***पहिलो शब्दले विशेषण***को काम गरिरहेको हुन्छ भने ***दोस्रो शब्दले विशेष्य (नाम)*** को काम गर्दछ । जस्तै:-***राज्ञ: पुरुष:=राजपुरुष:*** यहाँ पुरुषको विशेषण राजा रहेको देखिन्छ । ***पदार्थप्रधानका आधारमा*** तत्पुरुष समासलाई ***"प्रायेण उत्तरपदार्थप्रधान:"*** अर्थात् प्राय: गरेर पछिल्लो पदको अर्थ मुख्य हुने समास भनिन्छ । राजपुरुषमा राजाभन्दा पुरुष नै मुख्य रहेको छ ।

तत्पुरुष समासलाई व्यधिकरण र समानाधिकरण गरी मुख्यतया २ भागमा विभाजन गर्न सकिन्छ । सामान्यतया ***व्यधिकरण*** भन्नाले अघिल्लो र पछिल्लो शब्दमा अलग अलग विभक्ति रहनु ***(चोरात् भयम्=चोरभयम्)*** हो भने ***समानाधिकरण*** भन्नाले अघि र पछि रहेका दुवै शब्दमा एउटै विभक्ति रहनु ***(कृष्ण: सर्प:=कृष्णसर्प:)*** भन्ने बुझिन्छ । समानाधिकरणभित्र पर्ने कर्मधारय समास र द्विगु समासलाई अलग्गै

चर्चा गरिनेछ भने यहां व्यधिकरण तत्पुरुष र नञ् तत्पुरुष समासका बारेमा मात्र सामान्य चर्चा गर्न खोजिएको छ ।

व्यधिकरण तत्पुरुष समास

समास हुने अघिल्लो शब्द जुन विभक्ति (प्रथमा बाहेक) को छ त्यही विभक्तिका आधारमा व्यधिकरण तत्पुरुष समासलाई पनि **६ *भागमा विभाजन*** गर्न सकिन्छ । जस्तै:- नखै: भिन्न:=नखभिन्न: यहाँ अघिल्लो नख शब्द तृतीया विभक्तिको रहेको हुँदा नखभिन्न: तृतीया व्यधिकरण तत्पुरुष समस्तशब्द हो ।

द्वितीया तत्पुरुष- कृष्णश्रित:, दु:खातीत:, कूपपतित:, शोकपतित:, ग्रामगत:, तुहिनात्यस्त:, सुखप्राप्त:, दुखापन्न:, प्रलयगत:, मेघात्यस्त:, भयापन्न: आदि ।

तृतीया तत्पुरुष- शङ्खलाखण्ड:, धान्यार्थ:, हरित्रात:, खड्गहत:, नखनिर्भिन्न:, मासपूर्व:, पितृसम:, मातृसदृश:, धान्योनम्, धान्यविकलम्, वाक्कलह:, आचारनिपुण:, आचारकुशल:, शर्करामिश्रम्, गुडयुक्तम्, मासावार:, दध्नोदन: आदि ।

चतुर्थी तत्पुरुष- यूपदारु:, कुम्भमृत्तिका, द्विजार्थ:, ब्राह्मणहितम्, भूतबलि:, गोहितम्, गोसुखम्, गोरक्षितम् आदि ।

पञ्चमी तत्पुरुष- चोरभयम्, सिंहभीत:, व्याघ्रभीति: आदि ।

षष्ठी तत्पुरुष- राजपुरुष:, ब्राह्मणयाजक: आदि ।

सप्तमी तत्पुरुष- अक्षशौण्ड:, प्रेमधूर्त:, द्यूतकितव:, सभापण्डित:, आतपशुष्क:, चक्रबन्ध:, श्राद्धकाक:, तीर्थध्वाङ्क्ष: आदि ।

नञ् तत्पुरुष समास

(१२३) नञ्

अघिल्लो शब्द न छ र ***पछि कुनै सुबन्त शब्द छ भने*** दुवैलाई यो सूत्रले समास गर्छ । यस्तो समासलाई ***नञ् समास*** भनिन्छ । सामान्यतया कुनै शब्दको विपरीत शब्द निर्माण गर्नुपऱ्यो भने यो समासको प्रयोग गरिन्छ । जस्तै:- ***सत्य*** (साँचो) ***असत्य*** (झूठो) आदि ।

(१२४) नलोपो नञ:

पछाडि कुनै पद भएमा नञ् समासमा ***न् को लोप*** हुन्छ, अ चाहिं बाँकी नै रहन्छ । जस्तै:- ***न ब्राह्मण: = अब्राह्मण:*** ।

(१२५) तस्मान्नुडचि

नञ् समासमा न् को लोप भै बाँकी रहेको अ भन्दा पछिल्लो शब्दको सुरुको अक्षर स्वरवर्ण भएमा ***नुट् (न्) आगम*** हुन्छ, अर्थात् अपछि न् थपिन्छ । जस्तै:- न अश्व: (१२३, १२४), अ अश्व: (१२५) अ न् अश्व=***अनश्व:*** ।

नञ् समास भएका अन्य शब्दहरू हुन्- असत्य, अकृत, अज्ञात, अनागत, अनधिकार, अनुपकार, अनुपयोगी आदि ।

(३) कर्मधारय समास

(१२६) तत्पुरुषः समानाधिकरणः कर्मधारयः

आधारलाई अधिकरण (द्र. सूत्र १०१) भनिन्छ । यदि अघिल्लो र पछिल्लो दुवै शब्दको अर्थ एउटैमा रहन्छ र दुवैको विभक्ति पनि एउटै छ भने त्यसलाई ***समानाधिकरण*** भनिन्छ । समानाधिकरण ***तत्पुरुषलाई*** यो सूत्रले ***कर्मधारय संज्ञा*** गर्दछ । जस्तैः- ***कृष्णः सर्पः=कृष्णसर्पः*** मा कालोपन सर्पमै रहेको छ, दुवै अलग अलग छैनन् र दुवै प्रथमा विभक्तिमै छन् त्यसैले ***कृष्णसर्पः*** समस्तशब्द समानाधिकरण तत्पुरुष अर्थात् कर्मधारय समास भएको शब्द हो । ***राजः पुरुषः=राजपुरुषः*** मा राजा र पुरुष एउटैमा नरही दुवै अलग अलग रहेको हुँदा र विभक्ति पनि षष्ठी र प्रथमा अलग्गै रहेकाले ***राजपुरुषः*** व्यधिकरण षष्ठी तत्पुरुषको उदाहरण हो ।

कर्मधारय समास भएका अन्य शब्दहरू हुन्- रक्तोत्पलम्, कुपुरुषः, मुखकमलम्, पुरुषव्याघ्रः, कृष्णसर्पः, कुपुत्रः, करकमलम्, कृष्णश्वेतः, घनश्यामः, कुदेशः, चरणकमलम्, चराचरम्, नीलोत्पलम् आदि ।

(४) द्विगु समास

(१२७) संख्यापूर्वो द्विगुः

यदि कर्मधारय समासमा ***पहिलो शब्द संख्यावाची*** छ र ***दोस्रो शब्द संज्ञा*** भएमा संख्यापूर्वमा हुने त्यस्तो कर्मधारयलाई यो सूत्रले द्विगु संज्ञा गर्छ अर्थात् त्यस्ता शब्दलाई ***द्विगु समास*** भनिन्छ । जस्तैः- ***पञ्चानां पात्राणां समाहारः=पञ्चपात्रम्*** यहाँ पञ्च र पात्र दुवै षष्ठी विभक्तिको बहुवचनमा रहेका र अगाडि संख्यावाची पञ्च शब्द भएकाले ***पञ्चपात्रम्*** द्विगु समासको उदाहरण हो ।

द्विगु समास भएका अन्य शब्दहरू हुन्- पाण्मातुरः, त्रिभुवनम्, त्रिलोकी, पञ्चगवम्, पञ्चवटी, पञ्चमूली, चतुर्युगम् आदि ।

(५) द्वन्द्व समास

(१२८) चार्थे द्वन्द्वः

च को अर्थमा रहेका अर्थात् चले जोडिने सुबन्त शब्दहरूको यो सूत्रले समास गर्छ र त्यो द्वन्द्व समास हुन्छ । जस्तैः- ***राधा च कृष्णश्च = राधाकृष्णौ*** । ***पदार्थप्रधानका आधारमा*** द्वन्द्व समासलाई ***"उभयपदार्थप्रधानः"*** अर्थात् दुवै पदको अर्थ मुख्य हुने समास भनिन्छ ।

समुच्चय, अन्वाचय, इतरेतर र समाहार गरी ***च का चार वटा अर्थ*** रहे पनि इतरेतर र समाहार अर्थमा मात्र द्वन्द्व समास हुन्छ अन्य दुई ***समुच्चय र अन्वाचय*** चका ***अर्थमा समास हुँदैन*** । त्यसैले ***द्वन्द्व समासका*** इतरेतर र समाहार गरी ***२ वटा प्रमुख भेद*** रहेका छन् ।

(क) इतरेतर द्वन्द्व

इतर+इतर=इतरेतर अर्थात् चले जोडिने दुवै शब्दहरू आ-आफ्नो अस्तित्व वा प्रधानत्व राखेन समर्थ भएमा त्यस्ता समस्त शब्दहरू इतरेतर द्वन्द्वमा समेटिएका हुन्छन् । इतरेतर द्वन्द्वमा दुई शब्द भए द्विवचन र दुईभन्दा धेरै भए बहुवचनमा समस्तशब्दहरू रहने व्यवस्था छ, तर समाहार द्वन्द्वमा भने एकवचन चाहिं कहिल्यै हुँदैन । साथै इतरेतर द्वन्द्वमा पछिल्लो शब्दको जुन लिङ्ग छ त्यही लिङ्ग अनुसार समस्तशब्दको पनि लिङ्ग हुन्छ । जस्तै:- ***उमा च शङ्करश्च=उमाशङ्करौ*** । द्वन्द्व समासमा धिसञ्ज्ञक शब्द, थोरै अच्वर्ण हुने शब्द, मान्य शब्द आदिलाई अगाडि राखिन्छ । जस्तै:- ***हरिश्च हरश्च=हरिहरौ*** ।

इतरेतर द्वन्द्वका अन्य समस्त शब्दहरू- धर्मार्थौ, मातापितरौ, होतापोतारौ, तापसपर्वतौ, रामलक्ष्मणौ, ईशकृष्णौ, शिवकेशवौ, इन्द्राग्नी, ईश्वरप्रकृती, रामलक्ष्मणभरता: आदि ।

(ख) समाहार द्वन्द्व

चले जोडिने शब्दहरूले समाहार अर्थात् ***समूहलाई*** बताउँछन् भने त्यसलाई ***समाहार*** द्वन्द्व समास भनिन्छ । समाहारद्वन्द्व समास भएका ***शब्दहरू सधैं नपुंसकलिङ्गको एकवचनमा मात्र*** रहने व्यवस्था छ, द्विवचन र बहुवचनको प्रयोग यस्ता शब्दमा गरिँदैन ।

मनुष्य र प्राणीका शरीर सम्बन्धी, वाद्यवादन र सेनाका अंगवाची शब्दमा, अचेतन पदार्थमा, क्षुद्रजन्तुलाई बुझाउने नाममा र जन्मजात शत्रुता हुने जीवहरूमा पनि समाहार द्वन्द्व समास भएमा ***एकवचन*** हुन्छ ।

समाहारद्वन्द्वका अन्य समस्तशब्दहरू हुन्- पाणिपादम्, मार्दङ्गिकपाणविकम्, रथिकाश्वारोहम्, गोधूमचणकम्, यूकालिक्षम्, अहिनकुलम्, मूषकमार्जारम् आदि ।

(६) बहुव्रीहि समास

(१२९) अनेकमन्यपदार्थे

अनेकम् अर्थात् प्रथमान्त शब्द अन्य एक वा एकभन्दा बढी पदको विशेषण भएर समास हुन्छ र यसरी भएको समस्तशब्द अर्कै कसैको विशेषण बन्न पुग्छ भने त्यो समास बहुव्रीहि हो । जस्तै:- पीतम् अम्बरम् यस्य स:=***पीताम्बर:*** हरि: । यहाँ ***पीतम्*** प्रथमान्त शब्द अन्यपद ***अम्बरम्***को विशेषण भएर समास भई ***पीताम्बर:*** शब्द ***हरिको विशेषण*** बन्न पुगेको छ । ***सह*** शब्दको तृतीयान्त शब्दका साथमा हुने समास ***पनि बहुव्रीहि*** समास हो । जस्तै:- पुत्रेण सह=***सपुत्र:*** । ***पदार्थप्रधानका आधारमा*** बहुव्रीहि समासलाई ***"अन्यपदार्थप्रधान:"*** अर्थात् समास गरिने शब्दहरू मध्ये कुनैको पनि अर्थ मुख्य नभै दुवै मिलेर कुनै अर्कै तेस्रो अर्थ मुख्य हुन्छ ।

अन्तिम शब्द स्त्रीलिङ्गी भए ह्रस्व हुन्छ ।

बहुव्रीहि समास पनि व्यधिकरण र समानाधिकरण गरी दुई भागमा विभाजन हुनसक्छ । द्वितीयादेखि सप्तमीसम्मका विभक्तिलाई आधार मानेर हुने व्यधिकरण बहुव्रीहि समास हो ।

बहुव्रीहि समास भएका अन्य शब्दहरू हुन्

आरुढवानर: (वृक्ष:)	निर्बल: (पुरुष:)	रुपवद्भार्य:	श्वेताम्बर:
प्राप्तोदक: (ग्राम:)	निर्धन: (पुरुष:)	लक्ष्मीकान्त:	चक्रपाणि:,
दत्तचित्त: (शिष्य:)	लम्बकर्ण: (गर्धव:)	चन्द्रशेखर:	नीलकण्ठ:,
जितेन्द्रिय: (पुरुष:)	वीरपुरुष: (ग्राम:)	दशानन:	ससीत: (राम:)
उढरथ: (अनड्वान्)	चित्रगु: (ब्राह्मण:)	उपहृतपशु:	महाशय:
दत्तधन: (ब्राह्मण:)	सराधिक: (कृष्ण:)	सविनयम्	सादरम् आदि ।

❁ ❁ ❁

(१०) तिङन्त परिचय

कुनै वस्तुका बारेमा केही भन्नु अर्थात् खानु, बस्नु, पढ्नु आदिलाई ***क्रिया*** भनिन्छ । संस्कृतमा क्रियापद बन्नका लागि धातुको अन्तमा तिप्, तस्, झि आदि ***१८ वटा तिङ्*** प्रत्यय लाग्दछन्, तिङ् प्रत्ययहरू ***अन्तमा हुनेलाई तिङन्त*** भनिन्छ । जस्तै:- ***हरि: पठति*** मा पठति तिप् प्रत्यय अन्तमा भएकोले तिङन्त हो । तिङन्तले सधैं मुख्य क्रियापदको काम गरिरहेको हुन्छ भने क्त र क्तवतु प्रत्ययान्त शब्द बाहेक अन्य केही कृदन्त (द्र. कृदन्त परिचय) शब्दले सहायक क्रियापदको काम गरिरहेका हुन्छन् । जस्तै:- ***महेश: पठित्वा गृहं गच्छति*** यहाँ पढेर भन्ने अपूर्ण अर्थ दिने ***पठित्वा सहायक क्रियापद*** हो भने जान्छ भन्ने पूर्ण अर्थ दिने ***गच्छति*** चाहिं ***मुख्य क्रियापद*** हो ।

(१) तिङ् प्रत्ययबोधक तालिका

पुरुष ↓ / वचन →	परस्मैपद			आत्मनेपद		
	एकवचन	द्विवचन	बहुवचन	एकवचन	द्विवचन	बहुवचन
प्रथमपुरुष	तिप्	तस्	झि	त	आताम्	झ
मध्यमपुरुष	सिप्	थस्	थ	थास्	आथाम्	ध्वम्
उत्तमपुरुष	मिप्	वस्	मस्	इट्	वहि	महिङ्

उपर्युक्त तिङ् प्रत्ययबोधक तालिकामा उल्लेख भएका परस्मैपदी ***तिप्, सिप् र मिप्*** प्रत्ययको अन्तमा रहेका पको लिट् लकारमा बाहेक अन्य सबै लकारको प्रयोग गरिंदा ***अनुबन्धलोप*** भै ति, सि, मि मात्र बाँकी रहन्छ । पको इत्संज्ञा गरिनुको

साक्षात् प्रयोजन सार्वधातुकसंज्ञक प्रत्ययलाई आधार मानेर नियमानुसार प्राप्त हुने गुणको निषेध नहुनु नै हो । पित् अर्थात् पको इत्संज्ञा हुने शप् आदि प्रत्ययका साथै तिप्, सिप्, मिप् प्रत्यय बाहेक अन्य १५ वटै सार्वधातुक तिङ् प्रत्ययलाई आधार मानेर प्राप्त भएको गुण निषेध गरिन्छ । जस्तै:- चि+श्नु+ति (प्) यहाँ पित् सार्वधातुकसंज्ञक ति (प्) प्रत्ययलाई आधार मानेर प्राप्त भएको गुण निषेध नभएकाले गुण भएर ***चिनोति*** भयो भने चि+श्नु+तस् यहाँ सार्वधातुकसंज्ञक अपित् तस् प्रत्ययलाई आधार मानेर प्राप्त भएको गुण निषेध भएकाले ***चिनुत:*** भएको हो । त्यस्तै आत्मनेपदी इट् र महिङ् प्रत्ययका ट र ङको अनुबन्धलोप भै इ र महि मात्र बाँकी रहन्छन् । लकारको भिन्नताले तिङ् प्रत्ययमा पनि केही परिवर्तन हुँदै जाने कुरा अगाडि चर्चा गरिनेछ ।

(२) धातुका प्रकार

शप्, श्यन् आदि ***विकरण प्रत्यय अनुसार रूपभेदले*** गर्दा भ्वादि, अदादि, जुहोत्यादि, दिवादि, स्वादि, तुदादि, रुधादि, तनादि, क्र्यादि र चुरादि गरी ***धातुहरू १० गणमा विभाजन*** गरिएका छन् । ***विकरण*** भन्नाले ***प्रकृति (धातु) र प्रत्यय (तिङ्)- का बीचमा हुने प्रत्ययलाई*** जनाउँछ । ***१० गणमा क्रमश: शप्, शप्को लुक् (लोप), शप्को श्लु (लोप), श्यन्, श्नु, श, श्नम्, उ, श्ना र णिच्+शप् विकरण प्रत्यय भएका धातु र तिङ् प्रत्ययको बीचमा क्रमश: अ, केही रहन्न, धातु डब्लिन्छ, य, नु, अ, न, उ, ना र अय रहेको हुन्छ । भ्वादि, अदादि, जुहोत्यादि र चुरादि धातुहरूमा*** रहेको अच् वर्णको नियमानुसार ***गुण हुन्छ*** भने ***अन्य*** ६ वटा गण***मा*** पढिएका धातुको ***गुण हुँदैन***। त्यसैले जुनसुकै धातुका रूपहरू देखेपछि त्यसमा कुन विकरण प्रत्यय भएर के बाँकी रहेको होला र धातुको अच्वर्णको गुण भएको छ वा छैन भन्ने बारेमा विचार पुऱ्याएपछि जुनसुकै धातु पनि कुन गणको रहेछ भनेर पत्ता लगाउन सजिलो हुन्छ । धातुको गण पत्ता लागेपछि प्रत्येक गणका आ-आफ्नै स्वरूपका आधारमा धातुका रूपहरूको निर्माण गर्न सजिलो हुनेछ । जस्तै ***नृत्यति*** मा ***श्यन्*** विकरण प्रत्ययको य बीचमा रहेको र धातुको गुण पनि नभएकोले नृत् धातु ***दिवादि*** रहेछ भनेर चिन्न सकिन्छ ।

त्यस्तै ***क्रियापदको स्वरूप भेदले*** गर्दा धातुहरू ***आत्मनेपदी, परस्मैपदी र उभयपदी*** गरी ३ प्रकारका छन् । सामान्यतया परस्मैपद भन्नाले अर्काका लागि प्रयोग गरिने पद बुझिन्छ भने आत्मनेपद भन्नाले आफ्नो लागि प्रयोग हुने पदलाई जनाउँछ । ***अनुदात्त इत् र ङको इत्संज्ञा हुने धातु आत्मनेपदी*** हुन् भने ***स्वरित इत् र ञ्को इत्संज्ञा हुने धातुहरू उभयपदी*** हुन् । यी बाहेक ***अन्य धातुहरू परस्मैपदी*** हुन् । ***आत्मनेपदी धातुपछि*** त, आताम्, झ आदि ९ वटा ***तङ् प्रत्ययहरू*** लाग्दछन् भने

परस्मैपदी धातुपछि तिप्, तस्, झि आदि ९ वटा प्रत्यय जोडिन्छन्। त्यस्तै ***उभयपदी धातुपछि*** चाहिं तिप् तस्, झि देखि महिङसम्म अर्थात् ***१८ वटै तिङ् प्रत्यय*** लाग्दछन्। जस्तैः- पठ्, एध् र यच् धातु क्रमशः परस्मैपदी, आत्मनेपदी र उभयपदी धातुका उदाहरण हुन्।

यसैगरी धातुका दुई अर्थ ***फल र व्यापारको आश्रयका हिसाबले*** पनि ***सकर्मक र अकर्मक*** गरी धातु दुई थरी छन्। ***"फलव्यधिकरणव्यापारवाचकत्वं सकर्मकत्वम्"*** अर्थात् जहाँ व्यापार र फल दुवै धातुका अर्थ हुन्छन्, कर्ता व्यापारको आश्रय हुन्छ र कर्म फलको आश्रय हुन्छ भने त्यो धातु सकर्मक हो। धातुको अर्थ व्यापार कर्तामा रहन्छ र फल चाहिं अन्यत्र रहन्छ भने त्यो धातु सकर्मक हुन्छ। त्यस्तै ***किम्*** अर्थात् के ***को उत्तर प्राप्त हुने*** धातु ***सकर्मक*** हो। जस्तैः- ***श्यामः ओदनं पचति*** मा चुलो बनाउनु, आगो फुक्नु आदि पच् धातुको अर्थ व्यापार, कर्तामा रहन्छ भने गिलो हुनु, पाक्नु आदि पच् धातुको अर्थ फल, कर्ताभन्दा अलग्गै चामलमा रहन्छ, त्यसैले पच् धातु सकर्मक हो। के पकाउँछ भन्ने प्रश्न गर्दा भात, दाल आदि पकाउँछ भन्ने उत्तर आउने हुनाले पनि पच् धातु सकर्मक हो।

"फलसमानाधिकरणव्यापारवाचकत्वम् अकर्मकत्वम्" अर्थात् जुन धातुको फल र व्यापार दुवै अर्थ कर्तामै रहन्छन् भने त्यो धातु अकर्मक हो। साथै ***के भन्ने प्रश्नको उत्तर न आए पनि*** त्यो धातु ***अकर्मक*** ठहरिन्छ। जस्तैः- ***रमा शेते*** मा शीङ् (सुत्नु) धातुको शरीर उत्तानो पार्नु, शिथिल गराउनु आदि अर्थ व्यापार र स्वास्थ्यलाभरूप अर्थ फल पनि कर्तामा नै रहने भएकाले शीङ् धातु अकर्मक हो। के सुत्छ भन्ने प्रश्नको उत्तर न आउने भएकाले पनि शीङ् धातु अकर्मक हो। दुह् याच् आदि (द्र. सूत्र ९३) ***१६ वटा धातुलाई द्विकर्मक धातु भनिन्छ। सकर्मक*** धातुका रूपहरू ***कर्तृवाच्य र कर्मवाच्यमा*** मात्र प्रयोग हुन्छन् भने ***अकर्मक*** धातुका रूपहरू ***कर्तृवाच्य र भाववाच्यमा मात्र*** प्रयोग गरिन्छन्।

धातु र तिङ् प्रत्ययका बीचमा ***इ यपिने र नयपिने आधारमा सेट् र अनिट्*** गरी धातु दुई थरी छन्। ***एउटा अच्*** भएका अजन्त र अनुदात्त ***हलन्त १०*** धातु नै ***अनिट्*** धातु हुन्। दीर्घ ऊकारान्त र ऋकारान्त, यु, रु, ष्णु, शीङ्, स्नु, नु, क्षु, श्वि, डीङ्, श्रि, वृङ्, र वृञ् धातुलाई छाडेर ***अरू एकाच्*** अजन्त धातुहरू ***अनिट्*** हुन्। त्यस्तै क अन्तमा हुने अर्थात् कान्त १, चान्त ६, छान्त १, जान्त १५, टान्त १६, धान्त ११, नान्त २, पान्त १३, भान्त ३, मान्त ४, शान्त १०, षान्त ११, सान्त २ र हान्त ८ गरी जम्मा १०२ अनुदात्त हलन्त धातुहरू अनिट् धातुमा गणना गरिएका छन्। कान्त, चान्त आदि अनुदात्त १०२ धातुहरू कुन कुन हुन् भन्ने बारेमा संस्कृत व्याकरण (कौमुदी) को ***भ्वादिप्रकरण द्रष्टव्य छ।***

(३) लकारको परिचय

संस्कृत व्याकरणमा ***क्रियाको काललाई बुझाउन*** लट्, लिट्, लुट्, लृट्, लेट्, लोट्, लङ्, लिङ्, लुङ् र लृङ् गरी जम्मा ***१० वटा लकारहरू*** छन्। सबै लकारमा रहेका अच् वर्ण एवं अन्तिम हल् वर्णको अनुबन्धलोप भै ***ल मात्र बाँकी रहने भएकोले*** यिनलाई ***लकार भनिएको हो***। यिनै लकारहरूका ठाउँमा तिप्, तस्, झि आदि १८ वटा तिङ् प्रत्ययहरू आदेश गरिन्छन्। यी १० लकारहरूमध्ये पाँचौं ***लेट् लकारको प्रयोग वेद वा वैदिक व्याकरणमा मात्र*** हुन्छ भने बाँकी ९ लकारमध्ये लिङ् लकारलाई ***आशिर्लिङ् र विधिलिङ्*** गरी ***२ भागमा*** विभाजन गरिन्छ। लिङ्का २ भेदलाई समेत समेटेर लौकिक संस्कृत व्याकरणमा १० वटा लकारहरूको प्रचलन प्राचीन समयदेखि नै गरिँदै आइएको भए पनि हाल आएर ***लट्, लृट्, लोट्, लङ् र विधिलिङ्*** गरी जम्मा ***५ वटा लकारहरू बढी प्रचलनमा*** आएको पाइन्छ भने अन्य लिट्, लुट्, आशिर्लिङ्, लुङ् र लृङ् गरी ५ वटा लकारहरूको प्रचलन क्रमशः घट्दै गएको देखिन्छ।

वर्तमानकालमा लट् लकारको मात्र प्रयोग गरिन्छ भने ***भूतकालमा लिट्, लङ् र लुङ् गरी ३ वटा लकारहरू*** प्रयोग हुन्छन्। त्यस्तै ***लुट्, लृट्, लोट्, लृङ् र दुवै लिङ् लकारहरूको*** प्रयोग ***भविष्यत्कालमा*** हुन्छ। भूतकाल र भविष्यत्कालमा धेरै लकारहरू भएकाले कुन लकारको प्रयोग कुन अवस्थामा गर्ने भन्ने बारेमा जिज्ञासा उत्पन्न हुनु स्वाभाविक हो। यही जिज्ञासा पूर्ति गर्नका लागि यहाँ क्रमशः ***कालका आधारमा लकारहरूको संक्षिप्त परिचय*** दिइएको छ।

(क) वर्तमान काल

(१३०) वर्तमाने लट्

वर्तमान क्रियामा रहेको धातुदेखि ***लट् लकार*** हुन्छ अर्थात् ***वर्तमान कालमा*** यो सूत्रले लट् लकार गर्छ। ***वर्तमान भन्नाले*** कुनै पनि ***कामको चालनी भएदेखि अन्त हुनुभन्दा अघिको समय***लाई जनाउँछ। जस्तैः- ***अहं पठामि, त्वं लिखसि, ते क्रीडन्ति, रामः शेते*** यहाँ-क्रमशः पढ्छु, लेख्छौ, खेल्छन् र सुत्छ भन्ने अर्थ बुझाउने उपर्युक्त क्रियापदहरू वर्तमानकालमा प्रयोग भएका छन्।

(ख) भूतकाल

(१३१) परोक्षे लिट्

अनद्यतन परोक्ष भूतकालको ***अर्थ बताउन*** धातुदेखि ***लिट् लकार***को प्रयोग गरिन्छ। ***गत रातको १ बजेदेखि आगामी रातको १२ बजेसम्मको २४ घण्टाको समयलाई अद्यतन*** भनिन्छ भने त्यसभन्दा अघिको वा पछिको समयलाई ***अनद्यतन*** भनिन्छ। ***परोक्ष*** भन्नाले आफ्नो ***आँखाले नदेखेको*** अवस्थालाई जनाउँछ। यसरी यो

सूत्रले आफू जन्मनुभन्दा अघि घटेका वा भए गरेका भूतकालिक क्रियाकलापलाई जनाउन लिट् लकारको प्रयोग गर्नुपर्ने आशय व्यक्त गरेको देखिन्छ । जस्तै:- ***राम राजा बभूव*** मा राम राजा भएका थिए भन्ने कुरा हाम्रो आँखाले जन्मदेखि हालसम्म नदेखेको तर त्यसभन्दा पहिले घटेको कुरालाई व्यक्त गरेको छ ।

(१३२) अनद्यतने लङ्

अनद्यतन भूतकालको अर्थमा धातुदेखि ***लङ् लकार***को प्रयोग हुन्छ । जस्तै:- ***रमेश: ह्य: व्याकरणम् अपठत्*** यहाँ हिजो पढ्यो भन्ने अनद्यतन भूतकालको अर्थ प्रकट भएकोले लङ् लकारको प्रयोग गरिएको हो । ***तर*** आजकल लङ् लकारको अनद्यतन बाहेक अद्यतन भूतकालको अर्थ प्रकट गर्न पनि प्रयोग हुन थालिसकेको छ । जस्तै:- ***सीता अद्य मातृगृहम् अगच्छत्***। यसरी प्रयोग गरिनु व्याकरणको नियम विपरीत भएकोले ***यसतर्फ संस्कृतज्ञ सबैको ध्यान जानु जरूरी*** छ ।

(१३३) लुङ्

अद्यतन वा अनद्यतन भनेर समय नतोकिएको ***सामान्य भूतकाल***को अर्थमा धातुदेखि ***लुङ् लकार***को प्रयोग हुन्छ ।

यसरी संस्कृत व्याकरणमा भूतकालका लागि व्यवस्था गरिएका लिट्, लङ् र लुङ् लकारहरूमध्ये लिट् र लुङ् लकारका रूपहरू प्रयोग गर्ने प्रचलन हराइसकेको सन्दर्भमा आज वा अहिले भनेर समय नतोकिएमा भूतकालको अर्थमा लङ् लकारको नै प्रयोग गर्दै जाँदा व्याकरणको दृष्टिले अशुद्ध मान्नुपर्ने स्थिति देखिन्न ।

(ग) भविष्यत् काल

(१३४) अनद्यतने लुट्

अनद्यतन भविष्यत् कालको अर्थमा धातुदेखि ***लुट् लकार***को प्रयोग गरिन्छ । जस्तै ***राम: आगामिनी वर्षे परीक्षां लेखिता*** यहाँ आगामी वर्षमा लेखिने अनद्यतन भविष्यत् अर्थ प्रकट भएको हुँदा लुट् लकारको प्रयोग गरिएको हो । ***तर आजकल*** यस लकारको प्रयोग हुन प्राय: छाडिसकेको छ, ***यसको सट्टा सामान्य भविष्यत्*** कालको अर्थमा प्रयोग गरिने ***लृट् लकारको प्रयोग*** हुन थालेको छ । जस्तै:- ***रमेश: परश्व: काष्ठमण्डपात् आगमिष्यति*** ।

(१३५) लृट् शेषे च

क्रियाको अर्थ क्रियामा रहेमा वा नरहेमा पनि भविष्यत् कालको अर्थमा धातुदेखि ***लृट् लकार***को प्रयोग हुन्छ । जस्तै:- ***राम: गमिष्यति (अद्य/श्व:)*** यहाँ राम आज वा भोलि कहिले जानेछ भन्ने किटान नगरिएकोले सामान्य भविष्यत् लृट् लकारको प्रयोग भएको हो । ***लृट् लकारले सामान्य भविष्यत् अर्थ प्रकट गर्ने*** भएकोले आज वा अहिले भनेर समय किटान गरिएमा पनि अर्थात् अद्यतन वा

अनद्यतन भविष्यत् दुवैमा लृट् लकारको प्रयोग गर्न थालिसकिएको छ । ***भविष्यत् कसैको अधीनमा नहुने*** भएकोले जानेछ भन्ने उपर्युक्त क्रियाको निश्चय नभएको हुँदा क्रियाको अर्थ क्रियामा रहेमा वा नरहेमा पनि लृट् लकार हुन्छ भनिएको हो ।

(१३६) लिङ्निमित्ते लृङ् क्रियातिपत्तौ

भविष्यत्कालमा विशेषतः ***संभावना अर्थ प्रकट गर्नुपर्दा*** धातुदेखि ***लृङ् लकार***को प्रयोग हुन्छ । जस्तैः- ***सुवृष्टिश्चेद् अभविष्यत्तदा सुभिक्षमभविष्यत्*** अर्थात् राम्रो वर्षा भयो भने राम्रो उब्जनि होला । यहाँ वर्षा हुनु र उब्जनि हुनु दुबैले विशेष संभावना मात्र व्यक्त गरेकाले लृङ् लकार भएको हो ।

(१३७) विधिनिमन्त्रणामन्त्रणाधीष्ट-संप्रश्न-प्रार्थनेषु लिङ्

विधि, निमन्त्रणा, आमन्त्रणा, अधीष्ट, संप्रश्न र प्रार्थना अर्थमा धातुदेखि ***लिङ् लकार*** हुन्छ । ***विधि*** भन्नाले कसैलाई प्रेरित गर्नु वा आज्ञा दिनु भन्ने बुझिन्छ भने ***निमन्त्रणा*** भन्नाले निम्तो गरिएको कार्यक्रममा अनिवार्य उपस्थिति हुनुपर्ने बुझिन्छ । त्यस्तै ***आमन्त्रणा*** भन्नाले निम्तो गरिएको ठाउँमा इच्छा अनुसार जान वा नजान पनि सकिने स्थितिलाई जनाउँछ भने ***अधीष्ट*** भन्ने शब्दले सत्कारपूर्वक गरिने क्रियाकलापलाई बुझाउँछ । उचित र अनुचितका बारेमा गरिने प्रश्नलाई ***संप्रश्न*** भनिन्छ । यसै गरी ***प्रार्थना*** भन्ने शब्दले केही प्राप्त गर्ने कामनाले गरिने अनुरोधलाई संकेत गर्दछ । ***सदा धर्मम् आचरेत्, दौहित्र इह भुञ्जीत, अत्र आगच्छेत्, पुत्रम् अध्यापयेद् भवान्, भो वेदमधीयीय उत तर्कम्, भो भोजनं लभेय*** क्रमशः उपर्युक्त अर्थमा प्रयोग भएका उदाहरणहरू हुन् ।

(१३८) लोट् च (१३९) आशिषि लिङ्लोटौ

विधि, निमन्त्रणा, आमन्त्रणा, अधीष्ट, संप्रश्न र प्रार्थना अर्थमा धातुदेखि ***लोट् लकारको पनि*** प्रयोग हुन्छ । जस्तैः- ***सर्वे सुखिनः भवन्तु । सर्वे निरामयाः सन्तु । सर्वे भद्राणि पश्यन्तु । सत्यं वद । धर्मं चर । स्वाध्यायान्मा प्रमदं । अहं गच्छानि । स पठतु । भवान् एतत् आसनमास्यताम् ।***

साथै कसैलाई ***आशिर्वाद दिंदा लोट् वा आशिर्लिङ् लकार***को प्रयोग हुन्छ । जस्तैः- तथास्तु । सूत्र नं. १३७ ले गर्ने लिङ् ***विधिलिङ्*** लकार हो भने यो सूत्र (१३९) ले गर्ने लिङ्लाई ***आशिर्लिङ्*** भनिन्छ ।

यसरी भविष्यत्कालका लागि व्यवस्था गरिएका ५ वटा लकारहरूमध्ये लृङ् र आशिर्लिङ् लकारको प्रयोग प्रायः कम मात्रमा हुन्छ भने लोट् लकारको आज्ञा अर्थमा र विधिलिङ् लकारको प्रेरणा वा आदेशात्मक अर्थमा बढी मात्रमा प्रचलन हुने गरेको पाइन्छ । त्यस्तै लृट् लकारको प्रयोग भविष्यत्कालिक प्रायः सबै क्रियामा हुँदै आएको देखिन्छ ।

(४) तिङन्तमा वचन र पुरुष

नेपाली र अंग्रेजीमा एकवचन (Singular) र ***बहुवचन*** (Plural) को मात्र व्यवस्था छ भने ***संस्कृतमा*** एकवचन र बहुवचनका साथै ***द्विवचनको पनि व्यवस्था*** छ । नेपाली वा अंग्रेजीमा झैं ***संस्कृतमा पनि तीन पुरुष*** छन् । ***जोसँग कुरा गरिन्छ*** का आधारमा नेपाली र अंग्रेजीमा स्वीकृत ***द्वितीय पुरुष*** (Second Person) लाई ***संस्कृतमा मध्यमपुरुष*** भनिन्छ । ***जो कुरा गर्छ*** का आधारमा नेपाली र अंग्रेजीमा व्यवस्था भएको ***प्रथमपुरुष*** (First person) लाई ***संस्कृतमा उत्तमपुरुष*** भनिन्छ । त्यस्तै ***जसका बारेमा कुरा गरिन्छ*** का आधारमा नेपाली र अंग्रेजी व्याकरणले स्वीकार गरेको ***तृतीय पुरुष*** (Third Person) लाई ***संस्कृत व्याकरणले प्रथम पुरुषको संज्ञा*** दिएको छ । यसरी ***अस्मद्*** शब्दका रूप (अहं, आवां, वयम् आदि) को मात्र प्रयोग गरेमा वा नगरेमा पनि ***उत्तम पुरुषको प्रयोग*** हुन्छ भने ***युष्मद्*** शब्दका रूप (त्वं, युवां, यूयम् आदि) को मात्र प्रयोग गरेमा वा नगरेमा पनि ***मध्यमपुरुषको प्रयोग*** गरिन्छ । जस्तैः- (वयं) विद्यालयं गच्छामः, (त्वं) कुत्र गच्छसि ? ***अस्मद्*** (म, हामी) र ***युष्मद्*** (तिमी) ***बाहेक*** संसारमा भएका ***अन्य सबै शब्दहरूको प्रयोग गरेमा प्रथमपुरुषको हुन्छ*** । जस्तैः- भवान् किं करोति, प्रवीणः काष्ठमण्डपं गमिष्यति, सीता स्वगृहं गच्छति, वृक्षात् पत्रे अपतताम् आदि । यहाँ मध्यमपुरुष र उत्तमपुरुषमा युष्मद् वा अस्मद् शब्दको प्रयोग गरेमा वा नगरेमा पनि मध्यमपुरुष र उत्तमपुरुषको प्रयोग हुन्छ भन्नुको आशय दुवै पुरुषमा प्रयोग हुने एक एक शब्द रहेका र अन्य कुनै नरहेकोले प्रयोग नगरेमा पनि सम्बन्धित पुरुषलाई नै जनाउनु हो । जस्तैः- ***पठामि*** भन्दा म पढ्छु भन्ने नै बुझिन्छ अर्को अर्थ लाग्दैन । ***वचन र पुरुषको प्रयोग मिलाएर गर्नुपर्छ*** ।

(५) तिङन्त पदमा विसर्ग कहाँ कहाँ रहन्छ ?

अठार वटा तिङ् प्रत्ययहरूमध्ये ***तस्, झि, सिप्, थस्, वस्, मस्, झ*** र ***थास् गरी जम्मा ८ वटा तिङ् प्रत्ययान्त रूपहरूमा विसर्गको संभावना*** रहन्छ । ***तस्*** प्रत्ययका सको लट् र लृट् लकारमा मात्र विसर्ग हुन्छ भने ***थस्, वस्*** र ***मस्*** प्रत्ययको लट्, लिट्, लुट् र लृट् लकारका रूपहरूमा विसर्ग हुन्छ । त्यस्तै लिट्, लुट् र दुवै लिङ् लकारका ***झि*** प्रत्ययान्त रूपहरूमा विसर्ग रहन्छ । ***झ*** प्रत्ययको लुट् लकारमा मात्र विसर्ग हुन्छ भने ङको इत्संज्ञा हुने लुङ्, लङ्, दुवै लिङ् र लृङ् लकारहरूको आत्मनेपदी एवं परस्मैपदी धातुको मध्यमपुरुषको एकवचन (***सिप्*** र ***थास्***) ***मा विसर्ग अनिवार्य रूपमा रहन्छ*** । उपर्युक्त कुराहरूका साथै तिङ् प्रत्ययान्त धातुका रूपहरूको ***अन्तमा*** रहने ***कुनै पनि अच् वर्णहरू दीर्घ रहँदैनन्*** भन्ने कुरालाई समेत तिङन्तपदको प्रयोग गर्दा विशेष ख्याल गरिराख्नुपर्दछ ।

(६) सार्वधातुकसंज्ञक र आर्धधातुकसंज्ञक लकारहरूमा ख्याल गर्नुपर्ने केही कुराहरू

सार्वधातुकसंज्ञा हुने र नहुने गरी लकारहरूलाई दुई प्रकारमा विभाजन गर्न सकिन्छ । ***लुट्, लोट्, लङ्*** र ***विधिलिङ्*** गरी जम्मा ***४ वटा*** लकारहरू ***सार्वधातुकसंज्ञा हुने*** लकारहरू हुन् भने ***अन्य*** लिट्, लुट्, लृट्, आशिर्लिङ्, लुङ् र लृङ् गरी ६ वटा लकारहरू सार्वधातुकसंज्ञा नहुने तर ***आर्धधातुकसंज्ञा हुने लकार*** हुन् । ***सार्वधातुकसंज्ञा हुने ४ वटा लकारमा*** धातु र तिङ् प्रत्ययका बीचमा हुने धातुभेद अनुसार प्रत्येक १० गणका अलग अलग शप्, श्यन् आदि ***विकरणप्रत्ययहरू हुन्छन्*** भने ***आर्धधातुकसंज्ञक ६ वटा लकारहरूमा*** शप्, श्यन् आदि कुनै पनि विकरण प्रत्ययहरू हुँदैनन्, तर विकरण प्रत्यय हुने ठाउँमा ***विकरण प्रत्ययको सट्टा भिन्ना-भिन्नै प्रत्ययहरू अथवा विशेष कार्यहरू*** चाहिं हुन्छन् ।

सबै धातुको द्वित्व गर्नु, द्वित्व गरिएका रूपमध्येमा अघिल्लो रुपलाई अभ्याससंज्ञा गर्नु, अभ्याससंज्ञक हल् वर्णहरूमा अघिल्लो एउटा वर्ण मात्र शेष राखी अरू सबैको लोप गर्नु, अभ्याससंज्ञक धातुको अच्वर्ण दीर्घ भए ह्रस्व गर्नु र अभ्यासमा रहेका झश् प्रत्याहारमा पर्ने वर्णहरूका ठाउँमा जश् प्रत्याहारमा पर्ने वर्णहरू आदेश गर्नु वा खय् प्रत्याहारमा पर्ने वर्णहरू भए तिनका ठाउँमा चर् प्रत्याहारमा पर्ने वर्णहरू आदेश गर्नु नै ***लिट् लकारका रूपहरूमा विशेष ख्याल गर्नुपर्ने*** कार्यहरू हुन् । त्यस्तै ***लुट् लकार***मा विकरण प्रत्ययको सट्टा ***तास् प्रत्यय*** हुन्छ भने ***लृट् र लृङ्*** लकारमा पनि विकरण प्रत्ययको सट्टा ***स्य प्रत्यय*** गरिन्छ । यसै गरी ***लुङ् लकार***मा विकरण प्रत्ययको सट्टा ***च्लि प्रत्यय*** अनिवार्य रूपमा हुन्छ । लुङ् लकारमा त्यही ***च्लिका ठाउँमा*** केही धातुमा ***सिच् (स्) हुन्छ*** भने ***केहीमा चङ् (अ), अङ् (अ), चिण् (इ)*** आदि आदेशात्मक प्रत्ययहरू हुने गर्दछन् । सिच्का ठाउँमा ***चङ् आदेश गरिने धातुको द्वित्व आदि भएर लिट् लकारमा झैं परिवर्तन*** हुनसक्छ । ***आशिर्लिङ्*** लकारमा परस्मैपदी धातुदेखि ***यासुट् (यास्)*** र आत्मनेपदी धातुदेखि ***सीयुट् (सीय) आगम*** मात्र हुन्छ, विकरण प्रत्ययको सट्टा अर्को कुनै प्रत्यय आदेश गरिन्न । तर ***यासुट्*** प्रत्ययलाई ***कित्च*** हुने भएकोले धातुका अच्वर्णको चाहिं गुण हुन पाउँदैन । आर्धधातुकसंज्ञक लकारमा ***वल् प्रत्याहारलाई आधार मानेर सेट् धातुदेखि इट् आगम*** हुन्छ (बभूविथ) । १० वटै लकारका रूपहरूमध्ये ***लिट् र लुङ् लकारका रूपहरू केही अप्ठ्यारा र असजिला*** ठानिए पनि विशेष अध्ययन र अभ्यासलाई क्रमशः निरन्तरता दिदै जान सकिएमा सहजै बुझ्न सकिन्छ ।

(७) परस्मैपदी धातुका रूपहरूमा ख्याल गर्नुपर्ने केही कुराहरू

लिट् लकारमा तिप्=णल् (अ), तस्=अथुस्, झि=उस्, सिप्=थल् (थ), थस्=अथुस्, ध=अ, मिप्=णल् (अ), वस्=व र मस्=म आदेश गरिन्छन् (बभूव) ।

लुट् लकारका आत्मनेपदी वा परस्मैपदी धातुका प्रथमपुरुषमा हुने तिप् वा त का ठाउँमा **डा** (आ), तस् वा आताम्का ठाउँमा **रौ** र झि वा झका ठाउँमा **रस्** आदेश हुन्छन् (भवितारौ)। त्यस्तै **लोट् लकार**का **इ**का ठाउँमा **उ** हुन्छ (भवतु) भने लोट् लकारकै **तु** वा **हि**का ठाउँमा **तातङ् (तात्) आदेश** गरिन्छ (भवतात्)। ङको इत्संज्ञा हुने **लुङ्, लङ्, लृङ् र लोट् लकारमा** समेत **तस्**का ठाउँमा **ताम्, थस्**का ठाउँमा **तम्, थ**का ठाउँमा **त** र **मिप्**का ठाउँमा **अम्** आदेश हुन्छ (भवताम्)। यसै गरी **लोट् लकारका** सिप्का सिका ठाउँमा आदेश गरिएको **हिको, अकार अघि भएमा लोप** हुन्छ (भव)। **लोट् लकारमै** मिप्को **मि**का ठाउँमा **नि** आदेश गरिन्छ- (भवानि)। ङको इत्संज्ञा हुने **लुङ्, लङ्, लृङ् लकारका उत्तम पुरुषका रूपहरूमा सको लोप** हुन्छ। **लुङ्, लङ्, लृङ् लकारमै** हल् वर्ण अघि हुने धातु भए **अट् (अ) आगम** हुन्छ भने अच्वर्ण अघि हुने धातुमा **आट् (आ)** थपिन्छ। त्यस्तै ङको अनुबन्धलोप हुने ३ वटा परस्मैपदी लकारका रूपमा **इको लोप** हुन्छ (अभवन्)। यसै गरी परस्मैपदी धातुदेखि दुवै **लिङ् लकारमा यासुट् आगम** गरिन्छ भने लिङ् लकारकै **झि**का ठाउँमा **जुस् (उस्)** आदेश पनि हुन्छ (भवेयुः)। इत्यादि नै परस्मैपदी धातुका रूपहरू सिद्ध गर्दा वा रूपहरू चलाउँदा ध्यान दिनुपर्ने कुराहरू हुन्।

(८) आत्मनेपदी धातुका रूपहरूमा ध्यान दिनु पर्ने केही कुराहरू

टको इत्संज्ञा हुने लट्, लिट्, लुट्, लृट् र लोट् गरी **५ वटा लकारमा** आत्मनेपदी त, आताम् आदि ९ वटा प्रत्ययको अन्तमा रहेका **टित्संज्ञक** (द्र. सूत्र १४) **वर्णका ठाउँमा ए हुन्छ** (एधते)। त्यस्तै उपर्युक्त ५ वटा टित् लकारमा हुने **थास्** प्रत्ययका ठाउँमा **से** आदेश गरिन्छ (एधसे)। **लिट् लकारमा त**का ठाउँमा **एश् (ए)** र **झ**का ठाउँमा **इरेच् (इरे)** प्रत्यय हुन्छ भने **लोट् लकारको उत्तम पुरुषमा ए**का ठाउँमा **ऐ** आदेश गरिन्छ (एधै)। त्यस्तै **लिङ् लकारको सीयुट् (सीय) आगम** हुन्छ भने लिङ् लकारमै **त** वा **थ** प्रत्यय**को सुट् (स) आगम** पनि हुन्छ र **वल्** प्रत्याहारमा पर्ने वर्णहरू **पछाडि भए सीयुट्का यको लोप** समेत हुन्छ। ह्रस्व अकार बाहेक अन्य वर्णदेखि पछि रहेका **झ**को ठाउँमा **अत् आदेश** गरिन्छ। (एधिषत)। इत्यादि कुराहरूलाई आत्मनेपदी धातुका रूप चलाउँदा वा रूपसिद्ध गर्दा ख्याल गर्नुपर्दछ।

तिङन्तपदसिद्धिप्रक्रिया

तिङन्त परिचयका सन्दर्भमा आवश्यक पूर्व जानकारीका रूपमा चर्चा गरिए अनुसार तिङ् प्रत्ययहरू कुन कुन हुन् र तिनको के कसरी प्रयोग गरिन्छ ? धातुलाई के कति प्रकारमा विभाजन गर्न सकिँदोरहेछ ? लकारहरू कति हुन्छन् र तिनको कुन कुन कालमा के कस्तो अवस्थामा प्रयोग हुनसक्छ ? तिङन्तमा वचन र पुरुषहरूको के कसरी प्रयोग गर्न सकिँदोरहेछ ? तिङन्त पदमा कुन कुन

प्रत्ययहरूको के कस्तो अवस्थामा विसर्गको संभावना रहन्छ ? सार्वधातुकसंज्ञक र आर्धधातुकसंज्ञक लकारहरूमा परस्मैपदी एव आत्मनेपदी धातुका रूपमा ख्याल गर्नुपर्ने कुराहरू के के छिए ? भन्ने बारेमा अध्ययन गरी ***तिङन्त पदसम्बन्धी प्रारम्भिक धारणा बनाइसकेर तिङन्त पदको सिद्धिप्रक्रियातर्फ अग्रसर हुन सकेको खण्डमा*** तिङन्त पदको निर्माण गर्दै जान ***त्यति अप्ठ्यारो*** महसूस गर्नुपर्ने ***अवस्था आउँदैन ।***

संस्कृत व्याकरणमा २०३८ धातुहरूको अध्ययन गरी रूपसिद्धि प्रक्रिया बताइएको छ । तीमध्ये यहाँ भ्वादिगणबाट परस्मैपदी एउटा र आत्मनेपदी एउटा गरी २ वटा र अन्य ९ गणबाट १/१ धातु गरी जम्मा ***११ वटा धातुको*** नमूनाका रूपमा ***विशेष सूत्रहरू सहित प्रमुख रूपहरूको सिद्धिप्रक्रिया*** देखाइएको छ । साथै अन्य केही धातुका रूपहरू के कसरी चलाइन्छ ? भन्ने बारेमा समेत संक्षिप्त रूपरेखा प्रस्तुत गरिएको छ ।

सार्वधातुकसंज्ञक लकारका रूपहरूको सिद्धिप्रक्रिया

वर्तमान कालमा प्रयोग गरिने ***लट् लकार***, अनद्यतन भूतकालमा प्रयोग गरिने ***लङ् लकार***, आज्ञा अर्थ भविष्यतकालमा प्रयोग हुने ***लोट् लकार*** र प्रेरणा वा आदेशात्मक अर्थमा प्रयोग गरिने ***विधिलिङ् लकार*** गरी ४ वटा लकारहरूलाई सार्वधातुकसंज्ञक लकार भनिन्छ । यिनमा विकरण प्रत्ययहरू के कसरी लाग्छन् र विशेष सूत्रहरूद्वारा के कस्ता रूपहरू के कसरी निर्माण गर्न सकिन्छ भन्ने बारेमा यहाँ क्रमशः लट्, लोट्, लङ् र विधिलिङ् लकारहरूलाई छुट्टाछुट्टै राखी ***रूपसिद्धिप्रक्रिया बताउन खोजिएको छ ।***

लट् लकारका रूपहरू सिद्ध गर्दा लाग्ने विशेष सूत्रहरू

(१७) तिङ्शित्सार्वधातुकम् (द्र. संज्ञा परिचय) ।

(१४०) कर्तरि शप्

सार्वधातुकसंज्ञक प्रत्यय पछाडि भएमा कर्ता अर्थमा धातुदेखि शप् प्रत्यय हुन्छ । विशेष गरी ***भ्वादि, अदादि एवं जुहोत्यादि गण र सनादि*** (द्र. सूत्र १०) ***धातुदेखि*** शप् प्रत्यय गरिन्छ । अदादि र जुहोत्यादिगणका धातुदेखि हुने शप् प्रत्ययकै लोप हुने भएकोले केही बाँकी रहन्न भने ***भ्वादि गणमा पढिएका*** (द्र. धातुकोश) ***सबै धातु (१०९५)*** र सनादि धातुपछि भएका शप् प्रत्ययको अनुबन्धलोप भै ***अ मात्र बाँकी*** रहन्छ । जस्तैः-भू+शप्+तिप्, भू+अ+ति=(भवति) ।

(१४१) अदिप्रभृतिभ्यः शपः

अदादि गणमा पढिएका (द्र. धातुकोश) ***सबै धातु (७२) देखि*** कर्तरि शप् भन्ने सूत्रले गरेको ***शप् विकरण प्रत्ययको लुक्*** अर्थात् लोप गरिन्छ । त्यसैले अदादि

धातु र तिङ् प्रत्ययहरूका ***बीचमा केही पनि रहन्न***। जस्तै:- अस्+शप्+तिप् मा शप्को लुक् भएर ***अस्ति*** रूपसिद्ध हुनु। ***तिप्, सिप्, मिप् बाहेक*** अन्य सार्वधातुकसञ्जक प्रत्यय पछि भएमा धातुमा रहेका अच्वर्णको ***गुण हुँदैन*** भने अस् धातुका अको समेत लोप हुन्छ। जस्तै:- विद्+तस् मा उपधामा रहेका इको गुण नभएकाले ***वित्त:*** रूप सिद्ध हुन्छ भने अस्+तस् मा अस् धातुका अको लोप भएर ***स्त:*** रूप सिद्ध हुन्छ।

(१४२) जुहोत्यादिभ्य: श्लु:

जुहोत्यादि गणमा पढिएका (द्र. धातुकोश) ***सबै धातु (२४) देखि*** कर्तरि शप् भन्ने सूत्रले गरेको ***शप् विकरण प्रत्ययको यो सूत्रले श्लु*** अर्थात् लोप गर्दछ। शप्को श्लु गरेपछि ***"श्लौ"*** भन्ने सूत्रले धातुको द्वित्व भएर लिट् लकारमा झैं नियमानुसार क्रमश: ***अभ्याससंज्ञा, हलादिशेष, धातुको ह्रस्व, जश्त्व, चर्त्व, चुत्व, गुण आदि*** कामहरू हुन्छन्। जस्तै:- भी+शप्+तिप् बाट क्रमश: ***बिभेति*** हुनु। जुहोत्यादि गणमा पनि ***तिप्, सिप्, मिप् बाहेक*** सार्वधातुकसंज्ञक अन्य प्रत्ययहरू पछाडि भएमा धातुका अच् वर्णको ***गुण हुँदैन***। जस्तै:- बिभी+तस् मा ईकारान्त भी धातुका अच्वर्ण ई को गुण नभएकाले ***बिभीत:*** रूप बन्दछ। श्लु हुने लकारमा झि वा झ प्रत्ययका हलन्त झ्का ठाउँमा अत् आदेश गरिन्छ (सूत्र-***अदभ्यस्तात्***)। जस्तै:- बिभी+झि मा अत् आदेश गरी यण् (सूत्र ३५) भएर ***'बिभ्यति'*** हुनु। त्यसै गरी तिप्, सिप्, मिप् बाहेक अजादि तिङ् प्रत्यय पछि भएमा आकारान्त ***धातुक आको लोप*** हुन्छ। जस्तै:- ददा+(झि) अति मा आको लोप भएर ***ददति*** हुनु।

(१४३) दिवादिभ्य: श्यन्

दिवादि गणमा पढिएका (द्र. धातुकोश) ***सबै धातुहरू (१३८) देखि*** यो सूत्रले ***श्यन् (य) विकरण प्रत्यय*** हुन्छ। धातुमा रहेका अच् वर्ण***को गुण हुँदैन***। जस्तै:- पुष्+श्यन् (य)+तिप्=***पुष्यति***।

(१४४) स्वादिभ्य: श्नु:

स्वादि गणमा पढिएका (द्र. धातुकोश) ***सबै धातु (४०) देखि*** यो सूत्रले ***श्नु (नु) विकरण प्रत्यय*** गर्दछ। ***धातु***का अच् वर्ण***को*** यस गणमा पनि ***गुण हुँदैन***। तर तिप्, सिप्, मिप् प्रत्यय पछाडि भएमा मात्र श्नु विकरण प्रत्ययका नुको गुण भएर नो चाहिं हुन्छ। पित्भिन्न अन्य ***१५ वटा तिङ् प्रत्ययहरू पछि भएमा*** पनि नुको ***गुण हुँदैन***। जस्तै:- चि+श्नु+तिप् मा नुको गुण भएर ***चिनोति*** हुन्छ भने चि+श्नु+तस् मा नुको गुण नभएकाले ***चिनुत:*** रुप बन्दछ।

(१४५) तुदादिभ्य: श:

तुदादि गणमा पढिएका (द्र. धातुकोश) ***सबै धातुहरू (१५८) देखि*** यो सूत्रले ***श (अ) विकरण प्रत्यय*** हुन्छ। जस्तै:- स्फुट्+श+तिप्=***स्फुटति***। भ्वादि र

तुदादि गणमा पढिएका धातुहरू र तिङ् प्रत्ययहरूको बीचमा विकरण प्रत्ययको अ मात्र बाँकी रहने भएकाले धातुका रूपहरू हेरेर कुन गणको होला भनेर चिन्न कठिनाइ पर्नसक्छ । यसका लागि धातुका अच्वर्णको नियमानुसार गुण भएको छ भने त्यो धातु भ्वादि गणको हो र गुण भएको छैन भने त्यो धातु तुदादिको हो भन्ने आधार लिन सकिन्छ ।

(१४६) रुधादिभ्यः श्नम्

रुधादि गणमा पढिएका (द्र. धातुकोश) ***सबै धातु (२५) देखि*** यो सूत्रले ***श्नम् विकरण प्रत्यय*** गर्दछ । श्नम् (न) पछाडि भएमा यस गणमा पनि ***धातु***का अच्वर्णको ***गुण हुँदैन***। श्नम् प्रत्ययको न, धातुमा रहेका अन्तिम अच्वर्णभन्दा ठीक अघि राखिन्छ । जस्तैः- भि+श्नम् (न) +द्+तिप् मा चर्त्व (सूत्र ११) भएर ***भिनत्ति*** रूप सिद्ध हुन्छ । तिप्, सिप्, मिप् बाहेक अन्य सार्वधातुकसंज्ञक १५ वटा प्रत्ययमध्ये कुनै एउटा प्रत्यय पछाडि भएमा ***"श्नसोरल्लोपः"*** भन्ने सूत्रले नमा रहेका अको लोप हुन्छ, अर्थात् धातु र प्रत्ययको बीचमा श्नम्को न् मात्र गासिन पुग्छ । जस्तैः- यु+श्नम् (न)+ज्+तस् मा नको अ लोप भै युन्ज्+तस् (युङ्क्तः) हुन् ।

(१४७) तनादिकृञ्भ्य उः

तनादि गणमा पढिएका (द्र. धातुकोश) ***सबै धातुहरू (१०) देखि उ विकरण प्रत्यय*** हुन्छ । कृ धातुको बाहेक अन्य धातुका अच् वर्ण***को गुण हुँदैन***। तिप्, सिप्, मिप् बाहेक सार्वधातुकसंज्ञक अन्य ***१५ वटै तिङ् प्रत्ययहरू पछाडि भएमा विकरण प्रत्ययका उको पनि गुण हुँदैन***। जस्तैः- तन्+उ+ति मा पित् प्रत्यय (ति) पछाडि भएकोले गुण भएर ***तनोति*** भयो भने तन् उ त मा अपित् प्रत्यय (त) पछाडि भएकोले उको गुण हुन सकेन । त्यस्तै कृ धातुको सार्वधातुकसंज्ञक प्रत्यय पछाडि भएमा अको उ हुन्छ भने व अथवा म पछाडि भएमा विकरण प्रत्यय उको लोप हुन्छ । जस्तैः- (कृ) कर्+उ+तस् मा कर्का अका ठाउँमा उ भएर ***कुरुतः*** सिद्ध हुन् । त्यस्तै (कृ) कर्+उ+वस् मा पनि अका ठाउँमा उ र वस्को व पछाडि भएकोले विकरण प्रत्यय उको लोप भै ***कुर्वः*** रूपसिद्ध हुन् ।

(१४८) क्रयादिभ्यः श्ना

क्रयादि गणमा पढिएका (द्र. धातुकोश) ***सबै धातुहरू (६५) देखि श्ना (ना) विकरण प्रत्यय*** हुन्छ । ***धातु***मा रहेका अच् वर्ण***को गुण हुँदैन***। जस्तैः- क्री+श्ना (ना)+ति मा णत्व (सूत्र ४९) भएर ***क्रीणाति*** हुन् । तिप्, सिप्, मिप् बाहेक हल् वर्ण अघि रहने सार्वधातुकसंज्ञक अन्य तिङ् प्रत्ययहरू पछाडि भएमा ***आको ठाउँमा ई हुन्छ (ई हल्यघोः)***। जस्तैः- बन्ध्+श्ना+तस् बाट ***बध्नीतः*** सिद्ध हुन् । त्यस्तै अच्वर्ण अघि रहने पित् भिन्न सार्वधातुकसंज्ञक प्रत्यय पछाडि भएमा चाहिं ***श्ना***

प्रत्ययका आको लोप हुन्छ । जस्तैः- ज्ञा+श्ना+झि बाट ज्ञा आदेश र आलोप भै ***जानन्ति*** रूप सिद्ध हुनु ।

(१४९) सत्याप-पाश-रुप-वीणा-तूल-श्लोक-सेना-लोम-त्वच-वर्म-वर्ण-चूर्ण-चूरादिभ्यो णिच्

सूत्रमा पढिएका सत्याप आदि र ***चुरादि गणमा पढिएका*** (द्र. धातुकोश) ***सबै धातु (४११) देखि*** लकारहरू ल्याउनुभन्दा अघि नै ***णिच् (इ) प्रत्यय*** हुन्छ । अजन्त वा उपधामा अ हुने धातु भए ***वृद्धि*** हुन्छ भने उपधामा इ, उ, ऋ वर्ण हुने धातु भए ***गुण*** हुन्छ (चोरि) । सनादि (द्र. सूत्र १०) अन्तर्गत पर्ने णिच् प्रत्यय अन्तमा हुने भएकोले ***"सनाद्यन्ताः धातवः"*** भन्ने सूत्रले ***धातुसंज्ञा*** भएपछि भ्वादि गणका धातुहरूमा झैं ***तिप्, शप्, गुण आदि कार्यहरू हुन्छन्*** । जस्तैः- चुर्+णिच् (इ) मा गुण भै सिद्ध भएको चोरिलाई धातुसंज्ञा भएपछि चोरि+शप्+तिप् बाट गुण, अयादेश भएर ***चोरयति*** रूप सिद्ध भएको हो ।

(१५०) सार्वधातुकार्धधातुक्योः

सार्वधातुकसंज्ञक (द्र. सूत्र १७) वा आर्धधातुकसंज्ञक (द्र. सूत्र १८) प्रत्यय पछाडि भएमा धातुको अन्तमा इ, उ, ऋ मध्ये कुनै एउटा वर्ण छ भने ***गुण*** भएर ती वर्णका ठाउँमा क्रमशः ***ए ओ र अर्*** हुन्छ । जस्तैः- भू+अ+ति मा सार्वधातुकसंज्ञक शप् प्रत्ययको अनुबन्धलोप भै बाँकी रहेको अ पछि भएकोले धातुको अन्तमा रहेको ऊको ठाउँमा गुण भएर भो+अ+ति (सूत्र ३४ अवादेश=***भवति***) हुनु ।

(१५१) पुगन्तलघूपधस्य च

पुक् (प) प्रत्यय अन्तमा हुने वा उपधामा ह्रस्व इ, उ, ऋ वर्ण हुने धातुको क्रमशः ***गुण*** भएर ***ए ओ र अर्*** हुन्छ । यो सूत्रले पनि सार्वधातुकसंज्ञक वा आर्धधातुकसंज्ञक प्रत्यय पछाडि भएमा गुण गर्दछ । जस्तैः- वृध्+शप् (अ)+त यहाँ पनि सार्वधातुकसंज्ञक शप्को अ पछाडि भएकोले उपधामा रहेको ऋको अर् गुण भै वर्धत (सूत्र १५५ एत्व=***वर्धते***) हुनु ।

(१५२) झोऽन्तः

तिङ् प्रत्ययहरूमध्येको झि वा झ प्रत्ययको हलन्त ***झ्*** का ठाउँमा ***अन्त् आदेश*** हुन्छ । जस्तैः- भव+झि मा झ्का ठाउँमा अन्त् आदेश गरी भव+अन्ति (सूत्र १५३ ***भवन्ति***) हुनु ।

(१५३) अतो गुणे

अदेखि अ पछाडि भएमा दुवै अ मिलेर अ नै हुन्छ, यस्तो हुनुलाई पनि ***पररूप*** भनिन्छ । जस्तैः- भव+अन्ति बाट ***भवन्ति*** हुनु ।

(१५४) अतो दीर्घो यञि

यञ् प्रत्याहारमा पर्ने वर्णहरूमध्ये कुनै एक वर्ण अघि रहने सार्वधातुकसञ्जक प्रत्यय पछाडि भएमा अघि रहेको अ ***दीर्घ*** भएर आ हुन्छ । जस्तै:- भव+मि यहाँ यञ् प्रत्याहारमा पर्ने म् अघि रहने सार्वधातुकसंज्ञक मिप् प्रत्ययको मि पछाडि भएकोले अघि रहेको भवका वमा रहेको अको दीर्घ भएर ***भवामि*** रूप सिद्ध हुन सकेको हो ।

(१५५) टित आत्मनेपदानां टेरे

टको इत्संज्ञा हुने लट्, लिट्, लुट् र लोट् लकारहरूको आत्मनेपदी धातुका रूपमा टिसंज्ञक (द्र. सूत्र १४) वर्णको ठाउँमा ***ए आदेश*** गरिन्छ । जस्तै:- लट् लकारमा पच् धातुबाट सिद्ध गरिएको पचत रूपको ***पचते*** हुन् ।

(१५६) सार्वधातुकमपित्

पको इत्संज्ञा हुने शप्, तिप्, सिप्, मिप्, आदि सार्वधातुकसंज्ञक प्रत्यय बाहेक अन्य तस्, झि, थस् आदि १५ वटा तिङ् प्रत्ययहरूलाई यो सूत्रले ***ङिद्वद्भाव*** गर्दछ । ङिद्वद्भाव भन्नाले ङको इत्संज्ञा नहुने (प्रत्यय आदि) लाई पनि ङको इत्संज्ञा गरिए सरह बनाउनु भन्ने बुझिन्छ । यसको प्रयोजन सूत्र १५७ द्वारा स्पष्ट हुनेछ ।

(१५७) आतो ङित:

अकारदेखि पछाडि रहेका सार्वधातुकसंज्ञक ङको इत्संज्ञा हुने (प्रत्यय सम्बन्धी) आका ठाउँमा यो सूत्रले ***इय् आदेश*** गर्दछ । जस्तै:- एध्+आताम् मा एधको अकारदेखि पछि रहेको ङिद्वद्भाव गरिएका आताम् प्रत्ययका आका ठाउँमा इय् आदेश भएर एध+इय्+ताम् (सूत्र ३२ गुण, १५८ यलोप, १५५ एत्व=***एधते***) हुन् ।

(१५८) लोपो व्योर्वलि

वल् प्रत्याहारमा पर्ने वर्णहरूमध्ये कुनै एउटा वर्ण पछाडि छ भने त्यसलाई आधार मानेर अघि रहेका ***व*** अथवा ***सको*** यो सूत्रले ***लोप*** गर्दछ । जस्तै:- एधेय्+ताम् मा यलोप भएर एधेताम् (सूत्र १५५ एत्व=***एधेते***) हुन् ।

(१५९) थास: से

टको इत्संज्ञा हुने ५ वटा लकारका ***थास्*** प्रत्ययका ठाउँमा ***से आदेश*** हुन्छ । जस्तै:- एध+थास् मा थास् प्रत्ययका ठाउँमा से आदेश भएर ***एधसे*** रूपसिद्ध हुन् ।

उपर्युक्त सूत्रहरूका साथै लट् लकारमा (लोट्, लङ् र विधिलिङ् अर्थात् विकरण प्रत्ययहरू हुने सार्वधातुकसंज्ञक सबै लकारमा समेत) ***केही धातुको मूलरूपमा विशेष परिवर्तन*** हुनसक्ने कुरालाई ख्याल गर्नुपर्दछ । जस्तै:- ज्ञा वा जन् धातुका ठाउँमा जा आदेश गरिन्छ ***(जानाति)***, भने इष्, गम् र यम् धातुका ठाउँमा क्रमश:

इच्छ्, गच्छ् र यच्छ् हुन्छ *(गच्छति)*। भ्वादि पा, घ्रा, ध्मा, स्था, दृश्, सद् धातुका ठाउँमा क्रमशः पिब, जिघ्र, धम, तिष्ठ, पश्य, सीद आदेश गरिन्छ *(तिष्ठति)*। दिवादि शम्, तम्, दम्, श्रम्, भ्रम्, क्षम्, क्लम्, मद् धातुका उपधामा रहेको अको दीर्घ भएर आ हुन्छ *(शाम्यति)* त्यस्तै स्वादिगणमा पढिएका मुच्, लिप्, विद्, लुप्, सिच्, कृत्, खिद्, पिश् धातुका अच् वर्णभन्दा ठीक अघि न् (ञ्) थपिन्छ *(मुञ्चति)*। क्र्यादि पूञ्, लूञ् आदि दीर्घ अच् वर्ण भएका २४ वटा धातुको ह्रस्व हुन्छ *(पुनाति)*।

दश गणका लट् लकारका रूपहरूको नमूना र प्रमुख रूपहरूको सिद्धिप्रक्रिया

भ्वादि संक्षिप्तरूप			पठ् धातुका लट्का रूपहरू			प्रमुख रूपहरूको सिद्धिप्रक्रिया
अति	अतः	अन्ति	पठति	पठतः	पठन्ति	(१) पठ्+लट् (ल्)
असि	अथः	अथ	पठसि	पठथः	पठथ	पठ्+तिप् (ति) (१७, १४०)
आमि	आवः	आमः	पठामि	पठावः	पठामः	पठ्+शप्(अ)+ति=*पठति*।
भ्वादि संक्षिप्तरूप			**एध् धातुका लट्का रूपहरू**			(२) पठ+झि(१५२,१५३)=*पठन्ति*।
अते	एते	अन्ते	लभते	लभेते	लभन्ते	(३) पठ+मि (१५४)=*पठामि*।
असे	एथे	अध्वे	लभसे	लभेथे	लभध्वे	(४) लभ्+शप्(अ)+त(१५५)=*लभते*
ए	आवहे	आमहे	लभे	लभावहे	लभामहे	(५) लभ+आताम् (१५६, १५७)
अदादि संक्षिप्तरूप			**अस् धातुका लट्का रूपहरू**			लभ+इय्+ताम् (३२)
ति	तः	अन्ति	अस्ति	स्तः	सन्ति	लभेय्+ताम् (१५८)
सि	थः	थ	असि	स्थः	स्थ	लभेताम् (१५५)=*लभेते*।
मि	वः	मः	अस्मि	स्वः	स्मः	(६) लभ+थास्(१५९)=*लभसे*
जुहोत्यादि संक्षिप्तरूप			**दा धातुका लट्का रूपहरू**			(७) अस्+तिप् (ति) (१७, १४०)
ति	तः	अति	ददाति	दत्तः	ददति	अस्+शप्+ति(१४१)=*अस्ति*।
सि	थः	थ	ददासि	दत्थः	दत्थ	(८) अस्+शप्+तस् (१४१)
मि	वः	मः	ददामि	दद्वः	दद्मः	अस्+तस् (१४१)=*स्तः*।
दिवादि संक्षिप्तरूप			**नश् धातुका लट्का रूपहरू**			(९) दा+शप्+तिप् (१४२)
यति	यतः	यन्ति	नश्यति	नश्यतः	नश्यन्ति	दा+ति (२०८)=*ददाति*।
यसि	यथः	यथ	नश्यसि	नश्यथः	नश्यथ	(१०) ददा+तस् (१४२)=*दत्तः*।
यामि	यावः	यामः	नश्यामि	नश्यावः	नश्यामः	(११) नश्+श्यन्+ति=*नश्यति*।
स्वादि संक्षिप्तरूप			**शक् धातुका लट्का रूपहरू**			(१२) शक्+श्नु+ति=*शक्नोति*।
नोति	नुतः	न्वन्ति	शक्नोति	शक्नुतः	शक्नुवन्ति	(१३) लिख्+श+ति (१७, १४५)
नोषि	नुथः	नुथ	शक्नोषि	शक्नुथः	शक्नुथ	लिख्+अ+ति=*लिखति*।
नोमि	नुवः	नुमः	शक्नोमि	शक्नुवः	शक्नुमः	(१४) कृ+तिप् (१७, १४७)
तुदादि संक्षिप्तरूप			**लिख् धातुका लट्का रूपहरू**			कृ+उ+ति (अत्व रपरत्व)
अति	अतः	अन्ति	लिखति	लिखतः	लिखन्ति	कर्+उ+ति(१५०)=*करोति*
असि	अथः	अथ	लिखसि	लिखथः	लिखथ	

आमि आव: आम:	लिखामि लिखाव: लिखाम:	(१५) अश्+तस् (१४५)		
तनादि संक्षिप्तरूप	कृ धातुका लट् लकारका रूप	अश्+श्ना(ना)+तस् (ईत्व)		
ओति उत: वन्ति	करोति कुरुत: कुर्वन्ति	***अश्नीत:*** ।		
ओषि उथ: उथ	करोषि कुरुथ: कुरुथ			
ओमि उव: उम:	करोमि कुरुव: कुरुम:	(१६) चुर् (१४९) णिच्		
क्रयादि संक्षिप्तरूप	अश् धातुका लट्का रूपहरू	चुर्+इ=चोरि (१८, १५१)		
ाति नीत: नन्ति	अश्नाति अश्नीत: अश्नन्ति	चोरि+लट्, तिप्		
नासि नीथ: नीथ	अश्नासि अश्नीथ: अश्नीथ	चोरि+शप् (अ)+ति		
नामि नीव: नीम:	अश्नामि अश्नीव: अश्नीम:	चोरे+अति (३४)		
चुरादि संक्षिप्तरूप	चुर् धातुका लट्का रूपहरू	चोर्+अय्+अति=**चोरयति** ।		
अयति अयत: अयन्ति	चोरयति चोरयत: चोरयन्ति	(१७) भुज्+लट्, तिप् (१४६)		
अयसि अयथ: अयथ	चोरयसि चोरयथ: चोरयथ	भु+श्नम्+ज्+ति (कुत्व)		
अयामि अयाव: अयाम:	चोरयामि चोरयाव: चोरयाम:	भुनक्+ति=**भुनक्ति** ।		

रुधादि भुज् धातुका लट् लकारका रूपहरू

भुनक्ति भुङ्क्त: भुञ्जन्ति भुनक्षि भुङ्क्थ: भुङ्क्थ भुनज्मि भुञ्ज्व: भुञ्ज्म:

लोट् लकारका रूपहरू सिद्ध गर्दा लाग्ने विशेषसूत्रहरू

(१६०) एरु:

लोट् लकारका ***इका ठाउँमा*** उ हुन्छ । जस्तै:- ***भवति*** वा ***भवन्ति*** मा रहेका इका ठाउँमा उ भएर **भवतु** र **भवन्तु** रूपहरू सिद्ध हुन्छन् ।

(१६१) तुह्योस्तातङ्ङाशिष्यन्यतरस्याम्

आशिर्वाद अर्थमा रहेका लोट् लकारका **तु** वा **हि**का ठाउँमा विकल्पले ***तातङ् (तात्) आदेश*** हुन्छ । त्यसैले परस्मैपदी लोट् लकारका प्रथमपुरुष र मध्यमपुरुषको एकवचनमा २/२ वटा रूपहरू हुन्छन् । जस्तै:- **भवतु** मा रहेको तुका ठाउँमा ***तातङ्*** आदेश विकल्पले गरिएको हुँदा ***भवतात्*** एक पक्षमा र अर्को पक्षमा **भवतु** नै रहन्छ ।

(१६२) तस्थस्थमिपां तान्तन्ताम:

ङको इत्संज्ञा हुने लुङ्, लङ्, लृङ्, ***लकार*** वा ङिद्वद्भाव हुने लोट् लकारका ***तस्***का ठाउँमा ताम्, ***थस्***का ठाउँमा ***तम्***, ***थ***का ठाउँमा ***त*** र ***मिप्***का ठाउँमा ***अम्*** आदेश हुन्छ । लोट् लकारलाई ***लोटो लङ्वत्*** भन्ने सूत्रले ***ङिद्वद्भाव*** गरिन्छ । जस्तै:- ***भवतस्*** मा रहेका ***तस्***का ठाउँमा ***ताम्*** भएर ***भवताम्*** रूपसिद्ध गरिनु ।

(१६३) सेर्ह्यपिच्च

लोट् लकारको सिप्का ***सि***का ठाउँमा ***हि आदेश*** हुन्छ । जस्तै:- ***भवसि***मा ***भवहि*** (सूत्र १६४ हिलोप, भएर भव, १६१ तातङ् आदेश विकल्पले भएर ***भवतात्*** हुनु ।

(१६४) अतो हे:

अकारदेखि पछाडि ***हि*** छ भने त्यसको यो सूत्रले ***लोप*** गर्दछ । जस्तै:- ***भवहि***मा भवका अकारदेखि पछाडि रहेका ***हिको लोप*** भएर ***भव*** रूप सिद्ध हुनु ।

(१६५) हुझल्भ्यो हेर्धि:

झल् प्रत्याहार अन्तमा हुने वर्णदेखि वा हुदेखि पछाडि ***हि*** छ भने त्यसको ***ठाउँमा धि आदेश*** हुन्छ । जस्तै:- ***अत्+हि*** मा ***हि***का ठाउँमा ***धि*** भएर ***अत्+धि*** (सूत्र ३० जश्त्व=***अद्धि***) हुनु । त्यस्तै:- ***जुहु+हि*** मा हुदेखि पछाडि रहेको ***हि***का ठाउँमा ***धि*** भएर ***जुहुधि*** रूप सिद्ध हुनु ।

(१६६) मेर्नि:

लोट् लकारका स्थानमा आदेश हुने ***मि***का ठाउँमा ***नि*** आदेश हुन्छ । जस्तै:- भव+मि मा मिको नि भएर भव+नि (सूत्र १६७, ८०=***भवानि***) हुनु ।

(१६७) आडुत्तमस्य पिच्च

लोट् लकारको उत्तम पुरुषको ***आट् (आ) आगम*** हुन्छ, अर्थात् यो सूत्रले धातु र तिङ् प्रत्ययका बीचमा आ थप्छ । जस्तै:- ***भव+नि*** मा आ थपिएर ***भव+आ+नि*** (सूत्र ८० वृद्धि=***भवानि***) हुनु । ***भवामि*** मा जस्तै सूत्र १५४ ले दीर्घ गरेर यहाँ पनि रूपसिद्ध गर्न सकिन्थ्यो, तर अलग्गै यो सूत्र बनाउनुको उद्देश्य लोट् लकारका उत्तमपुरुषका सबै रूपहरूलाई पिद्वद्भाव गर्नका लागि पनि हो । पिदवद्भाव गर्नुको प्रयोजन सूत्र १५६ ले पित् भिन्न सार्वधातुकसंज्ञक इट्, वहि र महिलाई ङिद्वद्भाव हुने भएकाले त्यो नभै सूत्र १५५ ले एत्व गर्नु हो ।

(१६८) नित्यं ङित:

ङको इत्संज्ञा हुने लुङ्, लङ्, लृङ् र लोट् लकारको ***उत्तम पुरुष***मा रहने सको ***लोप*** हुन्छ । जस्तै:- लोट् लकारका ***भवावस्*** वा ***भवामस्*** मा अन्तिममा रहेको ***सको लोप*** भै ***भवाव, भवाम*** रूप सिद्ध हुनु ।

(१६९) आमेत:

लोट् लकारका ***एका*** ठाउँमा ***आम् आदेश*** हुन्छ । जस्तै:- ***एधते*** मा तेको ***एका*** ठाउँमा आम् आदेश भएर ***एधताम्*** रूपसिद्ध हुनु ।

(१७०) सवाभ्यां वामौ

लोट् लकारमा ***स*** अथवा ***वदेखि पछाडि*** रहेको ***ए छ भने*** त्यसका ठाउँमा आम् नभएर क्रमैले ***व*** र ***अम् आदेश*** गरिन्छ, अर्थात् यो सूत्रले सपछि रहेका एका ठाउँमा व र वपछि रहेका एका ठाउँमा अम् आदेश हुन्छ । जस्तै:- ***एधसे*** र ***एधध्वे*** मा स र वदेखि पछि रहेको एका ठाउँमा क्रमश: व र अम् आदेश भएर ***एधस्व*** र ***एधध्वम्*** रूपसिद्ध भएका हुन् ।

(१७१) एत ऐ

लोट् लकारका उत्तमपुरुषका एका ठाउँमा **ऐ आदेश हुन्छ**। जस्तै:- एधे मा रहेका एका ठाउँमा ऐ आदेश गरेर **एधै** रूपसिद्ध हुनु।

लोट् लकारका रूपहरूको नमूना र प्रमुख रूपहरूको सिद्धिप्रक्रिया

भ्वादि संक्षिप्तरूप			पठ् धातुका लोट्का रूपहरू			प्रमुख रूपहरूको सिद्धिप्रक्रिया
अतु	अताम्	अन्तु	पठतु-पठतात्	पठताम्	पठन्तु	१) पठति(१६०)पठतु(१६१)=**पठतात्**।
अ	अतम्	अत	पठ-पठतात्	पठतम्	पठत	२) पठतस्(१६२)=**पठताम्**।
आनि	आव	आम	पठानि	पठाव	पठाम	३) पठ+मि (१६५) पठ+नि (१६६)
भ्वादि संक्षिप्तरूप			एध् धातुका लोट्का रूपहरू			पठ+आ+नि (८०)=**पठानि**।
अताम्	एताम्	अन्ताम्	एधताम्	एधेताम्	एधन्ताम्	४) पठावस् (१६८)=**पठाव**।
अस्व	एथाम्	अध्वम्	एधस्व	एधेथाम्	एधध्वम्	५) एधते (१६९)=**एधताम्**।
ऐ	आवहै	आमहै	एधै	एधावहै	एधामहै	६) एधसे (१६०)=**एधस्व**।
						७) एधे (१७१)=**एधै**।

लङ् लकारका रूपहरू सिद्ध गर्दा लाग्ने विशेष सूत्रहरू

(१७२) लुङ्लङ्लृङ्क्ष्वडुदात्त:

लुङ् लङ् र लृङ् लकार पछाडि भएमा धातुको अगाडि **अट् (अ) आगम** हुन्छ। अर्थात् यो सूत्रले हल् प्रत्याहारमा पर्ने वर्ण अघि रहने धातुको अगाडि अ थप्दछ। जस्तै:- **भू+लङ्** मा अट् **(अ)+भू+लङ्** (क्रमश: अन्य सूत्रहरू लागेर **अभवत्**) हुनु।

(१७३) आडजादीनाम्

लुङ् लङ् र लृङ् लकार पछाडि छ भने **अच्** प्रत्यहारमा पर्ने वर्ण अघि रहने धातुहरूको अगाडि अट् (सूत्र १७१) नभएर **आट् आगम** हुन्छ। अर्थात् यो सूत्रले अजादि धातुको अघि आ थप्दछ। जस्तै:- **एध्+लुङ्** मा **आ+एध्+लुङ्** भै क्रमश: अन्य विशेष कामहरू भएर **ऐधिष्ट** रूप सिद्ध हुनु।

(१७४) इतश्च

डको इत्संज्ञा हुने लुङ्, लङ्, लृङ् लकारको परस्मैपदी तिङ् प्रत्ययहरूको अन्तमा रहेको **इको** यो सूत्रले **लोप** गर्दछ। जस्तै:- **अभवति** मा इको लोप भै **अभवत्** रूपसिद्ध हुनु।

लङ् लकारका रूपहरूको नमूना र प्रमुख रूपहरूको सिद्धिप्रक्रिया

भ्वादि संक्षिप्तरूप			पठ् धातुका लङ्का रूपहरू			प्रमुख रूपहरूको सिद्धिप्रक्रिया
अत्	अताम्	अन्	अपठत्	अपठताम्	अपठन्	(१) पठ्+लङ् (१७२)
अ:	अतम्	अत	अपठ:	अपठताम्	अपठत	अट्+पठ्+लङ् (१७, १४०)
अम्	आव	आम	अपठम्	अपठाव	अपठाम	अपठ्+शप् (अ)+ति (१७४)

भ्वादि संक्षिप्त रूप		एध् धातुका लङ्का रूपहरू				= अपठत् ।
अत	एताम्	अन्त	ऐधत	ऐधेताम्	ऐधन्त	(२) एध्+लङ् (१७३)
अथाः	एथाम्	अध्वम्	ऐधथाः	ऐधेथाम्	ऐधध्वम्	आट्+एध्+लङ् (८०, १७, १४०)
ए	आवहि	आमहि	ऐधे	ऐधावहि	ऐधामहि	एध्+शप्+त = ऐधत ।

विधिलिङ् लकारका रूपहरू सिद्ध गर्दा लाग्ने विशेष सूत्रहरू

(१७५) यासुट् परस्मैपदेषूदात्तो ङिच्च

दुवै लिङ् लकारमा परस्मैपदी धातुदेखि ***यासुट् (यास्) आगम*** गरिन्छ । अर्थात् यो सूत्रले तिङ् प्रत्यय र धातुका बीचमा यास् थप्दछ । जस्तै:- ***भू+शप्+यासुट् (यास्)+ति*** (सूत्र १७६, ३२, १५८, १७४=***भवेत्***) हुनु ।

(१७६) अतो येय:

अकारदेखि पछाडि रहेका विधिलिङ् लकारमा आगम गरिएको यासुट्का ***यास्***को ठाउँमा ***इय् आदेश*** हुन्छ । जस्तै:- ***भव+यास्+ति*** मा ***भव+इय्+ति*** (सूत्र ३२ गुण, १५८ यलोप, १७४ इलोप=***भवेत्***) हुनु ।

(१७७) झेर्जुस्

लिङ् लकारका ***झि***को ठाउँमा ***जुस् (उस्) आदेश*** हुन्छ । जस्तै:- ***भवेय्+झि*** मा जुस् (उस्) आदेश भएर ***भवेयु:*** हुनु ।

(१७८) लिङ: सीयुट्

दुवै लिङ् लकारमा आत्मनेपदी तङ् प्रत्ययहरूको ***सीयुट् आगम*** हुन्छ, अर्थात् यो सूत्रले धातु र तङ् प्रत्ययहरूको बीचमा (सीयुट्) सीय् थप्छ । जस्तै:- ***एध+त*** मा ***एध+सीय्+त*** (क्रमश: सूत्र १७९ सलोप, ३२ गुण, १५८ यलोप भएर =***एधेत***) हुनु ।

(१७९) लिङ: सलोपोऽनन्तस्य

यो सूत्रले विधिलिङ् लकारको बीचमा रहेका ***स***को ***लोप*** गर्दछ । जस्तै:- ***एध+सीय्+त*** मा सीय्का सको लोप भै ***एध+इय्+त*** (सूत्र ३२ गुण, १५८ यलोप=***एधेत***) हुनु ।

(१८०) झस्य रन्

लिङ् लकारको आत्मनेपदी झका ठाउँमा ***रन् आदेश*** हुन्छ । जस्तै:- एधेय् +झि यहाँ झिको ठाउँमा रन् आदेश भएर एधेय्+रन् (सूत्र १५८ यलोप=***एधेरन्***) हुनु ।

(१८१) इटोऽत्

लिङ् लकारको इट् प्रत्ययका ठाउँमा ***अत् आदेश*** हुन्छ । जस्तै:- ***एधेय्+इट*** मा इट्का ठाउँमा अत् (अ) आदेश भएर ***एधेय*** रूपसिद्ध हुनु ।

विधिलिङ् लकारका रूपहरूको नमूना र प्रमुख रूपहरूको सिद्धिप्रक्रिया

भ्वादि संक्षिप्तरूप			पठ् धातुका लिङ्का रूपहरू			प्रमुख रूपहरूको सिद्धिप्रक्रिया
एत्	एताम्	एयु:	पठेत्	पठेताम्	पठेयु:	१) पठ्+शप्(अ)+यास्+ति
ए:	एतम्	एत	पठे:	पठेतम्	पठेत	पठ्+इय्+ति(३२, १५८, १७४)
एयम्	एव	एम	पठेयम्	पठेव	पठेम	=**पठेत्**।
भ्वादि संक्षिप्तरूप			एध् धातुका लिङ्का रूपहरू			२) पठेय्+झि (१७७) जुस्=**पठेयु:**।
एत	एयाताम्	एरन्	एधेत	एधेयाताम्	एधेरन्	३) एध्+शप् (अ)+सीय्+त (१७९)
एथा:	एयाथाम्	एध्वम्	एधेथा:	एधेयाथाम्	एधेध्वम्	एध+इय्+त(३२, १५८, १७४)
एय	एवहि	एमहि	एधेय	एधेवहि	एधेमहि	=**एधेत**।

४) एधेय्+झ(१८०)रन्=**एधेरन्**।

५) एधेय्+इट्(१८१)अ=**एधेय**।

आर्धधातुकसंज्ञक लकारका रूपहरूको सिद्धिप्रक्रिया

लिट्, लुट्, लृट्, आशिर्लिङ्, लुङ् र लृङ् गरी ६ **वटा** लकारलाई ***आर्धधातुकसंज्ञक लकार*** भनिन्छ। शप्, श्यन् आदि ***विकरण प्रत्ययहरू नहुनु*** र नियमानुसार सेट् धातुमा ***इट् आगम*** हुनु र अनिट् धातु भए इट् नहुनु यी आर्धधातुकसंज्ञक लकारहरूको ***मुख्य विशेषता*** हो।

लृट् लकारका रूपहरू सिद्ध गर्दा लाग्ने विशेष सूत्रहरू

(१८२) स्यतासी लृलुटो:

धातुदेखि लृट् वा लृङ् लकार पछाडि भएमा ***स्य*** प्रत्यय हुन्छ भने लुट् लकार पछि भएमा ***तास् प्रत्यय*** गरिन्छ। विकरण प्रत्ययको सट्टा यी दुबै स्य र तास् प्रत्यय धातु र तिङ् प्रत्ययका बीचमा राखिन्छ। जस्तै:- भू+लृट् (तिप्) यस अवस्थामा यो सूत्रले भू धातुदेखि लृट् लकार पछाडि भएकोले शप् विकरण प्रत्ययको सट्टा स्य प्रत्यय गरी भू+स्य+ति (सूत्र १८३, १५०, ३४, ५८=***भविष्यति***) हुनु।

(१८३) आर्धधातुकस्येड् वलादे:

वल् प्रत्याहारमा पर्ने वर्ण अघि रहने आर्धधातुकसंज्ञक प्रत्यय पछाडि भएमा ***इट् (इ) आगम*** गरिन्छ। जस्तै:- भू+स्य+ति मा स्यलाई सूत्र १८ ले आर्धधातुकसंज्ञा गरेकोले आर्धधातुकसंज्ञक स्य प्रत्यय पूर्व इट् (इ) थपिएर भू+इ+स्य+ति (सूत्र १५० गुण, ३४ अवादेश, ५८ षत्व=***भविष्यति***) हुनु।

लृट् लकारका रूपको नमूना र प्रमुख रूपहरूको सिद्धिप्रक्रिया

परस्मैपदी संक्षिप्तरूप			नमूनाका रूपमा पठ्धातुका लृट्का रूप			प्रमुख रूपको सिद्धिप्रक्रिया
इष्यति	इष्यत:	इष्यन्ति	पठिष्यति	पठिष्यत:	पठिष्यन्ति	१) पठ्+तिप् (१८२)
इष्यसि	इष्यथ:	इष्यथ	पठिष्यसि	पठिष्यथ:	पठिष्यथ	पठ्+स्य+ति (१८३)
इष्यामि	इष्याव:	इष्याम:	पठिष्यामि	पठिष्याव:	पठिष्याम:	पठ्+इ+स्य+ति (५८)

आत्मनेपदी संक्षिप्त रूप			नमूनाका रूपमा एध् धातुका रूपहरू			= पठिष्यति।
इष्यते	इष्येते	इष्यन्ते	एधिष्यते	एधिष्येते	एधिष्यन्ते	२) एध्+त (१८२)
इष्यसे	इष्येथे	इष्यध्वे	एधिष्यसे	एधिष्येथे	एधिष्यध्वे	एध्+स्य+त (१८३),
इष्ये	इष्यावहे	इष्यामहे	एधिष्ये	एधिष्यावहे	एधिष्यामहे	एध्+इ+स्य+त।२८,१५।
						=एधिष्यते।

आशिर्लिङ् लकारका रूपहरू सिद्ध गर्दा लाग्ने विशेष सूत्रहरू

(१८४) लिङाशिषि

आशिर्लिङ् लकारका ठाउँमा आदेश गरिएका तिङ् प्रत्ययहरूलाई ***आर्धधातु संज्ञा*** हुन्छ।

(१८५) किदाशिषि

आशिर्लिङ् लकारमा आगम गरिएको यासुट्लाई कित्व हुन्छ। यहाँ ***"स्कोः संयोगाद्योरन्ते च"*** भन्ने सूत्रले यास् का ***सको लोप*** गर्दछ।

(१८६) क्ङिति च

ग, क र ङ यी तीन वर्णमध्ये कुनै एकको ***इत्संज्ञा*** हुने प्रत्यय ***पछाडि*** भएमा प्राप्त हुने ***गुण र वृद्धि निषेध*** हुन्छन्। जस्तैः- ***भूयात्*** यस रूपमा प्राप्त भएको गुण (द्र. सूत्र १५०) यो सूत्रले निषेध गरेकाले भूका ऊको गुण हुन पाएन।

(१८७) सुट् तिथो

आशिर्लिङ् लकारको आत्मनेपदी ***त*** वा ***थ*** प्रत्यय***को सुट् (स्) आगम*** हुन्छ, अर्थात् यो सूत्रले त वा थ पछाडि भएमा त वा थ अघि स् थप्छ। जस्तैः- ***एधिसीय् त*** मा त अघि स् थपिएर ***एधिसीय्+स्+त*** (सूत्र १५८ यलोप, ५८ षत्व, २८ ष्टुत्व=***एधिषीष्ट***) हुनु।

आशिर्लिङ् लकारका रूपको नमूना र सिद्धिप्रक्रिया

परस्मैपदी संक्षिप्तरूप			पठ् धातुका आशिर्लिङ्का रूपहरू			प्रमुख रूपको सिद्धिप्रक्रिया
यात्	याताम्	यासुः	पठ्यात्	पठ्यास्ताम्	पठ्यासुः	१) पठ्+लिङ्+ति।१७५।
याः	यास्तम्	यास्त	पठ्याः	पठ्यास्तम्	पठ्यास्त	पठ्+यास्+ति।१७४।
यासम्	यास्व	यास्म	पठ्यासम्	पठ्यास्व	पठ्यास्म	पठ्यास्+त्।१८४।
आत्मनेपदी संक्षिप्तरूप			एध् धातुका आशिर्लिङ्का रूप			=पठ्यात्।
इषीष्ट	इषीयास्ताम्	इषीरन्	एधिषीष्ट	एधिषीयास्ताम्	एधिषीरन्	२) एध्+सीय्+ता१८,१८३,१५८।
इषीष्ठाः	इषीयास्थाम्	इषीध्वम्	एधिषीष्ठाः	एधिषीयास्थाम्	एधिषीध्वम्	एध्+इ+सी+त (१८७)
इषीय	इषीवहि	इषीमहि	एधिषीय	एधिषीवहि	एधिषीमहि	एधिसी+स्+ता२८,२८=एधिषीष्ट

लुट् लकारका रूपहरू सिद्ध गर्दा लाग्ने विशेष सूत्रहरू

(१८८) लुटः प्रथमस्य डारौरसः

लुट् लकारका प्रथमपुरुषका तीनवटै वचनका प्रत्ययका ठाउँमा क्रमशः

डा, ***रौ*** र ***रस् आदेश*** हुन्छ । अर्थात् यो सूत्रले लुट् लकारका तिप् वा तका ठाउँमा डा, तस् वा आताम् का ठाउँमा रौ र झि वा झका ठाउँमा रस् आदेश गरिन्छ । डा पछाडि भएमा अघिको ***आस्को लोप*** हुन्छ । जस्तै:- ***भवितास्+तिप्*** यहाँ तिप्को ठाउँमा डा (आ) आदेश गरी आस्को लोप गरेर ***भविता*** रूपसिद्ध गरिनु ।

(१८९) रि च

र अघि रहने प्रत्यय पछाडि भएमा ***तास्का स्को लोप*** हुन्छ । जस्तै:- *भवितास्+रौ* मा सको लोप भै ***भवितारौ*** रूपसिद्ध हुनु ।

(१९०) तासस्त्योर्लोप:

स अघि रहने प्रत्यय पछाडि भएमा ***तास् प्रत्यय वा अस् धातुका सको*** लोप हुन्छ । जस्तै:- ***भवितास्+सि*** र ***अस्+सि*** दुवै ठाउँमा रहेको सको लोप भएर *भवितासि* र ***असि*** रूपसिद्ध हुनु ।

(१९१) धि च

ध अघि रहने प्रत्यय पछि भएमा सको लोप हुन्छ । जस्तै:- ***एधितास्+ध्वम्*** मा सको लोप भै ***एधिताध्वम्*** (सूत्र १५५ एत्व=***एधिताध्वे***) हुनु ।

(१९२) ह एति

स पछाडि भएमा तास् प्रत्ययका सको ठाउँमा ***ह आदेश*** हुन्छ । जस्तै:- ***एधितासे*** मा सको ठाउँमा ह भएर ***एधिताहे*** रूपसिद्ध हुनु ।

लुट् लकारका रूपहरूको नमूना र प्रमुख रूपहरूको सिद्धिप्रक्रिया

परस्मैपदी संक्षिप्तरूप			पठ् धातुका लुट्का रूपहरू			प्रमुख रूपको सिद्धिप्रक्रिया
इता	इतारौ	इतार:	पठिता	पठितारौ	पठितार:	१) पठ्+लुट्, तिप् (१८२)
इतासि	इतास्थ:	इतास्थ	पठितासि	पठितास्थ:	पठितास्थ	पठ्+तास्+तिप् (१८३)
इतास्मि	इतास्व:	इतास्म:	पठितास्मि	पठितास्व:	पठितास्म:	पठ्+इ+तास्+तिप् (१८७)
आत्मनेपदी संक्षिप्तरूप			एध् धातुका लुट्का रूपहरू			=पठिता ।
इता	इतारौ	इतार:	एधिता	एधितारौ	एधितार:	२) पठितास्+रौ(१८८)=*पठितारौ* ।
इतासे	इतासाथे	इताध्वे	एधितासे	एधितासाथे	एधिताध्वे	३) पठितास्+सि(१८९)=*पठितासि* ।
इताहे	इतास्वहे	इतास्महे	एधिताहे	एधितास्वहे	एधितास्महे	४) एधिताध्वे(१९०) ५) एधिताहे(१९१)

लुङ् लकारका रूपहरू सिद्ध गर्दा लाग्ने विशेष सूत्रहरू

(१९३) च्लि लुडि

लुङ् लकार पछाडि भएमा शप्, श्यन् आदि विकरण प्रत्ययको सट्टा धातुदेखि ***च्लि प्रत्यय*** हुन्छ । जस्तै:- ***अभू+ति*** मा भूधातुपछि च्लि प्रत्यय थपेर *अभू+च्लि+ति* (सूत्र १९४ सिच्, १९५ सिज्लोप, १७४ इलोप=***अभूत्***) हुनु ।

(१९४) च्ले: सिच्

च्लि प्रत्ययका ठाउँमा ***सिच् (स्) आदेश*** गरिन्छ । जस्तै:- ***अभू+च्लि+ति***

मा च्लिका ठाउँमा सिच् आदेश गरेर ***अभू+सिच्+ति*** (सूत्र १९५, १७४=***अभूत्***) हुनु। पुषादि, द्युतादि र लृ अथवा इरको इत्संज्ञा हुने धातुदेखि ***च्लि प्रत्ययका ठाउँमा अङ् (अ)*** प्रत्यय गरिन्छ (***अगमत्***) भने णिच् वा णिङ् प्रत्ययान्त धातुदेखि च्लिका ठाउँमा **चङ्** (अ) आदेश गरिन्छ। चङ् गरिएका धातुको लिट् लकारमा झैं धातुको द्वित्व आदि भएर विशेष रूपमा परिवर्तन भएको पाइन्छ।

(१९५) गातिस्थाघुपाभूभ्यः सिचः परस्मैपदेषु

गै, स्था, दा वा धा, पा र भू धातुदेखि पछाडि रहने ***सिच्को लोप*** गरिन्छ। जस्तैः- ***अभू+सिच्+तिप्*** (त्) मा सिच्को लोप भएर ***अभूत्*** रूपसिद्ध हुनु।

(१९६) अस्तिसिचोऽपृक्ते

सिच् वा अस् धातुदेखि पछाडि रहेका हल्वर्णको अघि ***ईट् (ई) आगम*** हुन्छ। जस्तैः- ***अपठ्+इ+सिच् (स्)+तिप् (त्)*** यस अवस्थामा ***अपठिस्+ईत्*** (सूत्र १९७ सलोप, २६ दीर्घ, १९८ वृद्धि=***अपाठीत्, अपठीत्***) हुनु।

(१९७) इट ईटि

इदेखि ई पछाडि रहेमा बीचमा रहने **स**को ***लोप*** गरिन्छ। जस्तैः- अपठि+ईत् (दीर्घ, वृद्धि भएर=***अपाठीत्***) हुनु।

(१९८) अतो हलादेर्लघोः

परस्मैपदमा सिच् पछाडि भएमा हल् प्रत्याहारमा पर्ने वर्ण अघि रहने धातुका अको ***विकल्पले वृद्धि*** भएर आ हुन्छ। जस्तैः- अपठीत् मा वृद्धि भएर ***अपाठीत्*** हुनु र अर्को पक्षमा ***अपठीत्*** रूपसिद्ध हुनु।

(१९९) आत्मनेपदेष्वनतः

ह्रस्व अकार बाहेक अन्य अच्वर्णदेखि पछाडि रहेको आत्मनेपदी झ प्रत्ययका ठाउँमा ***अत आदेश*** हुन्छ। जस्तैः- (आट्) एध्+इट्+च्लि=सिच् (स्)+झ यस अवस्थामा झकार ठाउँमा अत आदेश गरी षत्व (५८) भएर ***ऐधिषत*** रूपसिद्ध हुनु।

लुङ् लकारका रूपहरूको नमूना र प्रमुख रूपको सिद्धिप्रक्रिया

पठ् धातुका लुङ्का रूपहरू			प्रमुख रूपहरूको सिद्धिप्रक्रिया
अपाठीत्	अपाठिष्टाम्	अपाठिषुः	१) पठ्+लुङ्(१७२),अ+पठ···+ति(१९२,१९४)अपठ्+च्लि=सिच(स)+ति
अपाठीः	अपाठिष्टम्	अपाठिष्ट	अपठ्+स्+त्(१८३),अपठ्+इ+स्+त्(१९६)
अपाठिषम्	अपाठिष्व	अपाठिष्म	अपठि+स्+ई+त्(१९७)अपठ्+इ+ई+त्=***अपठीत्, अपाठीत्***।
एध् धातुका लुङ्का रूपहरू			२) एध्+लुङ्(१७३), आ+एध्+झ (८०,१९३,१९४)
ऐधिष्ट	ऐधिषाताम्	ऐधिषत	ऐध्+च्लि=सिच्(स)+झ, ऐध्+स्+झ (१८३)
ऐधिष्ठाः	ऐधिषाथाम्	ऐधिढ्वम्	ऐध्+इ+स+झ(१९९), ऐधिस्+अत (५८)=***ऐधिषत***।
ऐधिषि	ऐधिष्वहि	ऐधिष्महि	३) ऐधिस्+ध्वम्(१९१), ऐधि+ध्वम्(२१६)=***ऐधिढ्वम्***।

लिट् लकारका रूपहरू सिद्ध गर्दा लाग्ने विशेष सूत्रहरू

(२००) लिट् च

लिट् लकारका स्थानमा आदेश गरिएका तिप्, तस् आदि ***तिङ्*** प्रत्ययहरूलाई यो सूत्रले ***आर्धधातुकसंज्ञा*** गर्दछ । यो संज्ञा गरिनुको मुख्य प्रयोजन सेट् धातुमा इट् आगम गरिनु नै हो । जस्तै:- ***बभूव्+थ*** मा ***बभूविथ*** हुनु ।

(२०१) परस्मैपदानां णलतुसुस्थलथुसणल्वमाः

लिट् लकारका स्थानमा आदेश गरिएका परस्मैपदी तिप्, तस्, झि आदि ९ वटा प्रत्ययका स्थानमा ***क्रमशः णल् (अ), अतुस्, उस्, थल् (थ), अथुस्, अ, णल् (अ), व र म*** आदेश गरिन्छ । जस्तै:- ***बभूव*** रूपसिद्ध गर्दा ***भू+तिप्*** यस अवस्थामा तिप्का ठाउँमा णल् (अ) आदेश गरेर ***भू+अ*** यस्तो अवस्था बनाइनु ।

(२०२) लिटस्तझयोरेशिरेच्

लिट् लकारका ठाउँमा आदेश गरिएका ***त*** र ***झ***का ठाउँमा ***क्रमशः एश् (ए) र इरेच् (इरे) आदेश*** हुन्छ । जस्तै:- ***एधाम्क्+त*** मा ***एधाम्क्+एश्(ए)= (एधाञ्चक्रे)*** हुनु ।

(२०३) भुवो वुग् लुङ्लिटोः

लुङ् र लिट् लकारमा हुने तिङ् प्रत्ययहरूको अघि अच्वर्ण रहेमा यो सूत्रले भू-धातुदेखि ***वुक् (व्) आगम*** गर्छ । जस्तै:- ***भू+अ*** मा भूव्+अ हुनु ।

(२०४) लिटिधातोरनभ्यासस्य

लिट् लकारमा यो सूत्रले धातुलाई डब्लाइदिन्छ । यसरी ***द्वित्व*** गरिंदा हलादि एउटा अच् हुने धातु भए सुरुका अच् सहित हल्वर्णको र अजादि धातुभए दोस्रो अच्वर्णको द्वित्व गरिन्छ । जस्तै:- ***भूव्+अ*** मा ***भूव्+भूव्+अ*** गरिनु ।

(२०५) पूर्वोऽभ्यासः

द्वित्व गरिएका धातुमध्ये अघिल्लो रूपलाई यो सूत्रले ***अभ्याससंज्ञा*** गर्दछ ।

(२०६) हलादिशेषः

अभ्याससंज्ञा गरिएका धातुका रूपको अगाडि रहेको हल्वर्ण शेष रहनु र अरू हल्वर्णहरूको लोप हुनुलाई ***हलादिशेष*** भनिन्छ । जस्तै:- ***भूव्+भूव्+अ*** मा अभ्याससंज्ञक अघिल्लो भूव् रूपमा रहेको सुरुको हल्वर्ण भ बाँकी राखी वको लोप भएर ***भूभूव्+अ*** हुनु ।

(२०७) अत एकहल्मध्ये नादेशादेर्लिटि

तिप्, सिप्, मिप् बाहेक अन्य तिङ् प्रत्ययहरू पछाडि रहेमा लिट् लकारमा अघिल्लो ***अभ्याससंज्ञक धातुरूपको लोप हुन्छ*** भने पछिल्लो धातुरूपमा रहेको ***अको ठाउँमा ए*** हुन्छ । जस्तै:- ***पठ्+पठ्+अतुस्***मा अघिल्लो पठ्को लोप भै पछिल्लो

पठ्का अको पनि ए भएर **पठेतुः** रूपसिद्ध हुनु ।

(२०८) ह्रस्वः

अभ्याससंज्ञक धातुका रूपमा रहेको अच्वर्ण दीर्घ भएमा यो सूत्रले ***ह्रस्व*** गर्दछ । जस्तैः- भू+भूव्+अ मा अघिल्लो भूमा रहेको दीर्घ ऊको ह्रस्व भएर ***भु+भूव्+अ=बभूव*** हुनु ।

(२०९) भवतेरः

लिट् लकारमा ***भू धातुको*** अभ्यासमा रहेका **उका** ठाउँमा ***अ*** आदेश हुन्छ । जस्तैः- भु+भूव्+अ यस अवस्थामा उको अ भएर ***भभूव्+अ*** हुनु ।

(२१०) अभ्यासे चर्च

अभ्याससंज्ञक धातुका रूपमा झश् प्रत्याहारमा पर्ने वर्ण भएमा जश् प्रत्याहारमा पर्ने वर्ण आदेश ***(जश्त्व)*** हुन्छ भने खय् प्रत्याहारमा पर्ने वर्ण भएमा चर् प्रत्याहारमा पर्ने वर्ण आदेश ***(चर्त्व)*** हुन्छ । जस्तैः- ***भभूव्+अ*** यस अवस्थामा अभ्यासमा रहेको झश् प्रत्यहारमा पर्ने भका ठाउँमा ***जश्त्व*** भएर ***बभूव्+अ*** रूपसिद्ध हुनु ।

(२११) कुहोश्चुः

अभ्यासमा कवर्ग वा हकार छन् भने यो सूत्रले क्रमशः चवर्गमा पर्ने वर्णहरू च, छ, ज, झ, ञ आदेश गर्दछ । यस्तो हुनुलाई **चुत्व** भनिन्छ । जस्तैः- ***गगद्+अ*** यहाँ कवर्गमा पर्ने तेस्रो वर्ण गका ठाउँमा चवर्गमा पर्ने तेस्रो नै वर्ण ज आदेश गरेर ***जगद्+अ*** (सूत्र २१३ ***जगाद***) हुनु ।

(२१२) उरत्

अभ्यासमा यदि ऋवर्ण छ भने त्यसको ठाउँमा अत् अर्थात् ***अत्व र रपरत्व*** भएर अर् हुन्छ । जस्तैः-***एधाम्+कृ+कृ+ए*** मा ***एधाम्+कर्+कृ+ए=एधाञ्चक्रे)*** हुनु ।

(२१३) अत उपधायाः

ञ वा णको इत्संज्ञा हुने प्रत्यय पछाडि भएमा उपधामा यदि अ छ भने यो सूत्रले ***वृद्धि*** भएर आ हुन्छ । जस्तैः- ***जगद्+अ*** यहाँ णको इत्संज्ञा हुने अ (णल्) प्रत्यय पछि भएकाले उपधामा रहेको गको अका ठाउँमा आ भएर ***जगाद*** रूपसिद्ध हुनु ।

(२१४) इजादेश्च गुरूमतोऽनृच्छः

इच् प्रत्याहारमा पर्ने वर्णहरूमध्ये कुनै एउटा वर्ण धातुको अगाडि रहेको छ र त्यो धातु दीर्घ अच्वर्णवाला पनि छ भने लिट् लकारमा ***आम् प्रत्यय*** गरिन्छ । जस्तैः- ***एध्+लिट्*** मा इच् प्रत्याहारमा पर्ने ए धातुका अघि रहेको र अ+इ मिलेर बन्ने 'ए' दीर्घ अच्वर्ण वाला एध् धातु पनि भएकाले ***आम्*** प्रत्ययको प्रयोग गरिएको हो ।

(२१५) कृञ् चानुप्रयुज्यते लिटि

लिट् लकारमा धातुपछि रहेका आम्देखि **कृ, भू, अस्** मध्ये कुनै एउटाको **प्रयोग** गरिन्छ। जस्तै:- एधाम्+लिट् त मा आम्देखि कृको प्रयोग गरेर ***एधाम्+कृ+त*** हुनु।

(२१६) इण: षीध्वंलुङ्लिटां धोऽङ्गात्

लुङ् र लिट् लकारमा इण् प्रत्याहारमा पर्ने वर्णदेखि पछाडि ध छ भने त्यसका ठाउँमा **ढ आदेश** हुन्छ। जस्तै:- एधाञ्चकृध्वे मा ***एधाञ्चकृढ्वे*** हुनु।

भ्वादि लिट् लकारका रूपहरूको नमूना र प्रमुख रूपहरूको सिद्धिप्रक्रिया

परस्मैपदी पठ् धातु			**प्रमुख रूपहरूको सिद्धिप्रक्रिया**	
पपाठ	**पेठतु:**	पेठु:	१) पठ्+लिट्, तिप्, णल् (अ)	२) पठ्+लिट्, तस्, अतुस्
पेठिथ	पेठथु:	पेठ	पठ्+पठ्+अ (२०५,२०६,२१३)	पठ्+पठ्+अतुस् (२०७)
पपाठ-२	पेठिव	पेठिम	पपठ्+अ=**पपाठ**।	**पेठतु:**।
आत्मनेपदी एध् धातु			३) एध्+लिट्, एध+आम्+लिट्, एधाम्+कृ+लिट् (त)	
एधाञ्चक्रे	एधाञ्चक्राते	एधाञ्चक्रिरे	- एधाम्+कृ+एश्(ए), एधाम्+कृ+कृ+ए	
एधाञ्चकृषे	एधाञ्चक्राथे	***एधाञ्चकृढ्वे***	- एधाम्+कर्+कृ+ए, एधाम्+ककृ+ए	
एधाञ्चक्रे	एधाञ्चकृवहे	एधाञ्चकृमहे	- एधाम्+चकृ+ए, एधाञ्चकृ+ए=***एधाञ्चक्रे***।	
पठ् धातुका लृङ् लकारका रूपहरू			४) एधाञ्चकृध्वे(२१६) = ***एधाञ्चकृढ्वे***।	
अपठिष्यत्	अपठिष्यताम्	अपठिष्यन्	५) पठ्+लृङ्(१७२), अट्+पठ्+लृङ्, अपठ्+तिप्(१८२)	
अपठिष्य:	अपठिष्यतम्	अपठिष्यत	अपठ्+स्य+ति(१८३), अपठ्+इ+स्य+ति(५८)	
अपठिष्यम्	अपठिष्याव	अपठिष्याम	अपठिष्यति(१७४)=***अपठिष्यत्***।	

(३) धातुका रूपहरू चलाउँदा विचार गर्नुपर्ने केही कुराहरू

सामान्यतया लट्, लोट्, लृट्, लङ् र विधिलिङ् लकारका रूपहरू प्रचलनमा आउँछन्। बहुप्रचलित यी लकारहरूमध्ये लट् लकारका १० वटै गणका संक्षिप्त रूपहरू माथि दिइएको छ। धातुमा तिनै छोटकरी रूपहरू जोडेर रूपहरू चलाउन सकिन्छ। यसरी जोड्दा धातु र छोटकरी रूपका बीचमा जश्त्व, चर्त्व आदि सन्धिहरू पनि हुन सक्ने कुरालाई विचार पुऱ्याउनुपर्दछ। जस्तै:- अद् धातुबाट लट् लकारको प्रथम पुरुषको एकवचनको रूप निर्माण गर्नुपर्दा छोटकरी रूप ति जोड्दा अद्+ति भयो यहाँ चर्त्व (सूत्र ७६) भएर ***अत्ति*** रूपको निर्माण हुन्छ। त्यस्तै आत्मनेपदी लट् लकारका रूप चलाउन भ्वादि गण बाहेक अरूका संक्षिप्त रूपहरू माथि दिइएका छैनन्। तापनि भ्वादिगणको लट् लकारको आत्मनेपदी संक्षिप्त रूपलाई नै आधार मानेर प्रत्येक गणमा आ–आफ्ना विकरण प्रत्ययका अवशेष चिन्हहरू जोडी रूपको निर्माण हुनसक्छ। जस्तै:- ***एधन्ते*** भ्वादि धातुको ***अन्ते*** छोटकरी रूप हुन्थ्यो भने दिवादि ***युध्*** धातुको लट् लकारको प्रथमपुरुषको बहुवचनमा

भ्वादिमा भएको विकरण प्रत्यय अ हटाई दिवादि विकरण प्रत्ययको य राखिदिंदा ***यन्ते*** छोटकरी रूप हुन्छ र ***युध्+यन्ते*** जोडिदिंदा ***युध्यन्ते*** रूप बन्न जान्छ । लट् लकार बाहेक अन्य लकारमा परस्मैपदी एवं आत्मनेपदी भ्वादिगणका धातुको मात्र संक्षिप्तरूप दिइएको छ । भ्वादि गणका धातुको अन्तमा जुन लकारमा रूपहरू निर्माण गर्न खोजिएको हो त्यही लकारको संक्षिप्तरूप मिलाएर राख्दा भ्वादि गणका धातुका व्यावहारिक केही रूपहरूको निर्माण हुनसक्छ । ***भ्वादि बाहेक अन्य गणका धातुका रूपहरूको निर्माण गर्दा लृट् लकारमा कुनै भिन्नता आउँदैन,*** भ्वादिगणका धातुभैं इष्यति वा स्यति र इष्यते वा स्यते छोटकरी रूपहरू जोडेर धातुका रूपको निर्माण गर्न सकिन्छ । प्रत्येक गणमा र प्रत्येक लकारमा ख्याल गर्नुपर्ने कुराहरूलाई ध्यान दिई लङ्, विधिलिङ् र लोट् लकारका विकरण प्रत्ययको ठाउँमा आ-आफ्नो विकरण प्रत्यय जोडिदिएर रूपहरू निर्माण गर्दै जाँदा तिङन्त रूपहरूमा त्यति अप्ठ्यारो महसूस गर्नुपर्ने स्थिति न आउला ।

प्रारम्भिक संस्कृत व्याकरण समाप्त

ॐ तस्मै श्रीगुरवे नमः ॐ

प्रारम्भिक संस्कृत रचना

सामान्यतया एउटा सुबन्तपद र एउटा तिङन्तपद मिलेर एउटा पूर्ण सरलवाक्य बन्न सक्छ । जस्तैः- ***अहं पठामि*** । वाक्यमा एउटा पदको अर्को पदका साथ बाधारहित सम्बन्ध हुनुपर्छ, एकले अर्को पदको अपेक्षा राख्नुपर्छ र अघि पछिका पदको क्रम र निकटता हुनुपर्दछ । त्यसैले वाक्यमा योग्यता, आकांक्षा र आसत्तिको आवश्यकता स्वीकारिएको हो । योग्यता नभएको ***वह्निना सिञ्चति***, आकांक्षा नभएको ***गौरश्वः पुरुषो हस्तिः*** र आसत्ति नभएको ***उष्णो जलमग्निः शीतं भवति***लाई वाक्य भन्न सकिन्न ।

नेपालीमा वा सामान्यतया संस्कृतमा रचना गरिएका वाक्यमा पहिला कर्ता, अन्तिममा क्रिया र बीचमा कर्म, करण आदि रहन्छन् । विशेषण ज-जस्का हुन्, तिनैका अगाडि लाग्दछन् । अंग्रेजी वाक्यमा क्रमशः कर्ता, क्रिया र कर्म रहने व्यवस्था छ, तर संस्कृतमा ***अहं विद्यालयं गच्छामि*** भन्ने वाक्यलाई विद्यालय गच्छामि अहम्, गच्छामि विद्यालयम् अहम्, अहं गच्छामि विद्यालयम् जुनसुकै तरिकाले लेख्दा पनि नेपालीमा वा अंग्रेजीमा झैं विशेष अशुद्धि चाहिं मानिदैन ।

संस्कृत रचना वा अनुवाद गर्दा सर्वप्रथम ***कर्ता*** र त्यसपछि ***क्रिया***को खोजी गर्नुपर्दछ । तेस्रो खोजी ***कर्म***को गर्नुपर्छ अनि मात्र ***विशेषणको खोजी*** हुन्छ । कर्ता, क्रिया, कर्म र विशेषणको खोजी ***गरिसकेपछि*** संस्कृत रचनामा तत्सम वा सरलशब्द के कस्ता छन् ? भन्ने बारेमा ***शब्दभण्डार***तर्फ विचार पुऱ्याउनुपर्छ । त्यस्तै लकाररहरूको परिचय के हो र तिनको प्रयोग के कसरी हुँदोरहेछ ? ***कारकीय नियमहरू*** के के हुन् ? भन्ने बारेमा ध्यान दिनुपर्छ । साथै संस्कृतमा सधैं नपुंसकलिङ्गको एकवचनमा रहने ***क्रियाविशेषणका बारेमा पनि विचार पुऱ्याउनुपर्दछ*** ।

यहाँ संस्कृतमा प्रारम्भिक रचना वा अनुवाद गर्दा आवश्यक पर्ने विशेषण, अव्यय एवं उपसर्गको परिचय र प्रयोग, वाच्यको परिचय र परिवर्तन, केही सुबन्त सर्वनाम शब्दका रूपहरू, व्यावहारिक संस्कृत संक्षिप्त शब्दकोश र व्यावहारिक संस्कृत धातुकोशलाई संस्कृत रचनाखण्डमा समेटी परिचयात्मक अध्ययन प्रस्तुत गर्न खोजिएको छ ।

(१) संस्कृतमा विशेषणको परिचय र प्रयोग

विशेषण शब्द आफ्ना विशेष्य (नाम) को विशेष परिचय गराउन (रक्तं वस्त्रम् आनय) का लागि, प्रशंसा गर्न (परिश्रमी छात्रः) का लागि वा निन्दा (दुष्टा नारी) का लागि ***प्रयोग गरिन्छ*** । ***प्रयोजन*** नै ***नभैकन*** विशेषणको प्रयोग ***गर्नु हुँदैन*** ।

जस्तै:- ***विस्तृते आकाशे वर्तुलश्चन्द्र: उदेति*** फैलिएको आकाशमा बाटुलो चन्द्रमा उदाउँछ भन्ने यस वाक्यमा रहेका विस्तृते र वर्तुल: को व्यर्थ प्रयोग गरिएको छ, किनभने आकाश फैलिएको नै हुन्छ र चन्द्रमा बाटुलो नै हुन्छ ।

यल्लिङं यद्वचनं या च विभक्तिर्विशेष्यस्य ।
तल्लिङं तद्वचनं सैव विभक्तिर्विशेषणस्यापि ॥

अर्थात् संस्कृतमा जुन लिङ्ग, जुन वचन र जुन विभक्ति विशेष्यको हुन्छ, क्रमश: त्यही लिङ्ग, त्यही वचन र त्यही विभक्ति विशेषणको पनि हुन्छ । जस्तै:-

प्रथमा विभक्तिमा विशेषण प्रयोगको नमूना

वचन	पुलिङ्ग	स्त्रीलिङ्ग	नपुंसकलिङ्ग
एकवचन	कश्चिद् दुष्ट: नर:	काचिद् दुष्टा स्त्री	किञ्चिद् दुष्टं जलम्
द्विवचन	कौचिद् दुष्टौ नरौ	केचिद् दुष्टे स्त्रियौ	केचिद् दुष्टे जले
बहुवचन	केचिद् दुष्टा: नरा:	काश्चित् दुष्टा: स्त्रिय:	कानिचिद् दुष्टानि जलानि

उपर्युक्त उदाहरणहरूमा प्रथमा विभक्तिमा विद्यमान नर:, स्त्री र जलम् विशेष्यका अघि रहेका कुनै र दुष्ट (खराब) अर्थ जनाउने विशेषणहरूको लिङ्ग र वचन विशेष्य अनुसार नै निर्धारण गरिएको छ ।

एक:, द्वौ, त्रय: आदि निश्चित सङ्ख्या बताउने, प्रथम:, द्वितीय:, तृतीय: आदि क्रम बुझाउने, पाद:, प्रस्थ:, द्रोण: आदि परिमाण बताउने, रक्त:, शीतल: अम्ल: आदि गुण बुझाउने गरी विशेषणलाई विभिन्न प्रकारमा विभाजन गर्न सकिन्छ ।

संस्कृतमा विशेषणको प्रयोग

१) ***अस्या:*** वाटिकाया: ***सर्वाणि*** आम्रफलानि ***मधुराणि*** सन्ति ।
२) ***अस्यां*** कक्षायां ***द्वात्रिंशत्*** छात्रा: सन्ति । ३) ***अस्या:*** कक्षाया: ***सर्वे*** छात्रा: ***पटव:*** सन्ति ।
४) पर्वतेषु सगरमाथा ***उन्नतम:*** अस्ति । ५) मम ***तिस्र:*** भगिन्य: विद्यापीठे पठन्ति ।
६) ***महति*** अरण्ये ***भयङ्करा:*** जन्तव: भवन्ति ।

(२) अव्ययको परिचय र प्रयोग

सदृशं त्रिषु लिङ्गेषु, सर्वासु च विभक्तिषु ।
वचनेषु च सर्वेषु, यन्न व्येति तदव्ययम् ॥

अर्थात् तीन वटै लिङ्गमा, सात वटै विभक्तिमा, तीन वटै वचनमा पनि एउटै रूप हुने र कुनै विकार नदेखिने शब्दलाई ***अव्यय*** भनिन्छ । प्र, परा आदि २२ वटा ***उपसर्ग*** र च, वा, ह, अह आदिलाई ***निपात*** संज्ञा हुन्छ । यिनै निपातसंज्ञक शब्द र स्वर्, अन्तर्, प्रातर् आदि***लाई*** संस्कृत व्याकरणमा ***अव्यय भनिन्छ*** (द्र. शब्दकोश) । साथै गत्वा, आगत्य, पठितुम्, स्मारं-स्मारम्, उपकृष्णम् आदि उदाहरणमा रहेका ***क्त्वा*** र ***ल्यप्*** प्रत्ययान्त शब्द, मकार अन्तमा हुने ***तुमुन्, णमुल्*** आदि ***प्रत्ययान्त***

शब्द र अव्ययीभाव समास भएका शब्दहरू पनि अव्यय नै हुन् । यस्ता अव्यय शब्ददेखि प्रातिपदिकसंज्ञा गरेर ल्याइने **२१ वटै सुप् प्रत्ययहरूको लोप हुने भएकाले** (सूत्र- ***अव्ययादाप्सुपः***) अव्यय शब्दमा कुनै विकार न आउने हुँदा सबै ठाउँमा यिनीहरूको ***एउटै रूप*** रहन गएको हो । त्यसैले ***न व्यय = अव्यय*** (द्र. नञ्समास) अर्थात् खर्च नहुने वा अविकारीका रूपमा अव्यय शब्द परिभाषित हुनसकेको हो ।

शब्दयोगी, क्रियायोगी, योजक र भावबोधक गरी अव्ययलाई ४ प्रकारमा विभाजन गर्न सकिन्छ । प्र, परा आदि उपसर्गहरू शब्दयोगी अव्यय हुन् भने वा, अथवा, च, अपि, यद्यपि, तथापि आदि योजक अव्यय हुन् । त्यस्तै अहो, हन्त, धिक् आदिलाई भावबोधक अव्यय भनिन्छ । यत्र, कुत्र, सर्वत्र, अद्य, श्वः, परश्वः, इत्थम्, कथम्, यथा, तथा आदि क्रियायोगी अर्थात् क्रियाविशेषण अव्यय हुन् ।

अव्यय शब्दहरूको प्रयोग गरिएका संस्कृतका केही वाक्यहरू

१) दिनेशः ***कुत्र*** गच्छति ?
२) गुरुं ***परितः*** छात्राः तिष्ठन्ति ।
३) त्वं ***प्रातः कुत्र*** अगच्छः ?
४) पिता ***अद्य*** आगच्छति ।
५) केशवः ***वा*** शिवः ***वा*** गच्छतु ।
६) ***अहो*** ! कीदृक् सुन्दरमस्ति वनम् ।
७) त्वं पूर्वं ***स्नात्वा पश्चात्*** भोजनं कुरु । ८) ***इत्थं*** वदसि त्वं ***तर्हि*** दण्डनीयः भविष्यसि ।
९) ***यद्यपि*** मम पार्श्वे रूप्यकाणि न सन्ति, ***तथापि*** पुस्तकानि क्रेष्यामि ।
१०) ***यदि*** त्वं ***श्वः*** विद्यापीठं गमिष्यसि, ***तर्हि*** अहं***मपि*** गमिष्यामि ।

(३) संस्कृत उपसर्गको परिचय र प्रयोग

पाणिनीय व्याकरण अनुसार संस्कृत ***उपसर्गहरू*** २२ ***वटा*** छन् (द्र. सूत्र १३) । यी उपसर्गहरूको प्रयोग धातुभन्दा ठीक अगाडि गरिन्छ । सामान्यतया ***धातु अधि*** एउटा ***उपसर्गको प्रयोग*** हुन्छ, तापनि २, ३ वटासम्म उपसर्गहरू प्रयोग भएका उदाहरणहरू पनि प्रशस्त पाइन्छन् । जस्तैः- ***प्रत्युपकारः, सुसंस्कृतः, निर्विरोधः, व्याकरणः, सुव्यवस्था, समुदाहरणः, सुसमाचारः*** आदि । उपसर्गको प्रयोग भएपछि जुनसुकै धातुको पनि अर्थ उचालिने र ओरालिने स्थिति देखापर्ने भएकाले एउटै धातुको पनि उपसर्गहरूको प्रयोगका आधारमा अलग अलग अर्थ हुनसक्छ । जस्तैः- हरण गर्नु भन्ने अर्थमा रहेको हृ धातुमा विभिन्न उपसर्गहरू लागी बनेका ***प्रहार*** (हान्नु), ***आहार*** (खानु), ***विहार*** (घुम्नु), ***परिहार*** (छोड्नु), ***संहार*** (मार्नु) आदि कृदन्त शब्दहरूले भिन्नाभिन्नै अर्थलाई प्रस्तुत गरेका छन् । तिनै २२ वटा उपसर्ग र तिनको सामान्य अर्थ एवं उदाहरण निम्नानुसार रहेको छ ।

उपसर्ग	अर्थ	संस्कृतमा उपसर्ग प्रयोग गरिएका उदाहरणहरू	
प्र	- धेरै	हिमवतः गंगा प्रभवति ।	उन्मत्ताः सदा प्रलपन्ति ।
परा	- उल्टो, पछि	बलवान् दुर्बलात् पराभवति ।	मोहनः गृहात् परावर्तते ।
अप	- टाढा	ते दर्पम् अपनेष्यामि ।	सूर्योदय अन्धकारः अपैति ।

सम्	-	राम्रो	भृत्यः भाण्डं संस्करोति ।	सम्भवामि युगे युगे ।
अनु	-	पछि	शिष्यः गुरुम् अनुचरति ।	बालकः मातरम् अनुगच्छति ।
अव	-	तल, टाढा	भवान् अत्र न अवतिष्ठताम् ।	आकाशात् वायुयानम् अवतरति ।
निस्	-	बाहिर	सन्यासी गृहात् निष्कामति ।	अहम् अधुना निश्चिनोमि ।
निर्	-	बाहिर	सः दोषान् निराकरोति ।	कालीदासः गृहात् निर्गतः ।
दुस्	-	कठीन	कर्मकरः दुष्करोति ।	
दुर्	-	नराम्रो	मूर्खः दुराचरति ।	निर्धनः दुर्जीवति ।
वि	-	विना, अलग	हेमन्ते रजः सर्वत्र व्याप्नोति ।	कामः चित्तं विकरोति ।
आङ्	-	सम्म	कार्यालयप्रमुखः सेवकान् आदिशति ।	पर्यटकः पर्वतम् आरोहति ।
नि	-	तल	ब्राह्मणान् निमन्त्रयस्व ।	सः कुत्र निवसति ?
अधि	-	माथि	राजा सिंहासनम् अध्यास्ते ।	दिनेशः व्याकरणम् अधिगच्छति ।
अपि	-	नजीक	सः दोषान् अपिदधाति ।	-
अति	-	धेरै	धनिकाः निर्धनान् अत्याचरन्ति ।	उमेशः सर्वान् छात्रान् अतिशेते
सु	-	राम्रो	भक्तः भगवन्तं सुस्तौति ।	हरितं वनं सुशोभते ।
उत्	-	माथि	आस्तिकः धर्मम् उच्चरते ।	अग्नेः धूमः उद्गच्छते ।
अभि	-	तर्फ, तिर	छात्रः पाठम् अभ्यस्ति ।	नायकः चलचित्रम् अभिनयति ।
प्रति	-	तर्फ, उल्टो	कार्यकर्तारः अन्यायं प्रतिकुर्वन्ति ।	सः कदा प्रतिगमिष्यति ?
परि	-	चारैतिर	गोविन्दः वृद्धपितरं परिचरति ।	कृष्णः नववर्षे नवं वस्त्रं परिदधाति ।
उप	-	नजीक	भवान् आसने उपविशतु ।	एकादशीम् उपवसति ।

(४) वाच्यको परिचय र परिवर्तन

वाच्य भन्ने शब्दले भनाइ वा क्रियाको विषयलाई जनाउँछ । संस्कृत एवं नेपालीमा ***कर्तृवाच्य, कर्मवाच्य र भाववाच्य*** गरी वाच्य ३ प्रकारका छन् भने ***अंग्रेजीमा*** कर्तृवाच्य (Active Voice) र कर्मवाच्य (Passive Voice) को ***मात्र*** व्यवस्था छ । कर्तृवाच्यमा कर्ताको, कर्मवाच्यमा कर्मको र भाववाच्यमा भावको नै प्रधानता रहन्छ । त्यसैले जुन वाच्य हो, त्यसमा त्यही नै मुख्य हुने गर्दछ ।

सकर्मक धातु (द्र. तिङन्त परिचय) बाट ***कर्तृवाच्य र कर्मवाच्यका वाक्य***को निर्माण हुन्छ भने ***अकर्मक*** धातुका रूपहरूबाट ***कर्तृवाच्य र भाववाच्यका वाक्य***हरूको निर्माण हुने गर्दछ । जस्तैः- अकर्मक शीङ् धातुबाट ***बालकः शेते*** कर्तृवाच्य र ***बालकेन शय्यते*** भाववाच्यको निर्माण भएको हो भने सकर्मक दह् धातुदेखि ***अग्निः देहं दहति*** कर्तृवाच्य र ***अग्निना देहः दह्यते*** कर्मवाच्यको प्रयोग गरिएको हो । वाच्य परिवर्तन गर्दा क्रिया, त्यसको कर्ता, कर्ताको विशेषण, कर्म र कर्मको विशेषण यी सबैमा परिवर्तन हुन्छ । जस्तैः-

१) सुशीलः छात्रः स्वकीयं पाठं पठति । - कर्तृवाच्य

२) सुशीलेन छात्रेण स्वकीयः पाठः पठ्यते । - कर्मवाच्य

विशेषत: कर्मवाच्य र भाववाच्यमा ध्यान दिनुपर्ने कुराहरू

दुवै वाच्यमा क्रियाको बीचमा य रहन्छ भने क्रियाको अन्तमा आत्मनेपदी त, आताम्, झ आदि प्रत्ययहरू रहन्छन् । धातुमा रहेका य, व, र को संप्रसारण (द्र. सूत्र १६) भएर इ, उ, ऋ हुन्छ ***(यज्-इज्यते)***। ज्ञा, स्ना आदिलाई छाडेर दा, धा, मा, स्था, गा, पा, हा, सा धातुमा रहेका आको ठाउँमा ई हुन्छ ***(दीयते)***। धातुमा रहेका इ, उ, ऋ वर्णहरू सामान्यतया जस्ताको त्यस्तै रहन्छन्, कित्व भएकोले गुणवृद्धि हुन पाउँदैन (द्र. सूत्र १८५)। ह्रस्व इकारान्त वा उकारान्त धातुको दीर्घ हुन्छ ***(जीयते)***। स्मृ आदि धातु बाहेक ह्रस्व ऋकार अन्तमा हुने कृ, हृ, धृ, भृ आदि धातुका ऋका ठाउँमा रि हुन्छ ***(क्रियते)***। दीर्घ ऋकार अन्तिममा हुने गॄ, जॄ, शॄ जस्ता धातुका ऋको ठाउँमा ईर् भएर गीर्यते, जीर्यते, शीर्यते आदि रूपको निर्माण हुन्छ । तर पवर्ग आरम्भमा हुने दीर्घ ऋकारान्त पॄ आदि धातुमा रहेका ऋका ठाउँमा ऊर् आदेश भएर पूर्यते आदि रूपहरू बन्दछन् । इदित् धातुहरू (चिन्त्, वन्द् आदि) मा बाहेक धातुका बीचमा रहेका नको लोप हुन्छ ***(बध्यते)***। चुरादि र णिजन्त धातुका इ वा त्यसबाट भएका अयको लोप हुन्छ ***(चोर्यते)***। क्रिया जुन काल र लकारमा छ, वाच्य परिवर्तन पनि सोही काल र लकारमा हुन्छ । जस्तै:- स: उक्तवान्, तेन उक्तम् । सा गच्छति, तया गम्यते ।

'य' कसरी र कहाँ लाग्छ ?

कर्मवाच्य र भाववाच्यमा सार्वधातुकसंज्ञक लट्, लोट्, लङ् र विधिलिङ् ४ वटा ***लकारमा*** धातु र तिङ् प्रत्ययका बीचमा ***य लाग्दछ*** (सूत्र- ***सार्वधातुके यक्***)। यसरी य लागेपछि लकारको भेद अनुसार धातुका रूपहरू सधै आत्मनेपदमा मात्र चल्दछन् । जस्तै:- ***जन्*** (जा) धातुमा य लगाएर ***जायते*** (लट्), ***जायताम्*** (लोट्), ***अजायत*** (लङ्) र ***जायते*** (विधिलिङ्) रूपहरू चलाइएको हो ।

वाच्यहरूको परिवर्तन

वाच्य फेरेर अर्थमा भिन्नता न आउने किसिमले अर्को वाक्यको निर्माण गर्ने प्रक्रियालाई ***वाच्य परिवर्तन*** भनिन्छ । कर्तृवाच्य, कर्मवाच्य र भाववाच्यको छुट्टाछुट्टै परिचय र परिवर्तन निम्नलिखित रूपमा देखाउन सकिन्छ ।

(१) कर्तृवाच्य

वाक्यमा क्रियाको विषय कर्ता हुने भएकोले कर्तृवाच्यमा ***कर्ता मुख्य*** हुन्छ । कर्ताकै वचन, पुरुष र लिङ्ग अनुसार क्रियाका रूपहरू चल्दछन् । कर्तामा प्रथमा र कर्ममा द्वितीया विभक्ति हुन्छ भने क्रिया कर्ता अनुसार नै रहन्छ । सकर्मक एवं अकर्मक दुवै धातुबाट कर्तृवाच्यको निर्माण हुन सक्छ । कर्तृवाच्यको ***सकर्मक धातु भए कर्मवाच्यमा र अकर्मक धातु भए भाववाच्यमा परिवर्तन*** हुन्छ । जस्तै:-

कर्तृवाच्य	कर्मवाच्य	भाववाच्य
त्वं ग्रन्थं पठसि ?	त्वया ग्रन्थः पठ्यते ।	-
त्वं भवसि ?	-	त्वया भूयते
अहं गच्छामि ।	-	मया गम्यते ।

(२) कर्मवाच्य

वाक्यमा क्रियाको विषय कर्म हुने भएकोले कर्मवाच्यमा ***कर्म मुख्य*** हुन्छ । सकर्मक धातुबाट मात्र यसको निर्माण हुन्छ । कर्मको वचन, पुरुष र लिङ्ग अनुसार क्रियाका रूपहरू रहन्छन् । कर्ममा प्रथमा, कर्तामा तृतीया र क्रिया कर्म अनुसार हुन्छ । धातु र तिङ् प्रत्ययहरूका बीचमा य थपिन्छ । कर्मवाच्य वा भाववाच्यमा प्रयोग हुने सबै धातुका रूपहरू आत्मनेपदमा चल्दछन् । कर्मवाच्यका ***वाक्यहरूको परिवर्तन कर्तृवाच्यमा मात्र*** गर्न सकिन्छ । जस्तै:-

कर्तृवाच्य	कर्मवाच्य
चञ्चलः बालकः सुन्दरं चन्द्रं पश्यति ।	-चञ्चलेन बालकेन सुन्दरः चन्द्रः दृश्यते ।
बालकः व्याघ्रं पश्यति ।	-बालकेन व्याघ्रः दृश्यते ।
सः ग्रन्थं दृष्ट्वा पठति ।	-तेन ग्रन्थः दृष्ट्वा पठ्यते ।
शयानाः भुञ्जते मूर्खाः ।	-शयानैः मूर्खैः भुज्यते ।
अहं पत्रं लिखामि ।	-मया पत्रं लिख्यते ।

(३) भाववाच्य

वाक्यमा क्रियाको विषय भाव हुने भएकोले भाववाच्यमा ***भाव नै मुख्य*** हुन्छ । यो वाच्यको निर्माण अकर्मक धातुहरूबाट मात्र गरिन्छ । त्यसैले यस वाच्यका वाक्यहरूमा कर्म रहदैन । भाववाच्यका वाक्यमा कर्ता तृतीया विभक्तिमा रहन्छ भने क्रिया चाहिं प्रथम पुरुषको एक वचनमा मात्र हुन्छ । कर्मवाच्यमा झैं यस वाच्यका क्रियाको बीचमा पनि य रहन्छ र सबै धातुका रूपहरू आत्मनेपदमा मात्र चल्दछन् । भाववाच्यका ***वाक्यहरूको परिवर्तन कर्तृवाच्यमा मात्र*** हुन सक्छ । जस्तै:-

कर्तृवाच्य	भाववाच्य
सः पश्यति ।	- तेन दृश्यते ।
सः अपश्यत् ।	- तेन अदृश्यत् ।
सः द्रक्ष्यति ।	- तेन द्रक्ष्यते ।
बालकः शेते ।	- बालकेन शय्यते ।

✡ ✡ ✡

(५) केही सुबन्त सर्वनाम शब्दका रूपहरू

यहाँ प्रारम्भिक संस्कृत रचना वा अनुवाद गर्दा अत्यावश्यक ठहरिने केही सुबन्त सर्वनाम शब्दका रूपहरू प्रस्तुत गरिएको छ ।

(१) युष्मद् (तिमी) शब्द

त्वम्	युवाम्	यूयम्
त्वाम्	युवाम्	युष्मान्
त्वया	युवाभ्याम्	युष्माभिः
तुभ्यम्	युवाभ्याम्	युष्मभ्यम्
त्वत्	युवाभ्याम्	युष्मत्
तव	युवयोः	युष्माकम्
त्वयि	युवयोः	युष्मासु

(२) अस्मद् (म, हामी) शब्द

अहम्	आवाम्	वयम्
माम्	आवाम्	अस्मान्
मया	आवाभ्याम्	अस्माभिः
मह्यम्	आवाभ्याम्	अस्मभ्यम्
मत्	आवाभ्याम्	अस्मत्
मम	आवयोः	अस्माकम्
मयि	आवयोः	अस्मासु

(३) इदम् (यो) शब्द

पुलिङ्ग			स्त्रीलिङ्ग			नपुंसकलिङ्ग		
अयम्	इमौ	इमे	इयम्	इमे	इमाः	इदम्	इमे	इमानि
इमम्	इमौ	इमान्	इमाम्	इमे	इमाः	इदम्	इमे	इमानि
अनेन	आभ्याम्	एभिः	अनया	आभ्याम्	आभिः	अनेन	आभ्याम्	एभिः
अस्मै	आभ्याम्	एभ्यः	अस्यै	आभ्याम्	आभ्यः	अस्मै	आभ्याम्	एभ्यः
अस्मात्	आभ्याम्	एभ्यः	अस्याः	आभ्याम्	आभ्यः	अस्मात्	आभ्याम्	एभ्यः
अस्य	अनयोः	एषाम्	अस्याः	अनयोः	आसाम्	अस्य	अनयोः	एषाम्
अस्मिन्	अनयोः	एषु	अस्याम्	अनयोः	आसु	अस्मिन्	अनयोः	एषु

(४) तत् (त्यो) शब्द

पुलिङ्ग			स्त्रीलिङ्ग			नपुंसकलिङ्ग		
सः	तौ	ते	सा	ते	ताः	तत्	ते	तानि
तम्	तौ	तान्	ताम्	ते	ताः	तत्	ते	तानि
तेन	ताभ्याम्	तैः	तया	ताभ्याम्	ताभिः	तेन	ताभ्याम्	तैः
तस्मै	ताभ्याम्	तेभ्यः	तस्यै	ताभ्याम्	ताभ्यः	तस्मै	ताभ्याम्	तेभ्यः
तस्मात्	ताभ्याम्	तेभ्यः	तस्याः	ताभ्याम्	ताभ्यः	तस्मात्	ताभ्याम्	तेभ्यः
तस्य	तयोः	तेषाम्	तस्याः	तयोः	तासाम्	तस्य	तयोः	तेषाम्
तस्मिन्	तयोः	तेषु	तस्याम्	तयोः	तासु	तस्मिन्	तयोः	तेषु

(५) एक (एक) शब्द

पुलिङ्ग	स्त्रीलिङ्ग	नपुंसकलिङ्ग
एकः	एका	एकम्
एकम्	एका	एकम्
एकेन	एकया	एकेन

(६) द्वि (दुई) शब्द

पुलिङ्ग	नपुंसकलिङ्ग+स्त्रीलिङ्ग
द्वौ	द्वे
द्वौ	द्वे
द्वाभ्याम्	द्वाभ्याम्

एकस्मै	एकस्यै	एकस्मै	द्वाभ्याम्	द्वाभ्याम्
एकस्मात्	एकस्याः	एकस्मात्	द्वाभ्याम्	द्वाभ्याम्
एकस्य	एकस्याः	एकस्य	द्वयोः	द्वयोः
एकस्मिन्	एकस्याम्	एकस्मिन्	द्वयोः	द्वयोः

(७) त्रि (तीन) शब्द			(८) पञ्चन् शब्द	(९) षष् शब्द
पुलिङ्ग	स्त्रीलिङ्ग	नपुंसकलिङ्ग	(तीनै लिङ्गमा)	(तीनै लिङ्गमा)
त्रयः	तिस्रः	त्रीणि	पञ्च	षट्
त्रीन्	तिस्रः	त्रीणि	पञ्च	षट्
त्रिभिः	तिसृभिः	त्रिभिः	पञ्चभिः	षड्भिः
त्रिभ्यः	तिसृभ्यः	त्रिभ्यः	पञ्चभ्यः	षड्भ्यः
त्रिभ्यः	तिसृभ्यः	त्रिभ्यः	पञ्चभ्यः	षड्भ्यः
त्रयाणाम्	तिसृणाम्	त्रयाणाम्	पञ्चानाम्	षण्णाम्
त्रिषु	तिसृषु	त्रिषु	पञ्चसु	षट्सु

(१०) चतुर् (चार) शब्द			(११) सप्तन् शब्द	(१२) अष्टन् शब्द
पुलिङ्ग	स्त्रीलिङ्ग	नपुंसकलिङ्ग	(तीनै लिङ्गमा)	(तीनै लिङ्गमा)
चत्वारः	चतस्रः	चत्वारि	सप्त	अष्ट
चतुरः	चतस्रः	चत्वारि	सप्त	अष्ट
चतुर्भिः	चतसृभिः	चतुर्भिः	सप्तभिः	अष्टभिः
चतुर्भ्यः	चतसृभ्यः	चतुर्भ्यः	सप्तभ्यः	अष्टभ्यः
चतुर्भ्यः	चतसृभ्यः	चतुर्भ्यः	सप्तभ्यः	अष्टभ्यः
चतुर्णाम्	चतसृणाम्	चतुर्णाम्	सप्तानाम्	अष्टानाम्
चतुर्षु	चतसृषु	चतुर्षु	सप्तसु	अष्टसु

(६) व्यावहारिक संक्षिप्त संस्कृत शब्दकोश

यहाँ प्रारम्भिक संस्कृतमा वाक्यरचना वा अनुवाद गर्दा सहयोग पुऱ्याउने **३७० वटा** व्यावहारिक संस्कृत ***शब्दहरूको संकलन*** गरिएको छ । अन्य संस्कृत शब्दहरूको विस्तृत ज्ञानका लागि ***"अमरकोष"*** (संस्कृत शब्दकोश) द्रष्टव्य छ ।

(१) सम्बन्धसूचक शब्दहरू

पितामहः=बाजे	पौत्रः=नाति	भगिनी=बहिनी
पितामही=बज्यै	पौत्री=नातिनी	श्यालः=सालो
मातामहः=मावलीबाजे	प्रपौत्रः=पनाति	ननान्दा=नन्द
मातामही=मावलीबज्यै	प्रपौत्री=पनातिनी	पितृष्वसा=फुपू
पिता, जनकः=बाबु	श्वसुरः=ससुरा	मातृष्वसा=सानीम
माता, जननी=आमा	श्वश्रूः=सासू	स्वजनः=आफन्त
पितृव्यः=काका	मातुलः=मामा	बन्धुः=इष्टमित्र

आत्मजः, सुतः=छोरो	मातुलानी=माइजू	वयस्यः, सुहृत्=मित्र
वधूः=बुहारी	भागिनेयः=भानिज	भृत्यः=नोकर
पुत्री=छोरी	अग्रजः=दाइ	रिपुः, वैरी, अरिः=शत्रु
जामाता=ज्वाई	अनुजः, भ्राता=भाइ	

(२) खाद्यपदार्थसम्बन्धी शब्दहरू

ओदनम्, भक्तम्=भात	लवणम्=नून	व्यञ्जनम्=तरकारी
सूपः=दाल	सन्धितम्=अचार	अवलेहः=चटनी
मर्कटान्नम्=मकै	तक्रम्=मोही	जीरकम्=जीरा
मरिचम्=मरिच	आद्रकम्=अदुवा	मेथिका=मेथी
पलाण्डुः=प्याज	हरिद्रा=हलेदो	लसुनम्=लसुन
पिण्डालुः=पिंडालु	आलुकम्=आलु	शाकः=साग
शिम्बी=सिमी	घोषकः=घिरौला	पालङ्की=पालुङ्गो
चिचिण्डकः=चिचिन्नो	मूलकम्=मूला	कन्दकः=तरूल
पुष्पगोभी=फूलगोभी	पत्रगोभी=बन्दागोभी	तुम्बी=लौका
चणकः=चना	कोदवः=कोदो	गोधूमः=गहुँ
चिपिटान्नम्=चिउरा	अपूपः=पूवा	शष्कुली=पुरी
कृशरः=खिचडी	शर्करा=चिनी	सितोपला=मिश्री
मोदकम्=लड्डू	दुग्धम्, पयः=दूध	दधि=दही

(३) शरीरसम्बन्धी शब्दहरू

शिरः=टाउको	शरीरः, कायः=शरीर	अवयवः=अङ्ग
नयनं, चक्षुः, नेत्रम्=आँखा	कर्णः, श्रोत्रम्=कान	नासिका=नाक
मुखं, आननम्=मुख	दन्तः, दशनः=दाँत	ओष्ठः=ओठ
कण्ठः=घाँटी	जिह्वा, रसना=जिब्रो	केशः=कपाल
करः, हस्तः, पाणिः=हात	बाहुः, भुजः=पाखुरा	नखं, कररुहम्=नङ
कटिः=कम्मर	उरः, वक्षः=छाती	उदरम्, जठरम्=पेट
कूचः=स्तन (दुध)	मांसम्=मासु	अस्थि=हाड
चर्मः=छाला	अंगुष्ठः=बूढी औलो	तर्जनी=चोरी औलो
करतलध्वनिः=ताली	चित्तं, हृदयम्=मन	धी, प्रज्ञा=बुद्धि
जानु=घुँडा	पादः=खुट्टा	मलः, पुरीषम्=दिशा

(४) फलफूलसम्बन्धी शब्दहरू

आम्रः=आँप	कदलीफलम्=केरा	पुगीफलम्=सुपारी
लवङ्गम्=ल्वाङ्	कण्टकीफलम्=कटहर	कर्कटीः=काँक्रो
बदरीफलम्=बयर	द्राक्षाफलम्=अंगूर	सेवफलम्=स्याउ

(५) लत्ताकपडासम्बन्धी शब्दहरू

शिरस्त्रम्=टोपी	वस्त्रं, वसनम्=कपडा	कञ्चुक:=कुर्ता
पादयाम:=पाइण्ट	पादत्राणम्=मोजा	उपानही=जुत्ता
गात्रमार्जनी=गम्छा	उत्तरीयम्=तौलिया	करवस्त्रम्=हातेरुमाल
अधोवस्त्रम्=धोती	चोल:=चोलो	शाटिका=सारी
कञ्चुलिका=ब्लाउज	शय्या=बिस्तारा	तूलिका=सिरक
उपधानम्=तकिया	कम्बल:=काम्लो	उर्णावस्त्रम्=स्वीटर

(६) श्रृंगारसम्बन्धी शब्दहरू

अलङ्कार:=गहना	नुपूर:=पाउजेब	वलय:=बाला
काचवलयम्=चुरा	अंगुलीयकम्=औंठी	केशप्रसाधनम्=कांइयो
दर्पण:, आदर्श:=ऐना	कज्जलम्=गाजल	इत्र=सुगन्धित तेल
मार्जनी=ब्रुश	फेनिल:=साबुन	स्रक्=माला

(७) पशुवाचक शब्दहरू

गौ:=गाई	वृषभ:=गोरु	महिषी=भैंसी
वत्स:=बाच्छो	अज:=बोको	अजा=बाख्रो
मेष:=भेडो	गर्दभ:=गधा	अश्व:=घोडा
गण्डक:=गैंडा	कुक्कुर:, श्वा=कुकुर	गज:=हात्ती
ग्राम्यसुकर:=सुंगुर	व्याघ्र:=बाघ	भल्लुक:=भालु
श्रृगाल:=स्याल	श्रृङ्गम्=सिंग	पुच्छम्=पुछार
मूषक:=मूसो	विडाल:=बिरालो	शशक:=खरायो

(८) पक्षिवाचक शब्दहरू

अण्डम्=अण्डा	कपोत:=परेवा	काक:=काग
कुक्कुट:=कुखुरो	पिक:, कोकिल:=कोइली	खग:=चरो
चटक:=भंगेरो	शुक:=सुगा	सारिका=मैना
गृद्ध:=गिद्ध	पक्ष:, छद:=पखेटा	

(९) अव्यय शब्दहरू

उच्चै:, उपरि=माथि	अलम्=भो	एवम=उस्तै
नीचै:, अध=तल	आम्=अँ हो	यथा=जस्तै
युगपत्=एकैपटक	साकम्=सँगै	तथा=त्यस्तै
ईषत्=थोरै	सार्धम्=सँगै	साम्प्रतम्=अहिले
तूष्णीम्=चुप, मौन	क्वचित्=कहीं	अधुना=अहिले
समया=नजीक	यत्र=जहा	इदानीम्=अहिले

समीपम्=नजीक
न=होइन
वत्=भै
सहसा=छिटै
दिवा=दिउँसो

तत्र=त्यहाँ
अत्र=यहाँ
तावत्=त्यति
यावत्=यति
सायम्=बेलुका

ह्य:=हिजो
अद्य=आज
श्व:=भोलि
प्रात:=बिहान
रात्रि=रात

(९०) विविध शब्दहरू

कृपण:=कञ्जूस
नवीन:, नव्य:=नयाँ
प्रचुर:=धेरै
दीर्घ:=लामो
मर्दल:=मादल
क्षुरप्र:=खुर्पा
क्षेत्रम्=खेत
कुड्यम्=भित्तो
स्वर्णम्=सुन
लोहम्=फलाम
पित्तलम्=पित्तल
कीट:=कीरो
पिपिलिका=कमिलो
भ्रमर:=भँवरो
मक्षिका=झिँगो
मत्कुण:=उडुस
मधुमक्षिका=मौरी
मशक:=लामखुट्टे
यूका:=जुम्रा
लिक्षा:=लिख्खा
मत्स्य:=माछो
नर्तक:=नटुवा
सूत्रम्=धागो
कलश:=अम्खोरा
कचोलकम्=कचौरा
गर्गरिका=गागी

खल:, दुष्ट:=दुर्जन
पिशून:, सूचक:=छुल्याहा
वर्तुलम्=बाटुलो
वाद्यम्=बाजा
वंशी, वेणु:=बाँसुरी
खनित्रम्=खन्ती
अङ्गनम्=आँगन
गवाक्ष:=आँखी झ्याल
रजतम्=चाँदी
वञ्चक:=ठग
चर्मकार:=सार्की
कुम्भकार:=कुमाले
स्वर्णकार:=सुनार
लौहकार:=कामी
सौचिक:=दर्मे
द्यूतकार:=जुवाडे
मांसिक:=कसाइ
रजक:=धोबी
नापित:=नाइ
चौकिदार:=द्वारपाल
कर्मकर:=मजदूर
नाविक:=माझी
कपाटम्=ढोका
ग्राम:=गाउँ
चत्वारम्=चौर
वाटिका=बगैचा

दीन:=गरीब, दु:खी
पुराण:=पुरानो
ह्रस्व:=छोटो
दुन्दुभि:=दमाहा
कुद्दाल:=कोदालो
हलम्=हलो
अर्गलम्=आग्लो
कांस्यम्=काँस
हीरकम्=हीरा
लेखनी=कलम
क्रीडा=खेल
क्रीडाक्षेत्रम्=ग्राउण्ड
कन्दूक:=फूटबल
अवकाश:=छुट्टी
परिणाम:=रिजल्ट
मापिका=स्केल
मार्जनी=डस्टर
सुधाखण्ड:=चक
सम्मार्जनी=झाडू
मञ्जूषा=बाकस
क्षुरिका=चक्कू
सूचि=सियो
खदिर:=खैरो
चित्र:=टाटेपाटे
नील:=नीलो
पीत:=पहेलो

घट:=घैटो	कुड्मल:=कोपिला	रक्त:=रातो
स्थाली=कसौंडी	कुसुमम्=फूल	शुक्ल:=सेतो
उपनेत्रम्=चश्मा	पराग:=फूलको रस	हरित:=हरियो
उत्कोच:=घूस	अङ्कुर:=आँकुरो	द्विचक्रिका=साइकल
कुसीद:=ब्याज	आमलकी=अमला	नौका=नाउ
कूर्चकम्=दारी	काष्ठम्=काठ	यानम्=गाडी
मानचित्रम्=नक्सा	गुच्छ:=झुप्पो	विमानम्=हवाइजहाज
स्वेद:=पसीना	मूलम्=जरो	शकटम्=गाडा
शिविरम्=छाउनी	निम्ब:=निम	अतिसार:=पखला
करीषम्=पाथी	लता=लहरो	अश्मरी=पत्थरी
फलकम्=फल्याक	वंश=बाँस	कामला=कमलपित्त
परिहास:=हँसीमजाक	वल्कलम्=बोक्रो	कास:=खोकी, काँसो
उपहार:=भेटी	शाखा=हाँगो	कुष्ठम्=कोर
पर्णम्=पात	कपिल:=कैलो	ज्वर:=जरो
पण:=पैसा	कृष्ण:=कालो	वमनम्=वान्ता
आपण:=बजार	वक्रम्=टेढो	व्रण:=घाउ

(७) व्यावहारिक संस्कृत धातुकोश

संस्कृतमा वाक्य रचना वा अनुवाद गर्दा कुन धातु कुन अर्थमा छ र त्यसका रूपहरू कसरी चल्दछन्, भन्ने बारेमा सामान्य ज्ञान हासिल गर्नुपर्ने आवश्यकतालाई दृष्टिगत गरी यहाँ दशवटै गणका व्यावहारिक प्रमुख ३७० वटा धातुहरूको कोष्ठमा नेपालीमा अर्थ र लट् लकारको प्रथम पुरुषको एकवचनको रूप दिई संक्षिप्त धातुकोशको अध्ययन प्रस्तुत गरिएको छ । यी बाहेक अन्य धातुहरूको विस्तृत ज्ञान हासिल गर्नका लागि ***"वैयाकरणसिद्धान्तकौमुदी"*** को ***तिङन्तप्रकरण***को अध्ययन गर्न सकिन्छ ।

(१) भ्वादि गणका धातुहरू

अञ्च्-(पूजा गर्नु)-अञ्चति	क्षम्-(सहनु)-क्षमते	चूष्-(चुस्नु)-चूषति
अट्-(घुम्नु)-अटति	क्षर्-(बग्नु)-क्षरति	चेष्ट्-(चेष्टा गर्नु)-चेष्टते
अर्च्-(पूजा गर्नु)-अर्चति	क्षि-(नाश हुनु)-क्षयति	जप्-(जप्नु)-जपति
अर्ज्-(आर्जन गर्नु)-अर्जति	खन्-(खन्नु)-खनति	जल्प्-(कुरा गर्नु)-जल्पति
अर्ह्-(योग्य हुनु)-अर्हति	खाद्-(खानु)-खादति	जि-(जित्नु)-जयति
ईक्ष्-(देख्नु)-ईक्षते	खेल्-(खेल्नु)-खेलति	जीव्-(जिउनु)-जीवति
ईर्ष्य्-(ईर्ष्या गर्नु)-ईर्ष्यति	गद्-(भन्नु)-नि+गदति	जृम्भ्-(हाइ गर्नु)-जृम्भते

ईह्-(चाहनु)-ईहते
ऊह्-(तर्क गर्नु)-ऊहते
ऋज्-(कमाउनु)-अर्जते
एज्-(काँप्नु)-एजति
ओण्-(हटाउनु)-ओणति
कम्-(चाहनु)-कामयते
कम्प्-(काँप्नु)-कम्पते
काङ्क्ष्-(चाहनु)-काङ्क्षति
काश्-(चम्कनु)-काशते
कास्-(काँस्नु)-कासते
कित्-(औषधी गर्नु)-चिकित्सति
कील्-(गाड्नु)-कीलति
कूर्द्-(कुद्नु)-कूर्दते
कूज्-(चुं, चुं गर्नु)-कूजति
कृष्-(जोत्नु)-कर्षति
क्रन्द्-(रुनु)-क्रन्दति
क्रीड्-(खेल्नु)-क्रीडति
क्रुश्-(कराउनु)-क्रोशति
दृश्-(देख्नु)-पश्यति
द्युत्-(चम्कनु)-द्योतते
द्रु-(पग्लनु)-द्रवति
धाव्-(दौडनु)-धावति
धूप्-(सुकाउनु)-धूपायति
धेट्-(चुस्नु)-धयति
ध्मा-(फुक्नु)-धमति
ध्यै-(सोच्नु)-ध्यायति
ध्वन्-(आवाज दिनु)-ध्वनति
ध्वंस्-(नाश हुनु)-ध्वंसति
नन्द्-(प्रसन्न हुनु)-नन्दति
नम्-(झुक्नु)-प्र+णमति
निन्द्-(निन्दा गर्नु)-निन्दति
नी-(लैजानु)-नयति
पच्-(पकाउनु)-पचति
पठ्-(पढ्नु)-पठति
पण्-(किन्नु)-पणति
गम्-(जानु)-गच्छति
गर्ज्-(गर्जनु)-गर्जति
गर्व्-(गर्व गर्नु)-गर्वति
गर्ह्-(निन्दा गर्नु)-गर्हते
गुञ्ज्-(गुञ्जनु)-गुञ्जति
गुप्-(रक्षा गर्नु)-गोपायति
गुप्-(निन्दा गर्नु)-जुगुप्सते
गुह्-(छोप्नु)-गूहति
गै-(गाउनु)-गायति
ग्रस्-(खानु)-ग्रसते
ग्लै-(दुःखी हुनु)-ग्लायति
घट्-(प्रयास गर्नु)-घटते
घ्रा-(सुंघ्नु)-जिघ्रति
चर्-(चल्नु)-चरति
चर्व्-(चपाउनु)-चर्वति
चल्-(हल्लनु)-चलति
चित्-(चेत पाउनु)-चेतति
चुम्ब्-(चुम्बन गर्नु)-चुम्बति
मद्-(मध्नु)-मथति
मह्-(पूजा गर्नु)-महति
मिद्-(गिलो बनाउनु)-मेदति
मील्-(आँखा मिच्नु)-मीलति
मुद्-(प्रसन्न हुनु)-मोदते
मुर्च्छ्-(मूर्च्छित हुनु)-मूर्च्छति
म्लै-(मलिन हुनु)-म्लायति
यज्-(यज्ञ गर्नु)-यजति
यत्-(प्रयास गर्नु)-यतति
याच्-(माग्नु)-याचति
रक्ष्-(पालन गर्नु)-रक्षति
रट्-(रट्नु)-रटति
रम्-(रमाउनु)-रमते
रुच्-(रुच्नु)-रोचते
रुह्-(रोप्नु)-रोहति
लग्-(लाग्नु)-लगति
लङ्घ्-(नाघ्नु)-उत्+लङ्घते
ज्वर्-(रोगाउनु)-ज्वरति
ज्वल्-(जल्नु)-ज्वलति
डी-(उड्नु)-उत्+डीयते
ढौक्-(जानु)-ढौकते
तक्ष्-(ताछ्नु)-तक्षति
तप्-(ताप्नु)-तपति
तर्ज्-(निन्दा गर्नु)-तर्जति
तॄ-(तर्नु)-तरति
त्यज्-(छाड्नु)-त्यजति
त्रप्-(लजाउनु)-त्रपते
त्रै-(बचाउनु)-त्रायति
त्वक्ष्-(ताछ्नु)-त्वक्षति
त्वर्-(छिटो गर्नु)-त्वरते
दय्-(दया गर्नु)-दयते
दंश्-(डस्नु)-दंशति
दह्-(डढ्नु)-दहति
दा-(दिनु)-यच्छति
दीक्ष्-(दीक्षा दिनु)-दीक्षते
वृध्-(बढ्नु)-वर्धते
वृष्-(बर्सनु)-वर्षते
वे-(बुन्नु)-वयति
वेप्-(काँप्नु)-वेपते
वेष्ट्-(घेर्नु)-वेष्टते
व्यध्-(दुःखित हुनु)-व्यथते
व्रज्-(जानु)-व्रजति
शङ्क्-(शंका गर्नु)-शङ्कते
शप्-(श्राप गर्नु)-शपति
शंस्-(प्रशंसा गर्नु)प्र+शंसति
शिक्ष्-(सिक्नु)-शिक्षते
शुच्-(शोक गर्नु)-शोचति
शुभ्-(शोभा पाउनु)-शोभते
श्रि-(आश्रय लिनु)आ+श्रयति
श्रु-(सुन्नु)-शृणोति
श्लाघ्-(प्रशंसा गर्नु)-श्लाघते
ष्ठीव्-(थुक्नु)-नि+ष्ठीवति

पत्-(खस्नु)-पतति
पर्द्-(पादनु)-पर्दते
पा-(पिउनु)-पिबति
पू-(शुद्ध गर्नु)-पवते
प्लु-(कुदनु)-प्लवते
फल्-(फल्नु)-फलति
बाध्-(पीडा दिनु)-बाधते
बुध्-(सम्झनु)-बोधति
भज्-(सेवा गर्नु)-भजति
भण्-(भन्नु)-भणति
भास्-(भन्नु)-भासते
भिक्ष्-(माग्नु)-भिक्षते
भिन्द्-(भाँच्नु)-भिन्दति
भू-(हुनु)-भवति
भ्रंश्-(खस्नु)-भ्रंशते
भ्राज्-(चम्कनु)-भ्राजते
भ्रम्-(घुम्नु)-भ्रमति
लप्-(बोल्नु)-लपति
लभ्-(पाउनु)-लभते
लम्ब्-(झुण्डिनु)-लम्बते
लष्-(चाहनु)-लषति
लस्-(शोभितहुनु)-वि+लसति
लिङ्-(आलिङ्गनगर्नु)आलिङ्गति
लुट्-(लोट्नु)-लोटति
लुड्-(हुँडल्नु)-आ+लोडयति
लोक्-(देख्नु)-लोकते
वद्-(बोल्नु)-वदति
वन्द्-(अभिवादनगर्नु)-वन्दते
वप्-(रोप्नु)-वपति
वम्-(ओकेल्नु)-वमति
वस्-(बस्नु)-वसति
वह्-(बोक्नु)-वहति
वाञ्छ्-(चाहनु)-वाञ्छति
वृत्-(रहनु)-वर्तते
सञ्ज्-(मिल्नु)-सजति
सद्-(बस्नु)-नि+सीदति
सह्-(सहनु)-सहते
सृ-(सर्कनु)-सरति
सेव्-(सेवा गर्नु)-सेवते
स्खल्-(खस्नु)-स्खलति
स्था-(बस्नु)-तिष्ठति
स्पन्द्-(हल्लनु)-स्पन्दते
स्पर्ध्-(संघर्ष गर्नु)-स्पर्धते
स्मि-(मुस्कुराउनु)-स्मयते
स्मृ-(सोच्नु)-स्मरति
स्यन्द्-(बग्नु)-स्यन्दते
संस्-(सर्कनु, खस्नु)-संसते
स्वद्-(स्वाद लिनु)आ+स्वादयति
हस्-(हाँस्नु)-हसति
हृ-(लैजानु, चोर्नु)-हरति
ह्वे-(बोलाउनु)-आ+ह्वयति

(२) अदादि गणका धातुहरू

अद्-(खानु)-अत्ति
अस्-(हुनु)-अस्ति
आस्-(बस्नु)-आस्ते
इ-(जानु)-एति
ईड्-(स्तुति गर्नु)-ईट्टे
कु-(गुञ्जनु)-कौति
चकास्-(चम्कनु)-चकास्ति
जागृ-(जाग्नु)-जागर्ति
दा-(काट्नु)-दाति
दुह्-(दुहुनु)-दोग्धि
दरिद्रा-(दरिद्रहुनु)-दरिद्राति
द्रा-(निदाउनु)-नि+द्राति
नु-(स्तुति गर्नु)-नौति
पा-(रक्षा गर्नु)-पाति
ब्रू-(बोल्नु)-ब्रवीति
भा-(चम्कनु)-भाति
मा-(नाप्नु)-माति
मृज्-(सफा गर्नु)-मार्ष्टि
या-(जानु)-याति
रु-(ठूलो स्वर गर्नु)-रौति
रुद्-(रुनु)-रोदिति
लिह्-(चाट्नु)-लेढि
वा-(बहनु)-वाति
विद्-(जान्नु)-वेत्ति
शास्-(शासन गर्नु)-शास्ति
शी-(सुत्नु)-शेते
श्वास्-(सास लिनु)-श्वासति
सू-(जन्मनु)-सूते
स्तु-(स्तुति गर्नु)-स्तौति
स्ना-(स्नान गर्नु)-स्नाति
स्वप्-(सुत्नु)-स्वपिति
हन्-(मार्नु)-हन्ति

(३) जुहोत्यादि गणका धातुहरू

दा-(दिनु)-ददाति
धा-(धारणगर्नु)-दधाति
निज्-(धुनु)-नेनेक्ति
भृ-(पाल्नु)-बिभर्ति
भी-(डराउनु)-बिभेति
मा-(नाप्नु)-मिमीते
हा-(छाड्नु)-जहाति
हु-(यज्ञ गर्नु)-जुहोति
ह्री-(लजाउनु)-जिह्रेति

(४) दिवादि गणका धातुहरू

कुप्-(रिसाउनु)-कुप्यति	त्रस्-(डराउनु)-त्रस्यति	युध्-(युद्ध गर्नु)-युध्यते
क्रुध्-(क्रोध गर्नु)-क्रुध्यति	दम्-(दमन गर्नु)-दाम्यति	रञ्ज्-(प्रसन्न हुनु)-रज्यति
क्लम्-(थाक्नु)-क्लाम्यति	दृप्-(घमण्ड गर्नु)-दृप्यति	यस्-(प्रयास गर्नु)-प्र+यस्यति
क्लिद्-(भिज्नु)-क्लिद्यति	द्रुह्-(द्रोह गर्नु)-द्रुह्यति	ली-(लीन हुनु)-लीयते
क्लिश्-(खिन्नहुनु)-क्लिश्यति	नश्-(नाश हुनु)-नश्यति	लुभ्-(लोभ गर्नु)-लुभ्यति
क्षम्-(क्षमा गर्नु)-क्षाम्यति	नृत्-(नाच्नु)-नृत्यति	विद्-(हुनु)-विद्यते
क्षुध्-(भोकाउनु)-क्षुध्यति	पद्-(जानु)-पद्यते	शम्-(शान्त हुनु)-शाम्यति
खिद्-(खिन्नहुनु)-खिद्यते	पुष्-(पुष्टिनु)-पुष्यति	शुध्-(शुद्ध हुनु)-शुद्ध्यति
जन्-(जन्मनु)-जायते	प्री-(प्रसन्न हुनु)-प्रीयते	श्रम्-(श्रम गर्नु)-श्राम्यति
जॄ-(बूढो हुनु)-जीर्यते	बुध्-(जान्नु)-बुध्यते	श्लिष्-(आलिङ्गन)-श्लिष्यति
तुष्-(खुशी हुनु)-तुष्यति	भ्रम्-(घुम्नु)-भ्राम्यति	सिव्-(सिउनु)-सिव्यति
तृप्-(अघाउनु)-तृप्यति	मुह्-(मोहितहुनु)-मुह्यति	स्निह्-(स्नेह गर्नु)-स्निह्यति
तृष्-(तिर्खाउनु)-तृष्यति	युज्-(ध्यान गर्नु)-युज्यते	हृष्-(खुशी हुनु)-हृष्यति

(५) स्वादि गणका धातुहरू

चि-(छान्नु)-चिनोति	धु-(हल्लाउनु)-धुनोति	साध्-(पूरा गर्नु)-साध्नोति
दम्भ्-(धोखा दिनु)-दम्भ्नोति	वृ-(रोज्नु)-वृणोति	सु-(निचोर्नु)-सुनोति
दु-(दुःखित हुनु)-दुनोति	शक्-(सक्नु)-शक्नोति	-

(६) तुदादि गणका धातुहरू

इष्-(चाहनु)-इच्छति	दृ-(आदर गर्नु)-आ+द्रियते	लिप्-(लिप्नु)-लिम्पति
कृत्-(काट्नु)-कृन्तति	दिश्-(दिनु, भन्नु)-दिशति	लुप्-(नष्ट गर्नु)-लुम्पति
क्षिप्-(फ्याँक्नु)-क्षिपति	प्रच्छ्-(सोध्नु)-पृच्छति	विद्-(खोज्नु)-विन्दति
गुम्फ्-(गुथ्नु)-गुम्फति	भ्रस्ज्-(भुट्नु)-भृज्जति	विश्-(भित्रिनु)-प्र+विशति
गॄ-(ओकेल्नु)-गिरति	मस्ज्-(डुब्नु)-मज्जति	सिच्-(सेचनगर्नु)-सिञ्चति
घूर्ण्-(धुर्नु)-घूर्णति	मिल्-(मिल्नु)-मिलति	सृज्-(बनाउनु)-सृजति
छुर्-(काट्नु)-छुरति	मुच्-(छाड्नु)-मुञ्चति	स्पृश्-(छुनु)-स्पृशति
तुद्-(दुःखदिनु)-तुदति	मृ-(मर्नु)-म्रियते	स्फुट्-(फकनु)-स्फुटति
त्रुट्-(टुट्नु)-त्रुटति	लिख्-(लेख्नु)-लिखति	स्फुर्-(फर्फराउनु)-स्फुरति

(७) रुधादि गणका धातुहरू

क्षुद्-(पिस्नु)-क्षुणत्ति	भिद्-(भाँच्नु)-भिनत्ति	युज्-(जोड्नु)-युनक्ति
छिद्-(टुक्रिनु)-छिनत्ति	भुज्-(पाल्नु)-भुनक्ति	रुध्-(रोक्नु)-रुणद्धि
पिस्-(पिस्नु)-पिनष्टि	भुज्-(खानु)-भुङ्क्ते	हिंस्-(हिंसा गर्नु)-हिनस्ति

(८) तनादि गणका धातुहरू

कृ-(गर्नु)-करोति	तन्-(फैलिनु)-तनोति	मन्-(मान्नु)-मनुते

(९) क्र्यादि गणका धातुहरू

अश्-(खानु)-अश्नाति	दृ-(फोड्नु)-दृणाति	मुष्-(चोर्नु)-मुष्णाति
क्री-(किन्नु)-क्रीणाति	पू-(शुद्ध गर्नु)-पुनाति	लू-(काट्नु)-लुनाति
ग्रन्थ्-(संग्रहगर्नु)-ग्रथ्नाति	प्री-(प्रसन्न गर्नु)-प्रीणाति	वृ-(रोज्नु)-वृणीते
ग्रह्-(लिनु)-गृह्णाति	बन्ध्-(बाँध्नु)-बध्नाति	शृ-(नष्ट गर्नु)-शृणाति
ज्ञा-(जान्नु)-जानाति	मन्थ्-(मथ्नु)-मथ्नाति	स्तृ-(फैलनु, ढाक्नु)-स्तृणाति

(१०) चुरादि गणका धातुहरू

आन्दोल्-(हल्लाउनु)- आन्दोलयति	दण्ड्-(दण्ड दिनु)-दण्डयति
कथ्-(भन्नु)-कथयति	देव्-(रुवाउनु)-देवयते
कुत्स्-(दोष दिनु)-कुत्सयते	धृ-(राख्नु)-धारयति
कृत्-(नाम लिनु)-कीर्तयति	पश्-(बाँध्नु)-पाशयति
क्षल्-(धुनु)-प्र+क्षालयति	पाल्-(पाल्नु)-पालयति
खण्ड्-(तोड्नु)-खण्डयति	पूज्-(पूजा गर्नु)-पूजयति
गण्-(गन्नु)-गणयति	पूर्-(भर्नु)-पूरयति
गवेष्-(खोज्नु)-गवेषयति	प्री-(खुशी पार्नु)-प्रीणयति
गोम्-(लिप्नु)-गोमयति	भक्ष्-(खानु)-भक्षयति
घुष्-(घोषणा गर्नु)-घोषयति	भर्त्स्-(निन्दा गर्नु)-भर्त्सयते
चेत्-(चेतना पाउनु)-चेतयते	मन्त्र्-(गोप्य कुरा गर्नु)-मन्त्रयते
चित्र्-(चित्र बनाउनु)-चित्रयति	मृग्-(खोज्नु)-मृगयते
चिन्त्-(सोच्नु)-चिन्तयति	मृज्-(सफा गर्नु)-मार्जयति
चिन्ह्-(चिनो लगाउनु)-चिन्हयति	मृष्-(क्षमा गर्नु)-मर्षयति
चुद्-(प्रेरणा दिनु)-चोदयति	रच्-(बनाउनु)-रचयति
चुर्-(चोर्नु)-चोरयति	रस्-(रस लिनु)-रसयति
चूर्ण्-(धुलो बनाउनु)-चूर्णयति	लक्ष्-(देख्नु)-लक्ष्यति
छद्-(ढाक्नु)-आ+च्छादयति	वच्-(वाचन गर्नु, भन्नु)-वाचयति
जुष्-(प्रसन्न हुनु)-जोषयति	वञ्च्-(ठग्नु)-वञ्चयति
ज्ञा-(जनाउ दिनु)-ज्ञापयति	विद्-(भन्नु)-नि+वेदयते
टङ्-(चिन्ह लगाउनु)-टङ्कयति	वृज्-(छाड्नु)-वर्जयति
ताड्-(पिट्नु)-ताडयति	सान्त्व्-(धैर्य लिनु)-सान्त्वयति
तर्क्-(सोच्नु)-तर्कयति	सूच्-(सूचना दिनु)-सूचयति
तुल्-(तौलिनु)-तोलयति	सूत्र्-(छोट्याउनु)-सूत्रयति
त्रुट्-(तोड्नु)-त्रोटयते	स्पृह्-(चाहनु)-स्पृहयति
तर्ज्-(हप्काउनु)-तर्जयते	

प्रारम्भिक संस्कृत रचना समाप्त

❋ ❋ ❋

सन्दर्भ कृति-सूची

१. डा. कपिलदेव द्विवेदी - ***रचनानुवादकौमुदी*** : विश्वविद्यालय प्रकाशन, वाराणसी, १६ औं संस्करण, सन् १९८५ ।

२. केशवशरण उपाध्याय - ***अस्माकं संस्कृतं व्याकरणम्*** (कक्षा-६) श्री ५ को सरकार, शिक्षा संस्कृति तथा समाज कल्याण मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर, प्रथम संस्करण २०५१ ।

३. चक्रधर नौटियाल 'हंस' शास्त्री- ***बृहद् अनुवाद चन्द्रिका*** : मोतीलाल बनारसीदास दिल्ली, संस्करण सन् १९९५ ।

४. " " " - ***नवीन अनुवाद चन्द्रिका*** : (संस्कर्ता- जगदीशलाल शास्त्री) मोतीलाल बनारसीदास, दिल्ली, संस्करण सन् १९९५ ।

५. सं. दुर्गादत्तशर्मोपाध्याय - ***व्याकरणप्रवेशिका*** : महेन्द्र संस्कृत विश्वविद्यालय बेलभुण्डी, दाङ, प्रथमसंस्करण वि.सं. २०५४ ।

६. भट्टोजिदीक्षित - ***वैयाकरणसिद्धान्तकौमुदी*** : चौखम्बा ओरिन्टालिया वाराणसी, संस्करण सन् १९७५ ।

७. मोहनराज शर्मा - ***शब्द रचना र वर्ण विन्यास, वाक्यतत्त्व र अभिव्यक्ति, भाषा वैज्ञानिक र प्रयोगात्मक पद्धति*** : नवीन प्रकाशन, भोटाहिटी, काठमाडौं, पाँचौं संस्करण-२०५१ ।

८. डा. रमाकान्त त्रिपाठी - ***नवीन अनुवाद चन्द्रिका*** : चौखम्बा संस्कृत सीरीज आफिस, वाराणसी, छैठौं संस्करण, वि.सं. २०४६ ।

९. वरदराज - ***लघुसिद्धान्तकौमुदी*** : गीताप्रेस, गोरखपुर १७ औं संस्करण, वि.सं. २०४० ।

१०. " " - ***मध्यसिद्धान्तकौमुदी*** : मोतीलाल बनारसीदास, दिल्ली, संस्करण सन् १९८१ ।

११. सोमनाथ सिग्द्याल - ***अनुवाद चन्द्रिका*** तृतीय प्रकाश : (प्रकाशक, संस्करण ?)

◆◆◆

परिशिष्ट

(अ) संस्कृतमा रूपलेखनको नमूना

रूपसिद्धिप्रक्रिया संस्कृत व्याकरणको प्रमुख पक्ष हो । शब्द वा धातुका रूपहरू के कसरी सिद्ध हुँदै आएका हुन् भन्ने कुरा बुझाउन संस्कृत व्याकरणमा रूपलेखनको आवश्यकता महत्त्वपूर्ण रूपमा स्वीकृत भएको पाइन्छ । रूपहरूको परिवर्तन हुने क्रम पत्ता लगाई क्रमशः सूत्रहरू लेखी सूत्रलाई उद्धरण चिन्ह " " भित्र राखेर सूत्रपछि इति सूत्रेण र त्यस सूत्रले गर्ने काम समेत अनिवार्य रूपमा उल्लेख गरिनुपर्दछ । आवश्यकता अनुसार सबै विशेष सूत्रहरू लगाएर सूत्रले गर्ने कामहरूको उल्लेख गरिसकेपछि सम्बन्धित रूपसिद्धिप्रक्रियाको अन्तमा इति रूपं सिद्धम् भन्ने पंक्ति जोडिएको हुन्छ । यहाँ संस्कृतमा के कसरी रूपहरू लेखिन्छ भन्ने कुरालाई क्रमशः सन्धि, सुबन्त, स्त्रीप्रत्यय, कारक, कृदन्त, तद्धितान्त, समास र तिङन्तका **१/१ वटा नमूना रूपहरू** जानकारीका लागि प्रस्तुत गरिएको छ ।

१. स्वागतम् (सन्धि)

सु+आगतम् इत्यवस्थायां ***"इको यणचि"*** इतिसूत्रेण अच् प्रत्याहारान्तर्गत आ इति परत्वात् सु इत्यस्य उकारस्य स्थाने व् (यण्) आदेशे ***स्वागतम्*** इति रूपं सिद्धम् ।

२. शिवाय (सुबन्त)

प्रातिपदिकसंज्ञकात् ***शिव***शब्दात् चतुर्थ्याः एकवचने ***ङे*** विभक्तौ ***"ङेर्यः"*** इति सूत्रेण ङे=य आदेशे (शिव+य) ***"सुपि च"*** इति सूत्रेण शिवशब्दस्य अकारस्य दीर्घेन आकारे ***शिवाय*** इति रूपं सिद्धम् ।

३. नायिका (स्त्रीप्रत्ययान्त)

नायकशब्दात् स्त्रीत्वविवक्षायां ***"अजाद्यतष्टाप्"*** इति सूत्रेण ***टाप्*** प्रत्यये अनुबन्धलोपे (नायक+आ) ***"अकः सवर्णे दीर्घः"*** इति सूत्रेण सवर्णदीर्घे (नायका) ***"प्रत्ययस्थात्कात्पूर्वस्यात इदाप्यसुपः"*** इति सूत्रेण अकारस्य स्थाने इकारे (नायिका) स्त्रीप्रत्ययान्तात् नायिकाशब्दात् प्रातिपदिकसंज्ञायां स्वादिकार्ये ***नायिका*** इति रूपं सिद्धम् ।

४. अहं सरस्वतीं भजामि (कारकान्त)

इत्यत्र ***"कर्तुरीप्सिततमं कर्मः"*** इति सूत्रेण अहं इति कर्तुः भजनक्रियया सरस्वती प्राप्तुमिष्टतमत्वात् सरस्वतीशब्दं कर्मसंज्ञायां ***"कर्मणि द्वितीया"*** इति सूत्रेण कर्मसंज्ञकात् सरस्वतीशब्दात् द्वितीयाविभक्तौ अम् प्रत्यये ***"अमि पूर्वः"*** इति सूत्रेण पूर्वरूपे ***"मोऽनुस्वारः"*** इति सूत्रेण अनुस्वारे ***अहं सरस्वतीं भजामि*** इति सिद्धम् ।

५. **लेखकः** (कृदन्त)

लिखति इति विग्रहे ***लिख्*** धातोः ***"ण्वुल्तृचौ"*** इति सूत्रेण ण्वुल् प्रत्ययं अनुबन्धलोपे (लिख्+वु) ***"युवोरनाकौ"*** इति सूत्रेण वु इत्यस्य स्थाने अक आदेश (लिख्+अक) ***"आर्धधातुकं शेषः"*** इति सूत्रेण ण्वुल् (अक) प्रत्ययस्य आर्धधातुकसंज्ञायां ***"पुगन्तलघूपधस्य च"*** इति सूत्रेण उपधाया इकारस्य गुणे लेखक इति कृदन्तत्वात् ***"कृत्तद्धितसमासाश्च"*** इति सूत्रेण प्रातिपदिकसंज्ञायां स्वादिकार्ये (अर्थात् प्रथमायाः एकवचने सुप्रत्यये अनुबन्धलोपे सस्य रुत्वविसर्गे च कृते) ***लेखकः*** इति रूपं सिद्धम् ।

६. **ज्ञानी** (तद्धितान्त)

ज्ञानम् अस्य अस्ति इति विग्रहे ***ज्ञान***शब्दात् ***"अत इनिठनौ"*** इति सूत्रेण इनि प्रत्यये अनुबन्धलोपे (ज्ञान+इन्) ***"यस्येति च"*** इति सूत्रेण ज्ञानशब्दस्थस्य अकारस्य लोपे ज्ञानिन् इति तद्धितान्तत्वात् ***"कृत्तद्धितसमासाश्च"*** इति सूत्रेण प्रातिपदिकसंज्ञाया स्वादिकार्ये (अर्थात् प्रथमायाः एकवचने सु विभक्तौ अनुबन्धलोपे ***"सौ च"*** इति सूत्रेण ज्ञानिन् शब्दस्य इकारस्य दीर्घे सलोपे नलोपे च कृते) ***ज्ञानी*** इति रूपं सिद्धम् ।

७. **अनधिकारः** (समासान्त)

न अधिकारः इति विग्रहे ***"नञ्"*** इति सूत्रेण नञ्समासे समासत्वात् प्रातिपदिकसंज्ञायां ***"सुपो धातुप्रातिपदिकयोः"*** इति सूत्रेण सुब्लुकि (न अधिकार) ***"नलोपो नञः"*** इति सूत्रेण न इत्यस्य न् इति हल्वर्णस्य लोपे (अ अधिकार) ***"तस्मान्नुडचि"*** इति सूत्रेण अधिकार इति अजादि शब्दपरत्वात् नुट् आगमे अनुबन्धलोपे अनधिकार इति समस्तशब्दात् एकदेशविकृतन्यायेन पुनः ***"कृत्तद्धितसमासाश्च"*** इति सूत्रेण प्रातिपदिकसंज्ञायां स्वादिकार्ये ***अनधिकारः*** इति रूपं सिद्धम् ।

८. **रक्षामः** (तिङन्त)

रक्षणार्थकात् ***रक्ष्*** धातोः ***"वर्तमाने लट्"*** इति सूत्रेण लट् लकारे अनुबन्धलोपे (रक्ष्+ल) लस्य स्थाने उत्तमपुरुषस्य बहुवचने मस् प्रत्यये (रक्ष्+मस्) ***"तिङ् शित्सार्वधातुकम्"*** इति सूत्रेण मस् प्रत्ययस्य सार्वधातुकसंज्ञायां ***"कर्तरि शप्"*** इति सूत्रेण सार्वधातुकसंज्ञक मस् प्रत्यय परत्वात् शप् प्रत्यये अनुबन्धलोपे (रक्ष्+अ+मस्) रक्ष+मस् इत्यवस्थायां ***"अतो दीर्घो यञि"*** इति सूत्रेण यञादि मस् प्रत्यय परत्वात् रक्ष इत्यस्य दीर्घे सस्य रुत्वविसर्गे च कृते ***रक्षामः*** इति रूपं सिद्धम् ।

(आ) संस्कृतका मननीय केही श्लोकहरू

काकचेष्टा वको ध्यानं श्वाननिद्रा तथैव च । अल्पहारी गृहत्यागी ***विद्यार्थी पञ्च लक्षणम्*** ॥१॥

प्रथमे नार्जिता विद्या द्वितीये नार्जितं धनम् । तृतीये नार्जितो धर्मश्चतुर्थे किं करिष्यसि ? ॥२॥

विद्यानाम नरस्य रूपमधिकं प्रच्छन्नगुप्तं धनम् ।
विद्याभोगकरी यशः सुखकरी विद्या गुरूणां गुरुः ॥

विद्या बन्धुजनो विदेशगमने विद्या परं दैवतम् ।
विद्या राजसुपूज्यते न तु धनं ***विद्याविहीनं पशुः*** ॥३॥
न चौरहार्यं न च राजहार्यं, न भ्रातृभाज्यं न च भारकारि: ।
व्यये कृते वर्धत एव नित्यं, ***विद्याधनं सर्वधनं प्रधानम्*** ॥४॥
रूपयौवनसम्पन्नविशालकुलसम्भवा: ।
विद्याहीना: न शोभन्ते निर्गन्धा इव किंशुका: ॥५॥
दिवा पश्यति नोलूक: काक: नक्तं न पश्यति ।
विद्याविहीन: मूढस्तु दिवा नक्तं न पश्यति ॥६॥
अनभ्यासे विषं विद्या अजीर्णे भोजनं विषम् ।
विषं गोष्ठी दरिद्रस्य वृद्धस्य तरूणी विषम् ॥७॥
सन्तोषस्त्रिषु कर्तव्य: स्वदारे भोजने धने ।
त्रिषु चैव ***न कर्तव्योऽध्ययने*** जपदानयो: ॥८॥
लालनाद् बहवो दोषा:, ताडनाद् बहवो गुणा: ।
तस्मात् पुत्रं च शिष्यं च ताडयेन्न तु लालयेत् ॥९॥
पठन्ति चतुरो वेदान् धर्मशास्त्राण्यनेकश: ।
आत्मानं नैव जानन्ति ***दर्वी पाकरसं यथा*** ॥१०॥
न देवो विद्यते काष्ठे न पाषाणे न मृण्मये ।
भावे हि विद्यते देवस्तस्माद्भावो हि कारणम् ॥११॥
मनसा चिन्तितं कार्यं वाचा नैव प्रकाशयेत् ।
मन्त्रेण रक्षयेद् गूढं, कार्यं चापि नियोजयेत् ॥१२॥
क: काल: कानि मित्राणि को देश: कौ व्ययागमौ ।
कश्चाहं का च मे शक्तिरिति ***चिन्त्यं मुहुर्मुहु:*** ॥१३॥
साहित्य-सगीत-कला-विहीन:, ***साक्षात्पशु: पुच्छविषाणहीन:*** ।
तृणं न खादन्नपि जीवमानस्तद्भागधेयं परमं पशूनाम् ॥१४॥
यस्यास्ति वित्तं स: नर: कुलीन:, स: पण्डित: स: श्रुतवान् गुणज्ञ: ।
स एव वक्ता स: च दर्शनीय:, ***सर्वे गुणा: काञ्चनमाश्रयन्ति*** ॥१५॥
दानेन पाणिर्न तु कङ्कणेन, स्नानेन शुद्धिर्न तु चन्दनेन ।
मानेन तृप्तिर्न तु भोजनेन, ***ज्ञानेन मुक्तिर्न तु मण्डनेन*** ॥१६॥
अष्टादशपुराणेषु व्यासस्य वचनद्वयम् । ***परोपकार: पुण्याय पापाय परपीडनम्*** ॥१७॥
सर्वे भवन्तु सुखिन: सर्वे सन्तु निरामया: ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दु:खभाग्भवेत् ॥१८॥

ग्रन्थ-समाप्ति:

जयतु संस्कृतम् ।

प्रारम्भिक संस्कृत व्याकरण र रचना

शुद्धि-पत्र

सूत्र संशोधन

पेज	सूत्र	भएको	हुनुपर्ने	पेज	सूत्र	भएको	हुनुपर्ने
४	१०	भुवादयो	भूवादयो	३७	९७	सः	स
७	२४	अतोरोर	अतो रोर	६४	१४९	चूरादि	चुरादि
८	२६	सवर्ण	सवर्णे	७२	१८६	क्ङिति	क्ङिति
३२	८४	शि	शिः	७२	१८७	तिथो	तिथोः
३५	९२	कर्मः	कर्म	७५	२०७	नादेशा	ऽनादेशा

अन्य संशोधन

पेज	लाइन	भएको	हुनुपर्ने	पेज	लाइन	भएको	हुनुपर्ने
घ	२८	रुप्स	रुप्स	५४	३१	१०२	१०३
ङ	२१	अज्ञात	वेकन	५५	४	न् मात्र	न् मात्र
ट	२५	भाषाको	व्याकरणको	६०	२५	एधिपत	ऐधिपत
ढ	३०	विद्वत्	विद्वद्	६६	१४	लभेथे	लभेथे
२	६	ऐओच्	ऐऔच्	६७	५	कुरुयः	कुर्वः
२	२१	काटिका	काटिएका	६७	५	कुरुय	कुर्मः
७	७	कुने	कुनै	७१	८	१७४	-
१२	१	रुप	-	७२	४	२८	५८
१४	२७	यो	यौ	७२	२६	१८४	१८५
१७	२३	साथ	साथै	७३	२२	१८७	१८८
२५	११	रामेभ्यम्	रामेभ्यस्	७३	२४	१८८	१८९
२८	१८	कुशानु	कृशानु	७३	२५	१८९	१९०
४४	८	पचमा	पचमान	७३	२६	१९०	१९१
४६	८	विद्वत्व	विद्वत्त्व	७३	२६	१९९	१९२
४६	८	विद्वता	विद्वत्ता	७४	२३	झकर	झका
४६	१८	धन्	धन	७४	२७	१९२	१९३
४७	५	शब्द	समस्त शब्द	७४	२९	न्=	त्(१९८)=
४७	९	यस	यसबाट	७६	१	पठेतुः	पेठतुः
५३	३१	नको	ञको	७७	१३	एध	एध्
५४	२५	१०२	१०३	८९	३१	चत्वारम्	चत्वरम्
५४	३०	१०२	१०३	९२	२४	श्वास्	श्वस्

प्रमादवश हुन गएका अन्य अशुद्धिहरू पनि सच्याई पढ्नु हुन अध्येताहरूमा विशेष अनुरोध छ । - लेखक

❑ **मतिप्रसाद ढकाल**

❑ २०२८ जेठ १९

माता : श्रीमती विष्णुदेवी ढकाल

पिता : श्री पाराश्वर ढकाल

जन्मस्थान एवं बसोबास : अमलाचौर-५, बारलुङ्ग ।

शिक्षा

शास्त्री : (५८% : द्वितीयश्रेणी : २०४९ : प्राइवेट)
महेन्द्र संस्कृत विश्वविद्यालय, बेलफुण्डी, दाङ ।

आचार्य : (व्याकरण : ५०% : द्वितीयश्रेणी : २०५२ : प्राइवेट)
महेन्द्र संस्कृत विश्वविद्यालय, बेलफुण्डी, दाङ ।

एम.ए. : (नेपाली : थेसिस बाँकी : ५७% : प्राइवेट)
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।

पुरस्कृत : पं. वैयाकरण नेपाल पुरस्कार (२०४५)
संस्कृत विद्या सम्वर्द्धिनी समिति, धरान, सुनसरी ।

सेवा

महेन्द्र संस्कृत विश्वविद्यालयसँग सम्बद्ध ।

प्रशासनिक सेवा (स्थायी)-

- ❑ रुरु संस्कृत विद्यापीठ (क्याम्पस), रिडी, गुल्मी ।
  (२०४८/१०/५ देखि २०५१/३/३१ सम्म)
- ❑ महेन्द्र संस्कृत विश्वविद्यालय, केन्द्रीय कार्यालय, दाङ ।
  (२०५१/४/१ देखि २०५३/५/५ सम्म)

शिक्षण सेवा (अस्थायी)-

- ❑ *कार्यरत पद* : सहायक प्राध्यापक
- ❑ *कार्यरत संस्था* : भानु संस्कृत विद्यापीठ, चुँदीरम्घा, तनहूँ ।
- ❑ *कार्यरत अवधि* : २०५३ भाद्र ६ देखि हालसम्म ।
- ❑ *प्राध्यापनरत विषय* : व्याकरण एवं अनिवार्य संस्कृत ।
- ❑ *विषयेतर प्राध्यापन अनुभव* : ऐ. कबर्ग प्राच्यराजशास्त्र (२०५३/५४)

संस्थापक (विभागाध्यक्ष) : संस्कृत प्रतिभा पुरस्कार (२०५४)
शास्त्रीय शिक्षण विभाग, भानु संस्कृत विद्यापीठ, तनहूँ ।

प्रकाशित पहिलो कृति : प्रारम्भिक संस्कृत व्याकरण र रचना (२०५६) ।